# ११औं राष्ट्रिय अधिवेशन

## २८–३० फाल्गुण २०७८ काठमाडौं

बाट पारित

# सांगठानिक प्रतिवेदन
# विविध प्रस्ताव तथा
# आर्थिक प्रतिवेदन

नेपाल निजामती कर्मचारी संगठन
केन्द्रीय कार्यसमिति – २०४७
बबरमहल, काठमाडौं

# विषयसूची


| | |
|---|---|
| सांगठानिक प्रतिवेदन | ५ |
| विविध प्रस्तावहरू | १०९ |
| आर्थिक प्रतिवेदन | १३१ |

**"सम्पूर्ण निजामती कर्मचारीहरू एकजुट होऔँ !"**
**"संघीयतामा सुशासन, सामाजिक सुरक्षा र श्रमको सम्मान–**
**राजनीतिक अधिकार सहितको ट्रेड यूनियन, हाम्रो अभियान"**

# नेपाल निजामती कर्मचारी संगठन
# ११औं राष्ट्रिय अधिवेशनमा पारित
# सांगठानिक प्रतिवेदन

**२८–२९ फागुन २०७८, बबरमहल, काठमाडौँ**

**आदरणीय अध्यक्ष मण्डलका अध्यक्षज्यू,**

**अध्यक्ष मण्डलका सदस्यज्यूहरू, यो गरिमामय अधिवेशनमा सहभागी प्रतिनिधिज्यूहरू,**

**स्वयंसेवक मित्रहरू,**

**हार्दिक अभिवादन ।**

नेपाली निजामती कर्मचारीहरूको गौरवमय संस्था नेपाल निजामती कर्मचारी संगठनको ११औँ राष्ट्रिय अधिवेशन सभ्य र भव्य रूपमा सम्पन्न गर्ने क्रममा उपस्थित रहनु भएका प्रतिनिधि, स्वयंसेवक स्वदेशी तथा विदेशी भाइचारा संस्थाहरूबाट पाल्नु भएका अतिथिज्यूहरूमा हार्दिक स्वागत र अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम मुलुकको प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक र पेशागत आन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने महान् सहिदहरू साथै नेपाल निजामती कर्मचारी संगठनको गौरवमय इतिहास कोर्ने क्रममा जीवन उत्सर्ग गर्नु हुने आदरणीय सहिद मनोज जोशी-झपेन्द्र कार्की, सुरेन्द्र वि.क.प्रति हृदयदेखि नै सम्मान व्यक्त गर्दछु । यस अवधिमा असामयिक निधन हुनुभएका संगठनका पूर्व उपाध्यक्ष शंकर पोखरेल, कोभिड -१९ महामारीको कारण असामयिक निधन हुनुभएका संगठनका केन्द्रीय कार्यसमितिका सदस्य कृष्ण बहादुर भुजेल, तथा विभिन्न कारणले असामयिक निधन भएका केन्द्रीय कार्यसमिति र विभिन्न जिल्ला/ विभागीय कार्यसमितिका पदाधिकारी सदस्यज्यूहरूप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै, परिवारजनप्रति गहिरो समवेदना अपर्ण गर्दछु, साथै देशभर कोरोना महामारीबाट मृत्युवरण गनुहुने सम्पूर्ण

नेपाली दाजुभाइ दिदी बहिनीहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

११औं अधिवेशनको समुद्घाटनको यस अवसरमा हामी सबैमा मुलुकले चाहना गरेअनुसारको शान्ति, विकास, समृद्धि र सुशासन तथा मानव अधिकार र लोकतन्त्रका लागि सम्पूर्ण क्षेत्र, तह तप्काबाट एकता र सकारात्मक सोचका साथ अघि बढ्ने प्रेरणा प्राप्त होस् भन्ने कामनासमेत व्यक्त गर्दछु ।

निजामती कर्मचारीको राष्ट्रिय स्तरको पहिलो ट्रेड यूनियन नेपाल निजामती कर्मचारी संगठनको प्रथम राष्ट्रिय अधिवेशन (२०४७ चैत्र १३ देखि १६, काठमाडौं), दोस्रो राष्ट्रिय अधिवेशन (२०४९ चैत्र २८ देखि २९, काठमाडौं) तेस्रो राष्ट्रिय अधिवेशन (२०५१ चैत्र १६ देखि १८, काठमाडौं), चौथो राष्ट्रिय अधिवेशन (२०५३ चैत्र २३ देखि २५, कास्की), पाचौँ राष्ट्रिय अधिवेशन (२०५६ जेठ २९ देखि ३१, विराटनगर), छैठौँ राष्ट्रिय अधिवेशन (२०५९ पौष २६ देखि २८, वीरगञ्ज), सातौँ राष्ट्रिय अधिवेशन (२०६३ चैत्र २६ देखि २९, बाँके), आठौँ राष्ट्रिय अधिवेशन (२०६६ माघ १५ देखि १८ रूपन्देही), नवौं राष्ट्रिय अधिवेशन (२०६९ चैत्र २७ देखि २९, काठमाडौं), दशौं राष्ट्रिय अधिवेशन (२०७३ मंसिर २७ देखि २९ बाँके) मा सम्पन्न भएको राष्ट्रिय अधिवेशनपश्चात ५ वर्ष ३ महिनाको अन्तरालमा पुनः यस नगरीमा सम्पन्न हुन गइरहेको ११औँ राष्ट्रिय अधिवेशनको यस सम्मानित हलमा ११औँ राष्ट्रिय अधिवेशन आयोजक समितिको संयोजकको हैसियतले केन्द्रीय कार्यसमितिको नीति र कार्यक्रमसहितको सांगठनिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु । ५ वर्ष ३ महिनाको अन्तरमा संगठनको सर्वोच्च निकाय राष्ट्रिय अधिवेशनको अवसर पारेर मुलुकभरिबाट आउनुभएका संगठक तथा पाहुनाहरूलाई स्वागत गर्न पाएकोमा खुसी व्यक्त गर्न चाहन्छु ।

हामी दशौं राष्ट्रिय अधिवेशनले सुम्पिएको कार्यभार एवं निर्देशनहरू कार्यान्वयन सम्बन्धमा समिक्षात्मक मूल्याङ्कनको घडीमा उपस्थित भएका छौँ । यिनै विषय तथा हाम्रो संगठनको सांगठनिक अवस्था भावी कार्यक्रम लगायतको प्रतिवेदन यस सम्मानित एघारौँ राष्ट्रिय अधिवेशनको हल समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

संगठनको नियमित अधिवेशन २०७६ सालभित्र भइसक्नु पर्नेमा नेपालको राजनीतिमा भएको ध्रुवीकरण/एकीकरणका कारण संगठन एकीकरणमा केही प्रभाव परिरहेको सन्दर्भमा COVID–19 को महामारी विश्वभर फैलिएसँगै नेपाल सरकारले जारी गरेको निषेधाज्ञाले भेला, बैठकमा रोक लगाएपछि अझ पर धकेलिन गएको हो । २०७८ माघ १४-१५ का लागि तोकिएको अधिवेशन COVID–19 महामारीका कारण सर्न गएपछि आज ११ औँ राष्ट्रिय अधिवेशनमा जुटिरहेका छौँ ।

यस अवसरमा २०७३ मंसिर २७-२९ नेपालगन्जमा सम्पन्न दशौं राष्ट्रिय अधिवेशन पश्चात २०७३ पौष १ गतेबाट सम्पन्न भएका सांगठनिक गतिविधिहरूलाई सारसंक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आदरणीय अध्यक्षज्यू, प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरू,**

नेपाल निजामती कर्मचारी संगठन आफ्नो छुट्टै पहिचान र विशेषता बोकेर आफ्ना सदस्यहरूको पेशागत हकहितका सांथै मुलुकका आवश्यकताअनुसार आफूलाई समर्पित गर्दै आगाडि बढिरहेको एउटा जुझारु र ईमान्दार राष्ट्रिय स्तरको पहिलो ट्रेड यूनियन हो। मिति २०७८ असोज २ गतेको राष्ट्रिय भेलामा असन्तुष्ट केही पदाधिकारीहरूले बैंक खाता रोक्का र संगठन कार्यालयमा अमर्यादित, अशोभनीय कार्य गरी तालाबन्दी भएको कारण झण्डै ५ महिना हाम्रो दैनिक कार्य सञ्चालनमा केही असहज भएको कुरा यस सम्मानित हलमा जानकारी गराउन चाहन्छु। २०७८ पौष २७ मा भएको सहमतिको वावजुद पनि सरकारको आडमा केही असन्तुष्ट झुण्डले तालाबन्दी खोल्न नदिँदा पनि संगठकहरूको उच्च मनोबलका कारण मिति २०७८ माघ १७ गतेबाट कार्यालय खोली कार्यसम्पादन सुचारु भएको व्यहोरा अनुरोध गर्दछु।

नेपालको संविधान जारी भएको एक वर्ष पूरा भएपछि, संगठनको वर्तमान कार्यसमिति गठन भएको थियो। देश संघीय संरचनामा प्रवेशपश्चात पहिलोपटक यही अवधिमा नेपालमा संघ, प्रदेश र स्थानीय तहका निर्वाचनहरू भए। निर्वाचन गराउने कार्यमा कर्मचारीहरूको सुझवुझपूर्ण सकृयता र सहभागीताबाट छिटफुट घट्नाहरूबाहेक स्वच्छ, निष्पक्षरूपमा निर्वाचन सम्पन्न भयो। केन्द्रीकृत शासन व्यवस्थाबाट रूपान्तरण भई संघ, प्रदेश र स्थानीय सरकार निर्माण भइसकेको अवस्थामा केन्द्रीकृत प्रणालीमा रहेको प्रशासनिक पुनःसंरचना हाम्रो संम्मुखमा थियो। तीनै तहका कानून निर्माणपश्चात मात्र प्रशासनिक पुनःसंरचनाको कार्य अगाडि वढाउनु पर्छ भन्ने अटल मान्यतामा संगठन अडिग थियो तर ट्रेड यूनियनका मागहरूलाई बेवास्ता गर्दै वस्तुनिष्ट संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) बिना समायोजन ऐन २०७५ अध्यादेशको माध्यमबाट जारी गरी समायोजन अगाडि बढाइयो। विभिन्न स्वार्थ समूहका आधारमा दरबन्दी तेरिज दिनहुँ परिवर्तन भइरहने अस्थिर व्यवहारका कारण समायोजन प्रक्रिया विश्वासयोग्य, पारदर्शी र सर्वस्वीकार्य बन्न सकेन। प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू सेवाशर्त, सुविधा, वृत्ति विकास जस्ता अवसरका विषयमा हालसम्म अन्यौलता यथावत छ। नेपाल सरकारबाट समायोजन सम्पन्न भएको कुरा मिति २०७५ चैत्र १९ गते घोषणा भएता पनि समायोजन पक्रिया हालसम्म पनि पूर्णरूपमा सम्पन्न हुन सकिरहेको छैन।

संगठनको यही कार्याविधिमा संघीय निजामती सेवा ऐनको विधेयक नेपाल सरकारले प्रतिनिधि सभामा दर्ता गऱ्यो । वर्तमान निजामती सेवा ऐनमा रहेका केही प्रावधानहरूलाई सुधार गर्ने उद्देश्यका साथ पेश भएको विधेयकमा संगठनका तर्फबाट ३६ बुँदामा संशोधन सुझाव प्रस्तुत गरिएको थियो । नेकपाका प्रतिनिधि सभाका ४८ जना माननीय सदस्यहरूमार्फत संशोधन प्रस्ताव दर्ता गरी कर्मचारीमैत्री संघीय निजामती सेवा ऐन जारी गर्न अथक प्रयत्न गरियो । तत्कालीन नेकपा भित्रको राजनीतिक ध्रुविकरण, राज्य व्यवस्था तथा सुशासन समिति प्रतिविम्ति हुनपुग्यो । समयमा कर्मचारीमैत्री संघीय निजामती सेवा ऐन जारी गर्नु पर्ने मूल दायित्व बोकेको संगठन प्रतिनिधिसभाको राज्यव्यवस्था तथा सुशासन समितिबाट पारित प्रतिवेदन बमोजिमको ऐन जारी गर्न रोक्ने विषयमा पर्ने रूपान्तरण भयो । संघीय निजामती सेवा ऐन सोही अवस्थामा पारित गर्नु हुँदैन भन्ने संगठनको निरन्तर खवरदारी र उक्त प्रतिवेदनलाई सुधार गर्ने जटिल प्रक्रियाका कारण नेपाल सरकार संघीय निजामती सेवा ऐनको विधेयक फिर्ता लिन बाध्य भयो । संघीय निजामती सेवा ऐन जारी नभएका कारण प्रदेश र स्थानीय तहका ऐनहरू आउन सकेका छैनन् । जसका कारण प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको सेवाशर्त, सुविधा र वृत्तिविकास अन्यौलमा छ । यस सन्दर्भमा संगठनले दिएका महत्वपूर्ण सुझावहरू समावेश हुने गरी कर्मचारीमैत्री संघ, प्रदेश र स्थानीय तहका ऐनहरू तत्काल जारी गर्न पहल गर्नु हाम्रो आगामी कार्यभार हो ।

अब म हाम्रो संगठनको साँगठनिक अवस्था भावी कार्यदिशा, कार्यभार, विद्यमान चुनौती, संगठनका गतिविधीहरू लगायतको प्रतिवेदन यस सम्मानित अधिवेशनसमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## वर्तमान परिस्थिति

### १) राष्ट्रिय परिस्थिति

#### (क) राजनैतिक अवस्था

संविधान सभाबाट नेपालको संविधान जारी भएपश्चात मुलुक संघीय शासन व्यवस्थामा प्रवेश गरेको छ । संघीयता कार्यान्वयनपछि २०७४ सालमा तीनै तहमा बनेका सरकारहरूले शान्ति, विकास, समृद्धि, र सुशासनको पक्षमा आफ्ना योजना र कार्यक्रमहरू तय गरे भने अर्न्तराष्ट्रिय सम्बन्ध सुधारमा समेत महत्वपूर्ण पहलहरू भए । यस बीचमा नेपाल सरकारबाट परराष्ट्र नीति, जलस्रोत नीति, गरीवी निवारण नीति लगायत महत्वपूर्ण नीतिहरू तर्जुमा भै कार्यान्वयनमा रहेका छन् । समृद्ध नेपाल र

सुखी नेपाली निर्माणको अभिभारा बोकेको नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले तर्जुमा गरेका दीर्घकालीन नीतिहरू, तथा कार्यक्रमहरूको प्रभावकारिता स्वरूप आर्थिक, सामाजिक रूपान्तरण हुनु र भौतिक पूर्वाधार निर्माणमा फड्को मार्नु प्रसंसनीय छ । उक्त कार्यकालमा अन्तर्राष्ट्रिय सम्बन्ध सवल बनेको, नेपाल विश्वजगतमा देखिन, सुनिन थालेको, भौतिक पूर्वाधारमा ऐतिहासिक धरहरा, रानीपोखरी तथा भुकम्पपछिको सम्पूर्ण पुनर्निर्माण करिब पूरा भएको विषय गौरवपूर्ण छ। राष्ट्रको समृद्धि र विकासको जनचाहना सम्बोधन गर्ने तत्कालीन सरकारको कदमबाट अत्तालिएका पार्टी भित्र र बाहिरका तत्वहरूको घेराबन्दीको शिकार तत्कालीन सरकार हुन पुग्यो । दुइ तिहाई नजिकको बहुमतसहित गठन भएको तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको सरकार आफ्नै तत्कालीन पार्टी नेकपा भित्र हुर्किएको दक्षिणपन्थी, अवसरवाद, चरम व्यक्तिगत आडम्वर र निर्मम किसिमको धोखाधडी र जालझेलको शिकार बन्न पुग्यो ।

जनताको जनादेश बमोजिम कार्यगर्न नपाउँदा जनादेश प्राप्त सरकारले नयाँ जनमतमा जानसक्ने लोकतन्त्रको सबैभन्दा अनुपम अभ्यासको प्रयोग गरी गर्दा प्रतिगमनको संज्ञा दिई विश्वभरिको संसदीय अभ्यासमा, संसदबाट कार्यपालिकाको गठन भई स्पष्ट शक्ति सन्तुलन र नियन्त्रणको अवस्था रहने गरेकोमा अदालतको परमादेशबाट सरकार गठनको विल्कुल नयाँ अभ्यास नेपालमा भएको छ । त्यसलाई अग्रगमनको रूपमा चित्रण गरिएको छ। यो विषयको समीक्षा समयक्रमा हुँदै जानेछ।

**(ख) आर्थिक अवस्था**

आर्थिक सर्वेक्षण २०७७/७८ अनुसार नेपालको आर्थिक बृद्धिदर २.१२ प्रतिशतले ऋणात्मक रहेको छ। कूल ग्राहस्थ्य उत्पादन प्रचलित मूल्यमा ५.८ प्रतिशतले बृद्धि भई ११९१ अमेरिकी डलर पुगेको अनुमान छ भने प्रतिव्यक्ति कूल राष्ट्रिय आय प्रचलित मूल्यमा ५.० प्रतिशतले बृद्धि भई ११९६ अमेरिकी डलर पुगेको अनुमान छ।

आ.व. २०७७/७८ को फागुनसम्म औसत उपभोक्ता मुद्रास्फिति ३.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारको बजेट घाटा कूल ग्राहस्थ्य उत्पादनको ८.१ प्रतिशत रहेको छ। २०७७ फागुनसम्म तिर्न बाँकी खुद सार्वजनिक ऋण १५ खर्ब ८९ अर्व ४६ करोड पुगेको छ। जुन कूल ग्राहस्थ्य उत्पादनको ३७.३ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ को फागुनसम्म शोधान्तर स्थिति रु ६८ अर्बले बचतमा रहेको छ। सरकारले यो आर्थिक वर्षमा ६.५ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य राखेको भएता पनि हालसम्म Covid-19 को प्रभाव अर्थतन्त्रमा रहिरहेको

र खोपको मात्रा पर्याप्त भै नसकेको तथा सरकारकै पूर्णतामा अनिश्चितता भएबाट आर्थिक गतिविधि चलायमान हुन नसकी उक्त लक्ष्य प्राप्त हुने सम्भावना न्यून देखिन्छ। आयातको यथोचित व्यवस्थापन गर्ने तथा निर्यातमूलक उद्योगहरू स्थापना गर्ने दिशामा सरकारको नीतिगत अपर्याप्तता तथा निजी क्षेत्रसंगको समन्वयको अभावमा मूलुकको आर्थिक विकास सम्भव छैन। त्यस दिशामा मूलुक अगाडि बढ्न नसकेमा दीर्घकालीन आर्थिक वृद्धि सहित समष्टिगत आर्थिक स्थायित्वको लक्ष्य हासिल हुन सक्दैन।

**ग) सामाजिक अवस्था**

राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार नेपालको जनसंख्या २०६८ को तुलनामा १० प्रतिशतले वृद्धि भइ २,९१,९२,४८० पुगेको छ। नेपालको जनसंख्या झन्डै तीनकरोड पुग्दा २२ लाख जनशक्ति देश बाहिर रहेको देखिन्छ। यस अवधिमा नेपालको जनसंख्या वृद्धिदर ०.९३ प्रतिशतमा सीमित हुन पुगेको छ। १३० भन्दा बढी भाषा तथा १२५ भन्दा बढी जातजातीको बसोबास रहेको नेपाली समाज जाति, भाषा, धर्म तथा सांस्कृतिमा गहन विविधताले भरिपूर्ण छ।

लोकतान्त्रिक गणतन्त्रको स्थापनापश्चात सबै वर्ग र समुदायको समृद्धिको ढोका खुलेको भएता पनि अब्बल राजनीतिक सांस्कृतिको अभाव तथा गणतन्त्र र संघीयताको संस्थागत विकासको अभावमा यो उद्देश्य पूरा हुन अझै आम नागरिकले धैर्यता गर्नुपर्ने अवस्था विद्यमान छ। नेपाली समाजमा देखा परेका सबै प्रकारका विभेदको कारक तत्व उत्पादनका साधनमा देखिएको असामन्जस्य वितरण प्रणाली र यसको जगमा उभिएको वर्गीय विभेद नै हो। मूलत नेपाली समाजको समाजवादको इच्छा परिपूर्तिको आधारबिन्दुको रूपमा वर्गीय विभेदको अन्त्य नै प्रमुख विषय बनेको छ। नेपाली समुदायमा रहेको जुझारु र संर्घषशील शक्तिलाई वर्ग संर्घषबाट विगमुख गराई जातीय, भाषिक, क्षेत्रीय लगायतका विखण्डन र विभाजन गराउन उद्धत आन्तरिक र वाह्य शक्तिहरू मूलभूतरूपमा पराजित भएको तथा समृद्ध नेपाल सुखी नेपालीको नारा सहित समृद्ध नेपालको आकांक्षमा तीब्र रूपमा प्रतिवद्ध हुदै गएको अवस्था छ।

**घ) निजामती प्रशासनको अवस्था**

नेपालको संविधान, २०७२ को धारा २८५ बमोजिम ३ तहकै सरकारले आफ्नो शासन सञ्चालन गर्नको लागि निजामती सेवा तथा अन्य आवश्यक सरकारी सेवा गठन गर्ने व्यवस्थाबाट मूलतः निजामती प्रशासन निर्देशित छ। निजामती सेवा राजनीतिक तहबाट प्रस्तुत गरेका सौँच, दृष्टिकोण र प्रतिवद्धता तथा ल्याइएका नीति, योजना र कार्यक्रमहरूलाई प्रभावकारी कार्यान्वयन गर्ने संयन्त्र हो। यो शासन सञ्चालनको

स्थायी सरकार हो । नेपालमा २०१३ सालबाट निजामती सेवाको शुरुवात भै विभिन्न कालखण्डमा प्रशासनिक सुधारका प्रयासहरू भए अनुरूप सेवा परिस्कृत भएको अवस्था छ । निजामती सेवा सञ्चालन गर्ने निजामती कर्मचारीहरूले जनताका जन्मदेखि मृत्युसम्मका आवश्यक सेवाहरू प्रवाह गरिरहेको हुन्छन् । यद्यपी, जनताले अपेक्षा गरेअनुरूप सार्वजनिक सेवा प्रवाह नभइरहेको गुनासो यत्रतत्र सुनिन्छ । ६५ वर्षे लामो निजामती सेवा सक्षम, व्यवसायिक, उत्तरदायी र सहयोगी बन्न नसकेको तथा नैतिकता र सदाचारितामा ह्रास आएको आरोप खेप्दै आइरहेको छ । अर्कोतर्फ, द्वन्द्वको समयमा द्वन्द्वभूमिमा बसेर जनतालाई सेवा दिने, लामो समय जनप्रतिनिधिविहीन स्थानीय तहमा सेवा सञ्चालन गर्ने निजामती कर्मचारीहरू नै थिए । विपद्को समयमा जनतालाई अत्यावश्यक सेवा प्रवाह, पूर्व तयारी, उद्धार र राहातमा पनि यिनै कर्मचारीहरूले भूमिका निर्वाह गरिरहेका छन् ।

सम्मानित न्यायालयबाट समायोजन परिमार्जन हुने गरी भएका विभिन्न समयका फैसलाबाट अन्योलग्रत बनेको निजामती प्रशासन अदालतको पछिल्ला आदेशपश्चात केही हदसम्म दिशानिर्देश भएको छ । पछिल्ला आदेशले समायोजन भएको कर्मचारीहरूको समस्या समाधान गर्न नसकेको भएपनि सो समस्या समाधानका लागि सरकारको नाममा निर्देशनात्मक आदेश जारी भएको छ । यसका लागि कर्मचारी प्रति कुनै किसिमको विभेद नहुने गरी समायोजन भएका कर्मचारीहरूको भावनालाई समेत सम्बोधन हुनेगरी तत्काल संघीय निजामती सेवा ऐन जारी हुन आवश्यक छ ।

## ङ) समसामयीक घटनाक्रम

### अ) भुकम्प र पुनर्निर्माण

२०७२ साल बैशाख १२ गते गएको विनाशकारी भुकम्प र त्यसपछिको पराकम्पका कारण ७ अर्व भन्दा बढीको धनसम्पतिको क्षति भयो भने ८७९० जना नागरिकले ज्यान गुमाएका थिए । भुकम्पका कारण धेरै नागरिकका घरहरू, सार्वजनिक तथा सरकारी भवनहरू तथा सांस्कृतिक सम्पदाहरूमा क्षति पुऱ्याएको थियो । संविधान निर्माणपछि गठन भएको केपी शर्मा ओली नेतृत्वको सरकारले पुनर्निर्माण प्राधिकरणको गठन गरी पुनर्निर्माणको प्रक्रियालाई अगाडि बढाएकोमा प्राधिकरण नेतृत्व फेर्ने लगायतका कार्यले पुनर्निर्माणको काम अलपत्र अवस्थामा रह्यो । २०७४ मंसिरमा भएको निर्वाचनपश्चात गठन भएको प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारले पुनर्निर्माणको कार्यलाई तीब्रता दिएसँगै राष्ट्रिय महत्वका सम्पदा रानीपोखरी,

भीमसेन स्तम्भ जस्ताको पुनर्निर्माण, सरकारी कार्यालय, विद्यालय तथा सार्वजनिक भवनको निर्माण तथा प्रबलिकरण, नेपाल सरकारको अनुदान सहयोगमा नागरिकहरूको घरको निर्माणका कार्यले लगभग पूर्णता पाएको छ । बिनाशकारी भुकम्पबाट भएको पुनर्निर्माणको कार्य पूरा हुने चरणमा रहेको हुँदा केही बाँकी कार्य सरोकारित निकायलाई हस्तान्तरण गर्दै पुनर्निर्माण प्राधिकरण बिघटन भएको छ ।

**आ) नेकपा एकीकरणदेखि विभाजनसम्म**

नेपालका दुई ठूला कम्युनिष्ट पार्टी नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को एकीकरणबाट बनेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को गठन सँगै वामपन्थी आन्दोलनमा उत्साह सृजना भएको थियो । नेकपा बनेसँगै संघीय संसदमा करिब दुई तिहाइ सदस्यहरूसहित बहुमतको संघीय सरकार, तत्कालीन २ नम्वर प्रदेशबाहेक सबै प्रदेशहरूमा नेकपाले सरकार गठन गर्न सफल भयो । दुई पार्टीबीच एकीकरणका बाँकी कार्यहरू समयमा नै टुङ्ग्याउन पर्नेमा आपसी शक्ति सन्तुलन र खिचातानीका कारण हुन सकेन । शक्ति संघर्ष चरमोत्कर्षमा पुग्यो । एकले अर्कालाई निषेध र निश्कासनको तहसम्म पुऱ्यायो । सोही समयमा नेपाल कम्युनिष्ट पार्टी नामको विवादमा सम्मानीत सर्वोच्च अदालतले गरेको फैसलाका कारण दुवै पार्टीले सहमतीमा नयाँ नाम प्रस्ताव गर्न नसकेका कारण पूर्ववतः अस्थामा पुऱ्यायो । जसका कारण नेकपा एमाले र नेकपा माओवादी केन्द्र पूर्ववतः अवस्थामा नै रहे ।

नेकपा एमालेले पूर्ववतः अवस्थामा फर्किए पछि पनि नेकपा कालको विवादले आकार ग्रहण गऱ्यो र वरिष्ट नेता माधव कुमार नेपालसहितको सानो समूह अलग भयो । नेकपा एमाले आफ्नो संगठित सदस्यता विस्तारका साथै सांगठानिक जीवनलाई व्यवस्थित गर्ने क्रममा करिब ५००० प्रतिनिधिको सहभागीतामा विधान सम्मेलन गऱ्यो । लगत्तै २०७८ मंसिर १० गते दश लाख भन्दा बढी सदस्य तथा समर्थकको भव्य उपस्थितिमा दशौं राष्ट्रिय अधिवेशन सम्पन्न गरेका छ । उक्त अधिवेशनबाट क. केपी शर्मा ओलीको नेतृत्वमा ३०१ सदस्यीय कार्यसमिति र विभिन्न आयोगहरू निर्वाचित भएको हुँदा नेपाल निजामती कर्मचारी संगठन हार्दिक बधाई सहित उहाँहरूको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछ । उक्त अधिवेशनको उपस्थितिका कारण सो पश्चात अधिवेशन गर्ने नेपालको राजनीतिक परिदृष्यका प्रमुख दलहरू नेपाली कांग्रेश शक्ति प्रदर्शनबाट पछि हटेर प्रतिनिधिहरूको मात्र उपस्थितिमा अधिवेशन सम्पन्न गऱ्यो । अर्को दल नेकपा माओवादी केन्द्रले समसामयिक विषयमा छलफल गर्न बोलाएको भेलालाई अधिवेशनमा रूपान्तरण गरी अधिवेशन सम्पन्न गरे पनि लामो समय सम्म पदाधिकारी छनौट तथा समितिहरू गठन गर्न नसकी अन्यौलको अवस्थामा छ ।

### इ) सामाजिक सुरक्षा कोष शुभारम्भ

औपचारिक र अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराउने उद्धेश्यले सामाजिक सुरक्षा कोष स्थापना गरिएको छ । सबै श्रमिकलाई सामाजिक सुरक्षा योजनामा आवद्ध गराई उनीहरूको आर्थिक सामाजिक जोखिमको न्यूनीकरण गर्नै सर्वव्यापी सामाजिक सुरक्षाको अवधारणालाई मूर्तरूप दिने तथा योगदानमा आधारित सामाजिक सुरक्षाको संवैधानिक हकलाई सुनिश्चित गर्ने दिशातर्फ कोषका कार्यक्रम लक्षित छन् । २०७५ मंसिर ११ गते सामाजिक सुरक्षा योजनाहरू प्रधानमन्त्री के.पी. शर्मा ओलीबाट औपचारिक शुभारम्भ भएपश्चात सरकारी लगायत गैरसरकारी क्षेत्रका श्रमिकसमेत योजनामा सहभागी बन्दै आएका छन् ।

२०७८ असार मसान्तसम्म सामाजिक सुरक्षा कोषमा १४९७१ रोजगारदाता र २०३७२० योगदानकर्ता सूचीकरण भैसकेका छन् । सामाजिक सुरक्षालाई थप प्रभावकारी बनाई प्रत्येक श्रमिकको मर्यादित र सुरक्षित जीवनको आधार निर्माण गर्न यसको महत्व र संवेदनशीलतालाई आन्तरिकीकरण गरी सबै सरकारी सेवाका अस्थायी ज्यालादारी करारमा कार्यरत कर्मचारी हरूलाई समेत यो कार्यक्रममा आवद्ध गर्ने कार्यमा सरकारको ध्यान जान आवश्यक छ ।

### ई) सिके राउत र विप्लबलाई मूलधारमा ल्याउने कार्य

नेपाललाई टुक्र्याएर पृथक राज्यको वकालत सहित पृथकतावादी आन्दोलनमा रहेको सिके राउतको समूह र युद्धको माध्यमबाट राज्यसत्ता परिवर्तन गर्न सकिन्छ भन्ने मान्यताबाट भूमिगत भएको बिप्लव समूह वार्ता र संबादको माध्यमबाट हिंसात्मक आन्दोलन छोडी राजनीतिक मूलधारमा ल्याउन केपी ओली सरकारले गरेको कार्य प्रशंसनीय छ ।

### उ) प्रदेशको नामाकरण र राजधानी

संविधानसभाबाट संविधानको निर्माण भएसँगै केन्द्रीय शासन पद्धतिमा रहेको नेपाल संघीय शासन प्रणालीमा रूपान्तरण भएको र मिति २०७४ मंसिरमा भएको संघ, प्रदेशको निर्वाचनबाट प्रदेश सरकारहरू गठन भए । सम्वन्धित प्रदेशको नामाकरण र राजधानी तोक्ने कार्य प्रदेश सभाले सम्पन्न गर्नुपर्ने दायित्व थियो । जातीय पहिचानका आधारमा नामाकरण गर्नुपर्ने माग एकाथरीले उठाइरहेको अवस्थामा प्रदेशको नामाकरण गर्ने विषय जटिलता रहेकोमा ६ वटा प्रदेशले आफ्नो प्रदेशको नामाकरण तथा स्थायी राजधानीको टुंगो लगाउनु सुखद विषय हो । प्रदेश १ को प्रदेश सभाले स्थायी

राजधानीको टुंगो लगाई सकेको अवस्थामा प्रदेशको नामाकरणको विषयसमेत अन्य प्रदेशहरूले अपनाएको विधिलाई आत्मसाथ गरी निर्णय लिन उपयुक्त हुने देखिन्छ।

### ऊ) निरन्तर विवादमा न्यायालय

पछिल्लो समय सर्वोच्च अदालत एकपछि अर्को गर्दै विवाद तानिदै गएको छ। बजारका चर्चामा कति सत्यता छ, त्यो परीक्षणको विषय हो तर न्यायालय जसरी विवादमा तानिएको छ, यसले सबैको भरोसाको केन्द्र न्यायालयमाथि जनविश्वास घट्ने स्थिति भने अवश्य आइपरेको छ। प्रधानमन्त्रीको नामसमेत तोकेर सरकारको गठनको लागि परमादेश आउनु, परमादेश जारी गरेको न्यायधीशहरूलाई सरकार गठनमा मन्त्रीको कोटा छुट्याउनुदेखि लिएर पदक वितरण गर्नु त्यही सरकारले आफू अनुकूल फैसला गराउनको लागि छापामार शैलीमा प्रधानन्याधीश विरुद्ध महाभियोग दर्ता गर्नु, निकै विवादित विषय हुन्। अदालतबाट न्यायप्रदानका रूपमा गरिने फैसलाहरू झन् विवादित बनिरहेका छन्। न्याय प्रदान गर्दा अपनाउनु पर्ने तटस्थता, स्वच्छता, पारदर्शीता, न्यायका मूल्य मान्यता र सिद्धान्तहरूको अनुसरण नभएको गुनासो पर्याप्त आइरहेका छन्। प्रधानन्यायाधीश र न्यायाधीश नियुक्तिमा भएको मनोमानी तथा राजनीतिक प्रभावका कारण तिनीहरूले गर्ने न्याय सम्पादनको कार्य एक पछि अर्को आलोचित भइरहेको छ।

यसरी सर्वोच्च न्यायालय जस्तो निकाय एकपछि अर्को गर्दै विवादमा तानिनु मनासिब होइन। न्यायालय निरन्तर विवादमा तानिने हो भने यसले न्यायालयको साख गिराउन सक्दछ। यसर्थ न्यायालयको नेतृत्व गर्नेदेखि सबै न्यायमूर्ती न्याय निरूपणका सवालमा सजग भएर न्यायालयको गरिमा कायम राख्न ध्यान दिनुपर्ने बेला आएको छ।

### ए) १२ औँ राष्ट्रिय जनगणना

राष्ट्रिय जनगणना २०७८ नेपालको बाह्रौं जनगणना हो। यो नेपालको संविधान जारी भएपछिको पहिलो जनगणना पनि हो। यस जनगणनामा पहिलो चरणको स्थलगत कार्य वि.सं. २०७८ साल भाद्र ३० देखि असोज १८ सम्म र दोस्रो चरणको स्थलगत कार्य वि.सं. २०७८ साल कार्तिक २५ देखि २०७८ मंसिर ९ सम्म सम्पन्न भएको थियो। राष्ट्रिय जनगणना २०७८ को प्रदेश तथा जिल्ला स्तरमा व्यवस्थापकीय कार्यको लागि १,८७१ कर्मचारी र स्थलगत कार्यमा करिब ८,५०० सुपरिवेक्षक तथा ३९,००० गणकहरू संलग्न थिए। पहिलो चरणमा लिएको कन्ट्रोल फारामको आधारमा राष्ट्रिय जनगणना २०७८ को संक्षिप्त नतिजा केन्द्रीय तथ्याङ्क विभागद्वारा जारी भएको छ। उक्त प्रारम्भिक नजिताअनुसार नेपालको जनसंख्याको अवस्था देहाय अनुसार रहेको छ।

- प्रारम्भिक नतिजाअनुसार नेपालको जनसंख्या २,९१,९२,४८० पुगेको छ, ।
- विगत दश वर्षको सरदर वार्षिक वृद्धिदर ०.९३% देखिन्छ ।
- कूल जनसंख्यामा १,४२,९१,३११ जना पुरुष (४८.९६%) र १,४९,०१,१६९ जना महिला (५१.०४%) रहेका छन् ।
- तराई क्षेत्रको जनसंख्या ५३.६६%, हिमाली क्षेत्रको जनसंख्या ६.०९% र पहाडी क्षेत्रको जनसंख्या ४०.२५% रहेको छ ।
- ७७ जिल्लाहरूमध्ये सबैभन्दा धेरै जनसंख्या काठमाडौं जिल्लामा २०,१७,५३२ जना र सबैभन्दा कम जनसंख्या मनाङ जिल्लामा ५,६४५ जना रहेको छ ।
- नेपालको जनघनत्व १९८ जना प्रतिवर्ग कि.मि. पुगेको छ,

## ऐ) अमेरिकी सहायता परियोजना एमसीसी सम्झौता

५०० मिलियन अमेरिकी डलर सर्त सहतिको अमेरिकी सहयोग सम्झौता एमसीसी सदन र सडकको तीब्र विरोधका बावजुद नेपालको प्रतिनिधि सभाबाट मिति २०७८ फागुन १५ मा अनुमोदन भएको छ । उक्त सम्झौताको प्रस्ताव सदनमा फागुन ८ गते पेश भएको र सम्झौता २०७४ भाद्र २९ मा अमेरिका र नेपाल बीच हस्ताक्षर भएको थियो ।

अर्थमन्त्री जर्नादन शर्माले पेश गरेका यो सम्झौता प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) को संसद अवरोधका बीच मुख्य सत्ता घटक नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टी तथा जनता समाजवादी पार्टी र लोकतात्रिक समाजवादी पार्टीको समर्थनमा पारित भयो ।

## ओ) COVID–19 र यसको प्रभावः

चीनको वुहानमा निमोनियाका विरामीहरू अस्वभाविक रूपमा वढेको कारण सन २०१९ डिसेम्बर ३१ मा लिएको स्वावको नमूना परीक्षण गर्दा WHO ले अत्यन्तै संक्रमण NCOV–19 भाइरसको पुष्टि गऱ्यो । यो भाइरसको कारण चीनको वुहानमा सन् २०२० जनवरी ९ मा एकजना ६१ वर्षीय पुरुषको निधन भयो । यो भाइरस विश्वरभर तीव्ररूपमा फैलिन पुग्यो र नेपालमा पनि वि.स. २०७६ माघ १० गते पहिलो पल्ट कोरोना संक्रमित भेटिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पुष्टि गऱ्यो । कोरोनाको पहिलो लहरबाट आक्रान्त विश्व, सन् २०२१ को शुरुवातसँगै आएको कोरोना भाइरसको दोस्रो लहरबाट ठूलो आर्थिक, सामाजिक र मानवीय क्षति व्यहोर्न बाध्य भयो । कोरोना भाइरसले अनेक स्वरूप परिवर्तन गरिरहने अवस्थामा सन् २०२१

को अन्त्यतिर आएको तेश्रो लहरको प्रभाव भने केही कम रहेको छ । नेपालको सन्दर्भमा हालसम्म ९,७७,६४१ जना व्यक्ति कोरानोबाट संक्रमित भएका छन भने ९,५९,८१७ जनाले स्वास्थ्य लाभ गरिसक्नु भएको छ। ११,९४९ जनाको मृत्यु भएको र ५,८७५ उपचार तथा आइसोलेसनमा रहेको अवस्था छ। संक्रमणलाई जितेर फर्कनु भएका सम्पूर्णमा बधाई तथा संक्रमणको कारण मृत्युवरण हुनुभएका सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली तथा परिवारजन गुमाउनु भएका कारण शोकमा रहनु भएका परिवारप्रति गहिरो समवेदना प्रकट गर्दछु।

COVID–19 महामारीलाई नियन्त्रण गर्न चीनले लिएको रणनीति तथा प्राप्त गरेको सफलता, भुटान, भियतनाम जस्ता देशहरूले अपनाएको पूर्व सर्तकताको म यहाँ प्रशांसा गर्दछु। नेपाल सरकारले COVID–19 नियन्त्रण तथा रोगथामका लागि गरेका प्रयासहरू अनुकरणीय मान्न सकिन्छ । यस अवधिमा कोरोना भाइरसको नियन्त्रण र उपचारमा खटिएका स्वास्थ्यकर्मी लगायतको कामको उच्च कदर गर्न चाहन्छु । तथापी स्वस्थ्य क्षेत्रको जनशक्तिलाई पर्याप्त स्रोतसाधनसहित समयसापेक्ष प्रशिक्षित तथा उत्प्रेरित गर्न नसक्नु, नेपाल सरकारबाट घोषणा भएको प्रोत्साहन भत्ता हालसम्म पनि प्राप्त नहुन दुखद कुरा हो ।

यसैगरी कोरोना बीमा गरेका संक्रमित भई निको हुनु भएका हजारौँ व्यक्तिहरूले हालसम्म कोरोना बीमा बापतको रकम पाएका छैनन् भने सबै नेपाली नागरिकले कोरोना विरुद्धको खोप लगाउन पाएका छैनन्, नेपाल निजामती कर्मचारी संगठन यथाशीघ्र कोरोना बीमा रकम भुक्तानी र सबैलाई कोरोना विरुद्धको खोप उपलब्ध गराउन माग गर्दछ।

## नेकपा एमालेका श्रद्धेय अध्यक्ष क. केपी शर्मा ओली नेतृत्वको लोकप्रिय सरकारका महत्वपूर्ण कार्यहरू

यो अवधिमा नेकपा (एमाले) का श्रद्धेय अध्यक्ष क. केपी शर्मा ओलीज्यूले प्रतिनिधि सभाको सबैभन्दा ठूलो दलको नेताको हैसितले ३ वर्ष ४ महिना सरकारको नेतृत्व गर्नुभयो । उहाँको नेतृत्वको सरकारबाट राष्ट्रियता, देश, जनता, समृद्धि र विकासको क्षेत्रमा लोकप्रिय कार्यहरू भए । उक्त अधिमा भएको महत्वपूर्ण कार्यहरू मध्ये केही प्रतिनीधिमूलक कार्यहरू यहाँ प्रस्तुत गर्न चाहन्छु :

१. नयाँ संविधान जारी भएपछि संघीय शासन व्यवस्थाको कार्यान्वयनको अत्यन्तै चुनौतीपूर्ण कार्य ओली नेतृत्वको सरकारले पूरा गरेको छ ।

राजनीतिक संघीयताको साथसाथै प्रशासनिक र वित्तीय संघीयताको कार्यान्वयनको जटिल कार्य अत्यन्त सहज ढंगबाट सम्पन्न गर्नु यो सरकारको सबैभन्दा महत्वपूर्ण उपलब्धि हो ।

२. भारतीय नाकाबन्दी २०७३ विरुद्ध नेपाली जनताको एकताको समर्थनलाई नेतृत्व गरी नेपालको स्वभिमान नझुकाई नाकाबन्दीलाई असफल तुल्याएको ।

३. भारतद्वारा अतिक्रमित कालापानी, लिपुलेक र लिम्पियाधुरा समेतको नेपाली भूमिलाई चुच्चे नक्सामा समावेश गर्न सफल । उक्त कार्यका लागि संविधान संसोधन गर्न संसदमा ऐतिहासिक एकता जुटाउन सफल भएको । साथै उक्त भूमि फिर्ता ल्याउन विभिन्न कुटनीतिक प्रयासहरू गरेको ।

४. चीनसँग पारवहन सम्झौता सम्पन्न गरी भुपरिवेष्ठित नेपाललाई भुजडित मुलुमा रूपान्तरण गर्ने हाम्रो घोषित आकांक्षा पूरा भएको छ ।

५. स्थानीय तह निर्वाचन २०७४ मा नेकपा एमालेलाई सबैभन्दा बढी स्थानमा विजय हासिल गराउन सफल ।

६. संघ र प्रदेशको निर्वाचन २०७४ मा नेकपा एमाले सबैभन्दा ठूलो पार्टीको रूपमा स्थापित गराउन सफलता

७. क. केपी शर्मा ओली र क. प्रचण्डको अगुवाइमा नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकीकरण गरी दक्षिण एसियाकै सबैभन्दा ठूलो कम्नियुस्ट पार्टी स्थापना गर्न सफल ।

८. भूकम्प पुनर्निर्माण अन्तर्गत कैयौँ आवास घर तथा ठूला पूर्वाधार/सम्पदाहरू निर्माण भएको तथा सरकार गठन भएपछि प्रतिदिन करिब ५ किलोमिटर भन्दा बढीका दरले कालोपत्रे सडक निर्माण भएको तथा धुलाम्मे सडकहरू स्तरोन्नती गरी चिल्ला पारिएका ।

९. जातीय, वर्गीय तथा धार्मिक हिसाबले राज्य माग गरी नेपालको विशिष्ट सामाजिक एकतालाई खल्वलाउने दुस्प्रयासबाट नेपाललाई बचाई जनसंख्या र भूगोलका आधारमा राज्य पुनर्संरचना गर्दै, निर्वाचनको प्रक्रियामा ३३% महिलाको अनिवार्यता सहितको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गर्न नेकपा (एमाले) र पार्टी संलग्न सरकारले सफलता हासिल गरेको ।

१०. प्रशासनिके संघीयता कार्यन्वयन गर्ने सन्दर्भमा करिब ९० हजार

कर्मचारीलाई संघ प्रदेश र स्थानीय तहमा समायोजन गर्न सफलता ।

११. पार्टी सरकारमा भएको समयमा फैलिएको कोरोना भाइरसका कारण कैयौँ देशका अर्थतन्त्र नराम्रोसँग खुम्चिन पुगेको अवस्थामा पनि नेपालको आर्थिक वृद्धिदर घटे पनि सरकारको सुझबुझ, नीतिगत स्पष्टता र पूर्व सक्रियताका कारण नेपाली अर्थतन्त्र मन्दीको चपेटामा नपरेको ।

१२. तराईमा सक्रिय सिके राउत समूह र देशभर भूमिगत रूपमा सञ्चालित विप्लब समूहलाई शान्तिपूर्ण राजनीतिमा अवतरण गराउन सफल ।

१३. नेपालमा तुइन युगको अन्त्य गरी झोलुङ्गेपुलद्वारा तुइनहरू विस्थापित गरिएको ।

१४. खरमुक्त छाना अभियानको सञ्चालन मार्फत हजारौँ गरिब जनताको खरको छानोलाई जस्तापाता राखी मर्मत

१५. २१२ अर्ब रूपैयाँ बराबरको जोखिम बेहोर्न सक्नेगरी कोभिड- १९ ले मर्माहत निजी क्षेत्र तथा व्यावसायिक जगत्लाई राहत उपलब्ध गराउन ४२ अर्ब रूपैयाँको पुनर्कर्जा कोषको व्यवस्था गरेको

१६. करिब ६० हजार साना उद्यमीले ५ प्रतिशत ब्याज अनुदान सहित रु १ खर्ब ऋण पाएका

१७. २०७४ सालमा लगानी सम्मेलन भब्यताका साथ सम्पन्न गरी स्वदेशी तथा विदेशी लगानीमा उल्लेख्य वृद्धि भएको । यस अवधिमा आयात १२.१ प्रतिशतले घटेको, निर्यात ४.५ प्रतिशतले बढेको

१८. राजस्व अनुसन्धान विभाग अर्थ मन्त्रालयबाट हटाइ प्रधानमन्त्री कार्यालय अन्तर्गत भएपछि अन्तशुल्क, कर राजस्व तथा भन्सार शुल्क ठगी गर्ने व्यापारी, उद्योगी तथा व्यवसायी लाई बिगो तथा जरिवाना समेत करिब ३५ अर्ब बराबर को अशुलिको लागि संबंधित उच्च अदालतमा प्रमाण सहित मुद्दा दायर गरेको ।

१९. आर्थिक वर्ष २०७५।७६ मा यो दशककै सबैभन्दा उच्च ९.१% ले आर्थिक वृद्धि दर कायम ।

२०. दुर्गम र पिछडिएको गाउँपालिकामा समेत कम्तिमा १ बैंकको स्थापना गरी बैंकिङ कारोबारको लागि सदरमुकाम जानु नपर्ने भएको ।

२१. यातायातको सिन्डिकेटको अन्त्य गरी देशको सार्वजनिक यातायात क्षेत्रलाई प्रभावकारी बनाएको ।

२२. बहुचर्चित बालुवाटार ललिता निबास सरकारी जग्गा ब्यक्तिको नाममा दर्ता गर्ने, बेचबिखन गर्ने दशौँ वर्ष अगाडिदेखिको काण्डलाइ कसैले कार्बाही गर्ने नसकेकोमा ओली प्रम भए पछि अख्तियारमार्फत सम्पूर्ण छानबिन गरी १३६ रोपनी जग्गा फिर्ता ल्याउनुका साथै देशभरी अतिक्रमित भएको हजारौं रोपनी सरकारी सार्वजनिक तथा गुठी जग्गा सरकारको मातहत ल्याउन सफल ।

२३. "मेरो धरहरा मै बनाउछु" भन्ने नाराका साथ धरहराको पुनर्निर्माण गर्न सफल ।

२४. ऐतिहासिक,पर्यटकीय तथा सामरिक महत्व रहेका रानिपोखरी, दरवार हाइस्कुल लगातयका सम्पदाहरूको तीब्र गतिमा पुनर्निर्माण गर्न सफल ।

२५. पूर्वमा झपाको बाहुन्डाँगीदेखि पश्चिममा डडेल्धुराको रूपालसम्म करिब १४०० किमिको मदन भण्डारी राजमार्ग आयोजनाको थालनी ।

२६. उज्यालो नेपाल अभियान शुभारम्भ गर्दै २०७५ साल जेष्ठ १ देखि नेपाललाई लोडसेडिङ मुक्त घोषणा ।

२७. २०५१ सालको नेकपा (एमाले) को ९ महिने सरकारले रु. १०० बाट सुरुवात गरेको सामाजिक सुरक्षा भत्ता बढाएर ४००० कायम गरेको ।

२८. श्रमिकको न्यूनतम पारिश्रमिक रु. १५०००/- कायम गरी विद्यमान तलबमानमा ३९% सम्म वृद्धि गरेको ।

२९. बढ्दो शैक्षिक बेरोजगारीलाई न्यूनीकरण गर्न शैक्षिक प्रमाणपत्र धितोमा राखेर २५ लाखसम्म सहुलियत ऋण उपलब्ध गराउने व्यवस्थाको थालनी ।

३०. देशभर एकैदिन ३९६ स्थानीय तहमा १५ सैया अस्पतालको शिलन्यास ।

३१. पूर्वमा पाँचथरको चियो भञ्ज्याङ्देखि पश्चिम्मा बैतडीको झुलाघाटसम्म १८७९ किमी पुष्पलाल मध्यपहाडी राजमार्ग २०७९ सालसम्म कालोपत्रसहित पूरै निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाएको ।

३२. जनकपुरको कुर्सादिखि भारतको जयनगरसम्मको रेल मार्ग निर्माण गरिसकेको र दुईओटा रेलसमेत खरिद गरेको ।

३३. चीनको केरुङदेखि काठमाडौं हुँदै पोखरासम्म रेलमार्ग सञ्चालन गर्ने चीन सरकारबाट अध्यन भएको र रक्सौल -काठमाडौंको लागि भारत सरकारबाट संभाब्यता अध्ययन ।

३४. कोशी र नारायणी नदीमा पानी जहाज सञ्चालन सुरु भएको र नेपाली झन्डासहित समुन्द्रमा पानी जहाज चलाउने श्रद्धेय अध्यक्षको सपना पूरा गर्ने क्रममा भारतको ब्रमपुरबाट आउने पानी जहाजको लागि जलमार्ग संभाव्यता अध्यन गरी डि. पि आर तयारीको लागि काम सुरुवात गरेको।

३५. भारतको मोतिहारीदेखि नेपालको अमलेखगञ्जसम्म ७० किमि पेट्रोलियम पाइपलाइन निर्माण कार्य सम्पन्न भै सञ्चालनमा ल्याएको।

३६. नेपाललाई तुइन मुक्त घोषणा गर्दै २ वर्षमा १४३ वटा तुइन विस्थापित गरी सबै ठाउमा झोलुङ्गे पुल निर्माण गर्न सफल।

३७. २०७२ को भुकम्पले क्षतिग्रस्त संरचनाहरू राष्ट्रिय पूनर्निमार्ण प्राधिकरणले भुकम्प प्रतिरोध निजी आवास भवनतर्फ हालसम्म ४९५००० निर्माण भैसकेको, १९०००० निर्माण हुँदै गरेको र सरकारी विद्यालय ५६००० ओटा निर्माण भैसकेको।

३८. आव २०७७।७८ मा नवलपुरको हुप्सेकोट गापा अन्तर्गत धौबादीमा फलाम खानी सञ्चालन भएको।

३९. काठमाडौं निजगढ फास्ट ट्रयाक नेपाली सेनाद्वारा तीब्र गतिमा निर्माण गराएको।

४०. कालापानी लिपुलेक तर्फबाट नेपाल चीनको सिमाना टिन्कर भञ्ज्याङ ताक्लाकोटसम्म ९७ किमी बाटो निमार्णका लागि दार्चुला-टिन्कर सडक नेपाली सेनामार्फत निर्माण भएको छ। नापी विभागका प्राविधिकहरूबाट सगरमाथाको उचाई मापन गर्ने काम भएको छ। यसका लागि सम्बन्धित प्राविधिकहरूलाई धन्यवाद दिन चाहन्छौं।

उक्त मापनबाट सगरमाथाको उचाई ८८४८.८६ मिटर कामय भएको छ।

४१. मेरो कित्ता NELIS को सुरुवात भएको छ। जग्गाको यथार्थ विवरण थाहा पाउन LIDAR सर्भरको सुरुवात भएको छ।

४२. भैरहवा र पोखरामा international airport निर्माण सम्पन्न गर्दै निजगढ विमानस्थलको निर्माणको लागि EIA गरेको तथा त्रिभुवन विमानस्थललाई स्तरोन्नति गरी अन्तराष्ट्रिय स्तरको बनाएको।

४३. एक निर्माण क्षेत्र एक रणनीतिक सडक, प्रत्येक स्थानीय तहको केन्द्रसम्म पक्की सडक फ्याउने दूरगामी महत्वका योजनाहरू सुचारु भएको।

४४. ललितपुरको गोदावरीमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र निर्माण गरेको ।

४५. नेपाली नागरिकको परिवारले रु.२५०० तिरेर १ लाखसम्मको स्वास्थ बीमा सुरु गरेको ।

४६. राजस्व संकलनमा ब्यापक वृद्धि भएको छ, राजस्व भन्सार छली रोक्न vehicle tracking को काम सुरु भएको छ ।

४७. २३ वर्ष पछि चीनका राष्ट्रपति सि जिङ पिङको नेपाल भ्रमण सम्पन्न गर्न सफल हुनुका साथै २ वर्षमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीलाई ४ पटक नेपालको सफल भ्रमण गराई सन्तुलित परराष्ट्र सम्बन्ध कायम गर्न सफल ।

४८. खेलकुद क्षेत्रमा भएको उच्च लगानी र कुशल व्यवस्थापनको फलस्वरूप १३ औं दक्षिण एसियाली खेलकुदसँग सफलताका साथ सम्पन्न गर्दै ५१ स्वर्ण सहित २०७ पदक हात पार्दै ऐतिहासिक रूपमा प्रतियोगतिमा दोस्रो स्थान हासिल गर्न सफल ।

४९. पर्यटन क्षेत्रको दीगो विकास र प्रवर्धनका लागि भ्रमण वर्ष २०२० मनाउन व्यापक प्रचार सहित २० लाख पर्यटक भित्राउने लक्ष्य राखेका तर कोरोना भाइरसले गर्दा सोचेअनुरूप हुन सकेको छैन ।

५०. नेकपा (एमाले) सरकारमा हुँदा कोरोना भाइरस Covid–19 Test मा दक्षिण एसियामा भुटान बाहेकका देशभन्दा बढी गरेको र कोरोना नियन्त्रण र रोकथाममा सबैभन्दा अगाडि रहेको । साथै सबै नेपालीलाई खोप सुनिश्चित गर्न विभिन्न राष्ट्रबाट प्राप्त खोप सहायताका अतिरिक्त १ करोड २० लाख खोप खरिदको थालनी गरेको ।

५१. विभिन्न ५१ जिल्लाको ५४० भन्दा बढी स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम विस्तार गरेको ।

५२. ३२ वटा औद्योगिक ग्राम घोषणा तथा प्रत्येक स्थानीय तहमा औद्योगिक ग्राम स्थापनाको नीति ल्याएको ।

५३. क्लिनफिड नीतिको अवलम्वन गर्दै नेपाली मिडियामा प्रयोग भएका भारतीय विज्ञापन बन्द गर्दै देशकै विज्ञापन व्यवसायलाई प्रवर्द्धन गर्न टेवा पुर्याएको ।

५४. २०४८ सालमा घोषणा गरिएको राजनीतिक दलहरूले समयसमयमा चर्चामा ल्याउने विषय मेलम्ची खानेपानी आयोजना क. केपी शर्मा

ओलीको सरकारले सम्पन्न गर्दै काठमाडौंबासीलाई मेलम्चीको खानेपानी आपूर्ति गर्न सफल भएको ।

५५. क. केपी ओली सरकारकै पालामा नेपालीले बनाएको नेपाली झन्डा अङ्कित नेपालको स्याटलाइट अन्तरिक्ष पुर्याई नेपाललाई स्याटेलाइट युगमा प्रवेश गराएको ।

५६. प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरी बेरोजगार युवालाई एक आर्थिक वर्षमा कम्तिमा १०० दिन बराबरको रोजगारको ग्यारेन्टी गरिएको ।

५७. क. केपी शर्मा ओली सरकारको पालामा नेपाल निम्न आय भएको मुलुकबाट मध्य आय भएको मुलुकमा स्तरोनन्ति भएको ।

नेकपा(एमाले)को नेतृत्वमा गठन भएको सरकारको पहलमा पहलमा राष्ट्रको स्वाधीनता, परराष्ट्र सम्बन्ध सुधार, सामाजिक सुरक्षा, पूर्वाधार विकास शासकीय सुधार लगायतका क्षेत्रमा भएका हजारौं कार्यममध्ये यी केही प्रतिनीधिमूलक उदाहरण मात्र हुन् ।

## २) अन्तर्राष्ट्रिय घटनाक्रम

### १. म्यानमारमा सैन्य कू

सन् २०२० मा भएको आम चुनावमा ८७ प्रतिशत मतसहित विजयी भएको म्यानमारकी प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीको दल नेशनल लिग फर डेमोक्रेसीको सरकारलाई अपदस्त गरी १ फेब्रुअरी २०२१ मा सम्पूर्ण मन्त्रीमण्डलका सदस्यलाई गिरफ्तार गरी सेनाले सैन्य शासन सुरु गरेको छ ।

### २. अफगानिस्तानमा तालिवानको सरकार

सन् १९९४ मा दक्षिण अफगानिस्तामा स्थापना भएको सुन्नी इस्लामिक कट्टरपन्थी राजनीतिक संगठन तालिवानले फेरि अफगानिस्तानमा कब्जा गरी सरकार गठन गरेको छ । सन् २०२१ अगस्ट १६ मा अफगानी राष्ट्रपतिको भवन नियन्त्रणमा लिएपश्चात सेप्टेम्बर ७ मा तालिवानका मूललाह हसन अखुण्ड अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त भएका छन् । यसअघि सन् १९९६ देखि सन् २००१ सम्म तालिवानले अफगानिस्तानमा शासन गरेको थियो । अमेरिकाले २० फेब्रुअरीमा तालिवानसँग शान्ति सम्झौता गरी सन् २०२१ सेप्टेम्बर ९ सम्ममा अफगानिस्तानबाट आफ्ना सबै सेना फिर्ता लैजाने घोषणा गरेको थियो ।

३. सन् २०२१ नोभेम्बर ३० मा बार्बाडोस विश्वकै कान्छो गणतन्त्रात्मक मुलुक घोषणा भएको छ।

४. सन् २०२२ जनवरी १८ मा इन्डोनेसियाको संसदले राजधानी जाकार्ताबाट बोर्नियोद्धीपमा सार्ने र राजधानीको नाम नुसुन्तारा राख्ने निर्णय गरेको छ।

५. **रसिया युक्रेन विवाद**

उत्तर एटलान्टिक सन्धी संगठन नाटोको सदस्य बन्ने युक्रेनको चाहना र त्यसको विपरीत आफ्नो भू-सामरिक स्वार्थका लागि छिमेकी मुलुक अमेरिकी सैन्य गठबन्धनमा सामेल नहोस् भन्ने रसियाको चाहना बीचको विवाद बढ्दै गएर युद्धको सुरुवात भएको अवस्था छ। लामो समयको शीतयुद्धपछि युक्रेनमाथि रुसले सन् २०२२ फेब्रुअरी २४ मा सैन्य कारबाहीको घोषणा गरेको छ।

# नेपालको निजामती सेवाको वर्तमान स्वरूप

संवैधानिक मान्यता पाएको निजामती सेवा मुलुकी प्रशासन सञ्चालनको आधार स्तम्भ हो। अर्को शब्दमा भन्नुपर्दा राज्यको नागरिकप्रतिको दायित्व पूरा गर्न सार्वजनिक नीति कार्यान्वयन मार्फत् सरकार र सेवाग्राही नागरिकहरूवीच सम्बन्ध सेतुको रूपमा सेवा प्रवाह गर्न निजामती सेवाको गठन भएको हो। निष्पक्ष छनौट, योग्यता प्रणालीमा आधारित, पदसोपानयुक्त, तटस्थ, कानूनी आधार सहितको, नागरिक सेवामा समर्पित व्यवसायिक प्रकृतिको संस्थागत संयन्त्र नै निजामती सेवा हो।

अनौपचारिक रूपमा राज्यको विकासक्रमसँगै शासकीय प्रणालीसँग सार्वजनिक प्रशासन जोडिएको पाइन्छ। नेपालको सन्दर्भमा प्रजातन्त्रको सुरुवात पश्चात् निजामती सेवाको स्वतन्त्र अस्तित्व कायम भएको साथै ऐन, नियम बमोजिम वैधानिक संयन्त्र र स्थायी सरकारको रूपमा अनवरत क्रियाशील रहेको पाइन्छ।नेपालको संविधान जारी भएपश्चात राजनीतिक पूनःसंरचना संगै प्रशासनिक तहको पनि पुनःसंरचना भई हाल तीन तहको कर्मचारी संरचना कायम भएको छ। केन्द्रीय सरकार मातहत रहेका कर्मचारीलाई नेपालको संविधानको धारा २८५ र ३०२ मा भएको व्यवस्थाबमोजिम कर्मचारी समायोजन ऐन २०७५ जारी गरी तीनतहमा समायोजन गरिएको छ। संघीय सरकार, ७ प्रदेश सरकार, ७५३ स्थानीय सरकार र सो अन्तर्गत अलग-अलग निकायहरू खडा गरी प्रशासनिक व्यवस्था सञ्चालन गरिएको छ। संगठन संरचना अनुसार नेपालमा हाल (संघमा ५३४६७, प्रदेशमा १७३१६ र स्थानीय तहमा ६५४२७ गरी कुल १ लाख ३६ हजार २ सय १०) कर्मचारीहरूको आवश्यकता पर्दछ। हाल

संघीय निजामती सेवाबाट समायोजन भएका केन्द्रीय निजामती सेवाका ८६ हजार र विकास समिति वा स्थानीय तहका १७ हजार तथा स्थानीय तहमा लोकसोवाबाट नयाँ भर्ना १० हजारसमेत गरी १ लाख ११३ हजार हाराहारीमा कार्यरत रहेका छन् । बाँकी २३ हजार  कर्मचारी अभाव रहेको देखिन्छ ।

लामो उतारचढाउ व्यहोरेको नेपालको सार्वजनिक प्रशासनले संकटको बेला समग्र राजनैतिक भारबहन समेत गरेको इतिहास छ । एक दशकभन्दा बढी समयसम्म जनप्रतिनिधिविहीन स्थानीय निकायहरू  सञ्चालन गर्नेदेखि मन्त्रालयमा राजनैतिक नेतृत्व नहुँदा पनि जिम्मेवारी निभाउने सम्मका कार्यभार प्रशासनले पूरा गरेको छ ।

अपेक्षाकृत परिमार्जित, छरितो, कार्य दक्षतापूर्ण र प्रभावकारी रूपमा सार्वजनिक प्रशासनले आफूलाई प्रस्तुत गर्न नसक्दा सार्वजनिक प्रसशान जनमैत्री भएन, सेवाप्रवाहमा ढिलासुस्ती, पक्षपातपूर्ण व्यवाहार, भ्रष्टाचार, अनियमितता, काम पन्छाउने प्रविति रहेको छ भिन आलोचना हुदै आएको छ । नेपालको निजामती प्रशासन माथि लागेको यस्तो प्रकारको आरोपहरूलाई न्यूनीकरण गर्न सुशासन, जनमैत्री शासन, नागरिकका शासन, विद्युतीय शासन जस्ता अवधाराणामा जोड दिइएको छ । प्रशासनका कार्यहरूमा जनलेखा परीक्षण, नागरिक सुनुवाई, सामाजिक परीक्षण जस्ता मान्यताले महत्व पाएको छ । प्रशासनका कार्यहरू मोवाइल सेवा, घुम्ती सेवाको रूपमा वितरण भैरहेका छन् भने अर्कोतिर मोबाईल Device मार्फत सार्वजनिक सेवा प्रवाह पनि भैरहेको छ । सार्वजनिक प्रशासनमा आरक्षणको व्यवस्था लागू गरी  समावेशी बनाउन प्रयत्न भएको छ ।

नेपालको वर्तमान सार्वजनिक प्रशासनको स्वरूपलाई थप स्पष्ट पार्न तपसील अनुसार तीन तहमा कायम रहेका विभिन्न सेवाहरूको दरबन्दी संख्या, तथा उक्त दरबन्दीमा हालसम्म भएको पदपूर्तिको अवस्थालाई हेर्न सकिन्छ ।

## हाल नेपालको निजामती प्रशासनको संघीय तहमा कायम दरबन्दी संरचना

| क्र.स. | सेवा | विशिष्ट | रा.प.प्रथम | रा.प.द्वितीय | रा.प.तृतीय | रा.प.अन.प्रथम | रा.प.अन द्वितीय | रा.प.अन.तृतीय | रा.प.अन.चतुर्थ | श्रेणी विहिन | अधिकृत बारौं | अधिकृत एघारौं | अधिकृत दशौं | अधिकृत नवौं | अधिकृत आठौं | अधिकृत सातौं | अधिकृत छैटौं | बरिस्ठ पाचौं | सहायक पाचौं | सहायक चौथो | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा | | ४ | ५७ | १०७ | १०० | ६२ | | | | | | | | | | | | | | ३३० |
| २ | नेपाल कृषि सेवा | २ | ४४ | १८० | ४७३ | ४०८ | ९१ | | | | | | | | | | | | | | ११९८ |
| ३ | नेपाल प्रशासन सेवा | ४० | २९१ | १२८३ | ३७३२ | ५८९७ | ३५३५ | ६८ | १२ | १२७८४ | | | | | | | | | | | २७६४२ |
| ४ | नेपाल वन सेवा | १ | २९ | ९३ | १७४ | २०२ | २७९ | ३ | ५० | ११११ | | | | | | | | | | | १९४२ |
| ५ | नेपाल शिक्षा सेवा | १ | २२ | १६८ | ३९८ | ४२१ | ५४ | | | | | | | | | | | | | | १०६४ |
| ६ | नेपाल स्वास्थ्य सेवा | | | | | | | | | | २ | ११६ | ० | ३३९ | ३०८ | २६७ | ३० | ३६ | १५४४ | १६५ | २८०७ |
| ७ | नेपाल विविध सेवा | | ३ | ४६ | ३९२ | १९८५ | २२७ | २ | ५ | २३ | | | | | | | | | | | २६८३ |
| ८ | नेपाल ईन्जिनियरिङ्ग सेवा | ९ | १५७ | ६३७ | २०१४ | २७८६ | १३१३ | ७ | | २२३९ | | | | | | | | | | | ९१६२ |

| क्र.स. | सेवा | विशिष्ट | रा.प.प्रथम | रा.प.द्वितीय | रा.प.तृतीय | रा.प.अन.प्रथम | रा.प.अन द्वितीय | रा.प.अन.तृतीय | रा.प.अन.चतुर्थ | श्रेणी विहिन | अधिकृत बाह्रौं | अधिकृत एघारौं | अधिकृत दशौं | अधिकृत नवौं | अधिकृत आठौं | अधिकृत सातौं | अधिकृत छैटौं | बरिस्ठ पाचौं | सहायक पाचौं | सहायक चौथो | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | नेपाल न्याय सेवा | १२ | ८९ | ४७३ | १२७९ | १७८७ | १७४७ | | | २ | | | | | | | | | | | ५३८९ |
| १० | नेपाल परराष्ट्र सेवा | १ | १८ | ५० | १०१ | १२३ | १ | | | | | | | | | | | | | | २९४ |
| ११ | नेपाल लेखा परीक्षण सेवा | ४ | १८ | १११ | २५५ | १३० | १६ | | | | | | | | | | | | | | ५३४ |
| १२ | व्यवस्थापिका-संसद सेवा | २ | १४ | ५१ | ८४ | १४२ | २५ | | | १०४ | | | | | | | | | | | ४२२ |
| **कुल दरवन्दी संख्या** | | ७२ | ६८९ | ३१४९ | ९००९ | १३९८१ | ७३५० | ८० | ६७ | १६२६३ | २ | ११६ | ० | ३३९ | ३०८ | २६७ | ३० | ३६ | १५४४ | १६५ | ५३४६७ |

## हाल नेपालको निजामती प्रशासनको प्रदेश तहमा कायम दरबन्दी संरचना

| क्र.स. | सेवा | एघारौ | दशौ | नवौ | आठौ | सातौ | छैटौ | पाचौ | चौथो | तेस्रो | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा | | | ६ | | २२ | | ९० | | | | ११८ |
| २ | नेपाल कृषि सेवा | २१ | | २१२ | | ६९० | | ५४६ | १३५ | | | १६०४ |
| ३ | नेपाल प्रशासन सेवा | | | २१४ | | ८५४ | ६५ | १६३९ | ५६१ | | २०३० | ५३६३ |
| ४ | नेपाल वन सेवा | ७ | २१ | १२३ | | ९०३ | | ४६२ | १७९ | | २६९७ | ४३९२ |
| ५ | नेपाल शिक्षा सेवा | ७ | | ५६ | ३ | १४७ | | ११५ | | | | ३२८ |
| ६ | नेपाल स्वास्थ्य सेवा | ३० | | १३८ | ३९ | २२० | | ४८० | ११६ | | | १०२३ |
| ७ | नेपाल विविध सेवा | | | ७ | | ९८ | | ४१७ | ११८ | १४४ | ५७६ | १३६० |
| ८ | नेपाल ईन्जिनियरिङ्ग सेवा | ७ | | २२८ | | ७६२ | | १०७४ | ८९ | | ८६३ | ३०२३ |
| ९ | नेपाल न्याय सेवा | | | २८ | | ७७ | | | | | | १०५ |
| | कुल दरवन्दी संख्या | ७२ | २१ | १०१२ | ४२ | ३७७३ | ६५ | ४८२३ | ११९८ | १४४ | ६१६६ | १७३१६ |

## हाल नेपालको निजामती प्रशासनको स्थानीय तहमा कायम दरबन्दी संरचना

| क्र.स. | सेवा | एघारौ | दशौ | नवौ | आठौ | सातौ | छैटौ | पाचौ | चौथो | तेस्रो | श्रेणी विहिन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा | | | | | १७ | ६ | २३ | | | | ४६ |
| २ | नेपाल कृषि सेवा | | | ४०५ | ३८३ | ८१४ | | ३४७१ | २७४४ | | | ७८१७ |
| ३ | नेपाल प्रशासन सेवा | २ | | ११६ | | १५१८ | २३५८ | ८१३५ | ४६३५ | १५१ | ३०८ | १७२२३ |
| ४ | नेपाल शिक्षा सेवा | | | २९३ | | ७८७ | १८ | ७८७ | | | | १८८५ |
| ५ | नेपाल स्वास्थ्य सेवा | | | २७ | २४८ | २९३ | ४६५७ | १००४९ | ९५३३ | | | २४८०७ |
| ६ | नेपाल विविध सेवा | | | १७ | | ७४ | १८ | १०५९ | ७९८ | | | १९६६ |
| ७ | नेपाल ईन्जिनियरिङ्ग सेवा | १ | | २९३ | | १०५३ | ४१० | ४०८९ | ५६३३ | | १६२ | ११६४१ |
| ८ | नेपाल न्याय सेवा | | | | | १९ | ३ | २० | | | | ४२ |
| | कुल दरवन्दी संख्या | ३ | ० | ११५१ | ६३१ | ४५७५ | ७४७० | २७६३३ | २३३४३ | १५१ | ४७० | ६५४२७ |

# नेपालको पेशागत आन्दोलन र नेपाल निजामती कर्मचारी संगठनको ऐतिहासिक घटनाक्रम

- वि.सं. १९८३ मा ना.सु. कृष्णलाल अधिकारीबाट "मकैको खेती" नामक पुस्तकमार्फत नेपालको निरंकुश शासनको विरोध र एकादशी सभामार्फत संगठित हुने अभ्यासको सुरुवात भयो।
- वि.सं. २००७ को माघमा महेश्वरमान छोचुँको नेतृत्वमा अखिल नेपाल न्यून बैतनिक कर्मचारी संघको गठन गरी निजामती कर्मचारीहरूका पेशागत हक हितका अतिरिक्त पेशागत हक हितका अलावा मानव अधिकार, प्रजातन्त्रको पक्षमा आएको जनलहरले उत्पन्न गरेको चेतनाको उपयोग गरी खुल्ला रूपमा संगठित हुने अभ्यास र माग सहित आन्दोलनमा उत्रिएको र आर्थिक मागको रूपमा रहेको तलव बृद्धिको मागलाई ३०० प्रतिशत बृद्धि गर्न सफल भएपनि संघमाथि प्रतिबन्ध लगाई संघको नेतृत्वलाई बर्खास्त गर्ने कार्य भयो।
- निजामती प्रशासनलाई स्थायी सरकारको रूपमा निश्चित ऐन, कानून अनुसार सञ्चालन गर्ने निजामती सेवा ऐन, २०१३ लागू गर्ने कार्य भयो। विभिन्न समयमा उच्चस्तरीय प्रशासन सुधार आयोग, समिति, तलव आयोग, अध्ययन समूह आदि गठन गरी निजामती सेवालाई व्यवस्थित, सक्षम, गतिशील र जनमुखी बनाउने प्रयत्न भयो, तर त्यसबाट आएका सुझावहरूलाई इमान्दारीपूर्वक कार्यान्वयन गर्ने कार्य भने भएन। २०४६ साल पूर्व गठित यस्ता आयोगहरू मूलतः सरकारको इच्छा अनुकुल हुने र सिफारिससमेत सोही बमोजिम हुने गर्दथे। कानूनभन्दा ठूलाबडाहरू माथि हुने हुँदा र यस अबधिमा व्यापक अनियमितता र भ्रष्टाचार हुने गऱ्यो। कानून जे भएपनि आदेशमा नै प्रशासन चल्यो जुन सानालाई ऐन र ठूलालाई चैनको रूपमा देखा पऱ्यो। जुन अबस्थामा कर्मचारीहरू औपचारिक रूपमा संगठित हुन सकेनन् भने अनौपचारिक र गोप्य ढंगले आफ्ना कामलाई अगाडि बढाउने कार्यलाई २०३६ सालको राजनैतिक आन्दोलनमा स्वाभिमानी कर्मचारीको नामबाट पर्चा वितरण र २०४६ को आन्दोलनमा जुलुश प्रदर्शनको कार्यले प्रष्ट हुन्छ। यस कार्यबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा निजामती कर्मचारीहरूको महत्वपूर्ण भूमिका देखिन्छ।
- २०४६ को जनआन्दोलनमा जागिरको पर्वाह नगरी आन्दोलनमा सहभागी

भएका निजामती कर्मचारीहरूले प्रजातन्त्रपछि कर्मचारीहरूको कर्तव्य र दायित्वप्रति वफादार रही पेशागत हकहितको संरक्षण एवं सम्वर्द्धन गर्ने, देशको निजामती सेवालाई सक्षम सुदृढ, सेवामूलक, प्रभावकारी एवं गतिशील बनाई नागरीकमैत्री प्रशासनमार्फत सुशासन कायम गर्न नेपाल सरकारलाई सहयोग पुऱ्याउन, निजामती कर्मचारीमा जनसेवाको भावना विकास गरी निजामती सेवालाई गरीमामय र सम्मानीत सेवाको रूपमा विकसित गराउने, श्रमिक तथा श्रमजीवी पेशाकर्मी पक्षीय ट्रेड यूनियन आन्दोलनलाई जोड दिने र पेसागत आन्दोलनको माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास गर्ने कार्यमा योगदान गरी श्रमिक र श्रमजीवीय पक्षीय शासन प्रणली र वैज्ञानिक समाजवाद प्राप्तीको लागि योगदान गर्ने मूल उद्देश्य लिई २०४६ चैत्र २६ गते ५ सदस्यीय भेला आयोजक समिति, २०४६ चैत्र ३१ मा हजारौँको भेला र २०४७ बैशाख ७ गते कर्मचारीको वृहत् भेलाबाट मोहन बहादुर के. सी. को नेतृत्वमा "नेपाल निजामती कर्मचारी संगठन" को तदर्थ समिति गठन भयो। उक्त समयमा संगठन स्थापनाका लागि अहोरात्र ऐतिहासिक योगदान गर्नुहुने सम्पूर्ण अग्रज संगठकप्रति सम्मान व्यक्त गर्दछु। देशका विभिन्न भागमा संगठित हुन नदिन भएको सरकारी प्रयासलाई कर्मचारीहरूको संगठित गर्जनले सरकारलाई झुक्न बाध्य बनायो। तत्कालीन सामान्य प्रशासन सचिव बिमलराज बस्नेतको अध्यक्षतामा संगठनको समेत प्रतिनिधित्वमा अध्ययन कार्यदल बनाउने कार्य भयो। सोही कार्यदलको प्रतिवेदनको आधारमा २०४७ कार्तिक १९ गते संगठन विधिवत दर्ता भयो। प्रजातन्त्रको मिरमिरेमा जन्मिएको यस संगठनको नेतृत्वमा नयाँ संविधानको घोषणा गर्न दवाब दिने प्रयोजनका लागि २०४७।७।२० मा भएको बृहत् जनदवाव तथा जनताको समेत प्रयत्नबाट २०४७ कार्तिक २३ मा संविधान जारी गर्न सरकार बाध्य भयो।

- संगठनले १०४ वर्षे पारिवारिक निरंकुश राणा शासन र ३० बर्षे निरंकुश एवं निर्दलीप पञ्चायती व्यवस्थाको अधिवे
- अवशेषमा रहेको भ्रष्टाचार तथा ढिलासुस्तीको विरुद्धमा र निरंकुश, अप्रजातान्त्रिक र भ्रष्ट तत्वहरू माथि कडा भन्दा कडा कारवाही गर्न, परिवर्तित व्यवस्था अनुसार प्रजातान्त्रिक मूलय मान्यतामा आधारित जनमुखी प्रशासनको निर्माण गर्न, जिविकोपार्जन गर्न पुग्ने तलव र जनसेवाको नीतिलाई अगाडि सार्दै जायज माग सहित २०४७ मंसिर २६ पुष ५ गतेसम्म देशको ७५ जिल्लामा सम्भवत पहिलो पटक आन्दोलन भयो उक्त आन्दोलनले उचाई

लिएपछि सरकार संगठनसँग सम्झौता गर्न बाध्य भयो । सम्झौता पछि पनि सरकारले २०४७ फागुन ४ गतेबाट अधिकृतलाई सदस्यताबाट वञ्चित गर्ने कार्य मात्र भएन २०४७ फागुन १२ गते "नेपाल निजामती कर्मचारी संघ" को नाममा प्रचलित कानून विपरित ठाडो आदेश र इशारामा सरकारबाट एकिकृत संगठनलाई विखण्डित गरी "फुटाऊ र शासन गर" को नीतिलाई अबलम्वन गर्दै विभाजन गरीयो ।

- यसैगरी २०४७ पौष ५ गते भएको सम्झौता अनुसार तलब सुझाव कार्यदलले २०४८ बैशाखबाट लागू हुने गरी बुझाएको प्रतिवेदनलाई कार्यान्वयन गरेन । सरकार र कर्मचारीबीच झन् द्वन्द चर्कदै गयो । आफू लडेर ल्याएको पजातन्त्रको संस्थागत विकास गर्ने विश्वास गर्दै संगठन २०४८ सालको आम निर्वाचनलाई सफल बनाउन सक्रिय रह्यो । नयाँ सरकार बन्यो तर १ महिनासम्म पनि सरकारले द्वन्दको उचित व्यवस्थापन गर्नुको साटो संगठनसँग भेटसम्म गरेन । फलस्वरूप बाध्य भई २०४८ साल आषाढ १६ देखि भाद्र ८ सम्म संगठनले देशव्यापी आन्दोलन गर्न विवश भयो । संगठनलाई दरिलो शक्तिको रूपमा विकास नगरी आन्दोलन सञ्चालन गर्नु, आन्दोलनलाई सशक्त ढंगले अन्तर्राष्ट्रियकरण गर्न नसक्नु, आन्दोलन लम्बिन्दै जानु, सरकारी हठबादिता आदि आन्दोलन सफल नहुने आधार तथा कारण बन्न पुग्यो । जसका कारण आन्दोलित कर्मचारीहरूलाई कारवाही नगर्ने शर्तमा माग पूरा नहुँदै आन्दोलन स्थगित गरीयो, तर सरकार ईमान्दार भएन । आन्दोलन स्थगित हुना साथ कर्मचारीलाई बर्खास्त गर्ने, अस्थायी कर्मचारीहरूको म्याद नथप्ने, अपायक सरुवा गर्ने, निलम्बन गर्ने लगायतका कारवाहीहरू श्रृखलाबद्ध रूपमा गर्न थाल्यो । संगठनलाई छिन्न भिन्न पार्ने काम भयो । आवश्यकता र औचित्यताले सावित गरेको कर्मचारीहरूको प्रिय संगठन माथि जस्तोसुकै दमन भएपनि त्यसै बिलाएर गएन । आत्म समीक्षा गर्दै दुःखित पिडीतहरूलाई एकत्रित गर्दै पुनः संगठित हुन थालियो । तत्कालीन कर्मचारी आन्दोलनको क्रममा संलग्न सम्पूर्ण संगठकहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु । राज्यको पूरा संयन्त्र लागेर ध्वस्त बनाएको संगठनले नवौं राष्ट्रिय अधिवेशन १५औं केन्द्रीय परिषद् सम्पन्न गरिसकेको छ । यस अबधिमा संगठनले अत्यन्तै प्रतिकूल अबस्थाको सामाना गर्नु परेको छ भने थोरै अनूकुलताहरू समेत भोगेको छ । २९१ जना कर्मचारीहरूको पुनर्वहाली गर्ने, २०५१, २०५२ र २०५४ सालमा गरी २,४०६ जनाको कारवाही फुकुवा भएको छ । अझै केहीको कारवाही फुकुवा हुन वाँकी

रहेको अबस्था छ।

- २०५८।४।३२ को सर्वोच्च अदालतको फैसलाबाट एक मात्र बैधानिक र क्रियाशील रहेको संगठनले निजामती कर्मचारीहरूको आन्दोलनको अभिभावकत्व गर्दै मानव अधिकार, लोकतन्त्र र शान्तिको पक्षमा २०६२/६३ को जनक्रान्तिमा राजनीतिक दलहरूसँगै सहभागीता जनाउने ऐतिहासिक कदम उठायो।
- २०६२ असार ३० कालो दिन घोषणा : निरंकुश शाही शासनकालमा निजामती सेवा ऐन, अध्यादेश जारी गरी निजामती क्षेत्रको एक मात्र पेशागत संगठन नेपाल निजामती कर्मचारी संगठनमाथि प्रतिबन्ध लगाइएको अबस्थामा ILO लगायत अन्तर्राष्ट्रिय संघसंस्थाहरूको दवावका साथै सर्वोच्च अदालतबाट संगठनको पक्षमा अन्तरिम आदेश समेत जारी भएको थियो। संगठनलाई अध्यादेश मार्फत प्रतिवन्ध लगाएको उक्त दिनलाई कालो दिनको रूपमा लिइन्छ।
- राजनीतिक दलहरू निरंकुशता विरोधी आन्दोलनमा उत्साहजनक ढंगले आन्दोलित नभई रहेको अवस्थामा समेत संगठनले २०६२ श्रावण ७ गते निरंकुशतन्त्र विरुद्ध विरोध प्रदर्शन गरेको थियो। उपत्यकाको सुन्धारामा भेला भई गरिएको यस प्रदर्शनले निरंकुशता विरोधी आन्दोलनलाई उर्जा प्रदान गरेको थियो।
- २०६२/६३ को शान्तिपूर्ण जनक्रान्तिको सहयात्री भई प्रजातन्त्र, मानव अधिकार र शान्तिको पक्षमा पेशाकर्मीहरूको तर्फबाट नेतृत्वदायी भूमिका निभाएको (तत्कालीन सात राजनैतिक पार्टी र तत्कालीन नेकपा माओवादी पार्टीका शीर्षस्थ नेताहरू र पेशाकर्मीहरूबीच २०६२ चैत्र १८ गते काठमाडौं स्थित होट न्याडिशनमा जनक्रान्तिलाई सघाउने विषयमा सम्झौता भएको थियो। उक्त सम्झौतामा ट्रेड यूनियन अधिकार दिने र कर्मचारीले आन्दोलनलाई हर तरहले सघाउने सम्झौता भएको थियो।
- नेपाल निजामती कर्मचारी संगठन २५ वर्ष पूरा गरी रजत महोत्सव समेत सम्पन्न गरिसकेको छ। हाम्रो आस्थाको धरोहर यस संगठनले आफ्नो २५ वर्ष प्रवेशको अबसरमा २०७१ साल भरी विभिन्न कार्यक्रम गरी संगठन रजत महोत्सव मनाई सकेको छ। ट्रेड यूनियनहरूमा भइरहने टुटफुट र अवरसवादको जालोबाट टाढा रहेर आफ्नो २५ वर्षे कार्यक्रम मनाउन पाउनु आफैँमा गर्वको विषय हो। केन्द्रीय कार्यसमितिले २०७० वैशाख ७ गते काठमाडौंमा ऱ्यालीसहित भव्य

कार्यक्रमको आयोजना गऱ्यो । भवन निर्माण कार्यको सिल्यान्यास, रजत स्तम्भ र भवन उद्घाटनका कार्यहरू सम्पन्न भएका छन् भने संगठन स्थापना र विकास गर्नमा योगदान पुऱ्याउने व्यक्तिहरूलाई सम्मान समेत गरिएको छ ।

- पेशाकर्मीहरूको हकअधिकार सेवा सुविधाका अतिरिक्त जनताको सेवाप्रवाह र शान्ति, मानवअधिकार, लोकतन्त्रको पर्यायाय बनेको नेपालको पेशागत आन्दोलनको पहिलो ट्रेड यूनियन नेपाल निजामती कर्मचारी संगठनको २०७८ असोज २ गते आयोजित संगठनको ८औं केन्द्रीय समितिको बैठक र राष्ट्रिय भेलाबाट बाहिरिएका केही असन्तुष्ट व्यक्तिहरूको नेतृत्व गर्दै, २०७३ को १० औ राष्ट्रिय अधिवेशन बाट पराजित मानशीकताबाट ग्रसित भई यस संगठनको नेतृत्व गरिसकेका मोहन कुमार घिमिरेले नेपाल निजामती कर्मचारी संगठनलाई कमजोर बनाउने दुस्प्रयास स्वरूप २०७८ माघ १५ गते जुम भेलाको नाममा अदूरदर्शी र दूरासयपूर्ण हर्कत गरी कथित एकीकृत सरकारी कर्मचारी संगठन नेपाल नामको संस्था गठन गरेका भनेर ट्रेड यूनियन आन्दोलनलाई गम्भीर घात पुऱ्याएका छन् ।

  यस प्रकारको हर्कतको अन्तिम पहलका रूपमा नयाँ संगठन दर्ता गर्ने भन्दै केही असंगठित कर्मचारीहरूको हस्ताक्षर संकलन गर्दै २०७८ फागुन २५ गते श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा निवेदन दर्ता गर्न पुगेको घटना सह्यहुने छैन । कुन्ठाबाट ग्रसित भई ट्रेड यूनियन आन्दोलनलाई नै कमजोर बनाउने उद्धेश्यले चालिएको यो हर्कतको इतिहासले निमर्म समीक्षा गर्ने छ । यस प्रकारको निन्दनीय कार्यको भ्रमलाई समयमै परास्त गर्नु हरेका संगठकको कर्तव्य हो । तसर्थ त्यस्ता गतिविधिलाई सचेतनता पूर्वक शसक्त प्रतिवाद गर्न र कुनै पनि र्तक र आधारहिन गतिविधिलाई निस्तेज पार्ने कार्यमा आम संगठकहरूलाई सरिक गराउन आवश्यक छ ।

# नेपाल निजामती कर्मचारी संगठनको सांगठनिक संरचना

**१. केन्द्रीय कार्यसमिति :**

नेपाल निजामती कर्मचारी संगठनको १० औं अधिवेशनबाट समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा १२० सदस्यीय केन्द्रीय कार्यसमिति गठन भएको थियो । केन्द्रीय आयोगहरूमा ५ सदस्यीय लेखा परीक्षण आयोग, ७ सदस्यीय अनुशासन आयोग र ७ सदस्यीय निर्वाचन आयोग गठन भई क्रियाशील

रहेको छ। संगठन केन्द्रीय कार्यसमितिको आठौं बैठकले केन्द्रीय कार्यसमितिलाई ११ औं राष्ट्रिय अधिवेशन आयोजक समितिमा रूपान्तरण गरी राष्ट्रिय कर्मचारी संगठन निजामतीबाट सामूहिक प्रवेश गर्नु भएका संगठक साथीहरूलाई समेटी २८२ सदस्यीय ११ औं राष्ट्रिय अधिवेशन आयोजक समिति गठन भएको छ।

### २. **केन्द्रीय सचिवालय :**

केन्द्रीय कार्यसमितिका अध्यक्ष, बरिष्ठ उपाध्यक्ष, उपाध्यक्षहरू, महासचिव, सचिवहरू, कोषाध्यक्ष, सह-कोषाध्यक्ष र लेखा परीक्षण आयोगका संयोजक, अनुशासन आयोगका संयोजक र निर्वाचन आयोगका संयोजक रहने गरी ३२ सदस्यीय केन्द्रीय सचिवालय क्रियाशील छ। ११ औं राष्ट्रिय अधिवेशन आयोजक समिति गठन भएपश्चात १५ सदस्यीय कार्यालय सदस्य र कार्यालय सदस्य सहितको ८१ सदस्यीय सचिवालय कृयाशिल छ।

### ३. **जिल्ला/विभागीय कार्यसमिति :**

७७ जिल्ला कार्यसमिति र मन्त्रालय, विभाग एवं केन्द्रीय निकायस्तरमा ४८ विभागीय कार्यसमिति (समावेशीता सहितको बढीमा २१ सदस्य रहने गरी) गठन भई क्रियाशील रहेका छन्।

### ४. **प्रदेश मन्त्रालय विभागीय समिति :**

प्रदेश सरकारको स्थापना संगै प्रदेश मन्त्रालयहरू गठन भएको अवस्थामा संगठनको विधान बमोजिम प्रदेश मन्त्रालयमा समेत संगठनको प्रदेश मन्त्रालय स्तरीय समिति गठन गर्नु पर्नेछ।

### ५. **पालिका समिति :**

नेपालमा संघीय संरचना निर्माण भई स्थानीय सरकार गठन भए पश्चात सबै पालिकाहरूमा पालिका स्तरीय समिति निर्माणको अभियानलाई तिव्र पारिएको छ। अनुसूची १ मा उल्लेख भए बमोजिम विभिन्न ३५ जिल्लाका १५५ भन्दा बढी पालिकाहरूमा पालिका ईकाइ कमिटी गठन गरी सकिएको छ। बाँकी पालिकाहरूमा छिट्टै गठन गरीने छ।

### ६. **प्रारम्भिक कार्यसमितिहरू :**

सम्बन्धित जिल्ला/विभागीय कार्यसमितिको क्रियाशीलता र आवश्यकता अनुसार कार्यालयगत रूपमा प्रारम्भिक कार्यसमितिहरू गठन भई क्रियाशील रहेका छन्।

# विश्व ट्रेड यूनियन आन्दोलन

प्रथम र दोश्रो विश्वयुद्धबाट स्वतन्त्र भएका राष्ट्रहरूमा श्रमिक वर्गहरू आफ्नो हकहितका लागि संगठित हुन थाले यसरी राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा संगठित हुनेक्रममा अक्टोवर ३-८, १९४५ मा पेरिसमा सम्पन्न ५५ देशका राष्ट्रियस्तरका ट्रेड यूनियनहरूकोप्रथम सम्मेलनबाट विश्व श्रमिकहरूको पहिलो विश्व ट्रेड यूनियन महासंघको धअअ स्थापना भएकोहोतर योमहासंघ क्रिष्टीयनिटीमा आधारित भएकाले विश्वव्यापी आधार थिएन ।

WFTU को स्थापना कालमा जारी भएको आफ्नोघोषणा पत्रमा संसारबाट फाँसीवादको अन्त्य गर्नु रहेका उल्लेख गर्दै भनिएको छ । "One of the primary tasks of the WFTU and the Trade Union Movements of all countries is to fight for the speedy complete eradication of fascism" यस्तै घोषणा पत्रमा श्रमिकहरूको संगठित हुन पाउनेअधिकार र प्रत्येक श्रमिकलाई जाति, लिंग र वर्गको आधारमा भेदभाव नगर्ने अधिकारको ग्यारेण्टी, काम र न्यूनतम पारिश्रमिकको अधिकार, बेरोजगारबाट मुक्त हुने अधिकारको ग्यारेण्टीलाई आधारभूत अधिकारको रूपमा प्रत्याभूति गर्न संघर्षरत रहने उल्लेख गरिएकोछ ।

WFTU : WFTU ले UNO को Consultive Agency को सदस्यता पाउनुको साथै UNIDO, UNESCO / ILO जस्ता संस्थामा प्रतिनिधित्व गर्दै आएको छ । WFTU ले ILO बाट पारित अभिसन्धी नं.८७ (Freedom of Association and Protection of Right to Organize) र अभिसन्धी नं.९८ (Right to Organize and Collective Bargaining) पारित गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । सन् १९९० को दशकपछि आर्थिक उदारिकरण र निजीकरणको नीति अगाडि सारी तेश्रो विश्वका मूलुकहरूमा विश्व बैंक लगायत अन्तर्राष्ट्रिय निगमहरूबाट भइरहेको आर्थिक हस्तक्षेपको WFTU ले विरोध गर्दै आएको छ। हालै ५-८ अक्टोवर २०१६ मा सम्पन्न WFTU को सत्रौ कग्रेसबाट President मा Mzwandile Michali MakwaYiba / General Secretary df George Mavrikos निर्वाचित भएका छन् । २५ बुँदे घोषणापत्र जारी गर्दै यो सम्मेलन सम्पन्न भएको थियो ।

International Trade Union Centre-ITUC : विश्वका श्रमिकहरूको साझा अन्तर्राष्ट्रिय केन्द्रको रूपमा विश्व ट्रेड यूनियन महासंघको (WFTU) सन् १९४५ मा स्थापना भई श्रमिक अधिकारका बारेमा ऐतिहाँसिक ढंगले नै भूमिका निर्वाह गरीरहेको छ । WFTU को लोकप्रियता संगसंगै विश्वका थुप्रै मूलुकहरूमा

औद्योगिक गतिविधि बढ्न थाल्यो र समाजवादी आन्दोलनको लहर श्रृजना भएपछि अमेरिकाले WFTU भित्र श्रमिक विरोधी Mashal Plan Project लागू गर्न दवाव दियो, तर WFTU को पूर्ण बहुमतले उक्त प्रस्तावलाई अस्वीकार गरेपछि, अन्ततः अमेरिकाको निर्देशनमा बेलायत, नेदरल्यान्ड र अमेरिकाका प्रतिनिधिहरूले WFTU मा विभाजन गरे र सन् १९४९ मा पूँजीवादी सोसल डेमोक्रेट विचार पक्षधरहरूले ITUC नामको अर्को अन्तर्राष्ट्रिय ट्रेड यूनियन केन्द्र गठन गरे । यस्तै क्रिश्चियन पक्षधरहरूको अर्को अन्तर्राष्ट्रिय केन्द्र World Christain Labour (WCL) पनि क्रियाशील रहेको थियो । सन् २००६ मा ICFTU / WCL विच एकीकरण भएर ITUC गठन भयो । विश्व साम्राज्यवाद र पूँजीवादले मच्चाएको आर्थिक शोषण, हत्या, हिंसा, आतङ्कको विरुद्ध संघर्ष गर्नुको सट्टा वर्ग समन्वयवादी नीति अख्तियार गर्दै पूँजीवादी मूलुकका सरकारहरू र अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था (INGOs) हरूबाट डलर लिएर विभिन्न परियोजना सञ्चालन गरेर श्रमिकहरूको आन्दोलनलाई भुत्ते बनाउने काम गर्दै आएको छ । यसरी विश्वमा अहिले प्रगतिशील एवं समाजवादी विचार पक्षधर श्रमिकहरूको प्रतिनिधित्व WFTU ले गरीरहेको छ भने पूँजीवादी सोसल डेमोक्रेट विचार पक्षधर श्रमिकहरूको प्रतिनिधित्व ITUC ले गरीरहेको छ । नेपालका पेसागत महासङ्घ, नेपाल लगायत ८ वटा ट्रेड यूनियन महासङ्घहरू ध्ँत्ग मा आवद्ध छन भने GFFONT, NTUC / ANTUF चाँहि ITUC मा आवद्ध रहेका छन । एउटै विचारमा आवद्ध श्रमिकहरूको नेतृत्व गर्ने पेसागत महासङ्घ, नेपाल (कोनेप) र नेपाल ट्रेड यूनियन महासङ्घ (जीफन्ट) वेग्ला वेग्लै अन्तर्राष्ट्रिय केन्द्रमा आवद्ध हुनु विरोधाभाषपूर्ण देखिन्छ । यतिखेर विश्व साम्राज्यवाद र पूँजीवादले श्रमिक वर्गमाथि गरीरहेको शोषणका विरुद्धमा जुझारु श्रमिक पक्षीय ट्रेड यूनियन  आन्दोलन (Class Oriented Trade Union Movement) को विकास र विस्तार गर्न प्रगतिशील एंव समाजवादी विचार पक्षधर केन्द्रसंग भातृत्वपूर्ण सम्बन्ध (Fraternally Relation) कायम गर्न जरुरी छ । TUI public services workers and Allied twelvth congress in nepal 2015 विश्वका सार्वजनिक सेवामा कार्यरत पेशाकर्मीहरूको ट्रेड यूनियन अन्तर्राष्ट्रिय पब्लिक सर्भिसेजको १२ औं कंग्रेस २०७१ फागुन १ र २ गते काठमाडौंमा भब्य रूपमा सम्पन भयो । "नीजिकरण र पुजिवादको विरोध गरौ, सर्वसाधारण जनताका लागि सार्वजनिक सेवाको प्रत्याभुति गरौ" (aganist privatization andcapitalist refrom,public service for the people) भन्ने मूल नाराका साथ सम्पन्न सो सम्मेलनमा करिब ४० राष्ट्रका प्रतीनिधिहरूको सहभागीता थियो । यस कग्रेसलाई भब्य रूपमा सम्पन्न गर्नमा नेपाल निजामती कर्मचारी सगठनको भूमिका महत्वपूर्ण रहयो । सम्मेलनको मूल आयोजकको

रूपमा सगठनले आफ्नो जिम्वेवारी सफलतापूर्वक पूरा गरेको थियो । सो कंग्रेसले नेपाललाई उपाध्यक्षको जिम्वेवारी प्रदान गरेकोछ। जसको नेतृत्व संगठनका निवर्तमान अध्यक्ष पुण्य प्रसाद ढकालले गर्नु भएकोछ।

- सन् २६-३० जून, २०१७ मा सम्पन्न NEHAWU, South Affricaको ११औं सम्मेलनमा भाग लिन संगठनको तर्फबाट अध्यक्ष केदार प्रसाद देवकोटा र महासचिव रेवन्त गौतमलाई अफ्रिकाको जोहानेशवर्गमा प्रतिनिधित्व भएको हुँदा अन्तर्राष्ट्रिय भाईचारा सम्बन्ध थप समृद्धि भएको ।
- सन् ११-१२ सेम्टेम्बर, २०१७ मा TUI-PSको Asia Pacifice Regional Meetingमा सहभागी हुन उपाध्यक्ष द्वय भवानी दहाल र शरण कुमार गुरुङलाई भारतको केरलाको थिरमपुरममा प्रतिनिधित्व भएको हुँदा अन्तर्राष्ट्रिय भाईचारा सम्बन्ध थप समृद्धि भएको ।

## नेपालको निजामती क्षेत्रमा क्रियाशील राष्ट्रियस्तरका ट्रेडयूनियनहरूको तुलनात्मक विवेचना :

१. **नेपाल निजामती कर्मचारी संगठन** : नेपाल निजामती कर्मचारी संगठन निजामती कर्मचारीहरूको पेशागत हक, अधिकार, सेवा शर्तको सुरक्षा तथा निजामती प्रशासनलाई सुदृढ, सक्षम, प्रभावकारी, गतिशिल, जनमुखी बनाई सेवा प्रवाहको सुधार र सुशासन कायम गर्ने मूल ध्येयका राखी २०४७ बैशाख ७ गते स्थापना भएको निजामती क्षेत्रको पहिलो संगठन हो। देशभर सांगठनिक सञ्जाल भएको **३०९५७** सदस्य आवद्ध भएको राष्ट्रियस्तरको ट्रेड यूनियन हो। संगठनले निजामती प्रशासनको नीति निर्माणमा हस्तक्षेपकारी र समन्वयकारी भूमिका निर्वाह गर्दै जनतामा पुऱ्याउनु पर्ने सेवा प्रवाहको सुधारका निमित्त भ्रष्टाचार नियन्त्रण र सदाचार सवलीकरणक, क्षतिपुर्ति सहितको नागरीक सेवा प्रवाह, कार्य सम्पादन सम्झौतामा आधारित सेवा प्रवाह र मूल्याङ्कन लगायतका विषयहरू अगाडि सारेको छ। निजामती कर्मचारीहरूसंग सरोकारित ऐन नियम निर्माण र पेशागत हकहित तथा निजामती प्रशासन सुधारकालागि नेपालको निजामती क्षेत्रमा क्रियाशील राष्ट्रियस्तरका ट्रेड यूनियनहरूकोबीचमा नेतृत्वदायी भूमिका निर्वाह गर्दैआवश्यक सुझाव र दवाव प्रस्तुत गर्दै आएको छ । देशमा भएका राजनीतिक परिवर्तनका आन्दोलनमा निर्णायाक भूमिका

निर्वाह गरेको,मानव अधिकार, लोकतन्त्र र शान्तिको हिमायती यस संगठनको देशभर १२३ वटा जिल्ला/विभागीय कार्यसमिति, ८ वटा प्रदेश कार्यसमिति, १३९ सदस्यीय केन्द्रीय कार्यसमितिको सबै पालिकाहरूमा पालिका कार्यसमिति र कार्यालयहरूमा प्रारम्भिक कार्यसमिति गठन गरी आफ्नो सांगठानिक सञ्जाल व्यापकता प्रदान गरेको छ। संगठनले सदस्यता नविकरण वितरणका माध्यमबाट प्रत्येक वर्ष प्रत्यक्ष सम्पर्क स्थापित गर्ने, सदस्यको आकस्मिक जोखिममा सहयोगका लागि सदस्यता कल्याण कोष, आर्थिक साह्रो गाह्रो टार्न सहकारी सञ्चालन, गुनासो सुनुवाईको लागि दोहोरो संचार प्रणाली लागायतका कारण सदस्यहरूको मात्र होईन सम्पूर्ण निजामती कर्मचारीहरूको भरोसा योग्य संगठन बन्न सफल भएको छ। मिति २०७३ जेठ १९ गते सम्पन्न आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा यस संगठनले ४४.३९ प्रतिशत मत प्राप्त गर्दै ११७ जिल्ला विभागीय कार्यसमिति मध्ये ८० स्थानमा र केन्द्रीय कार्यसमितिमा दुई तिहाई प्रतिनिधि सहित विजय हासिले गरेको छ।

२. **नेपाल निजामती कर्मचारी यूनियन** : नेपाल निजामती कर्मचारी संगठनको लोकप्रियताबाट तर्सिएको तत्कालीन सरकारले निजामती क्षेत्रको ट्रेड यूनियन आन्दोलनलाई कमजोर पार्ने अभिप्रायका सात दलीय राजनीतिको प्रभावमा संगठनबाट छुट्टिएर २०४७ फाल्गुण १२ गते संघको नाम दर्ता भएको र सम्मानित सर्वोच्च अदालतको २०५२ मंसीर २० गतेको निर्णयानुसार खारेज भएपनि राज्य शक्तिको आडमा पुनः यूनियनको नाम दर्ता भएको हो। राजनैतिक रूपमा नेपाली कांग्रेसको भातृ संगठनको रूपमा क्रियाशील यस यूनियनले पेशागत मुद्दा भन्दा निहित कर्मचारीहरूको व्यक्तिगत स्वार्थ, शक्ति र सुविधामा रमाइरहेको पाइन्छ। यूनियनको केन्द्रीय नेतृत्वमा रहेको चरम गुटवन्दिका कारणबाट माथिदेखि तलसम्म २ समूहमा विभाजित यूनियनका कारण अन्तर ट्रेडयूनियन संवाद र समन्वयमा अबरोध पुग्ने गरेको छ।संस्थागत निर्णयमा नबाँधिने, आफू खुसी समूह समूह बनाएर विभाजित मत प्रशासन सामु लैजाँदा उच्च प्रशासकहरूले यूनियनलाई संस्थागत रूपमा भन्दा व्यक्तिगत रूपमा मात्र चिन्ने र व्यवहार गर्ने,निजामती कर्मचारीहरूले विश्वास गर्न नसकेको अवस्था छ। आधिकारीक ट्रेड यूनियन निर्वाचनमा यो यूनियनले ३४.१६ प्रतिशत मत प्राप्त गरेको छ।

३. **नेपाल राष्ट्रिय कर्मचारी संगठन** (**निजामती राष्ट्रिय समिति**) : लोभी र स्वार्थी कर्मचारीहरूको जमातरहेको माओवादी पार्टी केन्द्रको जनवर्गीय संगठनको रूपमा

क्रियाशील यो संगठन ट्रेड यूनियनको मूल्यमान्यता र संस्कार विपरीत अर्थवाद, अराजकतावाद र अवसरवादको पर्यायको रूपमा निजामती कर्मचारीहरूकोबीच चिनिन्छ । यस संगठनमा अन्य संगठनबाट पलायन भएका व्यक्तिगत स्वार्थले प्रेरितहरू रहेका छन । अनुकूल सरकार भएको अबस्थामा यो संगठनव्यक्तिगत स्वार्थमा लिप्तहुने आफु अनुकुल सिफारिसहरू गर्नेअनुकुल नभए क्रान्तिकारीपना देखाउन उदण्डता मच्चाई गुण्डागर्दी गर्न प्रवृत्तिले ट्रेड यूनियन आन्दोलनलाई नै भ्रष्टिकरण आलोचित बनाएको छ । गरेको छ । आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा यस संगठनले १०.५७ प्रतिशत मत प्राप्त गरेसगै मुस्किलले थ्रेसहोल्ड कटाई राष्ट्रिय स्तरको ट्रेड यूनियन हुन सफल भएको छ ।

४. **नेपाल मधेशी निजामती कर्मचारी मञ्च** : मधेसीवादी दल निकटको रूपमा स्थापित यो मञ्च विशुद्ध साम्प्रदायिक भावनाबाट अभिप्रेरित छ । प्राविधिक कर्मचारी माभ्र सिमित र केन्द्रित यस मञ्चले निजामती क्षेत्रमा प्रशासनिक सुधार एवं पेशागत हकहित प्रवर्द्धनमा खासै उल्लेख्य भूमिका निभाउन सकेको पाइदैन । उसको वास्तविक सदस्य संख्या भन्दा धेरै अनधिकृत सदस्यहरूको आधारमा आफ्नो क्षमता ठूलो भएको भान पार्न खोज्ने र आकर्षक कार्यालयहरूमा भाग खोज्ने प्रवृत्ति छ । अन्तर ट्रेड यूनियन सञ्जालमा यस संगठनले सहयोगी भूमिका खेलिरहेको छ । यो संगठन आधिकारीक ट्रेड यूनियन निर्वाचनमा ७.४८ प्रतिशत मत प्राप्त गरेसंगैं थ्रेसहोल्ड कायम गर्न असफल भएको छ भने ७ वटा जिल्लामा पहिलो स्थान प्राप्त गरेको छ ।

## निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड यूनियन

निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियन, निजामती कर्मचारीको ट्रेड यूनियनका सदस्यहरूले छनौट गरेका पदाधिकारीहरू रहने गरी विभिन्न तहमा आफ्नो पेशागत मागहरू सम्वन्धित निकायमा प्रस्तुत गरी सामाजिक सम्वाद र सामूहिक सौदावाजी मार्फत पेशागत अधिकारको स्थापना गर्न गठित संस्था हो । नेपालको सन्दर्भमा निजामती सेवा ऐन २०४९ को ५३ को ३ मा यसलाई परिभाषित गरिएको छ । नेपालमा आधिकारिक ट्रेड यूनियनको निर्वाचन प्रत्येक तीन वर्षमा हुने प्रवधान रहेका छ । आधिकारिक ट्रेड यूनियन वाहेक अन्य कुनै पनि यूनियनले वा निजामती कर्मचारीको समूहले सामूहिक मागदावी पेश गर्न पाउदैनन । आधिकारिक ट्रेड यूनियनले माग पूरा गर्नको लागि तोकिएको प्रक्रया बमोजिम वार्ता गर्ने, छलफल गर्ने तथा मध्यस्थताको माध्यम अपनाउने र तोकिए बमोजिम बन्द, हड्ताल गर्न पाउने व्यवस्था छ ।

## निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियनको काम, कर्तव्य र अधिकार

(क) कर्मचारीको हकहित संरक्षण एवं सम्वर्द्ध गरी निजामती सेवालाई प्रभावकारी र गतिशिल बनाउन नेपाल सरकारलाई रचनात्मक सुझाव र सहयोग गर्नु निजामती कर्मचारीको राष्ट्रिय स्तरको ट्रेड यूनियनहरूको कर्तव्य हुनेछ।

(ख) निजामती कर्मचारीको ट्रेड यूनियनले भेला, तालिम, प्रशिक्षण, गोष्ठि लगायतका रचनात्मक एवं श्रृजनात्मक कार्यहरू सञ्चालन गर्न सक्नेछ।

(ग) निजामती कर्मचारीको ट्रेड यूनियनलाई महासंघ गठन गर्ने त्यसको सदस्य बन्ने, अन्तर्राष्ट्रिय संघ वा महासंघको सदस्य बन्ने र आफ्नो संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने अधिकार हुनेछ।

(घ) निजामती सेवासँग सम्बन्धित कानूनको निर्माण गर्दा नेपाल सरकारले निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियनको सल्लाह र सुझाव लिनु पर्नेछ।

(ङ) ट्रेड यूनियनहरूका केन्द्रीय पदाधिकारी तथा सदस्यहरूलाई यूनियन सम्बन्धी स्वदेशी तथा वैदेशिक सेमिनार, गोष्ठि, अधिवेशन, संगठन सम्बन्धी कार्यका लागि कार्यक्रममा भाग लिनजादा नेपाल सरकारलाई आर्थिक दायित्व नपर्ने गरी एक वर्षमा बढीमा तीस दिनसम्मको काज व्यवस्था गर्न सक्नेछ।

## नेपालमा आधिकारिक ट्रेड यूनियन निर्वाचनको सन्दर्भ

निजामती सेवा ऐन २०४९ को दोस्रो संशोधन २०६४ को दफा ५३ र निजामती सेवा नियमावली २०५० को नियम ११७ (क) को व्यवस्था अनुसार कार्यालय सहयोगी देखी शाखा अधिकृत सम्मले यो अधिकारको उपभोग गर्न पाउने व्यवस्था छ। लामो समय सम्म विभिन्न ट्रेड यूनियनहरूको अध्ययन हुँदै आएको र आधिकारीक ट्रेड यूनियनको पहिलो निर्वाचन जेठ १९, २०७३ मा सम्पन्न भएको थियो। जसमा ५५३२ ९ मत खसेकोमा ४७५९४ सदर मत मध्ये नेपाल निजामती कर्मचारी संगठनले २११२७ (४४.३९%) नेपाल नजिामती कर्मचारी यूनियन संघले ३४.१६%, ने.रा.क.सं.

(निजामती) ले १०.५७% ल्याई राष्ट्रिय स्तरको ट्रेड यूनियन भई आधिकारीक ट्रेड यूनियनमा प्रतिनिधीत्व गर्न पाएको थियो ।

२१ सदस्यीय राष्ट्रिय कार्य समितिमा ११ सदस्य (अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र ८ सदस्य) नेपाल निजामती कर्मचारी यूनियनले ७ सदस्य (महासचिव र ६ सदस्य) र ने.रा.क.सं. ले ३ सदस्य (१ सचिव र २ सदस्य) प्राप्त गरेका थियो । सो संगै ३० विभाग ५० जिल्ला सहित ८० स्थानमा नेपाल निजामती कर्मचारी संगठन, नेपाल निजामती कर्मचारी यूनियनले १० जिल्ला र १८ विभाग सहित २८ स्थानमा, ने.रा.क.सं. (निजामती)ले २ विभागमा र नेपाल मधेसी निजामती कर्मचारी मञ्चले ७ जिल्लामा प्रथम भई आ. ट्रेड यूनियनको नेतृत्व गरेको थियो । ऐतिहासीक महत्वको यो निर्वाचनमा संगठनमा पहिलो स्थान स्थापित गराउँदै संगठनको श्रेष्ठता प्रमाणित गरिएको ।

२०७८/०६/०२ मा केन्द्रीय कार्य समितिको आठौं बैठकबाट नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको बैठकको दुई तिहाई बहुमतको निर्णय साथ संगठनबाट आधिकारिक ट्रेड यूनियनको अध्यक्ष पद १ वर्ष देखि रिक्त रहेको र उपाध्यक्ष भोलानाथ पोखरेल, कोषाध्यक्ष सिन्धु कुमारी पाण्डे, सदस्य कुमार प्रसाद तिमिल्सेना, लेखनाथ कोइराला, जीवन काफ्ले, गोविन्द अधिकारी, खेमलाल अधिकारी, सवालाल मण्डललाई फिर्ता बोलाई सोको रिक्त स्थानमा समते गरी अध्यक्षमा केदार प्रसाद देवकोटा, उपाध्यक्षमा जीवन काफ्ले, कोषाध्यक्षमा रेणुका के.सी., सदस्यहरूमा क्रमश नौतम पोखरेल, ललिक बहादुर महर्जन, कृष्ण कुमार के.सी., विवेक घिमिरे, तेज प्रसाद निउरे, नर बहादुर थापा र लक्ष्मी देवि भुषाललाई पठाइएकोमा राजनीतिक पूर्वाग्रहका कारण सफत ग्रहण हुन नसकेको ।

आधिकारिक ट्रेड यूनियन सन्दर्भमा समयमा निर्वाचन गर्न नसक्नु, रिक्त स्थानमा पठाइएका आ. ट्रेड यूनियनको सपथ र पदभारमा समस्या, कार्यकाल व्यवस्थापन, पदाधिकारीको सरुवा र बढुवाको कारण रिक्त रहने functionable हुन नसक्नु र आ. ट्रेड यूनियन सम्बन्धी कानून पूर्ण नहुनु जस्ता समस्याहरू देखा परेका छन् । यसलाई विभिन्न कर्मचारी संगठन तथा ट्रेड यूनियनहरूले यी समस्या समाधान गर्नका लागि सरकार, सरोकारवाला निकाय र स्वयं संस्थालाई ध्यानाकर्षण गर्न गराउन आवश्यक देखिन्छ ।

## संगठन नेतृत्वको आधिकारिक ट्रेड यूनियन केन्द्रीय समितिका मुख्य उपलब्धीहरू

- प्रथम पटक निर्वाचित CBA को केन्द्रदेखि जिल्लासम्मका समितिहरूको कार्यसम्पादन लागि नेपाल सरकारको सहयोगमा कार्यालयहरूको स्थापना गरी CBA कार्यालयको संस्थागतिकरण गरिएको ।
- केन्द्रीय समितिको विषेश पहलमा नेपाल सरकारको वार्षिक बजेट मार्फत CBA ले अनुदान प्राप्त गर्ने व्यवस्था मिलाई उक्त अनुदान सबै जिल्ला/विभागीय समितिहरूमा समेत वाडफाँड गर्ने व्यवस्था मिलाइएको ।
- निजामती सेवा नियमावलीको प्रावधान अनुरूप CBA समेतको प्रतिनिधित्व रहने कर्मचारी सम्बन्ध समितिलाई क्रियाशील बनाईएको ।
- CBA मा आवद्ध राष्ट्रिय स्तरका ट्रेड यूनियनहरू मार्फत आम कर्मचारीहरूमा पेशागत हकहित एवं साझा सवालका विषयमा नेपाल सरकारलाई पटक-पटक ध्यानाकर्षण गराई ज्ञापनपत्र प्रस्तुत गरिएको
- नियमित बैठकहरू सञ्चालन गरीनुका साथै थुप्रै औपचारिक कार्यक्रमहरू सम्पन्न भएका ।
- संघीय निजामती सेवा विधेयकमा संसदको राज्य व्यवस्था तथा सुशासन समितिले पारित गरेको प्रतिवेदनमा समाविष्ट केही अलोकतान्त्रिक र पश्चगामी प्रावधानका विरुद्ध CBA को नेतृत्व र निजामती क्षेत्रका राष्ट्रियस्तरका ट्रेड यूनियनको सहभागीतामा देशव्यापी रूपमा आन्दोलन जागरण अभियान सम्पन्न गरिएको ।

**समस्याहरू**

- मूलुक संघीय व्यवस्थामा प्रवेश गरे सँगै प्रशासनिक संरचनाको अग्रगामी पूर्नसंरचना गर्न सकिने अवसर हुँदा हुदै संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐनहरू समेत जारी गराउन नसकी आधिकारीक ट्रेड यूनियनको कार्यकाल समाप्त भएको ।
- आधिकारिक ट्रेड यूनियनको संरचना समानुपातिक प्रतिनिधि पंणलीमा आधारित रहेको भएतापनि आधिकारी ट्रेड यूनियन राष्ट्रिय स्तरको कर्मचारी संगठनहरूको छायामा पर्न जादाँ सरकारसँग मागपत्र प्रस्तुती र सामूहिक सौदावाजीमा जौडदार रूपमा प्रस्तुत हुन नसकिएको ।

- आधिकारिक ट्रेड यूनियनको राष्ट्रिय भेलाबाट पारित भएका प्रस्तावहरू मागपत्रको रूपमा सरकार समक्ष पेश गरी सौदावाजीको माध्यमबाट स्थापित गर्ने कार्य आधिकारिक ट्रेड यूनियनको संरचनात्मक बनोटका कारण मतभेद देखिदाँ प्रभावकारिता हुन नसकेको ।
- कर्मचारीहरू राजनैतिक रूपमा विभाजित हुँदा सरकारको नीति, कार्यक्रम तथा योजनाको कार्यान्वयनमा प्रभावकारिता आउन नसकेको गुनासोहरू आउन थालेका छन् ।
- कर्मचारी राज्य र नागरीकप्रतिको दायित्वको निमित्त स्थापना गरीने भएकोमा र संगठनको अधिकारले आम नागरीक भन्दा आफ्नो हितसाध्यमा केन्द्रीत हुने प्रबृत्तिले सुधार प्रणालीमा अवरोधको सृजना हुने र अनुशासन प्रणालीको उल्लङ्घन हुने अवस्था आईरहेको महसुस भएको छ ।
- निजामती कर्मचारीहरू राजनीतिक आस्थाका आधारमा विभाजित भएको कारणले सेवा प्रवाहमा नकारात्मक प्रभाव परेको/पार्न सक्ने अवस्था देखिन्छ ।
- निजामती सेवा ऐन अनुसार राष्ट्रिय स्तरका ट्रेड यूनियन र आधिकारिक ट्रेड यूनियनका पदाधिकारीलाई उनीहरूको कार्यक्षेत्र अनुकुल स्थानमा सरुवा गरीदिनुपर्ने बाध्यात्मक परिस्थितिले गर्दा ट्रेड यूनियनहरू सरुवा गर्ने निकायको रूपमा स्थापीत हुन पुगेको छ ।
- कर्मचारी ट्रेड यूनियन पदीय उत्तरदायित्व वहन गर्न नपर्ने शक्ति केन्द्रका रूपमा विकसित हुंदै गएकाले संगठनको कार्य सम्पादन, प्रभावकारी सेवा प्रवाह र अनुशासन कायम गर्न कठिनाई पर्न गएको छ ।
- नियमावलीको दफा ११७ (क) उपदफा १ मा कर्मचारीको सेवा सुरक्षा, समय सापेक्ष सुविधा, वृत्ति विकास, कर्मचारीको जीउज्यानको सुरक्षा, व्यवसायीक सुरक्षा जस्ता कुरा उल्लेख गरीएतापनि तलव तथा अन्य सुविधा उल्लेख नगरीदा ट्रेड यूनियन अभ्यासको मुख्य विषय तलव पारश्रमिक सम्बन्धमा सामुहिक सौदावाजी गर्न पाउने नपाउने द्विविधा देखिन्छ ।
- नियमावलीमा कुन विषयमा सामाजिक संवाद र सामुहिक सौदावाजी गर्ने भन्ने कुरा स्पष्टसंग उल्लेख नगरीदा अन्यौल एवं भ्रम सृजना भएको छ ।

- निजामती सेवामा दैनिक ज्यालादारी, करारका कर्मचारीहरू पनि कार्यरत रहेका र ती कर्मचारीहरू निजामती कर्मचारी ट्रेड यूनियनमा आवद्ध हुन सक्ने वा नसक्ने  अन्यौलताले सरकारी सेवामा दुइथरी ट्रेड यूनियन अभ्यासको अवस्था छ।
- आधिारिक ट्रेड यूनियनले सदस्यहरूबाट शुल्क उठाउने व्यवस्था नहुँदा सरकारी बजेटबाट सञ्चालन हुनु पर्ने अवस्था बनेको छ, जसले ट्रेड यूनियन आफ्ना सदस्य प्रतिको जिम्मेवारी कम गराउने अवस्था आउन सक्दछ।

**सुझावहरू:**

निजामती सेवा ऐन २०४९ र नियमावली २०५० ले स्पष्ट रूपमा ट्रेड यूनियन सक्षम कर्मचारी यूनियनबाट नै राज्यले चाहेजस्तो कर्मचारीको हित प्रवर्द्धनका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन सकिनेछ। यसका लागि निम्न सुधारका प्रयासहरू आवश्यक देखिन्छन्:

- कर्मचारी सम्बन्ध समितिलाई कृयाशील गराई निजामती कर्मचारीको सेवा सुविधा तथा जनतालाई प्रवाह गर्ने सेवा सुविधालाई प्रभावकारी सम्बन्ध विषयहरूमा नियमित छलफल गर्ने प्रणालीको विकास गर्ने।
- आधिकारिक ट्रेड यूनियनको निर्वाचन भई विधिवत कार्यसञ्चालन भइरहेको वर्तमान अवस्था ट्रेड यूनियनले आफूलाई प्राप्त कानूनी अधिकारको संयमता पूर्वक प्रयोग गर्ने र व्यक्तिगत विषयमा भन्दा नीतिगत विषयमा केन्द्रीत हुने।
- ट्रेड यूनियनमा स्वच्छ नेतृत्वको विकास गर्न आधिकारिक ट्रेड यूनियनको कार्य समितिमा एक कार्यकाल भन्दा बढी अवधि रहन नपाउने कानूनी व्यवस्था गर्न उपयुक्त हुन्छ।
- निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियनले गर्ने सामुहिक सौदावाजीका विषयलाई प्रष्टपारी उक्त विषयमा सामाजिक संवादको प्रकृयालाई प्रोत्साहित गर्नु पर्ने देखिन्छ।
- सरकारले कर्मचारीको अधिकार, कर्तव्य र दायित्व प्रति जिम्मेवार रही पेशागत हितको संरक्षण एवं सम्वर्द्धन गर्न ट्रेड यूनियनसँगसहकार्य गर्नु पर्दछ।

- निजामती कर्मचारीहरूमा जन सेवाको भावना विकास गरी निजामती सेवालाई गरीमामय र सम्मानित सेवाको रूपमा विकास गरी Change Agent मा रूपान्तरण गराउन ट्रेड यूनियनहरू परिचालन गरीनु पर्ने।
- ट्रेड यूनियनहरू पनि दलीय स्वार्थका राजनीतिबाट टाढा रहने तर आमजनताको लोकतान्त्रिक अधिकार, सामाजिक न्याय र सुख उन्नतीको प्रवर्द्धन हुने कार्यमा प्रतिवद्ध हुनु पर्दछ।
- आधिकारिक ट्रेड यूनियनले आफना पदाधिकारी र अन्य राष्ट्रिय स्तरका निजामती ट्रेड यूनियनका पदाधिकारीहरूलाई कानूनले तोकेको जिम्मेवारी वहन गर्न प्रशिक्षित गरीनु पर्दछ।
- कर्मचारी ट्रेड यूनियनहरूमा राजनीतिक दलहरूको पृष्ठपोषण नभई राज्यप्रति जिम्मेवार हुनुपर्छ भन्ने अनुभूति दिन राजनीतिक दलहरूबाट स्पष्ट दृष्टिकोण प्रस्तुत हुनुपर्दछ।
- आधिकारिक ट्रेड यूनियनले ट्रेड यूनियनका पदाधिकारीको आचार संहिता निर्माण गरी त्यसलाई कडाइका साथ लागू गर्नु आवश्यक छ।
- ट्रेड यूनियनहरूको सञ्चालन खासगरी आधिकारिक ट्रेड यूनियन सञ्चालनमा राज्यमाथिको आर्थिक निर्भरता अन्त्य गर्ने, सरकारी सुविधाले ट्रेड यूनियनहरूको स्वतन्त्रतामा प्रभाव पर्न सक्ने हुनाले ट्रेड यूनियन आफैले आफ्नो स्रोत परिचालन गर्ने व्यवस्थाका साथै ऐनको व्यवस्था अनुसार आधिकारिक ट्रेड यूनियन कोषको स्थापना गरी सोही कोषबाट परिचालन हुने व्यवस्था मिलाउनु आवश्यक छ।
- **आधिकारिक ट्रेड यूनियनको संरचना**ः जहाँ सरकार त्यहाँ ट्रेड यूनियन र आधिकारी ट्रेड यूनियन- भन्ने नारा बमोजिम ट्रेड यूनियन र आधिकारिक ट्रेड यूनियनको उपस्थिति ७६१ ओटै सरकारमा हुने र आधिकारिक ट्रेड यूनियनको केन्द्रीय संरचनामा संघ, प्रदेश र स्थानीय तीनै तहका प्रतिनीधिहरूको प्रतिनीधित्व सुनिश्चित गर्ने।
- **आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा मतदाता**ः आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा तीनै तहका सरकारका स्थायी कर्मचारी मतदाता हुने व्यवस्था सुनिश्चित गर्ने।

# नेपाल निजामती कर्मचारी संगठनका महत्वपूर्ण उपलब्धिहरू

## हालसम्मका उपलब्धिहरू

१) निजामती कर्मचारीहरूले ट्रेड यूनियन अधिकार प्राप्त,

२) निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड यूनियनको दक्षिण एशियामै पहिलो पटक निर्वाचन सम्पन्न र नेपाल निजामती कर्मचारी संगठनको केन्द्र सहित ६८ प्रतिशत समितिमा शानदार विजय हासिल,

३) Trade Union Internationl, Public and Allied (TUI-PS) को १२ औं कंग्रेस नेपालमा सम्पन्न भएको,

४) नेपाल निजामती कर्मचारी संगठनको केन्द्रीय कार्यालयको भवन निर्माणको लागि बबरमहलमा सरकारी जग्गा प्राप्त गरी भवन निर्माण सम्पन्न,

५) २५ जिल्लामा संगठनको जगा (घडेरी) र १५ जिल्लामा भवन निर्माण,

६) ६८ जिल्लामा राष्ट्रसेवक सहकारी स्थापना,

७) निजामती सेवा ऐन २०४९ को दोस्रो संशोधन २०६४ देखि २०६८ सम्म झण्डै २४ हजार कर्मचारीको बढुवा र व्यवस्थापन,

८) महिला विकासका कर्मचारीहरू स्थायी,

९) श्रेणी विहीनमा स्तरबृद्धि लागू

१०) निजामती सेवा ऐनको बढुवा प्रणालीमा सुधार,

११) निजामती सेवामा समावेशिकरण,

१२) निजामती अस्पतालको स्थापना,

१३) निजामती विद्यालयको स्थापना,

१४) निजामती आवास व्यवस्थाको सुरुवात,

१५) निजामती कर्मचारीहरूको पोशाकको व्यवस्था,

१६) एकै पटक २५ प्रतिशतसम्म तलव बृद्धि,

१७) एक दिनको तलव बरावरको १ ग्रेड (तलब बृद्धि) को व्यवस्था,

१८) कडा रोग लागेमा राज्यबाट थप ५ लाख आर्थिक सहयोगको व्यवस्था,

१९) निजामती कर्मचारी सन्तती छात्रवृतिको व्यवस्था,

२०) संगठनका सदस्यहरूलाई प्रशिक्षणको माध्यामबाट प्रभावकारी सेवा प्रभावहमा उत्प्रेरित र भ्रष्टाचार न्यूनीकरण गर्न योगदान गरेको,

## संगठनले यो अवधिमा प्राप्त गरेका उपलब्धिहरू

१) समान रूपमा तलव भत्ताको बृद्धि,

२) संगठनका सहिद मनोज जोशी, झपेन्द्र कार्की र सुरेन्द्र वि.क.लाई २०७४ माघ २२ गतेको मन्त्रिपरिषद्को निर्णयबाट राष्ट्रिय सहिद घोषणा गर्न सफल,

३) निजामती सेवा ऐन, २०४९ को दफा २४घ(१) अनुसार बढुवा भएका कर्मचारीहरूको पद अनुसार कार्य गर्न पाउने बढुवा व्यवस्थापन भएको ।

४) "**सदस्यतासँग कर्मचारी कल्याण कोष कार्यक्रम**", २०७५ बैशाख १ गतेबाट लागू गरी दुर्घटनामा उपचार खर्च रु १० हजार, अपांग भएमा रु ५० हजार र मृत्यु भएमा रु १ लाख उपलब्ध गराउने व्यवस्था गरिएको, यसका लागि प्रत्येक सदस्यले सदस्यता नविकरण गर्दा रु १०० वार्षिक रूपमा बुझाउने व्यवस्था गरिएको छ,

५) सहिद मनोज झपेन्द्र स्मृति केन्द्रीय भवन, बबरमहल, काठमाडौंमा TUI-PS Asia Pacific Regional Office, Nepal को कार्यालय स्थापना गरिएको,

६) श्रम ऐन, २०७४ सदंसदबाट पास हुने प्रक्रियामा रहँदा विद्येयकमा "**श्रम ऐन निजामती कर्मचारीहरूलाई लागू नहुने**" भन्ने शब्द राखी संसदमा छलफल भई रहेको अवस्थामा कर्मचारी संगठनको ब्यापक दवाव र नेकपा (एमाले) पार्टीको विशेष पहलमा सो शव्द हटाई सोको सट्टा "**निजामती कर्मचारीको हकमा निजामती सेवा ऐनमा भएको व्यवस्था बमोजिम हुने**" भन्ने वाक्यांश राखी श्रम ऐन पास भयो जसको कारण ट्रेड यूनियन अधिकारमा निजामती कर्मचारीलाई थप बलियो बनाउन सफल भइयो । अन्यथा ट्रेड यूनियनको मूल कानून श्रम ऐनले अधिकार कटौती गरेको भए निजामती क्षेत्रको ट्रेड यूनियनको हक अधिकार माथि प्रश्न चिन्ह खडा हुन सक्दथ्यो, सो रोक्नलाई संगठन सफल भयो,

७) **"सहकारी सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न बनेको विद्येयक २०७३"** मा राष्ट्रसेवक कर्मचारीले सहकारीमा सदस्य बन्न र सञ्चालक बन्न नपाउने गरी आएको, विद्येयकलाई संगठनको ब्यापक दवाव र डेलिगेशनबाट **कर्मचारी** भन्ने वाक्यांश हटाई ऐन पास गर्न सफल भएको हुँदा, आज हामीले राष्ट्रसेवक सहकारी संस्था सञ्चालन गर्न तथा अन्य सहकारी संस्थाहरूमा निजामती राष्ट्रसेवक कर्मचारीहरू सहकारीमा शेयर लिन र बचत गर्न सहज भई आर्थिक गतिविधिमा कानूनी अधिकार प्राप्त भएको छ,

८) कर्मचारी समायोजनको प्रक्रियामा विभिन्न स्थानीय तह तथा प्रदेशमा समायोजन पश्चात सम्बन्धित तहको हाजिर नगराई फिर्ता गरेका वा तोकिएको ठाउँमा जान नसक्नेहरूको तलव भत्ता प्राप्त गर्न नसकिरहेको अवस्थामा अर्थ मन्त्रालयबाट निर्णय गराई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कार्यरत रहेकै कार्यालयबाट तलव भत्ता लिन पाउने भनी २०७७/११/१८ मा परिपत्र गराउन सफल,

९) आ.व. २०७४/०७५ को बजेटमा कर्मचारी संचयकोषबाट आफ्ना संचयकर्ताहरूको लागि संचित रकमको व्याजको अंशबाट व्यहोर्ने गरी स्वास्थ्य सुरक्षा योजना सञ्चालन गर्ने, निजामती कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल, शिक्षक लगायतका राष्ट्रसेवक कर्मचारीहरूको लगानीमा कम्तीमा ५०० मेगावाट क्षमताको जलविद्युत आयोजना निर्माण कार्य अगाडि बढाउने योजना, समावेश गराउन सफल

१०) आ.व. २०७५/०७६ को बजेटमा मा. अर्थमन्त्री युवराज खतिवडाले संसदमा पेश गर्दा २०७५ श्रावण १ गते देखि राष्ट्रसेवक कर्मचारीहरूको पोशाक भत्ता रु ७५०० बाट बृद्धि गरी रु १० हजार पुर्याएको, कर्मचारीहरूलाई महंगी भत्तामा रु १ हजार थप गरी रु २ हजार कायम गरको, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूको तलब सुविधा पुनरावलोकन गर्न अध्ययन गरी सुझाव पेश गर्न एक उच्चस्तरिय तलब आयोग गठन गर्ने, कर्मचारी संचयकोषबाट कर्मचारी आवास योजना सञ्चालन गरीने, राष्ट्रसेवक कर्मचारी लगायत स्वदेश र बैदेशिक रोजगारीमा संलग्न सबै श्रमिकको लगानीमा उपयुक्त प्रकारको जलविद्युत आयोजना अगि बढाइने भन्ने व्यवस्था राख्न सफल,

११) आ.व. २०७६/०७७ को बजेटमा मा. अर्थमन्त्री युवराज खतिवडाले संसदमा पेश गर्दा सबै राष्ट्रसेवक कर्मचारीलाई २०७६ श्रावण १ गते देखि लागू हुने गरी राजपत्र अनंकित श्रेणीका लागि २० प्रतिशत र राजपत्रांकित श्रेणीका लागि १८ प्रतिशतले तलब बृद्धि गराउन सफल,

१२) आ.व. २०७७/०७८ को बजेटमा मा. अर्थमन्त्री युवराज खतिवडाले संसदमा पेश गर्दा राष्ट्रसेवक कर्मचारीलाई निजी आवास निर्माण र सन्ततीलाई उच्च शिक्षा प्रदान गर्ने सहुलियत दरको कर्जा सुविधा उपलब्ध गराउने, अस्थायी र करार लगायत सबै राष्ट्रसेवकहरू एक लाख सम्मको कोरोना बीमा निशुल्क हुने, सार्वजनिक निकायमा कार्यरत सबै अस्थायी र करार कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने व्यवस्था मिलाउने, "**म भ्रष्टाचार गर्दिन, म भ्रष्टाचार हुन दिन्न, म देश र जनताका लागि इमान्दार भएर काम गर्नेछु**"भन्ने प्रतिज्ञा सहितको शुसासन कार्य संस्कृती प्रदान गरीनेछ, उच्च व्यवस्थापन तहमा कार्यरत कर्मचारीसँग कार्यसम्पादन सम्झौता गर्ने कार्यलाई नजिता सूचकमा आधारित बनाई सोबाट प्राप्त उपलब्धिलाई कार्यसम्पादन मूल्यांकनमा आधारित गरिने भनि व्यवस्था भएको, यसको पूर्ण कार्यान्वयनको लागि संगठन जोडदार माग गर्दछ।

१३) नेकपा एमालेका श्रद्धेय पार्टी अध्यक्ष केपी शर्मा ओलीको सरकारले आ.व. २०७८/०७९ को बजेट मा. उपप्रधान तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेलबाट संसदमा पेश हुँदा सबै कर्मचारीलाई रु. २ हजार समान रूपमा तलब वृद्धि, दश दिनको थप भत्ता सुविधा सहित आन्तरिक पर्यटन काजको व्यवस्था, निजामती कर्मचारीका छोराछोरीलाई रु ५ लाख सम्मको सन्तती छात्रवृत्ति, कर्मचारीलाई रु १० लाख सम्मको सामुहिक दुर्घटना बीमा, रु १ लाख बराबरको स्वास्थ्य बीमा, राष्ट्रसेवकहरूलाई सहुलियत दरमा आवास सुविधा प्रदान गर्न, कर्मचारी संचय कोष र नागरीक लगानी कोषबाट सबै प्रदेशमा सामुहिक आवास निर्माण कार्यक्रम, सबै प्रदेमा निजामती अस्पताल, निजामती कर्मचारीका लागि निजामती अस्पतालमा निश्चित शैया (बेड) को सुनिश्चिता, सबै प्रादेशिक अस्पतालमा कर्मचारीलाई स्वास्थ्य उपचारको सुविधा, कोभिड नियन्नत्रण रोकथाम र उपचारमा संलग्न चिकित्स्यक,

स्वास्थ्यकर्मी, नर्स, सफाई कर्मचारी र अग्रपंतिमा खट्ने सुरक्षा कर्मीलाई ५० प्रतिशत कोभिड भत्ता, स्वास्थ्य स्वयम सेविकालाई पाउदै आएको भत्तामा सत प्रतिशत थप गरी रु १२ हजार कायम, नेपाली सेना, जनपथ प्रहरी र शसस्त्र प्रहरीको राशन भत्तामा १५ प्रतिशत बृद्धि, निवृत्तिभरणको आयमा लाग्ने २५ प्रतिशत करमा छुट, लोकसेवा आयोगबाट एउटा पदको वर्षमा एकपटक मात्र विज्ञापन हुनेमा अब देखि दूई पटक सम्म विज्ञापन गरी पदपुर्ति गर्नुपर्ने व्यवस्था बजेटमा गराउन पहल गरेको,

१४) नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामतीको केन्द्रीय कार्य समितिबाट विद्रोह गरी पदाधीकारी सदस्य सहित करिब १०० जना उपाध्यक्ष अम्बिका धमलाको नेतृत्वमा मिति २०७८ असोज २ गते देखि नेपाल निजामती कर्मचारी संगठनका एकता भई आएको,

१५) नेपाल निजामती कर्मचारी संगठनको गतिविधिमा असन्तुष्ट रही बनेको समानन्तर कमिटिका अध्यक्ष रेवन्त गौतमको नेतृत्वमा रहेका अधिकांश पदाधिकारी तथा सदस्यहरू मिति २०७८ पौष २७ गते देखि नेपाल निजामती कर्मचारी संगठनको मूल प्रवाहमा फर्कि कामकाजमा क्रियाशील रहेको ।

**१६) भ्रष्टाचार नियन्त्रणमा संगठनको भूमिका**

देशको क्यान्सर भनेको भ्रष्टाचारजन्य कार्य हो । नीतिगत होस् वा कार्यान्वयनमा हुने गरेको भ्रष्टाचार नेपालको विकास र समृद्धिको मुख्यबाधक हो । यसको नियन्त्रण हामी सवैको पहिलो चुनौती हो । हरेक व्यक्ति वा राष्ट्रसेवकको चेतनामा सुधार हुन जरुरी छ। भ्रष्टाचारमा संलग्न व्यक्ति वा समूहलाई कानूनी कारवाहीको दायरामा ल्याउँदा छानवीन र दोषि वा निर्दोष प्रमाणित गर्ने कार्य अख्तियार दुरूपयोग अनुसन्धान आयोग देखि अदालतको फैसलासम्म बढीमा छ महिनाभित्र सम्पूर्ण ढंगबाट किराना लाग्ने कानूनी व्यवस्था गरी कार्यान्वयन गर्न जरुरी छ। अन्यथा ढिला अनुसन्धान वा ढिला फैसला आफैमा नीतिगत कमजोरी र भ्रष्टाचार हो। अख्तियार दुरूपयोग अनुसन्धानमा क्षमतावान जनशक्तिको बृद्धि र बिशेष अदालतमा सोही अनुसार न्यायाधीस देखि कर्मचारीको जनशक्ति थप हुन जरुरी छ । भ्रष्टाचार न्यूनिकरण तथा नियन्त्रणमा सहयोग गर्न कर्मचारी संगठनको देहाय अनुसार भूमिका हुनु

पर्दछ ।

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सर्तकता केन्द्र र जिल्ला प्रशासन कार्यालयहरूसँग समन्वय गरी Anti Corruption Programme सञ्चालन गर्ने,
- ग्रैह्र सरकारी संस्था (नागरीक समाज)सँग भ्रष्टाचार निवारणका लागि सहकार्य गर्ने,
- भ्रष्टाचारजन्य कार्य भएको जानकारी हुने वित्तिकै सम्बन्धित निकायमा सूचना गर्ने,
- संगठनका हरेक गतिविधि गर्दा सुशासनको पक्षमा समेत केन्द्रीत रहने कार्य गर्ने,
- संगठनले आफ्ना सदस्यहरू बीच सुशासन तथा Anti Corruption को प्रशिक्षण सञ्चालन गरी सदस्य तथा आम राष्ट्रसेवक कर्मचारीको चेतना अभिबृद्धि गर्ने,
- संगठनले हाल सञ्चालन गरीरहेका सहकारीता, आत्म सहयोग, स्वावलम्वन जस्ता कार्यक्रम मार्फत सदस्यको आर्थिक स्तर बढाउन योगदान गर्ने ।

# निजामती सेवाको क्षेत्रमा उठान गर्नुपर्ने विषयहरू

## राजनीति र प्रशासनबीचको अन्तरसम्बन्ध

- प्रजातान्त्रिक राजनीतिका मूल्यहरूमा न्याय, प्रतिस्पर्धा, भ्रातृत्व, जनताको बृहत्तर खुशी, समावेशीता, समतावाद, सामाजिक समानता, मतदान अधिकार, बहुसांस्कृतिकता र धार्मिक धर्मनिरपेक्षता सहित अल्पसंख्यक अधिकारहरू पर्दछन, भने प्रशासनका मूल्य तथा अन्तर वस्तुहरूमा मूल्य तटस्थता, निष्पक्षता र न्याय, विवेक, स्थीरता, सटीकता, व्यावसायिकता, पदानुक्रम, इमानदारी, कानूनी सुरक्षा लगायतका विषयहरू पर्दछन् ।
- राजनीति र प्रशासन एकअर्कोसँग अन्तरसम्बन्धित र परिपूरक हुन्छन । राजनीतिले नीति नियम र ऐन कानून बनाउँछ भने प्रशासनले त्यसको

कार्यान्वयन गर्दछ। राजनीतिले राज्यको इच्छा निर्धारण गरी प्रशासनलाई अधिकार सिर्जना गर्दछ भने प्रशासनले त्यो अधिकारी प्रयोग गरी जनसेवामार्फत त्यसको व्यवहारिक रूपान्तरण गर्दछ । राजनीति र प्रशासन दुवैको उद्देश्य संविधान प्रचलित ऐन कानून र नियमको अधिनमा रही सार्वजनिक स्रोत साधनको प्रयोग गरी जनताको सेवा गर्नु नै हो । यस प्रक्रियामा प्रशासनले क्रियात्मक हातको भूमिका खेल्दछ भने राजनीतिले अन्तिम उत्तरदायित्व निर्वाह गर्दछ। यो दुवै पाटो मध्ये एउटा पक्ष असफल भएभने अर्को पक्षलाई प्रत्यक्ष असर पर्दछ । राजनीतिको सफलतामा प्रशासनको प्रभावकारिता झल्कन्छ भने प्रशासनिक प्रभावकारीताले राजनीतिक योजना तथा कार्यक्रमहरू सफल हुन्छन् ।

- नेपालको सन्दर्भमा राजनीति र प्रशासनबीचको स्पष्ट कार्यविभान हुन सकेको छैन। एकातर्फ राजनीतिले प्रशासनमाथि हस्तक्षेप गरेको आरोप लागेको छ, राजनीतिज्ञहरूले कर्मचारीको सरुवा बढुवामा हस्तक्षेप गर्ने गरेको नमिठो सत्य कायम छ। अर्कोतर्फ प्रशासनले सार्वजनिक सेवा प्रवाहमा राजनीतिक भूमिका खोजेको आरोप छ। कर्मचारीहरूले आफूले गरेको कामको जस खोज्ने र राजनीतिमा ठाउँ खोज्ने कार्यले समस्या खडा भएको छ।
- यस परिप्रेक्षमा नेपालको सार्वजनिक प्रशासन राजनीतिक रूपमा तटस्थ र प्रशासनिक रूपमा जनमैत्री र व्यवसायिक बनाउन संगठनले पहल गर्दै आएको छ। प्रशासन क्षेत्रमा तटस्थ सक्षमता कायम गर्न राजनीतिक प्रतिवद्धता र प्रशासनिक कटिवद्धताको लागि विगतदेखि संगठन प्रत्यनशील छ। राजनीतिक नेतृत्वबाट प्रशासनिक कार्य सरुवा बढुवा लगायतका विषयमा हस्तक्षेप बन्द हुनुपर्छ भने प्रशासनले प्रचलित ऐन कानून बमोजिम सरकारको नीति कार्यान्वयनमा एकरूपता देखाउनु पर्छ भन्ने हाम्रो मान्यता हो । राजनीति र प्रशासन बीचको कार्यक्षेत्रगत सीमारेखा निर्धारण गर्दै सुमधुर सम्बन्ध स्थापनाको लागि संगठनले संघीय निजामती सेवा ऐनमा विविध विषय समावेशको लागि सुझाव पेश गरिसकेको छ।

## संघ, प्रदेश र स्थानीय तहबीच प्रशासनिक अन्तरसम्बन्ध

नेपालको संविधान जारी भएपश्चात राजनीतिक पुनःसंरचना संगै प्रशासनिक तहको पनि पुनःसंरचना भयो। नेपालको संविधानको धारा ५१ को ख, २८२ र ३०२ मा भएको व्यवस्थाबमोजिम कर्मचारी समायोजन ऐन २०७५ जारी गरी कर्मचारीलाई तीन तहमा समायोजन गरियो। २०७५ सालमा कर्मचारी समायोजन सम्पन्न हुँदा (संघमा ५६ हजार १ सय ३१, प्रदेशमा २१ हजार ३ सय ९९ र स्थानीय तहमा ५८ हजार २ सय ६२) गरी कुल १ लाख ३५ हजार ७ सय ९२ कर्मचारीहरूको आवश्यकता पर्दछ। हाल मौजुदा कर्मचारी संघीय निजामती सेवामा ८६ हजार र विकास समिति वा स्थानीय तहका १७ हजार समेत गरी १ लाख ३ हजार हाराहारीमा रहेका छन्। स्थानीय तहमा शासन सञ्चालनको लागि नेपालको संविधान र प्रचलित ऐन कानूनका अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन २०७४ समेतको व्यवस्था भयो। कर्मचारी प्रशासनको माउ कानून निजामती सेवा ऐन अहिलेसम्म निर्माण हुन सकेको छैन, त्यसको परिणामस्वरूप प्रदेशिक निजामती सेवा ऐनहरूसमेत बन्न सकेको छैन। कर्मचारी प्रशासनको मूल कानून नै नबनेको अवस्थामा तीन तहको प्रशासनिक अन्तरसम्बन्धलाई स्पष्ट परिभाषित हुन सकेको छैन। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सुशासन ऐन २०७४, कर्मचारी समायोजन ऐन २०७५, लेखापरीक्षण ऐन २०७५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ लगायतका विद्यमान ऐन कानूनहरूमा तीन तहको प्रशासनिक अन्तरसम्बन्ध देहायअनुसार रहेको छ।

- संघमा कार्यरत कर्मचारीलाई नेपाल सरकारले प्रदेश र स्थानीय तहमा काम काजको लागि खटाउन सक्ने व्यवस्था।
- प्रदेश मन्त्रालयको सचिव, प्रमुख सचिव र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत अर्को व्यवस्था नभए सम्मका लागि संघबाट खटाउने।
- स्थानीय तहहरूको सम्पर्क मन्त्रालयको रूपमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय रहने।
- प्रदेश र स्थानीय तहहरूले आवधिक रूपमा सम्पर्क मन्त्रालयमा प्रतिवेदन गर्ने।
- प्रदेश र स्थानीय तहमा नर्या भर्ना भएका कर्मचारीहरूको सरुवा काज व्यवस्थापन प्रदेश मुख्य मन्त्री कार्यालयले गर्ने
- प्रदेश र स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीहरूको

तलबभत्ता संघ सरकारले भुक्तानी गर्ने

- प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू संघमा बढुवा भई आउन पाउने ।
- प्रदेश र स्थानीयमा कार्यरत कर्मचारीहरू निश्चित अवधिमा अन्तरसेवा प्रतिस्पर्धाबाट संघमा आउन पाउने ।
- तनै तहको प्रशासनले सम्पादन गरेका आर्थिक क्रियाकलापहरूको लेखापरीक्षण, महालेखा परीक्षकको कार्यालयले गर्ने व्यवस्था छ ।
- तीन तहको प्रशासन सञ्चालनको आधारहरू, सुशासन ऐन २०७४ मा उल्लेख भए बमोजिम हुने

संघीय निजामती सेवा ऐन जारी नहुँदा तीन तहबीचको प्रशासनिक अन्तरसम्बन्धमा धेरै विषयको स्पष्टता हुन सकेको छैन । तीन तहको प्रशासनिक अन्तरसम्बन्धलाई नेपालको संविधानले परिकल्पना गरेबमोजिम सुमधुर र सहयोगात्मक बनाउन देहायको विषयहरू संघीय निजामती सेवा ऐन र त्यसपछि बन्ने प्रदेश निजामती सेवा ऐनहरूबाट स्पष्ट हुन आवश्यक छ ।

- तीन तहको प्रशासनबीच स्रोतसाधन र अधिकारको समूचित वितरण
- तीनै तहमा ट्रेड यूनियन अधिकारको सुनिश्चितता
- समायोजन भएको कर्मचारीको वृतिविकासको ग्यारेन्टी
- स्थानीय र प्रदेश तहमा कार्यरत कर्मचारीलाई संघमा आउने स्पष्ट कानूनी व्यवस्था
- तीन तहको प्रशासनबीच अन्तर सम्बन्ध कायम गर्न स्पष्ट संरचनागत र कानूनी आधारहरूको निर्माण
- तीन तहको प्रशासनबीच समन्वय र सहकार्य सुनिश्चिता कायम गर्ने ।
- प्रदेश प्रमुख सचिव, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत कुन तहको कर्मचारी हुने, निजको पद, योग्यता र अनुभवको सम्बन्धमा स्पष्ट व्यवस्था हुनुपर्ने ।

# निजामती सेवाका अवसर र चुनतीहरू

**अवसरः**

- राज्यशक्तिको वैधानिक प्रयोग गर्ने स्थायी संयन्त्रको रूपमा रहेको छ।
- ऐन, नियम र कार्यविधिको स्पष्टताले कार्यक्षेत्र प्रष्ट छ।
- कर्मचारी भर्ना, छनोट र परामर्शकारी भूमिका (योग्यता प्रणालीको संरक्षण गरी निष्पक्ष कर्मचारी छनोट गर्ने साख भएको संवैधानिक मान्यता प्राप्त) लोक सेवा आयोगको व्यवस्था छ।
- निजामती सेवालाई कानून अनुकूल हिँडाउन र मर्यादित बनाउन तथा नियन्त्रण र नियमनको लागि सुशासन सञ्चालन तथा व्यवस्थापन ऐन, २०६४, आर्थिक कार्यविधि सम्बन्धी ऐन, नियमावली, संसदीय समितिअन्तर्गत लेखा र राज्य व्यवस्था समिति, महालेखा परिक्षकको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, विशेष अदालत, प्रशासकीय अदालत, राष्ट्रसेवक निजामती कर्मचारी सम्बन्धी आचारसंहिता २०६८ आदि नीतिगत र संस्थागत प्रबन्धको व्यवस्था गरिएको छ।
- कानूनबाट नै स्थायित्व र सेवा सुरक्षाको प्रत्याभूति गराइएको छ।
- सामूहिक सौदाबाजी र अधिकृतसम्मको लागि ट्रेड यूनियनको व्यवस्था छ।
- निजामती सेवामा प्रवेश पाउनु प्रतिष्ठाको विषय बनेको छ।
- निजामती सेवामा समावेशीकरण र विविधता व्यवस्थापन (Workforce Diversity Management) को प्रारम्भ भएको छ।
- अध्ययन, तालिम र भौगोलिक अनुभवसँग निजामती कर्मचारीको उम्दा तादात्म्यता रहेको पाइन्छ।
- निजामती कर्मचारीहरूको संयन्त्र केन्द्रदेखि स्थानीय स्तरसम्म व्यापक सञ्जाल सहित नागरिक सेवामा अनवरत रूपमा उद्धत छ।
- नेपालमा निजामती सेवालाई संवैधानिक मान्यता प्राप्त छ।
- संघीय निजामती सेवा ऐन बन्ने प्रक्रियामा रहेको परिवेशमा निजामती सेवालाई अझै परिस्कृत गरी नेतृत्वदायी भूमिका प्रादान गर्ने सकिने अवसर छ।
- सार्वजनिक प्रशासनमा मेधावी युवाजनशक्तिको बढ्दो आकर्षण छ।

- सूचना प्रविधिको समुचित प्रयोग गरी सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउने सकिने
- नयाँ सार्वजनिक शासनको अवधारणा आए सँगै शासकीय साझेदार हरूको समन्वयमा सार्वजनिक प्रशासनको सर्वस्वकीकार्यता र वैधता बढाउने अवसर
- नागरीकमा आएको सचेतनाले सार्वजनिक प्रशासनमा प्रत्यक्ष जवाफदेहिता अभिवृद्धि हुनै गएको
- संविधान र कानूनतः सार्वजनिक प्रशासनमा ट्रेड यूनियनको उपस्थितिले सार्वजनिक प्रशासनलाई अझ जनमैत्री पारदर्शी जवाफदेही रचनात्मक भूमिका बढाएको
- संघीय स्वरूपको शासकीय प्रणालीमा गइसकेपछि सरकारको बढ्दो कार्यक्षेत्र
- प्रणाली, विविधतायुक्त कार्यक्षेत्र, योग्तामा आधारित निष्पक्ष भर्ना प्रणाली जस्ता सकारात्मक पक्षहरूको अवलम्वनमा वढोत्तरी हुदै आएको छ
- सिकाइमा आधारित संगठन सञ्चालन  तथा नैतिक नेतृत्व निर्माणको अवधारणा सुरुवात
- विश्वव्यापीकरण, सूचना प्रविधको विकास, संगठनको रचनात्मक भूमिका लागयतले सार्वजनिक
- प्रशासनलाई थप व्यवसायीक बनाउन राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरको अध्ययन तथा तालिमको अवसर, त्यसमा कर्मचारीको समान पहुत, विद्युतीय शासनको अवधारणा अवलम्वन, कार्यसम्पादनमा आधारित प्रोत्साहन लगातका सार्वजनिक प्रशासनका नवीनतम अवधारणाहरूको थालनी भएको जनतासँग प्रत्यक्ष सरोकार राख्ने भएकाले आवश्यकतामा आधारित र सरकारको नीति कार्यान्वयन गर्न स्थापित वृहत् सञ्जालयुक्त निजामती सेवा विविध सिमितता र आरोपको बाबजूद अपरिहार्य र निर्विकल्प छ, परन्तु यसमा सुधारको खाँचो भने अवश्यम्भावी छ

**चुनौतीहरू:**

- कर्मचारीको वृहत्तर हित हुने किसिमले संघीय निजामती सेवा ऐन जारी गर्नु
- सार्वजनिक प्रशासनलाई सूचना प्रविधिमैत्री बनाई पारदर्शीता र

जवाफदेशीता प्रवर्द्धन गर्ने

- राजनीति र सार्वजनिक प्रशासनको कार्यक्षेत्र बीच स्पष्ट सीमा निर्धारण गरी सुमधुर सम्बन्ध कायम गर्नु
- सार्वजनिक प्रशासनमा नागरिकको अर्थपूर्ण सहभागीता सुनिश्चित गर्नु
- सरुवा बढुवा र वृतिविकास प्रणालीलाई वैज्ञानिक, पूर्वानुमानयोग्य र चक्रीय प्रणालीमा लैजानु
- निजामती सेवालाई प्रतिष्ठित, नागरिक प्रशंसित, छिटो, छरितो, परिणाममुखी र सुलभ बनाउन
- निजामती सेवालाई तुलनात्मक रूपमा आकर्षक, मर्यादित, नमूनायोग्य र प्रतिस्पर्धी बनाउन
- योग्यता प्रणालीको संरक्षणसँगै सारभूत रूपमा समावेशीकरणको व्यवहारिकरण गर्न
- राजनीति र प्रशासनबीच स्पष्ट कार्यादेश सहित क्षेत्र पृथकीकरण सहितको सहसन्तुलन कायम गर्न
- कर्मचारीहरूको मनोबल र उत्प्रेरणाको स्तर उच्च राख्न उचित प्रोत्साहन प्याकेज सहित अनुकूल कार्यवातावरण सृजना गर्न ।
- निजामती सेवा सम्बन्धमा लागत र सामाजिक लाभबीच सहसन्तुलन कायम गर्न ।
- देशको सामाजिक रूपान्तरण, आर्थिक विकास, समृद्धि र नागरिक सन्तुष्ट सुशासनमुखी विकास गर्न निजामती सेवालाई समय सापेक्ष गराउने
- सबै कर्मचारीको निरन्तर क्षमता अभिवृतको लागि भ्रमण,तालिम उच्चशिक्षा अध्ययनका अवसरहरू उपलब्ध गराउनु
- संगठनले उठाउदै आएको विषय, सार्वजनिक प्रशासनलाई स्रोतसाधन सम्पन्न बनाई कर्मचारीहरूको कार्यवातारण र उच्च मनोबल कायम गर्ने
- सार्वनिक प्रशासनमा मेधावी जनशक्ति भित्राउन लोकसेवा,सार्वजनिक प्रशासन सञ्चालन गर्ने केन्द्रीय नियका र विश्वविद्यालयबीच सहकार्य हुनुपर्ने
- संघीय संरचना अनुसार प्रशासनको ढाँचामा हेरफेर तथा काम, कर्तव्य,

अधिकार र स्रोत साधनको हस्तान्तरण तथा बाँडफाँट आवश्यक छ र यसवारे प्रदेश तथा स्थानीय तहको गुनासो व्यापक छ।

- परिवर्तित विश्व परिस्थिती र पेशाकर्मीका दक्षताबीच समन्वय गराई विश्व समकक्षी सेवा प्रदान गर्ने।
- निजामती सेवामा रहेको ढिलासुस्ती, अराजकता, अनुशासनहीनता, भ्रष्टाचार र कामछल्ने प्रवृति रोकी जनमुखी निजामती सेवा बनाउनु पर्ने।
- आचरण, व्यवहार, कार्यशैली र कार्यसंस्कृतिमा परिवर्तन गरी परिवर्तनकोबाहक बन्ने।
- परम्परागत, पुरातनवादी कार्यप्रणाली र पुरानो प्रविधिलाई विस्थापन गर्ने।
- निजामती क्षेत्रलाई जनताले लगाउने गरेका आरोपहरू कै व्यवहारत खण्डन गर्नुपर्ने।
- आन्तरिक र वाह्य रूपमा प्रतिस्पर्धी निजामती सेवाको विकास गर्नुपर्ने।
- निजामती क्षेत्रबाट भएका सकारात्मक र राम्रा कामको स्वामित्व र प्रचार हुन नसक्नु तथा कमी कमजोरीको मात्र बजारीकरण हुनु।

## कर्मचारी समायोजनमा देखिएका मुख्य समस्याहरू :

१. **कानुनी अभाव र अन्यौलता** : कर्मचारी समायोजन ऐन, २०७४ जारी भएको १ वर्ष पछि खारेज गरी सरकारले ल्याएको नयाँ अध्यादेश कानुनी रूपमै अलमलिएको देखिन्छ। त्यस्तै समायोजनका लागि आधार ऐनका रूपमा रहेका सङ्घीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय तह सेवा सञ्चालन सम्बन्धी ऐन तर्जुमा नगरिनुले कानुनी अभाव र अन्यौलता देखिन्छ।

२. **स्थायी संगठन संरचना नहुनु** : सामान्य प्रशासन मन्त्रालयका तत्कालिन सचिव शङ्करप्रसाद कोइरालाको संयोजकत्वको ६ सदस्यीय सर्वेक्षण समितिले संघ, प्रदेश र स्थानीय तहमा रहने अन्तरिम संगठन संरचना तयार गरे पनी त्यसपछि स्थायीरूपमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी टुंगो लगाउन सकेको छैन। यसले समायोजनमा अप्ठेरो पारेको देखिन्छ।

३. **पर्याप्त कर्मचारी नहुनु** : अन्तरिम संगठन संरचनाअनुसार नेपालमा (संघमा ५६ हजार १ सय ३१, प्रदेशमा २१ हजार ३ सय ९९ र स्थानीय तहमा ५८ हजार २ सय ६२) गरी कुल १ लाख ३५ हजार ७ सय ९२ कर्मचारीहरूको आवश्यकता पर्दछ। हाल मौजुदा कर्मचारी संघीय निजामती सेवामा ८६ हजार र विकास

समिति वा स्थानीय तहका १७ हजार समेत गरी १ लाख ३ हजार हाराहारीमा रहेको छ। बाँकी ३२ हजार ७ सय ९२ कर्मचारी अभाव रहेको देखिन्छ।

४. **उच्च प्रशासकहरूमा उपभोग गरी आएको अधिकार कटौती हुने डर** : प्रशासनिक पुन संरचना गर्दा आफ्नो मन्त्रालय मातहतको विभाग, क्षेत्रीय कार्यालय, जिल्ला कार्यालय, इकाई प्रदेशमा जाँदा कर्मचारी खटन पटन लगायत आर्थिक अख्तियारी समेत गुम्ने डरले उच्च प्रशासकहरूले कर्मचारीको समायोजन अन्तर आत्माबाटै चाहेको देखिँदैन।

५. **समस्या पहिचान गर्न नसक्नु** : सरकारले कर्मचारीहरू खटाएको ठाउँमा गएनन्, स्थानीय तहमा नजानेलाई कारबाही गर्छौं, घर पठाइदिन्छौ, यिनीहरू थाङ्ने हुन्, लाठी र डण्डा लगाएर भगाउँछौ भन्छन् तर मूल समस्या के हो ? कर्मचारी व्यवस्थापनको मुख्य जिम्मेवार को हो ? भन्नेतर्फ ध्यान दिइएको पाइँदैन। कामकाज गर्न खटाइएको भनेर पठाइएका कर्मचारीहरू स्थानीय तहहरूले धमाधम हाजिरी नगराई फिर्ता पठाइरहेका छन्, तलब भत्ता खान पाएका छैनन्, एक वर्षमा एउटै स्थानीय तहमा ६/७ वटा कार्यकारी अधिकृत फेरबदल गरिएका छन्। यो कसले सिर्जना गरेको समस्या हो ? समाधान के हो ? सरकारको चेत त्यहाँसम्म पुगेकै छैन। निरंकुश राजतन्त्रबारे बुझे पनि राजनीतिज्ञहरूले कर्मचारीतन्त्र बारे गहिराइमा बुझ्न नसक्नु वा नचाहनु ठुलो समस्या रहेको छ।

६. **उत्प्रेरणा जगाउन नसक्नु** : राजनीतिले प्रशासनलाई परिवर्तनमैत्री क्षमता, मानसिकता तथा उत्प्रेरणा जगाउन नसक्नु सबै नीतिहरूको मूल नीति राजनीति हो। नेपालको शासकीय प्रणालीमा अत्यन्तै ठूलो युगान्तकारी परिवर्तन आए पनि प्रशासन क्षेत्रमा खासै परिवर्तन आएको देखिँदैन हिजोकै कार्यशैली, बोलीचाली र व्यवहार उस्तै छ, चाकडी, चाप्लुसी यथावत् छ, अननियमितताको आरोप लागेकै छ। राजनीतिले परिवर्तनलाई आत्मसात् गर्ने क्षमता विकास र उत्प्रेरणा जगाउन सकेको छैन भने प्रशासन ले पनि आफ्नो व्यवहार र शैलीमा सुधार गरी आरोपलाई कार्यसम्पादनबाट जवाफ दिने क्षमता विकास गर्न र उत्प्रेरित भई काम गर्न नसक्नु अर्को समस्या हो।

७. **समायोजनलाई निष्पक्ष, न्यायोचित र पूर्वानुमान योग्य बनाउन नसक्नु** : सरकारले तयार गरेको समायोजन अध्यादेश २०७५ हेर्दा तल्लो तहका कर्मचारीहरूलाई बढुवाका नाममा "तहगत होइन, तह लगाउन" खोजे जस्तो देखिन्छ, जुन न्यायोचित छैन। विशिष्ट श्रेणी र रा.प.प्रथम श्रेणीका कर्मचारीहरू समायोजनमा

हुनु नपर्ने व्यवस्था विभेदकारी छ। पूर्वानुमान योग्य सरुवा प्रणाली अवलम्बन नगरिनु, वृत्ति विकास र सेवा सुरक्षाको पत्याभुति नगरिनुले समायोजनमा जटिलता थपेको पाइन्छ।

८. **स्थानीय तहको सेवा सम्बन्धी दुविधा :** स्थानीय तहको सेवा निजामती सेवाको रूपमा रहने/नरहने स्पष्ट हुन सकेको छैन। निजामती सेवाका कर्मचारीहरूलाई गैर निजामती सेवामा खटाउन संविधानको धारा २४३ (५) (ङ) ले मिल्दैन यो विषय पनि चुनौतीको रूपमा रहेको छ।

९. **ट्रेड यूनियनका जायज सुझाव सरकारले ग्रहण गर्न नसक्नु वा नचाहनु :** ट्रेडयूनियन आन्दोलनमा पछिल्लो समय केही विचलन आएको भनी सर्वत्र आलोचित भए पनि लोकतन्त्र, शान्ति र परिवर्तनका लागि निजामती क्षेत्रका टेड्र यूनियनहरूको भूमिका महत्वपूर्ण रहेको छ। कर्मचारी समायोजन सम्बन्धी ऐन, नियमावली, संघीय निजामती सेवा ऐन तर्जुमा सम्बन्धी लगायतका विषयमा निजामती कर्मचारीहरूको आधारिक ट्रेड यूनियन र राष्ट्रिय स्तरका ट्रेड यूनियनहरूले दिएका उपयुक्त जायज माग वा सुझावहरू सरकारले ग्रहण गर्न नचाहनु पनि कर्मचारी समायोजनको चुनौतीको रूपमा रहेको छ।

१०. **समायोजनको प्रक्रिया नै नमिलेको अवस्था**ः पहिला तीनै तहको सेवा सञ्चालन ऐन, कानून जारी गर्ने र त्यसपछि बमायोजन हुनुपर्नेमा सयोजन भएको ४ वर्षसम्म पनि कानून नबन्नु

११. कर्मचारी समायोजन ऐन २०७५ ले प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको वृतिविकास र सरुवा प्रणली तथा सेवासुरक्षाको स्पष्ट व्यवस्था उल्लेख नहुनु।

१२. तल्लो तहमा समायोजन भएर जाने कर्मचारीलाई आकर्षण सहित खुसी मनले समायोजन गरी पठाउन नसक्नु

१३. स्थानीय तहको विज्ञापनमा नियुक्त कर्मचारीको सेवाअवधि गणना हुने नहुने विषयमा स्पष्टता नभएको।

१४. स्थानीयतमा कार्यरत कर्मचारीको निवृतिभरण सुविधा पाउने नपाउने सम्बन्धमा सपष्ट व्यवस्था नभएको।

१५. **साविकका विकास समिति र स्थानीय तहका कर्मचारीका समस्या**

- कर्मचारी समायोजनको क्रममा निजामती, संसद र स्वास्थ्य सेवाका कर्मचारीलाई मात्र निजामती सेवाको परिभाषा भित्र राखी साविक

स्थानीय तहका कर्मचारी माथि विभेद गरिएको ।

- अनिवार्य अवकासमा गएका कर्मचारीलाई निवृतभरण सुविधा उपलब्ध नगराइएको र २०७७ अषाढ मसान्त पछि उपलब्ध नगराउने आशयको निर्णय भएको ।
- विकास समिति र साविकका स्थानीय तहका कर्मचारीहरूको संकेत नम्वर कायम गरी राष्ट्रिय किताबखानामा तथ्यांक अध्यावधिक गर्न ढिलासुस्ती गरिएको ।
- एकै प्रकृतिबाट भर्ना भएका साविक विकास समितिका कर्मचारीहरूलाई सरुवा खुला गरिदा साविका स्थानीय तहका कर्मचारीको सरुवा भने खुलेन ।
- वृतिविकासको ढोका अवरुद्ध भई अन्योमा पारिएको अवस्था ।

## असल कार्यसंस्कृति निर्माणको मार्ग/निजामती सेवा सुदृढीकरणका लागि गरिनु पर्ने उपायहरू

- नीतिगत सुधारहरूको रूपमा प्रस्तावित संघीय निजामती सेवा ऐनमा हार्डवेयरमा मात्र हैन कर्मचारीलाइ संघीयता र लोकतान्त्रिक गणतन्त्रका लाभहरू सिर्जना र वितरण गर्न सक्ने गरी मार्गदर्शक सिध्दानt, मूल्यहरू र स्पष्ट नीतिगत आधारहरू तय गरीनुपर्छ। सोही बमोजिम यसको समग्र ब्यवहार र संस्कारसमेतमा रूपान्तरणका प्रावधानहरू समावेश गर्नुपर्छ।
- असल सांस्कृतिक पूर्वाधारहरूको निर्माणः सार्वजनिक संगठनहरूले प्रदर्शन गर्नुपर्ने ब्यवाहरलाई सुनिश्चितता गर्ने न्यूनतम वातावरणको निर्माण संगठन र यस्को नेतृत्वले गर्नुपर्ने हुन्छ । केही यस्ता पूर्वाधार हरूमा पारदर्शीताको संस्कार,सफलता,जोखिम र चुनौतीहरू एकापसमा बाँड्ने पद्धति,कर्मचारीहरूका मूल्यवान विचारहरूलाइ सुन्ने संस्कार,कर्मचारीहरूवीच विश्वासमा आधारित बलियो सम्बन्ध निर्माण,कर्मचारीहरूको कार्यस्वायत्ततालाइ प्रोत्साहन गर्ने संगठनात्मक संस्कार,काममा लचकता,कर्मचारीहरूको उद्धेश्य र प्यासनलाइ संगठनसंग आवध्द गर्ने,टिममा काम गर्ने संस्कृति,नियमित पृष्ठपोषण प्रदान गर्ने संयन्त्र,संगठनका कोर मूल्यप्रतिको सत्यनिष्ठा रहेका छन् ।

- कर्मचारीहरूको सामाजिकीकरणको पद्धतिमा रूपान्तरणः नेपालको वर्तमान कर्मचारीतन्त्रभित्र सामाजिकीकरणको पध्दति संगठित र संस्थागत छैन। सवै तह र सेवा/समूहका कर्मचारीहरूलाई सेवा प्रवेश गर्ने क्रममा कम्तीमा ६ महीनासम्मको इन्टर्नसीप र प्रयोगात्मक विधिमा आधारित सघन सोच परिवर्तनसहितको अभिमूखीकरण जरुरी छ।
- कार्यालयीय सहिताः कार्यालयमा रहँदा कर्मचारीले एकापसमा गर्नुपर्ने सञ्चार, हाकिम र सहायकबीचको सञ्चारको तरिका, सेवाग्राहीसँग गर्नुपर्ने ब्यवहार, ड्रेस कोड, लैंगिक कोड, भाषाको कोड, विविधता कोड, टेबल म्यानर, कार्यकक्षको व्यवस्थापनको कोड समेत तयार गरिएको औपचारिक ब्यवाहरिक संहिताको निर्माण गर्नुपर्छ।
- नव-प्रवर्तन तथा सहकार्य संस्कृतिको संस्थागतीकरणः एक्काइसौं शताब्दीका संगठन र ब्यक्तिहरू विषयगत दक्षताका अलावा नवप्रवर्तन,सृजनात्मकता र सहकार्यात्मक सीप भएका हुनपर्ने भएकोले संगठनमा असफलतालाइ सहज रूपमा लिने आउट अफ द बक्स चिन्तनलाइ प्रोत्साहन गर्ने, नयाँ प्रयोगका लागि कर्मचारीहरूलाइ प्रोत्साहन गर्ने संस्कारको विकास गर्नुपर्छ।
- सिकाइमूलक संस्था विकासः सार्वजनिक संगठनहरूले सिक्ने,सिकाउने र केयर गर्ने संस्कारलाइ संस्थागत गर्नुपर्छ। सिकाइ संगठनहरूले निरन्तर रूपमा अध्ययन गर्ने,अनुसन्धान गर्ने,ज्ञान र सीप हस्तान्तरण गर्ने,आफ्नो स्वमूल्याङ्कन गर्ने,निरन्तर सुधार गर्ने र सांगठनिक विकारहरूलाइ स्वसफाइ गर्ने गर्दछन्।
- राउण्ड टेवल निर्णय निर्माणः वर्तमान टिप्पणी र फाइल घुमाउने र टेबलमुनि घुसाउने प्रवृत्तिलाइ अन्त्य गर्न हरेक दिन निर्णयमा सहभागी हुने कर्मचारीहरू राउण्ड टेबलमा बसी पर्याप्त छलफल गरी पारदर्शी ढंगले निर्णयहरू गर्ने खुला संस्कारको विकास गर्न सकिन्छ।
- संगठनात्मक स्वरूपको पुनरावलोकनः वर्तमान बोझिलो संरचनालाइ विज्ञहरूको सहभागीतामा पुन एकपटक विस्तृत वैज्ञानिक अध्ययन गरी पुनसंरचना गर्नुपर्छ। यसरी पुनसंरचना गर्दा हरेक पदहरूको न्यूनतम स्तर,सुविधा,पर्याप्त जिम्मेवारी तथा अपेक्षित दक्षताको मापदण्ड समेत तोकिदिनुपर्छ

- प्रजातान्त्रिक संस्कारः हाकिम र सहायकहरूवीच तथा कर्मचारी र सेवाग्रीवीच खुला सञ्चार,काम र नतीजामा प्रतिस्पर्धा,निरन्तर र नियमित स्टाफ बैठक,सवैका विचार सुन्ने धैर्यता,फरक विचारलाइ सम्मान गर्ने संस्कारहरूको विकास गर्नुपर्ने हुन्छ ।
- सांगठनिक समता तथा समानताको शुनिश्चितताः सेवा सुविधा तथा अवसरहरूको वितरणको न्यायोचित व्यवस्थाका लागि एकीकृत कानून र मापदण्डहरूको निर्माण गरीनुपर्ने हुन्छ ।
- रूपान्तरणकारी र नैतिक नेतृत्व निर्माणः संगठनको अगुवाइमा नैतिक र रूपान्तरणकारी नेतृत्वको विकास कार्यक्रम शुरु गर्नुपर्छ ।
- पूर्वअनुमानयोग्य वृत्ति प्रणालीः चक्रिय हैन सक्षमतामा आधारित र स्वचालित वृत्तिविकास पध्दति लागू गर्नुपर्छ ।
- प्रतिभा व्यवस्थापनः प्रतिभा पहिचान तथा व्यवस्थापनको कार्यलाइ हरेक संगठनहरूले आत्मसात गर्नुपर्ने हुन्छ ।
- विविधताको मूल्यहरू सिर्जनाः विविधतालाइ समस्या हैन अवसरका रूपमा सांगठनिक लाभ सिर्जना गर्न सक्ने सोच र क्षमता विकास गर्ने कार्यसंस्कृतिको निर्माण जरुरी छ ।
- डिजिटल संस्कारः अबको संगठनात्मक कार्यसंस्कार प्रविधि र अटोमेसनलाइ समेत आत्मसात गरी उत्कृष्ट कार्यसम्पादन गर्ने हुनुपर्छ ।
- काम र जीवनको सन्तुलनः काम र जीवनवीचको उपयुक्त सन्तुलन कायम गर्ने गरी संगठनात्मक कार्यसंस्कृति निर्माण गर्नुपर्छ। यसका लागि स्वव्यवस्थापन,तनाव व्यवस्थापन र सकरात्मक चिन्तनसम्बन्धी दक्षता कर्मचारीहरमा विकास गराउनुपर्छ ।
- श्रेय/जस दिने संस्कारः सार्वजनिक सेवामा अरुलाइ श्रेय दिने र स्वयं जवाफदेही हुने संस्कारको विकास गर्नुपर्छ । यसको शुरुवात कार्यालय प्रमुख र नेतृत्वबाटै हुनुपर्छ ।
- हरेक कार्यालयमा आउने कर्मचारीलाई संगठनको संस्कृति र मापदण्डका बारेमा सिकाउने र जानेबाट संगठनका सबल र सुधार गर्ने पक्षहरूसम्बन्धमा समालोचनात्मक विश्लेषण गर्न लगाउने र त्यसलाइ संस्थागत संझनाका रूपमा उपयोग गर्ने व्यवस्था ।

## संघीय निजामती सेवा ऐनमा अनिवार्य समावेश हुनुपर्ने विषयहरू

१. "**निजामती कर्मचारी**" **को परिभाषामा** संघीय निजामती सेवाको पदमा बहाल रहेको र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएको, स्थानीय स्वायत्त शासन ऐन,२०५५, स्थानीय तथा प्रदेशमा संघीय लोकसेवा आयोग तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका कर्मचारी समेतलाई सम्झनु पर्छ भन्ने व्यवस्था कायम गरिनु पर्दछ।

२. "**निजामती कर्मचारीको ट्रेड यूनियन**" भन्नाले संघीय निजामती सेवा ऐन अनुसार गठित आधिकारिक ट्रेड यूनियन र राष्ट्रिय स्तरका ट्रेड यूनियन भन्ने सम्झनु पर्दछ भन्ने व्यवस्था कायम गरीनु पर्दछ ।

३. **वार्षिक कार्य सम्पादनको आधारमा मूल्यांकन गरी मूल्यांकन नम्वर दिने** : प्रत्येक आ.व. शुरु भएको पन्ध्र दिनभित्र प्रत्येक कार्यालयको वार्षिक कार्य योजनासँग सम्बन्धित कामको प्रत्येक कर्मचारीसँग वार्षिक कार्य सम्झौता हुनुपर्दछ । सोहि सम्झौताअनुसार वार्षिक कार्य सम्पादनको आधारमा पारदर्शी र तथ्यगत मूल्यांकनको आधारमा मूल्यांकन नम्बर दिने व्यवस्था हुनुपर्दछ। मातहत प्रत्येक कार्यालय र आयोजनाहरूको कार्य सम्पादन मूल्यांकनको आधारमा विभागीय प्रमुखको र विभागीय प्रमुखहरूको कार्यसम्पादनको आधारमा सचिवको र सवै सचिवहरूको कार्य सम्पादन मूल्यांकनको आधारमा मुख्य सचिवको कार्य सम्पादन मूल्यांकन गर्ने व्यवस्था हुनुपर्दछ। कार्यसम्पादन मूल्यांकनको आधारमा वृत्ति विकास हुने व्यवस्था हुनुपर्दछ । कार्यालयको वार्षिक कार्ययोजनाको कार्य प्रगतिको आधारमा कार्यालयका प्रमुख देखि सहायक कर्मचारी सम्मको औषतमा कार्यसम्पादन मूल्यांकन नम्बर कायम हुने व्यवस्था गर्नुपर्दछ।

४. **समायोजना भएका कर्मचारीको संघमा फिर्ता हुने** : संघीय निजामती सेवाको रिक्त कूल संख्याको २० प्रतिशतमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भई न्यूनतम दुई वर्ष कार्य अवधि पूरा गरेका मध्ये ज्येष्ठ कर्मचारीको मागको प्राथमिकताको आधारमा समायोजन पूर्वको पदमा संशोधन गरी पदपूर्ति गर्नुपर्ने व्यवस्था हुनुपर्दछ।

समायोजन ऐन २०७५ अनुसार सरकारी सेवाबाट समायोजन भएका कर्मचारीहरूको समायोजन भएको तहमा ५ वर्ष सेवा अवधि पूरा गरेपछि तीनै

तहमा ज्येष्ठताको आधारमा सरुवा हुन पाउनु पर्ने, साविकको स्थानीय स्वायत्त शासन ऐन अनुसार नियुक्त, विकास समिति ऐन र दुर्गम क्षेत्र विकास समिति अन्तर्गत नियुक्ति भई स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूको अन्तर स्थानीय तह सरुवा हुन पाउने व्यवस्था हुनुपर्ने साथै संघीय लोकसेवा आयोग तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई स्थानीयत तहमा नियुक्ति भएका कर्मचारीहरूको अन्तर स्थानीय तहमा सरुवा व्यवस्था तथा सवै स्थानीय र प्रदेशका कर्मचारीहरूको संघको आन्तरिक प्रतिस्पर्धा र अन्तर तह प्रतिस्पर्धामा भाग लिन पाउने व्यवस्था हुनुपर्ने,

प्रशासन सेवातर्फका टाइपिष्ट खरिदार र टाइपिष्ट नायव सुब्बाको पदनाम परिवर्तन गरी प्रशासन तर्फको नायव सुब्बा र खरिदार गर्नुपर्ने र कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा ईच्छा अनुसार समायोजन/व्यवस्थापन गर्नुपर्ने,

५. **श्रेणी वा तह**: प्रदेश र स्थानीय निकायमा कार्यरत कर्मचारीहरू तहगत प्रणालीमा रहेको तर संघमा कार्यरत कर्मचारीहरूमध्ये स्वास्थ्य सेवाका कर्मचारीहरू तहगत प्रणालीमा र अन्य सेवाका कर्मचारीहरू श्रेणीगत प्रणालीमा रहेको हुँदा सबै सेवा समूह तथा संघ प्रदेश र स्थानीय निकायमा कार्यरत कर्मचारीहरूमा एकरूपता कायम गर्न तहगत प्रणालीमा रूपान्तरण गर्नु पर्ने ।

६. **शाखा अधिकृत वा सो सरहको पदपूर्ति सम्बन्धमा** : खुला प्रतियोगिता ५० प्रतिशत, अन्तरसेवा प्रतिस्पर्धा १० प्रतिशत, ज्येष्ठता र कार्य सम्पादन मूल्यांकनद्वारा ३० प्रतिशत, आन्तरिक प्रतियोगिताद्वारा १० प्रतिशत,

७. **उपसचिव वा सो सरहको पदपूर्ति सम्बन्धमा** : खुला प्रतियोगिता १० प्रतिशत, अन्तरसेवा प्रतिस्पर्धा १० प्रतिशत, जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा ४० प्रतिशत, कार्यक्षमता मूल्यांकनद्वारा ३० प्रतिशत र आन्तरिक प्रतियोगिताद्वारा १० प्रतिशत १० वर्षसेवा अवधि पूरा गरेका र सम्बन्धित विषयमा स्नातकोत्तर उतीर्ण गरेका जुनसुकै सेवाका राजपत्र अनंकित श्रेणीको कुनै पनि कर्मचारी राजपत्राकित प्रथम र द्वितीय श्रेणीको खुल्ला तथा अन्तरसेवा प्रतिस्पर्धामा उम्मेदवार हुन पाउने व्यवस्थाका लागि ऐनमा समावेश गर्नुपर्नेछ ।

८. **सहसचिव वा सो सरहको पदपूर्ति सम्बन्धमा** : खुला प्रतियोगिता १० प्रतिशत, अन्तरसेवा प्रतिस्पर्धा १० प्रतिशत, ज्येठता र कार्यसम्पादन मूल्यांकनद्वारा ४० प्रतिशत, कार्यक्षमता मूल्यांकनद्वारा ३० प्रतिशत, आन्तरिक प्रतियोगिताद्वारा १०

प्रतिशत,

९. **अन्तरसेवा प्रतिस्पर्धाद्वारा पदपूर्ति हुने पद** : कर्मचारी समायोजन ऐन २०७५ अनुसारसमायोजन भएका र सो पछि नियुक्त भएका प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवाको एक श्रेणी वा तह मुनिको पदमा कम्तिमा पाँच वर्ष सेवा कार्य अवधि पूरा गरेको र पदपूर्ति हुने पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको देहायका कर्मचारी उम्मेदवार हुन पाउनु पर्नेछ।

क. कर्मचारी समायोजनसम्बन्धी संघीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भएका,

ख. लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगको सिफारिसमा प्रदेश निजामती सेवा तथा स्थानीय सेवामा स्थायी नियुक्ति भएका,

ग. साविकको स्थानीय स्वायत्त शासन ऐन वा विकास समिति ऐन अनुसार स्थायी नियुक्ति भई कर्मचारी समायोजन ऐन २०७५ अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू।

१०. **प्रदेश र स्थानीय तहमा दरबन्दी नरहेका पदको अन्तरसेवा प्रतिस्पर्धा सम्बन्धमा** : नेपाल न्याय सेवा, नेपाल परराष्ट्र सेवा तथा नेपाल लेखापरीक्षण सेवाको पदमा अन्तरसेवा प्रतिस्पर्धाको पद संख्या ज्येष्ठता र कार्य सम्पादन मूल्यांकनद्वारा पदपूर्ति हुने पदमा समावेश गर्नुपर्नेछ।

११. **सम्बन्धित सेवा समूहभित्र निजामती सेवाको माथिल्लो पद नभएका कारण वढुवा हुन नपाउनेहरूको हकमा** : निजामती सेवाका विभिन्न सेवा समूह भित्र कार्यरत विभिन्न पदहरूमा वढुवाको लागि माथिल्लो पद नहुँदा लामो समय सम्म बढुवा हुनबाट बञ्चित नगर्न एउटै पदमा निरन्तर १५ वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरेका र तोकिए बमोजिम शैक्षिक योग्यता र कार्य सम्पादन मूल्याकनमा ९५ प्रतिशत अंक प्राप्त गरेको कर्मचारीलाई स्वतः माथिल्लो पद श्रृजना गरी वढुवा गर्नुपर्दछ। यसरी वढुवा हुने पद वढुवा भएको कर्मचारी कुनै पनि तरिकाबाट अवकाश भएमा त्यस्तो पद स्वतः खारेज हुने र साविकको पद कायम हुने व्यवस्था गर्नु पर्दछ।

१२. **उमेरको हदः** संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई माथिल्लो पदमा प्रतिस्पर्धा गर्दा उमेरको हद नलाग्ने व्यवस्था गर्नुपर्ने,

१३. **शिक्षा तथा विविध सेवा सम्बन्धमा** :शिक्षा तथा विविध सेवा अन्तर्गत कार्यरत कर्मचारीलाई समान श्रेणी वा तहको प्रशासन सेवा सामान्य प्रशासन समूहलाई

आवश्यक पर्ने शैक्षिक योग्यता भएकालाई तोकिए बमोजिम प्रशासन सेवा सामान्य प्रशासन समूहको पदले गर्ने कार्यको जिम्मेवारी दिन सकिने व्यवस्था हुनु पर्दछ।

१४. **आर्थिक योजना तथा तथ्यांक सेवालाई** योजना समूह र तथ्यांक समूह छुट्टाछुट्टा बनाई प्रशासन सेवा अन्तर्गत समूहमा राख्नुपर्ने,

१५. **सवारी चालक सम्बन्धमा** : श्रेणी विहीन वा रा.प.अनं.पाँचौ श्रेणीमा कार्यरत नेपाल इन्जिनियरिङ सेवा अन्तर्गत हलुका सवारी चालक र हेभी सवारी चालकलाई सेवा अवधि २० वर्ष पूरा गरेको, आठौँ कक्षा उतीर्ण गरेका र कार्य सम्पादन मूल्यांकनमा तोकिए बमोजिम ९५ प्रतिशत अंक प्राप्त गरेकालाई नेपाल इन्जिनियरिङ सेवा, मेकानिकल समूह, जनरल मेकानिकल इन्जिनियरिङ उपसमूहको राजपत्र अनंकित द्वितीय श्रेणीमा स्वतः वढुवा गरिनु पर्ने र यसरी वढुवा हुने कर्मचारीले साविकको काम काज गर्नुपर्नेछ साथै यसरी बढुवा भएको कर्मचारी कुनै पनि तरिकाबाट अवकाश भएमा त्यस्तो पद स्वतः खारेज हुने र साविकको पद कायम हुने व्यवस्था गर्नु पर्दछ।

१६. **श्रेणीविहीन कर्मचारीहरूको बढुवा सम्बन्धमा** : श्रेणीविहीन पदमा वा रा.प.अन. पाँचौं श्रेणीमा कार्यरत कर्मचारीको सेवा अवधि २० वर्ष पूरा भएको, रा.प.अनंकित द्वितीय श्रेणीको सेवा प्रवेशको निमित्त तोकिएको न्यूनतम शैक्षिक योग्यता पूरा भएको, कार्य सम्पादन मूल्यांकनमा ९५ प्रतिशत वा सो भन्दा बढी भएको कर्मचारीलाई स्वतः रा.प.अन. द्वितीय श्रेणी खरिदार वा सो सरहको पदमा बढुवा हुन सक्ने व्यवस्था हुनुपर्दछ। यसरी बढुवा भएको व्यक्ति माथिल्लो पदमा बढुवा भएमा वा अवकाश भएमा वा सेवाबाट अलग भएमा त्यस्तो पद स्वतः खारेज हुने र साविकको श्रेणीविहीन पद कायम हुने व्यवस्था गर्नु पर्दछ ।राजपत्र अनंकित द्वितीय श्रेणीको रिक्त दरबन्दीको २० प्रतिशत दरवबन्दीमा आठौं कक्षा पास गरेका श्रेणी बिहिन कर्मचारीहरूलाई ज्येष्ठताको आधारमा बढुवाको व्यवस्था गर्नुपर्ने, श्रेणीविहीन कर्मचारीहरूलाई छैठौं तह सम्मको स्तरबृद्धिको व्यवस्था र छैठौं तहमा ७ (सात) ग्रेड सम्म तलब बृद्धि हुने व्यवस्था हुनुपर्ने,

१७. **करार कर्मचारी सम्बन्धमा**: योग्यता पुगेका करारमा कार्यरत कर्मचारीका लागि एक पटक उमेरको हद नलाग्ने व्यवस्था गरी लोकसेवा आयोगबाट निश्चित प्रक्रिया पूरा गरी स्थायी गरिनुपर्ने।

१८. **फाजिल पर्ने पदका सम्बन्धमा** : निजामती सेवाका विभिन्न पदहरूको व्यवस्थापन सर्भेक्षण गर्ने क्रममा सम्वन्धित सेवाका पदहरू तथा विविध सेवाको पद नरही फाजिल परेका कर्मचारीलाई निजको शैक्षिक योग्यता र तोकिए बमोजिमको सेवा अवधि पूरा भएका कर्मचारीलाई निजहरूको इच्छाअनुसार प्रदेश र स्थानीय तहको मिल्दो सेवाको पदमा समायोजन गरी व्यवस्थापन गरिनु पर्ने ।

१९. **बढुवा**ः हालको बढुवा व्यवस्थामा संशोधन गरी सबै श्रेणीको बढुवालाई अनुमानयोग्य र Batch Promotion System लाई कानूनमा नै प्रबन्ध गरी समान समयावधिमा बढुवा हुने व्यवस्था गर्नुपर्नेछ ।

२०. **जिल्ला भित्र हुने बढुवा सम्बन्धमा** : जिल्लास्थित वढुवा हुने पदको उम्मेदवारले सोही जिल्ला भित्र २ वर्ष रुजु हाजिर पूरा नभई उम्मेदवार हुन पाउने छैन र त्यसरी वढुवा भए पछिको १ वर्ष सम्म सोही जिल्लामा रुजु हाजिर नभई पुन अर्को जिल्लामा काज वा सरुवा गरिने छैन । साथै जिल्लाभित्र हुने वढुवाको संभाव्य उम्मेदवार भएको व्यक्तिलाई तोकिए बमोजिम सरुवा गर्ने निकायले निजको स्वीकृति वेगर सरुवा गर्न पाउने छैन भन्ने प्रष्ट व्यवस्था गरिनु पर्दछ ।

२१. **स्थायी कर्मचारीलाई प्रतिस्पर्धामा उमेरको हद** : संघीय निजामती सेवाका कर्मचारी, कर्मचारी समायोजन सम्बन्धी संघीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश निजामती सेवा तथा स्थानीय सेवामा समयोजन भएका, संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारीस भई स्थानीय र प्रदेशमा नियुक्त कर्मचारी तथा साविकमा स्थानीय स्वायत शासन ऐन र विकास समिति ऐन अनुसार नियुक्ती भइ समायोजन भएका कर्मचारीलाई खुला प्रतियोगिताबाट हुने प्रतिस्पर्धाको उम्मेदवार हुन उमेरको हद नलाग्ने व्यवस्था गरिनु पर्दछ ।

२२. **जिम्मेवारीविहीन बनाउन नपाइने**ः देहायको अवस्थामा वाहेक कुनै निजामती कर्मचारीलाई पन्ध्र दिन भन्दा बढी अवधिसम्म जिम्मेवारी नदिई राख्न पाइने छैन भन्ने व्यवस्था गरिनु पर्दछ ।

क. विदामा रहेकोमा,

ख. निलम्वन भएकोमा,

ग. सेवा समूह अनुसारको पद वा दरबन्दी नभई फाजिलमा परेकोमा,

२३. **कायम मुकायम सम्बन्धमा** : विभागीय प्रमुखको वा कार्यालय प्रमुखको पद रिक्त भएमा वा त्यस्तो पदमा वहालवाला कर्मचारी पन्ध्र दिन भन्दा बढी समयमा

विदामा बसेमा, विदा स्वीकृत नगराई सात दिन भन्दा बढी अवधि कार्यालयमा अनुपस्थित भएमा वा प्रचलित कानून बमोजिम निलम्वनमा रहेमा सो पदमा तत्काल काम चलाउनका लागि समान श्रेणी वा तहको वा वढुवाको लागि सम्भाव्य उम्मेदवार भइसकेको एक श्रेणी वा तह मुनिको सम्भव भएसम्म सोही कार्यालयको निजामती कर्मचारीलाई बढीमा छ महिनाको लागि कायम मुकायम मुकरर गर्न सकिनेछ ।

२४. **सरुवा सम्बन्धी** : सरुवा वैज्ञानिक,चक्रीय र पूर्व अनुमान योग्य हुनेपर्ने । जस्का लागि देहायका व्यवस्था हुनुपर्ने ।

- हिमाल, पहाड, तराईमा रहेका विकास बजेट र जनसम्पर्कका कार्यालयहरूको आधारमा वर्गीकरण गरी हिमाल पहाड र तराईका कार्यालयको तह मिलान गरी चक्रीय र पुर्वानुमान योग्य हुनुपर्ने ।
- समायोजनबाट प्रदेश वा स्थानीय तहमा गएका निजामती सेवाका कर्मचारीहरूले निश्चित अवधि काम गरेपछि संघीय सेवामा सरुवा हुन पाउने व्यवस्था राख्ने ।
- स्थानीय निकायमा कार्यरत कर्मचारीहरूको प्रदेश भरका स्थानीय निकायमा सम्बन्धित प्रदेशले सरुवा गर्न सक्ने ।
- पति/पत्नी दुवै निजामती सेवामा रहेको भए दुवैलाई पायक पर्ने गरी सरुवा व्यस्थापन गर्नु पर्ने ।
- कार्य सम्पादन सम्झौता अवधिभर सरुवा गर्न नपाइने व्यवस्था गर्नु पर्ने ।
- कुनै निकायमा कार्यरत कर्मचारीको एक सरुवा अवधि पछिको अर्को कार्यालयको पूर्व जानकारी हुने गरी कार्यालय निर्धारण हुनु पर्ने ।
- श्रेणीविहीनदेखि रा.प.द्वितीय सम्मको लाई ३ वर्ष सम्म र रा.प.प्रथम श्रेणीकोलाई २ वर्ष र विशिष्ट श्रेणीलाइ १ वर्षको कार्यवधी पूरा नभई सरुवा वा काज गर्न पाइने छैन । सरुवा प्रत्येक वर्षको श्रावण महिना वाहेक गर्न पाइने छैन । दरबन्दी नभएको कार्यालय वा आयोजनामा सरुवा वा काज खटाउन पाइने छैन । सरुवालाई अनुमानयोग्य बनाउन कम्तिमा शुरु पदस्थापना पछिको दुई अवधिका सरुवा तोक्ने व्यवस्था ऐनमै समावेश गर्नुपर्नेछ ।
- संघीय कानून अनुसार प्रदेश र स्थानीय तहमा सरकारी सेवाबाट समायोजन भएका कर्मचारी सम्वन्धित तहमा हाजिर भएको मितिले

कम्तीमा ५ वर्ष कार्य अवधि पूरा गरेपछि त्यस्तो कर्मचारी स्थानीय, प्रदेश र संघमा सरुवा हुनेछ।

- संघ, प्रदेश र स्थानीय तहका कर्मचारीबीच हुने सरुवा रिक्त पदमा नभई पारस्पारिक हुनेछ र यसरी सरुवा भएको कर्मचारी सोही तहप्रति उत्तरदायी र जवाफदेही हुनुपर्ने व्यवस्था गरिनु पर्दछ।

२५. **अन्य सेवाका कर्मचारीहरूको सरुवा सम्बन्धमा**: संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगबाट सिफारीस भई स्थानीय र प्रदेशमा नियुक्त कर्मचारी तथा साविकमा स्थानीय स्वायत शासन ऐन र विकास समिति ऐन अनुसार नियुक्ति भई समायोजन भएका कर्मचारीको समान तहमा प्रदेशभित्र प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषको कार्यालयका प्रमुख सचिवले र अन्तर प्रदेश समान तहमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवले सरुवा गर्न सक्ने व्यवस्था गरिनु पर्दछ। निजामती कर्मचारीलाई यथासम्भव सबै भौगोलिक क्षेत्रको अनुभव दिलाउने गरी तोकिए बमोजिमको आधार र प्राथमिकता बमोजिम पूर्वानुमानयोग्य, स्वचालित र चक्रीय रूपमा सरुवा गरिने व्यवस्था हुनु पर्दछ।

२६. **काज खटाउन सक्ने** : निजामती कर्मचारीको विशिष्ट ज्ञान, सीप, योग्यता र अनुभवको उपयोग गर्न आवश्यक परेको अवस्थामा निज कार्यरत मन्त्रालय, सचिवालय वा आयोग अर्न्तगतको कार्यालयमा मात्र एक आर्थिक वर्षमा बढीमा तीन महिनाको लागि मात्र काज खटाउन सकिने छ।

२७. **बढुवा**:

- सबै सेवा समूहका कर्मचारीहरूको समान समयमा बढुवा हुने गरी दरबन्दी संरचना निर्माण हुनु पर्ने।
- समायोजनको माध्यमबाट प्रदेश र स्थानीय तहमा गएका कर्मचारीहरूले समायोजन भएको निकायमा बढुवा नपाएसम्म संघीय निजामती सेवामा बढुवाको लागि उम्मेदवार हुन पाउने।
- क वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा ८ महिना, ख वर्गको भौगोलिक क्षेत्रमा कम्तीमा १ वर्ष र ग वर्गको भौगोलिक क्षेत्रमा १ वर्ष ६ महिना सेवा गरे पश्चात मात्र उम्मेदवार हुन पाउने।
- कार्य सम्पादन सम्झौतामा अति उत्तम र उत्तम अंक प्राप्त गरेको कर्मचारी मात्र बढुवा तथा आन्तरिक प्रतियोगिति द्वारा हुने पद पुर्तिको सम्भाव्य उम्मेदवार हुन सक्ने।

- आठ कक्षा उर्तिण भएका र बीस वर्ष सेवा अवधि पूरा गरेका श्रेणीविहीन कर्मचारीको सम्बन्धित सेवा समूहको चौथो तहमा बढुवा गर्ने ।

२८. **जेष्ठता निर्धारणका आधारहरू** : वढुवा प्रयोजनको लागि ज्येष्ठता निर्धारण देहायको आधारमा हुनु पर्दछ

क. वढुवा हुने पद भन्दा एक श्रेणी मुनिको पदमा ज्येष्ठता लागू भएको मितिको आधारमा,

ख. बमोजिम ज्येष्ठता निर्धारण हुन नसकेमा सो भन्दा तल्लो श्रेणीको पदको ज्येष्ठता लागू भएको मितिको आधारमा ।

ग. बमोजिम ज्येष्ठता निर्धारण हुन नसकेमा साविकको पदमा लोकसेवा आयोग वा वढुवा समितिको सिफारिसको योग्यताक्रमको आधारमा,

२९. **कार्य सम्पादन मूल्यांकन** : निजामती कर्मचारीको कार्यसम्पादन मूल्यांकन वार्षिक रूपमा तोकिएको कार्यसम्झौता अनुसारको कार्यसम्पादनलाई वैज्ञानिक र पारदर्शी आधारमा मूल्यांकन गरी गर्ने व्यवस्था हुनु पर्दछ ।

३०. **सेवा अवधि थप गरी निबृत्तिभरण पाउने सम्बन्धमा** : एउटै पदमा कम्तीमा बाह्र वर्ष निरन्तर वहाल रहेका राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा मुनिका निजामती कर्मचारीलाई र कर्मचारी समायोजन ऐन अनुसार सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएको कर्मचारीलाई अनिवार्य अवकासको मिति भन्दा एक महिना अगावै साविकको श्रेणी वा तहको पद भन्दा माथिल्लो पदमा वढुवा गरी अवकाश दिइने व्यवस्था हुनु पर्दछ । साथै प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा सञ्चालन ऐनमा पनि यसै अनुसार हुने गरी कानून निर्माण गर्नु पर्दछ ।यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि एउटै पदमा कम्तीमा वाह्र वर्ष वहाल रहेका राजपत्रांकित प्रथम श्रेणी वा सो भन्दा मुनिका कुनै निजामती कर्मचारी र संघीय कानून अनुसार सरकारी सेवाबाट प्रदेश र स्थानीय तहमा समायोजन भएको कर्मचारीले स्वेच्छिक अवकाश लिन चाही निवेदन दिएमा निजलाई एक श्रेणी वा तह माथिको पदमा वढुवा गरी अवकाश दिइने व्यवस्था हुनु पर्दछ । साथै प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा सञ्चालन ऐनमा पनि यसै अनुसार हुने गरी कानून निर्माण गर्नु पर्दछ ।

संघमा कार्यरत निजामती कर्मचारी र संघीय कानून अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएको कर्मचारी उमेर पचास वर्ष र सेवा अवधि तीस वर्ष पूरा भएकोले स्वेच्छिक अवकाश लिन चाहेमा २०४९ साल कार्तिक २१ भन्दा

अगाडि नियुक्ति भएका कर्मचारीलाई उमेर ६० वर्ष र सो भन्दा पछाडि नियुक्ति हुनेलाई ५८ वर्ष उमेर पूरा हुन जति अवधि बाँकी छ सो अवधि समेत सेवा अवधि गणना गरी निवृत्तिभरण दिइने व्यवस्था हुनु पर्दछ। साथै प्रदेश र स्थानीय तहका कर्मचारीको सेवा सञ्चालन ऐनमा पनि यसै अनुसार हुने गरी कानून निर्माण गर्नु पर्दछ।

३१. **श्रेणी विहीन पदमा छैठौं स्तर कायमः** श्रेणी विहीन पदमा छैठौं स्तर सम्म हुने व्यवस्था कायम गरिनु पर्दछ

३२. **शैक्षिक योग्यताको आधारमा सेवा समूह परिवर्तन** : नेपाल सरकारले संघीय निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय निजामती सेवामा वहाल रहेको कुनै कर्मचारीलाई विशेष योग्यता हासिल गर्न अध्ययनमा पठाएकोमा वा आफै स्व अध्ययन गरेको कर्मचारीले अध्ययन पूरा गरी सेवामा हाजिरी भएपछि लोकसेवा आयोगको परामर्शमा निजको शैक्षिक योग्यतासँग सम्वन्धित सेवाको अन्य समूह वा उपसमूहमा तोकिए बमोजिम परिवर्तन गर्न सकिने व्यवस्था हुनु पर्दछ।

३३. **कार्य सम्पादन सम्झौताः**

- सबै कर्मचारीहरूले आफूले सम्पादन गर्नु पर्ने कामको कार्य सम्पादन सम्झौता गरेर मात्र काम गर्नु पर्ने।
- कार्यालय, विभाग, र मन्त्रालय वा सो सरहका निकायमा कार्यरत कर्मचारीले कार्यालय प्रमुख, विभागीय प्रमुख, वा सचिवसँग कार्य सम्पादन सम्झौता गर्नु पर्ने। कार्यालय प्रमुखले विभागीय प्रमुख संग, विभागीय प्रमुखले मन्त्रालयको सचिवसँग र मन्त्रालयका सचिवले सम्बन्धित मन्त्री वा सम्बन्धित निकायका प्रमुखसँगगर्नु पर्ने।
- कार्य सम्पादन सम्झौताको प्रगतिको अंक नै कार्य सम्पादन मूल्याङ्कनको अंक हुने।
- मन्त्रालयको सचिवको कार्य सम्पादन मूल्याङ्कन समग्र मन्त्रालय र माताहत निकायको प्रगतिको औसतले हुन आउने प्रगतिलाई आधार मान्नु पर्ने।
- विभागीय प्रमुखको कार्य सम्पादन मूल्याङ्कन समग्र विभाग र माताहत निकायको प्रगतिको औसतले हुन आउने प्रगतिलाई आधार मान्नु पर्ने।
- कार्यालय प्रमुखको कार्य सम्पादन मूल्याङ्कन समग्र कार्यालयको र

मातहत कर्मचारीको प्रगतिको औसतले हुन आउने प्रगतिलाई आधार मान्नु पर्ने ।

- कार्य सम्पादन मूल्याङ्कन हुँदा ९० प्रतिशत भन्दा वा सो भन्दा बढी अंक अति उत्तम, ९० प्रतिशत वा सो भन्दा माथि ९० भन्दा कम उत्तम, ७० प्रतिशत वा सो भन्दा माथी ९० भन्दा कम सामान्य र ७० प्रतिशत वा सो भन्दा कम अंक प्राप्त भएमा सुधार गर्नु पर्ने सूचीमा सचीकृत गरी मन्त्रालय, विभाग, कार्यालय वा आयोजनाका नेतृत्व अति उत्तम वा उत्तम अंक प्राप्त गर्ने कर्मचारीलाई दिनु पर्ने ।

३४. **उमेर हदः** निजामती कर्मचारीको उमेर हद ६० वर्ष गर्ने ।

३५. **भौगोलिक क्षेत्रको अनुभवः**

- भौगोलिक क्षेत्र वापतको अंक बढाएर २० पुर्याउनु पर्ने ।
- साबिकको भौगोलिक क्षेत्रको पुनः वर्गीकरण गरी स्थानीय निकायका आधारमा अंक प्रदान गर्नु पर्ने

३६. **सामाजिक सुरक्षाः**

- निजामती सेवा रहेका वा निजामती सेवाबाट निवृत कर्मचारीको अनिवार्य स्वास्थ्य विमा हुनु पर्ने
- निवृतिभरण गणना गर्दा खाईपाई आएको तलवको गुणन सेवा वर्ष भागा ४० कायम गर्नु पर्ने ।
- असाध्य रोगको परिभाषालाई स्वास्थ्य मन्त्रालयको परिभाषा भित्रकोलाई समेटी निजामती कर्मचारीका परिवार र निवृत कर्मचारीलाई समेट्नु पर्ने ।
- उपदानको अंकमा बृद्धि गरि छ वर्ष सेवा पूरा भएपछि ज्ञ महिनाको तलब १० वर्ष सेवा पूरा भएपछि २ महिनाको तलब र ज्ञछ वर्ष पुरा भएपछि ३ महिनाको तलव बरारको उपदान उपलब्ध गराउने ।
- करार सेवाका कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्धता गराउनु पर्ने ।
- कार्यालयको दरबन्दीमा करार सेवाका कर्मचारीहरूलाई एक पटकको लागि उमेर हद नलाग्ने गरी लोकसेवा आयोगबाट लिने परिक्षामा सहभागी हुन पाउने व्यवस्था गरी उतीर्ण हुन नसकेका कर्मचारीलाई

सेवा अवधिका आधारमा रकम उपलब्ध गराई अवकाश दिई त्यस्ता पदहरूमा स्थायी पद पूर्ति गर्नु पर्ने ।

- प्रदेश तथा स्थानीय निकायमा कार्यरत कर्मचारीहरूको आधारभूत तलबमान संघीय सरकारका कर्मचारीहरूको भन्दा कम हुन नहुने ।

३७. **घर बिदा र रासनकार्ड सुविधा**ः १८० दिनभन्दा बढी सञ्चित हुने घर बिदाको रकम प्रत्येक वैशाख महिनाभित्र भुक्तानी दिनुपर्नेछ। कर्मचारीहरूलाई आवश्यक पर्ने न्यूनतम क्यालोरी तोकी वहालवाला र सेवानिवृत्त राष्ट्रसेवक कर्मचारी परिवारका लागि "**निजामती कर्मचारी रासनकार्ड**" को व्यवस्था गर्नुपर्नेछ

३८. **तलब बृद्धिः** मूल्यसूचकाङ्कको आधारमा सार्क लगायत अन्य विकसित राष्ट्रका कर्मचारी सरह तलव बृद्धि गरिनु पर्ने र कर्मचारीहरूलाई दिईदै आएको पोशाक भत्तालाई समयानुकूल बृद्धि गरी दोब्बर बनाउनु पर्ने

३९. **निजामती विद्यालय**ः निजामती आवास योजना र निजामती विद्यालय बनाई सबै प्रदेश/जिल्लामा विस्तार गर्ने र तथा सेवानिबृत्त निजामती आवास योजना लागू गर्नुपर्ने ।

४०. **प्राविधिक ग्रेड** सम्बन्धमा २०५७ अधिपछिको ग्रेड समान हुनुपर्ने, स्थानीय र प्रदेशमा समायोजनको प्रक्रियामा पाएको ग्रेड तथा स्तरबृद्धि अवकाश पश्चात पनि निवृत्तिभरणको  सुविधामा समावेश हुनुपर्ने,

४१. **औषधी उपचार खर्चः**

क) निजामती कर्मचारीले सेवा अवधिभरमा राजपत्रांकित श्रेणीको कर्मचारी भए सत्र महिना वरावरको, राजपत्र अनंकित प्रथम श्रेणी र सो सरहको कर्मचारी भए एक्काइस महिना वरावरको र अन्य राजपत्र अनंकित र श्रेणी विहीन कर्मचारी भए चौबीस महिना वरावरको खाइपाई आएको तलव रकमसम्म उपचार खर्चबापत पाउने व्यवस्था हुनु पर्दछ।

ख) निजामती सेवा नियमावलीमा रहेको असाध्य रोगको परिभाषामा क्यान्सर, मुटु, मृगौंला, हेड इन्जुरी, पार्किन्सन, स्पाइनलइन्जुरी, सिक्कलसेल एनिमिया र हेमोडायलासिस थप गर्न र यस्ता रोगको उपचारका लागि निजाती अस्पतालमा सुविधा सम्पन्न उपचार कक्षको व्यवस्था गरी सञ्चालन गर्नुपर्ने,

औषधी उपचार खर्च सुविधामा सुधार गर्दै परिवारको परिभाषाभित्र पर्नेसम्मका सदस्यलाई उक्त सुविधा प्रदान गर्न र स्वास्थ्य तथा औषधी

उपचार वीमाको समेत व्यवस्था गर्नुपर्नेछ ।

४२. कर्मचारी सञ्चय कोष, नागरीक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट उपलब्ध गराईदै आएको सापटी रकमको व्याजदरलाई न्यूनीकरण गर्नुपर्नेछ ।

४३. काठमाडौं उपत्यकामा एकीकृत परिवहन सेवाको संख्या र क्षेत्र विस्तार गरी सबै क्षेत्रबाट आउने कर्मचारीलाई सुविधा उपलब्ध गराउने र उपत्यका वाहिरको हकमा एकीकृत परिवहन सेवा सञ्चालन गर्न नसकिनेलाई दूरीको आधारमा यातायात खर्च उपलब्ध गर्नुपर्ने ।

४४. **विशेष आर्थिक सहायता** : कुनै निजामती कर्मचारीको सेवामा छँदै मृत्यु भएमा निजको परिवारलाई एकमुष्ट पाँच लाख विशेष आर्थिक सुविधा उपलब्ध हुने व्यवस्था हुन पर्दछ ।

४५. **उपदान** : पाँच वर्ष वा सोभन्दा बढी सेवा गरेको तर निवृत्तभरण पाउने अवधि नपुगेको निजामती कर्मचारीले अवकाश पाएमा वा राजीनामा स्वीकृत गराई पदबाट अलग भएमा वा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी पदबाट हटाईएमा देहायको दरले उपदान पाउने व्यवस्था हुनु पर्दछः ।

क. पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब

ख. दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेकोमा काम गरेकोमा प्रत्येक वर्षको निमित्त आखिरी दुई महिनाको तलब,

ग. पन्ध्र वर्षभन्दा बढी बीस वर्षभन्दा कम सेवा गरेकोमा काम गरेको प्रत्येक वर्षको  निमित्त आखिरी तीन महिनाको तलब ।

४६. **सेवा अवधि जोडने सम्बन्धमा** :

(१) सम्वत २०४९ साल कार्तिक २१ गते भन्दा अघि देखि निजामती सेवामा नियुक्त कर्मचारी तथा संघीय कानून बमोजिम सरकारी सेवाबाट प्रदेश तथा स्थानीय तहमा समायोजन भई कार्यरत रहेको कर्मचारी ५८ वर्ष उमेर पूरा भएको कारणबाट अनिवार्य अवकास हुँदा निजामती कर्मचारीको सेवा अवधिमा निवृत्तीभरण प्रयोजनको लागि २ वर्ष सेवा अवधि थप हुने व्यवस्था हुनु पर्दछ ।

(२) कुनै निजामती कर्मचारीले अविछिन्न रूपमा अस्थायी सेवा गरी स्थायी नियुक्ति पाएका कर्मचारीको त्यस्तो अस्थायी सेवा अवधि निवृतीभरण प्रयोजनको लागि जोडिने व्यवस्था हुनु पर्दछ ।

(३) स्थानीय स्वायत साशन ऐन तथा विकास समिति ऐन अनुसार नियुक्त कर्मचारी, संघीय लोकसेवा आयोग वा प्रदेश लोकसेवा आयोगको सिफारीसमा प्रदेश वा स्थानीय तहमा नियुक्त कर्मचारीले सेवा निरन्तर राखी संघीय निजामती सेवामा नियुक्ती भएमा वा संघीय निजामती सेवाबाट प्रदेश र स्थानिय तहमा नियुक्ती भएमा निभृत्तीभरण प्रयोजनलाई त्यस्तो सेवा अवधि जोडिने व्यवस्था हुनु पर्दछ ।

(४) साविकमा निजामती वा स्वास्थ्य सेवामा नियुक्त भई कार्यरत कर्मचारी माथिल्लो पदमा नया‘ नियुक्त हुँदा साविकको पदमा राजिनामा दिई उपदान लिएका कर्मचारीको हकमा एक पटकलाई लिएको उपदान फिर्ता गरेमा निभृतीभरण प्रयोजनलाई साविकको सेवा अवधि जोडिने व्यवस्था हुनु पर्दछ ।

४७. **तालिमः** नेपाल सरकारले, संघीय कर्मचारी र संघीय कानून अनुसार प्रदेश र स्थानीय तहमा समायोजन भएको सरकारी सेवाको निजामती कर्मचारी तथा स्थानीय र प्रदेश तहमा नियुक्ती भएका वा अन्य सेवाबाट स्थानीय र प्रदेशमा समायोजन भएका कर्मचारीलाई सीप र क्षमता वृद्धिको लागि आवश्यकता अनुसार तालिम दिने व्यवस्था गर्न सक्नेछ साथै प्राविधिक सेवा तर्फका कर्मचारीलाई तोकिए बमोजिम प्रत्येक वर्ष कार्य सम्पादनसँग सम्बन्धित तालिम अनिवार्य दिनु पर्नेछ। प्राविधिक तर्फको कर्मचारीको तालिम अभ्यासगत रूपमा हुनु पर्नेछ ।

४८. आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न आर्थिक सुविधा सहित कम्तीमा पन्ध्र दिने आन्तरिक पर्यटन काज सबै राष्ट्रसेवक कर्मचारीलाई उपलब्ध गराउनु पर्नेछ।

४९. **वैदेशिक भ्रमणः** नेपाल सरकारले वैदेशिक भ्रमण वा वैदेशिक अवलोकन भ्रमण वा वैदेशिक अध्ययन भ्रमणमा मनोनयन गर्दा संघ, प्रदेश र स्थानीय तहमा समायोजन वा कार्यरत रहेका कर्मचारीको तहगत वा श्रेणीगत रूपमा समानुपातिक प्राथमिकताको आधारमा गर्नु पर्नेछ साथै तीन महिना भन्दा बढी अवधिको तालिम, अध्ययन वा अध्ययन भ्रमणमा जाने निजामती कर्मचारीले तालिम, अध्ययन वा अध्ययन भ्रमण पूरा गरेपछि उक्त अवधिको न्यूनतम दोब्बर अवधिसम्म अनिवार्य रूपले सेवा गर्नु पर्नेछ।

५०. **कम्पनी स्थापना वा सञ्चालन गर्न वा व्यापार व्यवसाय गर्नेः** निजामती कर्मचारीले नेपाल सरकारको स्वीकृति विना कुनै बैंक, कम्पनी वा सञ्चालनको

काममा भाग लिन तथा कानून बमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न हुँदैन । तर अख्तियारवालाको पूर्व स्वीकृति लिई कार्यालय समय वाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान वा लेखापरीक्षण गर्न वा कर्मचारीहरू मिली सहकारी सञ्चालन गर्न वा अन्य व्यापार व्यवसाय गर्न पाउने व्यवस्था हुनु पर्दछ।

५१. **प्रदर्शन र हड्ताल गर्न प्रतिबन्धः** निजामती कर्मचारीले प्रदर्शन गर्न बन्द हड् तालमा भाग लिन, थुनछेक गर्न, बाधा अवरोध गर्न, घेराउ गर्न, दबाव दिन, कलम बन्द गर्न, सरकारको विरुद्ध दवाब सिर्जना गर्ने उद्देश्यले अनसनमा बस्न वा अन्य कुनै तरिकाबाट सरकारी काममा बाधा पुऱ्याउन वा सो कार्य गर्ने उद्देश्यले अरुलाई उक्साउन समेत हुँदैन तर तोकिए बमोजिम आधिकारिक ट्रेड यूनियनले आफ्ना गतिविधि गर्न र ट्रेड यूनियन अधिकार अनुसार बन्द हडताल गर्न वाधा पर्ने छैन् भन्ने व्यवस्था हुनु पर्दछ।

५२. **ट्रेड यूनियन सम्बन्धमाः**

निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियनको गठन देहाय बमोजिम हुनु पर्दछ।

१) निजामती कर्मचारीको ट्रेड यूनियनका सदस्यहरूले छनौट गरेका पदाधिकारीहरू रहने गरी एक निजामती कर्मचारीको आधिकारिक ट्रेड यूनियन गठन हुनेछ।

२) जहाँ सरकार त्यहाँ ट्रेड यूनियनको नारालाई आत्मसात गर्दै सरकारको हरेक तहमा ट्रेड यूनियनको सुनिश्चितता गर्दै सम्वन्धित निकायमा प्रस्तुत गरी सामाजिक सम्वाद र सामूहिक सौदावाजी गर्न पाँउने छन् ।

३) उप-सचिव तहसम्मका कर्मचारीलाई ट्रेड यूनियन अधिकार प्राप्त हुनुपर्ने ।

४) आधिकारिक ट्रेड यूनियनको संरचनामा स्थानीयत तहको प्रतिनीधि, प्रेशको प्रतिनीधि र संघको प्रतिनीधि सम्मिलित एक समिति रहने छ।

५) सरकारी सेवामा कार्यरत स्थायी कर्मचारी ट्रेड यूनियन निर्वाचनको मतदाता हुनेछ।

६) निजामती सेवा ऐन, २०४९ मा र स्वास्थ्य सेवा ऐन २०५३ मा भएको राष्ट्रिय स्तरका ट्रेड यूनियन तथा आधिकारीक ट्रेड यूनियनको व्यवस्था यथावत राख्नु पर्ने ।

७) सम्बन्धित प्रदेश र स्थानीय तहमा मात्र ट्रेड यूनियन अभ्यास हुने गरी दर्ता भएको अवस्थामा बाहेक नेपाल सरकारले संघमा दर्ता रहेको राष्ट्रिय स्तरका ट्रेड यूनियनहरू बिच गराएको निर्वाचनमा राष्ट्रिय स्तरको ट्रेड यूनियनले प्रदेश तथा स्थानीय निकायमा ट्रेड यूनियन अभ्यास गर्न पाउने व्यवस्था राख्नु पर्ने ।

५३. **प्रदेश सरकारको सचिवको पद** : प्रदेश सरकारको सचिवको पद प्रदेश निजामती सेवाको पद हुनु पर्नेछ

५४. **प्रमुख प्रशासकीय अधिकृत सम्बन्धी**ःनगरपालिका वा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको पद संघीय सरकारले तोकेको सम्बन्धित तहको कर्मचारी हुनेछ र सो पदमा संघीय कानून अनुसार समायोजन भएर गएको सरकारी सेवाको कर्मचारीमध्ये ज्येष्ठ कर्मचारी वा अन्य सेवाको जेष्ठ कर्मचारी प्रमुख प्रशासकीय अधिकृतको रूपमा कामकाज गर्ने पाउने व्यवस्था हुनु पर्दछ । तर संघीय सरकारले आवश्यक ठानेमा संघबाट तोकेको अन्य अधिकृत कर्मचारी पनि प्रमुख प्रसासकिय अधिकृत हुन पाउने व्यवस्था हुनु पर्दछ ।

५५. **बीसवर्ष सेवा अवधि नपुगेकाको निबृत्तीभरण** : निजामती सेवामा प्रवेश गरेको कर्मचारी अनिवार्य अवकाश हुँदा कुनै पनि कारणबाट सेवा अवधि बीस वर्ष नपुगेको रहेछ भने बीस वर्षलाई शतप्रतिशत मानी जति सेवा अवधि पुगेको छ दामासाहीले हुने निवृतिभरण उपलब्ध गराउनु पर्नेछ ।

## समायोजनका माध्यमबाट प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूलाई सम्बोधन गर्ने तथा संघ प्रदेश र स्थानीय तहलाई जोड्ने आधारहरूः

१. परिभाषाः संघ, प्रदेश र स्थानीय निकायमा कार्यरत सबै सेवा समूह श्रेणी तथा तहका कर्मचारीहरूलाई निजामती कर्मचारीहरूको परिभाषा भित्र समेटनु पर्दछ ।

२. पदपूर्तीः संघीय सरकारको सातौं तहमा अन्तरतह प्रतिस्पर्धाबाट पदपूर्तिका लागि पद छुट्याउने ।

३. बढुवाःसमायोजनको माध्यमबाट प्रदेश र स्थानीय तहमा गएका कर्मचारीहरूले समायोजन भएको निकायमा बढुवा नपाए सम्म संघीय निजामती सेवामा बढुवाको लागि उम्मेदवार हुन पाउने ।

४. सरुवाः

- समायोजनबाट प्रदेश वा स्थानीय तहमा गएका निजामती सेवाका कर्मचारीहरूले निश्चित अवधि काम गरेपछि संघीय सेवामा सरुवा हुन पाउने व्यवस्था राख्ने ।
- स्थानीय निकायमा कार्यरत कर्मचारीहरूको प्रदेश भरका स्थानीय निकायमा सम्बन्धित प्रदेशले सरुवा गर्न सक्ने ।

५. सेवा अवधि गणनाः प्रदेश र स्थानीय निकायमा कार्यरत कर्मचारीले बढुवा पाएमा वा खुल्ला वा अन्तरतह प्रतिष्पर्धाबाट नियुक्त भएमा प्रदेश र स्थानीय निकायमा काम गरेको सेवा अवधि गणना हुने ।

६. तलब सुविधाः प्रदेश तथा स्थानीय निकायमा कार्यरत कर्मचारीहरूको आधार भूत तलबमान संघीय सरकारका कर्मचारीहरूको भन्दा कम हुन नहुने ।

७. ट्रेड यूनियनः सम्बन्धित प्रदेश र स्थानीय तहमा मात्र ट्रेड यूनियन अभ्यास हुने गरी दर्ता भएको अवस्थामा बाहेक नेपाल सरकारले संघमा दर्ता रहेको राष्ट्रिय स्तरका ट्रेड यूनियनहरूबीच गराएको निर्वाचनमा राष्ट्रिय स्तरको ट्रेड यूनियनले प्रदेश तथा स्थानीय निकायमा ट्रेड यूनियन अभ्यास गर्न पाउने व्यवस्था राख्नु पर्ने ।

## दशौं राष्ट्रिय अधिवेशनबाट पारित नीति तथा कार्यक्रमको कार्यान्वयनको वर्तमान अवस्था र मूल्याङ्कन

दशौँ राष्ट्रिय अधिवेशनको आगामी कार्यभारको रूपमा अगाडि सारेका निम्न विषयहरू यो कार्यकालमा पूरा भएका छन ।

### १. सहिद घोषणा

संगठनले सञ्चालन गरेको पेशागत आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने मनोज जोशी, झपेन्द्र कार्की र सुरेन्द्र विश्वकर्मालालाई राष्ट्रिय सहिद घोषणा संगठनको लामो समयदेखिको माग र मुद्दा थियो । यसै कार्यकालमा तिनै जनालाई नेपाल सरकारले मिति २०७४ माघ २२ गते राष्ट्रिय सहिद घोषणा गरेको छ ।

## २. विज्ञ समूह निर्माण

निजामती सेवाको पेशागत दक्षता अभिवृद्धी, प्रशासनिक एवं व्यवस्थापकीय अध्ययन अनुसन्धान,नेतृत्व विकास तथा ट्रेड यूनियन आन्दोलन तय गर्नु पर्ने लक्ष्यलाई निदृष्ट गर्नु पर्ने अभिभारा संगठनमा छ। एउटा संगठक आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जानकार हुन सक्छ तर सबै विषयमा ज्ञान नराख्न सक्दछ । यस विषयको खाडललाई पुर्न एक विज्ञ समूह निर्माण गर्ने कार्यभार अगाडि सारिएको थियो । यस कार्यावधि श्री सुरेश अधिकारी, श्री विनोद बहादुर कुँवर, श्री तोयम राय, श्री हरिशरण पुडासैनी, श्री राम प्रसाद उपाध्याय, श्री रमेश के.सी. र श्री मनमाया पंगेनी रहेको विज्ञ समूहको गठन गरीयो। तथापी विज्ञ समूह गठनको उद्देश्य अनुरूप कामसँग जोडेर लाभ लिन सकिएको छैन । आगामी दिनमा विज्ञ सेवा परामर्श समितिका रूपमा महत्वपूर्ण अनुसन्धानमूलक सुझाव प्राप्त गर्नु आगामी कार्यभारका रूपमा अगाडि बढाउन जरुरी छ।

## ३. संघीयतामा कर्मचारी व्यवस्थापन

संविधान कार्यान्वयनसँगै संघीयतामा कर्मचारी व्यवस्थापनको कार्यभार यस कार्यसमितिको प्रमुख जिम्मेवारी थियो । ८२ हजार निजामती कर्मचारी र स्थानीय निकायमा कार्यरत करिब २२ हजार कर्मचारीहरूका समायोजनका लागि संगठनले स्पष्ट मापदण्ड निर्माण गरेर दवाव र प्रभावबाट मुक्त भएर समायोजन प्रक्रिया शुरु गर्न ध्यानाकर्षण गराएको थियो। संगठनले उठान गरेका केन्द्रका कर्मचारी प्रदेशमा समायोजन गर्दा रोजाई/छनोटको अवसर,बढुवाको न्यूनतम अवधि पुगेका कर्मचारीहरूलाई केन्द्रबाट प्रदेश र स्थानीय निकायमा पठाउँदा एक तह बढुवाको व्यवस्था,कर्मचारीहरूले हाल खाइपाइ आएको सेवा सुविधाको सुरक्षाको प्रत्याभूति, सेवामा रहेका पति पत्निलाई पायक पर्ने स्थानमा समायोजन गर्ने लगायतका मागहरू संम्बोधन भएपनि छनौट प्राथमिकता सार्वजनिक नहुँदा पारदर्शीतामा संसय उत्पन्न गरायो । संघ प्रदेश र स्थानीय निकायका ऐन निर्माण गरेर संघ प्रदेश र स्थानीय निकायको दरबन्दी तेरिज एकीन गरेर मात्र समायोजन गर्न दिएको सुझावलाई नजरअन्दाज गरीयो। संघ प्रदेश र स्थानीय निकायको दरबन्दी तेरिज पटक पटक संशोधन हुनु र समायोजन समापन भएको २०७५ चैत्र २२ मा घोषणा गरे पनि समायोजनका कामहरू हाल सम्म पनि भईरहेबाट समायोजन प्रक्रिया पारदर्शी, विश्वसनीय र सर्व स्वीकार्य बन्न सकेन। समायोजनबाट सृजित समस्याको समाधान गर्नु संगठनको आगामी कार्यभार समेत रहेको छ।

## ४. नेपाल निजामती कर्मचारी संगठनको संगठन संरचना

संविधानको घोषणासँगै संघीयताको स्वरूप निर्धारण भएको र सोही स्वरूप अनुरूप निजामती सेवा पनि परिवर्तिनको चरणमा प्रवेश गरेको छ । नेपाल निजामती कर्मचारी संगठनको संगठन संरचना पनि संघीय मोडेलमा पुनः संरचित गर्न आवश्यकताको बोध गरी संगठनको १० औं अधिवेशनबाट केन्द्रीय कार्यसमिति, प्रदेश कार्यसमिति, जिल्ला विभागीय कार्यसमिति, प्रदेश मन्त्रालय विभागीय कार्यसमिति, पालिका कार्यसमिति र प्रारम्भिक कार्यसमिति रहने गरी विधानलाई समयानुकुल परिमार्जन गरी सकिएको छ। कतिपय विधानमा व्यवस्था भएका कार्यसमितिहरू गठन गर्न सम्बन्धित क्षेत्रको कानून निर्माण नभएका कारण अन्योल उत्पन्न भएको छ । संघ, प्रदेश र स्थानीय तहका ऐन जारी भएपछि कानूनी प्रावधानसँग मेल खाने गरी विधानलाई संशोधन गरी संगठनका संरचना निर्माण वा गठन गरीनु पर्दछ।

## ५. निजामती सेवामा आकर्षण

निजामती सेवा रोजगारीको विश्वासिलो महत्वपूर्ण क्षेत्रका रूपमा परिचित छ । निजामती सेवामा श्रम बजारमा रहेको तिक्ष्ण बुद्धि भएका मेधावी र उत्कृष्ट प्रतिभा आकर्षित गर्न सकेको छैन । **निजामती सेवा प्रवेशमा रहेको कठिनाईलाई कम गर्दै प्रतिशपर्धी बनाउन न्यून शुल्कमा लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गरी निजामती सेवाका आकर्षण गर्ने प्रयत्न संगठनले गरेको छ** ।निजामती सेवालाई थप प्रभावकारी र सुदृढ बनाउन योग्य, तिक्ष्ण प्रविधिमैत्री प्रतिभा भित्र्याउन आवश्यक रहेको छ। समाजमा सम्मानजनक रूपमा जीवन जिउन पुग्ने तलब सुविधा, योग्यता, क्षमता अनुरूपको जिम्मेवारी र अवसर, कर्मचारीको परिवारको सामाजिक सुरक्षा र अबकाश पछिको सामाजिक सुरक्षाको प्रत्याभुती भएमा निजामती सेवामा आकर्षण थपिने कुराको अनुमान गर्न सकिन्छ। निजामती सेवालाई आकर्षित गर्ने कार्य योजना सहितको सुझाव नेपाल सरकारसँग प्रस्तुत गर्नु संगठन आगामी कार्यभार रहेको छ।

## ६. नागरिकसँग नेपाल निजामती कर्मचारी संगठन

नेपाल निजामती कर्मचारी संगठन नागरीकसँग अभियानलाई प्रभावकारी बनाउन रक्तदान, राहत व्यवस्थापन र वितरण, न्यानो कपडा वितरण, वृक्षारोपण, समाजमा विशिष्ट योगदान पुर्याउने व्यक्तित्वलाई सम्मान लगायतका कार्यक्रमलाई अझ व्यवस्थित र योजनाबद्ध रूपमा तपसील अनुसार कार्यान्वयनमा ल्याईएको छ।

- २०७५।४।१५ मा सम्म रक्तदान कार्यक्रममा १५७ जना र २०७६।०४।१६ मा सम्पन्न रक्तदान कार्यक्रमा १५९ जना संगठकले रक्तदान गरेका थिए।

- २०७५ चैत्र १७ गते बारा र पर्सा जिल्लामा अकस्मात आएको हावाहुरी र असिनाबाट २७ जनाको दुखद निधन र ६८० जना घाइते भएको घटनामा संगठनको तर्फबाट सहयोग गरिएको ।

त्यसैगरी उल्लिखित विषयलाई निरन्तरता दिदै नागरीकले पाउने सेवा प्रवाह सुधारका अतिरिक्त नागरीकसंग प्रत्यक्ष जोडिने वृहत स्वास्थ्य शिवीर, एम्बुलेन्स सेवा सञ्चालन र उत्पादन मूलक श्रम जस्ता कार्यक्रमकार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

**७. राष्ट्रसेवक सहकारी सञ्चालन**

संगठनको अभिभावकत्वमा संचालित राष्ट्रसेवक सहकारीहरूको साधरण सभाहरू नियमित रूपमा सम्पन्न भइरहेका छन । सहकारीमा जम्मा भएको पुँजी परिचालन कार्य निरन्तर भइरहेको छ । सहकारीहरू स्थापनाको उद्देश्यहरूमा समय संगै परिवर्तित हुदै गएको छ । वित्तिय परिचालन तथा कारोवारमा आएको परिवर्तन र सहकारी ऐनले गरेको व्यवस्था एकातर्फ सबै संगठकलाई सहकारीमा आबद्ध गराउदै पेशागत सहकारी बनाउने चुनौती छ । राष्ट्रसेवक सहकारीहरूमा जम्मा भएको करिब २ अर्व ५० करोडभन्दा बढी पुँजी लगानी गर्ने लगानीका क्षेत्रको पहिचान गर्ने, प्रविधि मैत्री कारोबारलाई आत्मसाथ गर्दै सबै सेयर सदस्यहरूलाई नियमित कारोवारमा सहभागी गराउने कार्ययोजना सहितको राष्ट्रसेवक सहकारी सञ्चालन संगठनको आगामी कार्यभार हो । राष्ट्रसेवक सहकारीहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सहकारी सम्बन्धी विशेषज्ञहरूको कार्यदल बनाई आगामी रणनीति तयार गरिने छ ।

**८. पेशागत महासंघसंगको आबद्धता र अन्तरसम्बन्ध**

संगठनको गठन भए पश्चात पेशागत महासंघ नेपालको गठन भएकोले यसको निर्माण, विस्तार र विकासमा संगठनको भूमिका महत्वपूर्ण रहेको छ । संगठन पेशागत महासंघ महत्वपूर्ण घटक संस्था रहेको र महासंघका हरेक क्रियाकलापमा संगठनले ओजिलो उपस्थिती जनाउँदै आएको थियो । महासंघले संगठनलाई घटक संस्थाको रूपमा व्यवहार नगरी एउटा गुट वा समूहको पक्ष पोषण गर्ने सबैको अभिभावकत्व ग्रहण नगरेको, राजनीतिक र वैचारिक विचलनका कारण संगठन लगायतका घटक संस्थाहरूको विषेश पहलमा २०७७ माघ २४ गते राष्ट्रिय भेलाको आयोजना गरी श्री बाबुराम थापाको संयोजकत्वमा गठन भएको पेशागत महासंघमा आबद्धता जनाई कृयाशिल रहेको छ । पेशागत महासंघको निर्माण र विस्तारबाट आम पेशाकर्मीहरूको सुरक्षाको पाटो अझ मजवुत हुने हुँदा पेशागत महासंघ नेपालसँगको अन्तर सम्बन्धलाई अझ प्रगाढ र मजबुद बनाइने छ ।

**अध्यक्षमण्डलका अध्यक्षज्यू ,**

अव म दशौ राष्ट्रिय अधिवेशन पश्चात हाल सम्म **संगठन केन्द्रले सञ्चालन गरेका गतिविधिहरू** निम्न अनुसार प्रस्तुत गर्दछु ः

२०७३/९/१८ मा जाजरकोट जिल्ला दसेरा गाविस वडा नं. ८ घर भई जिल्ला बन कार्यालय, ताप्लेजुङ अन्तर्गत ईलाका बन कार्यालय, खोकलिुङमा कार्यरत वन रक्षक गणेश बहादुर शाहीलाई खोकलिुङ गाविस वडा नं. ८ को वैराखु सामुदायिक बन र व्यक्तिको जग्गा सीमा सम्बन्धी सर्वेक्षण गर्ने सरकारी कामको सिलसिलामा कर्तव्य पालना गरिरहेको अवस्थामा खोकिलुङ गाविस वडा नं. ८ स्थायी ठेगाना भएका सविन भन्ने टेक बहादुर लिम्बुले खुकुरी प्रहार गर्दा क्रुरतापूर्वक, अमानवीय, कायरतापूर्ण र पासविक ;गबाट निर्ममतापूर्वक हत्या गरिएको घटनाप्रति दोषि माथि कानूनीरूपमा कडाभन्दा कडा कारवाही गर्ने माग गर्दै निजलाई राष्ट्रिय सहिद घोषणा गर्ने माग गरी माननीय गृहमन्त्रीलाई ज्ञापनपत्र बुझाई संगठनबाट डेलिगेशन गएको ।

१. सहिद स्मृति केन्द्रीय भवन निर्माणको काम सम्पन्न भएको छ । हाल उक्त भवनको भूइँ तलालाई भाडामा दिने तयारी गरिएको छ, पहिलो तलामा कार्यालय सञ्चालन गरिएको छ भने दोस्रो तलालाई लोक सेवा आयोगको तयारी कक्षा सञ्चालन गरिएको छ । भवन निर्माण कार्य सम्पन्न भए पनि केही आन्तरिक संरचनाहरू निर्माण गर्न बाँकी छ । त्यसका लागि सबै संगठक मित्रहरूले समयमै आर्थिक दायित्व बहन गर्नुपर्ने छ। संगठनको यो भवन निर्माण कार्यले सबै संगठकहरूको शिर उँचो बनाउन मद्दत पुऱ्याएको छ।

२. २०७३/१०/०६ मा नेपाल निजामती कर्मचारी संगठन, जिल्ला कार्यसमिति, सिरहाका अध्यक्ष एवं यातायात व्यवस्था कार्यालय, सिरहाको ना.सु. पदमा कार्यरत योगेश्वर खनालमाथि २०७३/१०/०४ गते नेकपा (माओवादी विप्लव)का कार्यकर्ताले भ्रष्टाचारको आरोप लगाउँदै कालोमोसो दल्ने कार्यको घोर निन्दा, भत्सर्ना र आपत्ती जनाउँदै अपराधीलाई हदैसम्मको कारवाही गर्न माग सहित प्रेस विज्ञप्ती जारी गरेको ।

३. २०७३ माघ १४ गते केन्द्रीय कार्य समितिका पदाधिकारी सदस्यहरूको लागि १ दिने प्रशीक्षण कार्यक्रम सम्पन्न, सो कार्यक्रममा तत्कालीन सविच श्री दिनेश थपलियाबाट निजामती प्रशासन र संघीयतामा

कर्मचारी समायोजन तथा निजामती सेवा ऐनको पाँचौं संशोधन, श्री सुदन ज्ञवालीबाट सकरात्मक सोच र चिन्तन, श्री विश्वनाथ प्याकुरेलबाट, संगठनको इतिहास र संगठन सञ्चालन विषयमा प्रशीक्षण सञ्चालन भएको,

४. २०७३/११/०४ मा स्थानीय निकाय ट्रेड यूनियन केन्द्रीय समन्वय समितिद्वारा स्थानीय निकायमा कार्यरत कर्मचारीहरूले सेवा सुरक्षा लगायतका कामहरू लिएर भइरहेको आन्दोलनको सम्बन्धमा न्याय संगत मागहरू तत्काल पूरा गर्न विज्ञप्ती जारी गरिएको ।

५. २०७३/११/०६ मा राष्ट्रिय स्वास्थ्यकर्मी संघ सहित स्वास्थ्य सेवामा कार्यरत कर्मचारीहरूको विभिन्न पेशागत मागहरू राखी चरणबद्ध आन्दोलन सञ्चालन गरीरहेको र स्वास्थ्य संस्थाहरूमा सेवाहरू प्रभावित भएको हुँदा छलफलद्वारा मागहरू पूरा गरी काममा पर्कने वातावरण बनाउन अनुरोध गर्दै प्रेस विज्ञप्ती जारी गरिएको ।

६. २०७३/११/११ मा प्रमुख प्रशासकीय अधिकृत तोक्दा निजामती सेवाको Meritocracy, Seniority, कार्य अनुभव, कार्य क्षमता र कार्य दक्षता जस्ता ऐन नियमको उल्लंघन गर्दै ५० वर्ष उमेर पुगेका कर्मचारीलाई दुर्गम तथा अपायक जिल्लामा सरुवा, आस्थाका आधारमा पूर्वाग्रही सरुवा, नातागोता र आफन्त पर्ने नयाँ शाखा अधिकृतहरूलाई उप सचिवको दरबन्दीमा खटाउने, नयाँ नियुक्त महिला शाखा अधिकृतहरूलाई तराई मधेशका दक्षिण गाउँपालिका/नगरपालिकाहरूमा खटाउने जस्ता कार्यहरू गरेको हुँदा तत्काल सच्याउन माग गर्दै प्रेस विज्ञप्ती जारी गरिएको ।

७. २०७३/१२/३ मा विकासमा सम्पूर्ण राष्ट्रसेवकहरूको योगदान र राष्ट्रसेवक जलविद्युत आयोजना निर्माण गर्न सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष लिखित अनुरोध गरेको साथै अर्थ मन्त्रालय र जल तथा उर्जा मन्त्रालयलाइ समेत लिखित रूपमा अनुरोध गरेको ।

८. २०७३/१२/०५ मा संगठन उपत्यकाको व्यवस्थापनमा गोदावरी ललितपुरमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री केशव कुमार बुढाथोकीज्यूको प्रमुख आतिथ्यतामा उपत्यकास्तरीय बृहत वनभोज कार्यक्रम आयोजना गरी करिब २००० कर्मचारीहरूको

उपस्थितिमा भव्यरूपमा सम्पन्न भएको ।

९. २०७३/१२/२१ मा श्रम सम्बन्धी विधेयक, २०७२ को दफा १८० मा निजामती कर्मचारीलाई श्रम ऐन अनुसार ट्रेड यूनियन हक अधिकार प्रयोग गर्न नपाउने भन्ने प्रस्ताव व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिमा छलफल चलेको विषयको विरोधमा संघीय लोकतान्त्रिक गणतन्त्रमा प्राप्त ट्रेड यूनियन अधिकारको अभ्यासलाई संकुचन गर्न पाईदैन भन्दै दवाव सिर्जना गर्न प्रेस विज्ञप्ती जारी गरिएको, साथै संगठनको तर्फबाट सम्बन्धित समितिका माननीय सभापति तथा सदस्यहरूलाई भेट गरी सामूहिक रूपमा दवाव सिर्जना गरिएको ।

१०. २०७४/०१/०३ मा श्रम विधेयकमा भईरहेको छलफलमा ट्रेड यूनियन अधिकारको सुनिश्चितताको पक्षमा विधेयक उपर छलफलकोको लागि संगठनबाट माननीय मन्त्री, श्रम तथा रोजगार मन्त्रालयलाई पत्राचार भएको ।

११. २०७४/०१/०५ मा. कानून न्याय तथा संसदीय मामिला मन्त्रीज्यूलाई प्रस्तावित समायोजन विधेयकमा व्यवस्था गरिएको समायोजन भएपछि ३५ दिन भित्र तोकिएको कार्यालयमा हाजिर हुन नगएमा सेवाबाट हटाउने भन्ने वाक्यांश हटाउने, प्रदेश र स्थानीय तहमा समायोजन गर्दा सवैलाई एक तह बढुवासहित ज्येष्ठ कर्मचारी रोजाइको पहिलो प्राथमिकता हुने गरी समायोजन हुनुपर्ने व्यवस्था हुनुपर्छ भनी संगठनबाट पत्राचार भएको ।

१२. २०७४/०१/०७ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री केशव कुमार बुढाथोकीको प्रमुख आतिथ्यतामा **संघीयतामा कर्मचारी समायोजन** विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको, सहसचिव श्री सुरेश कुमार अधिकारीबाट प्रस्तुत गर्नु भएको कार्यपत्रमा सचिव श्री मोहन कृष्ण सापकोटा र सचिव महेश्वर न्यौपानेबाट सुझाव सहितको टिप्पणी गर्नुभएको ।

१३. २०७४/०२/०७ मा उच्चस्तरीय तलव आयोग, २०६१ को सिफारिस बमोजिम मूल्यवृद्धिका आधारमा तलव कायम गरी, पोशाक भत्ता रु. १५,०००।-, घरविदा संचित १८० दिन भन्दा बढीको रकम भुक्तानी, २०५७ भन्दा अगाडि नियुक्त प्राविधिक कर्मचारीलाई दिईदै आएको

थप २ ग्रेड २०७३/०७४ को बजेटबाट कटौती भएको हुँदा सो लाई पुनः निरन्तरता, निजामती कर्मचारीहरूको सावधिक जीवन बीमा रकम रु. १ लाख उपलव्ध गराउँदै आएकोमा रु. ५ लाख पुऱ्याउनु पर्ने लगायत २१ बुँदामा विभिन्न मागहरू राखी माननीय उपप्रधानमन्त्री तथा अर्थमन्त्रीज्यूलाई ज्ञापन पत्र बुझाइएको ।

१४. २०७४/०२/३० मा संघीय निजामती सेवा ऐनको प्रस्तावित मस्यौदामा कर्मचारी पक्षीय बनाउन अन्तर ट्रेड यूनियन सञ्जालबाट प्रेस विज्ञप्ती जारी गरिएको ।

१५. २०७४/०२/३१ गते २०७३ सालमा सवैभन्दा बढी रक्तदान गर्ने सरकारी संघ संस्थाहरूलाई विश्व रक्तदाता दिवसको अवसरमा ब्लड डोनर्स एशोशिएसन नेपाल (ब्लोदान)द्वारा प्रदान गरिएको रनिङ शिल्ड नेपाल निजामती कर्मचारी संगठनलाई प्राप्त भएको ।

१६. २०७४/०३/०८ मा प्रदेश तथा स्थानीय तहमा समायोजनमा जाने कर्मचारलाई एक तह बढुवा, समायोजन भएका तहमा ३५ दिन भित्र हाजिर हुन नजानेलाई सेवाबाट बर्खास्त गर्ने, समायोजन भएका कर्मचारीको सवै तहमा निश्चित अवधि सरुवा गर्न सकिने व्यवस्था सहित समायोजन ऐन निर्माण होस् भनी सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष मागपत्र पेश गरिएको ।

१७. २०७४/०४/११-१६ गते संगठनको आयोजनामा साप्ताहिक सहिद स्मृति दिवसको अवसरमा हाजिरी जवाफ प्रतियोगिता, बाग्मती नदी सरसफाई लगायत अतिरिक्त क्रियाकलापसहित बृहत रक्तदान कार्यक्रम आयोजना गरेको ।

१८. २०७४/०४/११ र १६ गते सहिद मनोज, झपेन्द्र, सुरेन्द्र वि.क. को स्मृतीमा राष्ट्रिय स्तरको हाजिर जवाफ प्रतियोगिता, रक्तदान कार्यक्रम, पुरुस्कार वितरण सेवा ऐन विषयक गोष्ठी सम्पन्न,

१९. नेपाल निजामती कर्मचारी संगठनले वि.सं. २०७४ श्रावण ११ र १२ मा सञ्चालन गरेको राष्ट्रव्यापी हाजिरीजवाफ प्रतियोगितामा निम्न कार्यसमितिहरू पुरस्कृत हुनुभएको छ ।

- प्रथम - काठमाडौं जिल्ला कार्यसमिति
- द्वितीय - सार्वजनिक खरिद विभागीय कार्यसमिति

- तृतीय - बाग्लुङ र पर्बत जिल्ला कार्यसमिति
- सान्त्वना - धादिङ जिल्ला कार्यसमिति

२०. २०७४/०४/२९ मा २०७४ श्रावण २६ गतेदेखि पाँचथर, झापा, मोरङ, सुनसरी, सप्तरी, धनुषा, महोत्तरी, सिन्धुली, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, पाल्पा, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर लगायत विभिन्न जिल्लाहरूमा भईरहेको अविरल वर्षाका कारण बाढी पहिरो तथा डुवानबाट पुग्न गएको अपुरणीय क्षति, जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मृतक प्रति हार्दिक समवेदना व्यक्त गर्दै नेपाल सरकारबाट राहत उपलव्ध गराउन माग गरी प्रेस विज्ञप्ती जारी गरेको र संगठन केन्द्रबाट राहत संकलन गरी पिडित क्षेत्रमा सहयोग उपलव्ध गराइएको ।

२१. २०७४/०५/२० मा संगठन केन्द्रीय कार्यालयमा बाढी पिडित जनताको लागि राहत संकलन अभियान सहित **तीज हाम्रो मौलिक संस्कृति–विगत र वर्तमान** विषयमा अन्तरक्रिया कार्यक्रम सहित तीज कार्यक्रम सम्पन्न ।

२२. २०७४/०५/३० मा संघीय निजामती सेवा ऐनको विषयमा सुझाव संकलनका लागि अन्तरक्रिया सम्पन्न गरेको ।

२३. २०७४/०६/०५ मा वडादशैं, दिपावली, नेपाल संवत्, छठ, ईद लगायत आशन्न राष्ट्रिय चाडपर्वहरूको उपलक्ष्यमा शुभकामना आदानप्रदान र उपहार कार्यक्रम, २०७४ नतिजा सार्वजनिक गरेको ।

२४. २०७४/०६/०५ मा वडादशैं, दिपावली, नेपाल संवत्, छठ, ईद लगायत आशन्न राष्ट्रिय चाडपर्वहरूको उपलक्षमा शुभकामना आदानप्रदान र उपहार कार्यक्रम, २०७४ नतिजा सार्वजनिक गरेको ।

२५. बि.सं. २०७४/०५/०६ मा तराई मधेशका बाढीपिडितहरूलाई निम्न जिल्लामा निम्न अनुसार वितरण गरीयो :

- रौतहटमा खाद्यान्न
- महोत्तरीमा खाद्यान्न
- सप्तरीमा लत्ताकपडा

२६. २०७४/०६/०९ मा निर्वाचन आचारसंहित लागू भईसकेको अवस्थामा अर्थ, गृह, भौतिक, उर्जा, कृषि, भूमिसुधार, श्रम आदि मन्त्रालयहरूका

हजारौं कर्मचारी सरुवा गर्ने तयारीप्रति संगठनको तर्फबाट घोर निन्दा र आपत्ति गर्दै प्रेश विज्ञप्ती गरी गरिएको ।

२७. २०७४/०७/१२ बाट संगठनद्वारा सञ्चालित लोकसेवा शाखा अधिकृत तयारी कक्षा र उप सचिव तयारी कक्षा सञ्चालन गरिएको ।

२८. २०७४/१०/४ र ५ गते संगठनको तेस्रो केन्द्रीय कमिटीको बैठकले संगठन केन्द्रीय विभागका सदस्य एवं बिराटनगर-४ निवासी श्री तुलसी प्रसाद खतिवडाको धर्मपत्नी स्व. किशोरी खतिवडाको स्मृतिमा स्वर्गीय किशोरी खतिवडा स्मृति पुरस्कार सञ्चालन निर्देशिका, २०७१ लाई २०७४/०४/०१ बाट लागू हुने गरी पारित गरेको ।

२९. २०७४/१०/०५ र ६ गतेको केन्द्रीय कार्यसमितिको बैठकले संगठनको अल्पकालीन र दीर्घकालीन "नेगो भिजन" तयार गरी प्रतिवेदन पेश गर्न ललितबहादुर महर्जनको संयोजकत्वमा, शान्ति लुँइटेल, कृष्ण बहादुर केसि, विवेक घिमिरे, डा. दयाराम श्रेष्ठ, मधु मिजार र राजकुमारी खत्रि रहेको समिति निर्माण गरेको ।

३०. २०७४/१०/०९ मा पूर्वाग्रही ढंगबाट भईरहेको राजनीतिक नियुक्ति, सरुवा, बढुवा, काज लगायत विषयमा खवरदारी गर्दै ऐतिहासिक प्रतिनिधिसभा र प्रदेश सभा सदस्य निर्वाचनमा आम राष्ट्रसेवक कर्मचारीलाई खटिएको कार्यक्षेत्रमा मतदान गर्नबाट वञ्चित गरेको हुँदा दुःख व्यक्त गर्दै आगामी दिनमा हुने निर्वाचनमा यसरी कर्मचारीलाई बन्देज लगाउने गरी नीति नबनाउनका लागि प्रेस विज्ञप्ती जारी गरिएको ।

३१. २०७४/१०/०९ मा संगठन केन्द्रीय कार्यसमितिको निर्णय सार्वजनिक गर्दै कर्मचारी समायोजन गर्दा सरकारले राष्ट्रिय स्तरका ट्रेड यूनियन, आधाकारिक ट्रेड यूनियनेसँग वार्ता, छलफल गरी आम कर्मचारीको भावनालाई समेटेर मात्र अगाडि बढाई प्रदेश र स्थानीय तहका कार्यालयहरूमा कर्मचारीको अभावका कारण सेवाग्राहीलाइ पर्न गएको मर्काप्रति जिम्मेवार हुँदै तत्काल विधि बनाई केन्द्रबाट कर्मचारी खटाइ समाजमा ब्याप्त भ्रष्टाचार न्यूनीकरणका लागि संगठन सदस्य र आम कर्मचारीलाई स्वच्छ, निष्पक्ष र पारदर्शी भएर सेवा प्रदान गर्न आग्रह सहित प्रेस सम्मेलन गरीयो ।

३२. आ.व. २०७४/०७५ को बजेटमा राष्ट्रसेवक कर्मचारीहरूको लगानीमा कम्तिमा ५०० मेगावाट क्षमताको जलबिद्युत आयोजना निर्माण कार्य अगाडि बढाउने योजना आएको, कालिकोट जिल्ला स्थित फुकोट कर्णाली जलबिद्युत आयोजना निर्माण कार्य अगाडि बढेकोमा सोही आयोजनामा राष्ट्रसेवकहरूको शेयर तथा लगानी कायम गर्ने योजनाको लागि उर्जा मन्त्रालयबाट मिति २०७४/१०/१७ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मिति २०७४/०९/२६ मा बिद्युत उत्पादन कम्पनी लि.लाई पत्राचार गरेको ।

३३. नेपाल निजामती कर्मचारी संगठनको विगत २५ वर्ष देखिको माग बमोजिम नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७४/१०/२२ गतेको निर्णयबाट सहिद मनोज जोशी, सहिद झपेन्द्र कार्की र सहिद सुरेन्द्र विश्वकर्मा लाई सहिद घोषणा गरेको ।

३४. मिति २०७४/१०/२२ गते नेपाल सरकारबाट संगठनको लामो समयदेखि मागको रूपमा रहेको मनोज जोशी-झपेन्द्र कार्की, सुरेन्द्र बि.क.लाई सहिद घोषणा गर्नुपर्छ भन्ने रहेकोमा नेपाल सरकार मन्त्रिपरिषद्को बैठकबाट राष्ट्रिय सहिद घोषणा गरेको ।

३५. मिति २०७४/११/१० मा परासी पश्चिम र २०७४/११/११ मा पर्साको पर्सौनीमा शितलहरमा परेका गरीव घरपरिवारहरूलाई २३६ थान कम्वल वितरण गरेको ।

३६. २०७४/११/२४ गते १०८औं अन्तर्राष्ट्रिय महिला दिवस (८ मार्च) को अवसरमा विशेष स्कूल तथा पुर्नस्थापना केन्द्र, पेप्सीकोला, काठमाडौंमा अध्ययरत बालबालिककाको लागि रु. १०,०००।- आर्थिक सहायता गरिएको ।

३७. २०७४/१२/०२ गते नेपाल सरकारका पूर्व प्रधानमन्त्री एवं नेकपा (एमाले)का श्रद्धेय अध्यक्ष श्री के.पी.शर्मा ओली दोस्रो पटक २०७४ फाल्गुन ३ गते प्रधानमन्त्रीमा नियुक्त भएपछि संगठन साथीहरू ठूलो संख्यामा बालुवाटारमा नै गएर बधाई तथा शुभकामना दिने कार्य भयो र सम्माननीय प्रधानमन्त्रीज्यूबाट संगठनलाई महत्वपूर्ण सम्बोधन सहित निर्देशन भएको ।

३८. २०७४/१२/०३ मा संगठनबाट सम्माननीय प्रधामन्त्रीज्यू समक्ष

प्रदेशका मन्त्रालयहरूमा कनिष्ठ सहसचिवहरू लाई पठाउँदा प्रशासनिक नेतृत्व सहज नभएकोले राजपत्रांकित प्रथम श्रेणीका सहसचिवहरू मध्ये ज्येष्ठ सहसचिवलाई खटाउँदा संघीय कार्यालयका कर्मचारी र प्रदेश तहका कर्मचारीको बीच पदीय मर्यादा सहजरूपमा कायम हुने र हरेक स्थानीय तहहरूमा प्रमुख प्रशासकीय अधिकत खटाउँदा समायोजनबाट जाने कर्मचारी भन्दा ज्येष्ठ कर्मचारी मात्र खटाउनु पर्ने, निजामती सेवामा योग्य र सक्षम व्यक्तिहरू भित्र्याउन, बौद्धिक जनशक्तिलाई विदेश पलायन हुनबाट रोक्न विश्व विद्यालयको सवै क्षेत्रको पाठ्यक्रममा **सार्वजनिक प्रशासनमा सेवा प्रवेश र यसको महत्व** विषय पाठयक्रममा समावेश गर्नुपर्ने सहितका सुझाव पेश गरिएको ।

३९. २०७४/१२/१२ मा सरकारले विधिपूर्वक खटाएको तह र कार्यालयमा गई कार्य सम्पादन गर्ने कुशल निजामती कर्मचारीका कुनै द्विविधा छैन, हामी ट्रेड यूनियनका जिम्मेवार पदाधिकारी, सदस्यहरूलाई जुनसुकै कार्यक्षेत्रमा खटाइएमा जान तयार छौं तर कर्मचारी समायोजन ऐन, २०७४ अनुसार स्वैच्छिक अवकासको योजनालाई तत्काल कार्यान्वयन गर्ने माग सहितको प्रेस विज्ञप्ती जारी गरिएको ।

४०. २०७५/०१/०१ गतेबाट लागू हुने गरी सदस्यसँग कल्याण कोष सञ्चालन गरी संगठनका सदस्यहको मृत्यु भएमा रु १ लाख, अपांङ भएमा रु ५० हजार र दुर्घटना भइ घाउ चोट लागेमा रु १० हजार उपलब्ध गराउने गरी “कर्मचारी कल्याण कोष निर्देशिका २०७४” अनुमोदन भई सञ्चालनमा आएको ।

४१. २०७५/०२/१४ मा निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को व्यवस्था अनुसार ट्रेड यूनियनको व्यवस्था, संघ, प्रदेश र स्थानीय तहमा ट्रेड यूनियनको व्यवस्था, कर्मचारी समायोजन ऐन, २०७४ अनसार स्वैच्छिक अवकास योजना तत्काल कार्यान्वयन गर्न, समायोजनका लागि संघ, प्रदेश र स्थानीय तहको ओ एण्ड एम गर्दा आधिकारिक ट्रेड यूनियनको प्रतिनिधिको सहभागीतामा र प्रदेश र स्थानीय तहमा अपुग कर्मचारीलाई तत्काल खटाउन समेतको माग राखी मुख्यसचिव मार्फत सम्मानीय प्रधानमन्त्रीज्यू समक्ष ज्ञापन पत्र पेश गरिएको र सोही अनुसारको मागलाई थप दवाव दिन २०७५/०२/१५ मा निजामती क्षेत्रका राष्ट्रिय स्तरका ट्रेड यूनियनहरूद्वारा संयुक्त प्रेस

विज्ञप्ती जारी गरेको ।

४२. २०७४/११/१९ मा सुर्खेतमा कर्णाली प्रदेश स्तरीय प्रशिक्षक प्रशिक्षण तथा राष्ट्रसेवक सहकारी भेला सम्पन्न गरेको ।

४३. २०७५/०२/०९ मा संगठन सचिवालयको बैठकबाट नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) बीच पार्टी एकता भए पश्चात नेपाल निजामती कर्मचारी संगठन र नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती) बीच एकीकरण गर्नुपर्ने भएकोले सत्रौं केन्द्रीय परिषद् तथा भेला गोष्ठि र प्रशिक्षण कार्यक्रम रोक्ने निर्णय भएको ।

४४. २०७५/०३/२८ मा संघीय निजामती सेवा ऐनमा प्रस्तावित मस्यौदा उपर ट्रेड यूनियन हक अधिकार कुन्ठित नहोस, साविकको सेवा सुविधामा कटौति नहोस, स्वेच्छिक अवकाश योजना कार्यान्वयन होस, उच्च प्रशासकहरूमा स्वेच्छाचारीता र ट्रेड यूनियन आन्दोलन भित्र देखिने अराजक गतिवधि लाई अन्त्य, जनताको गुनासोको गुनासोको प्रत्याभुतिमा हामि प्रतिबद्ध छौ भनि संयुक्त ट्रेड यूनियन संजालबाट संयुक्त प्रेस विज्ञप्ती जारी गरेको ।

४५. २०७५/०४/०७ मा कमचारी समायोजन नियमावली, २०७४ अनुसार प्रदेश र स्थानीय तहको रिक्त स्वीकृत दरबन्दीमा कर्मचारी खटाउँदा कर्मचारीले रोजेको स्थानमा ज्येष्ठताको आधारमा खटाउने व्यवस्था रहेकोमा सरकारले कर्मचारी खटाउँदा सरकारले नै जारी गरेको नियमावलीलाई उल्लंघन गरी जथाभावी खटाएको प्रति आपत्ती प्रकट गर्दै सच्याउन, उच्च स्तरीय तलव आयोग गठन गर्ने, भ्रष्टाचार न्यूनीकरणको लागि संगठन सदस्यहरूलाई स्वच्छ, निष्पक्ष र पारदर्शी भएर जनसेवामा जुट्न आह्वान गदै समन्यायीक बृत्ति विकासको अवसर हुनुपर्ने, बढ्दो महंगी नियन्त्रण, कृत्रिम अभावको अन्त्य, कार्टेलिङ तथा सिण्डिकेटको अन्त्य गर्नुपर्ने सहितको प्रेश विज्ञप्ती जारी गरिएको ।

४६. २०७५/०४/२३ मा संघीय निजामती सेवा ऐन, २०७५ को मस्यौदामा निजामती सेवालाई मर्यादित, तटस्थ, गतिशील र पारदर्शी बनाउन, सार्वजनिक सेवा प्रवाहलाई अनुशासित र जनउत्तरदायी बनाउन, निजामती सेवा स्थायी सरकार हो भन्ने प्रत्याभूति गराउन, सेवा प्रवाहमा खट्ने कर्मचारीका लागि प्रजातान्त्रिक मूल्य मान्यता अनुसार

ट्रेड यूनियन अधिकारको सुनिश्चतता गर्न, निजामती कर्मचारीहरूको सरुवा, काज र खटनपटनमा देखिएको अनियमितता, लापरवाही, ढिलासुस्ती र राजनीतिक हस्तक्षेप रोक्न, अपारदर्शी व्यवहारको अन्त्य गर्न, कर्मचारीको कामको परिणामको आधारमा मूल्यांकन र मूल्यांकनको आधारमा बृत्ति विकास गर्ने गरी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून तथा न्याय मन्त्रालय, श्रम तथा रोगजार मन्त्रालयको कार्यालयसमक्ष सुझाव पेश गरेको ।

४७. मिति २०७५/४/७ मा सवै कार्यालयहरूमा सेवा व्रवाहलाई सवल, निष्पक्ष, तटस्थ र विश्वासिलो बनाउन first come first service को टोकन प्रणाली सवै कार्यालयमा online र e-service/paperless सेवा लागू गर्न र कर्मचारी समायोजन ऐन, २०७४ अनुसार तिनै तहमा तत्काल समायोजन गर्न निम्न माग राख्दै प्रेस विज्ञप्ती जारी

४८. भ्रष्टाचार न्यूनीकरणका लागि संगठनका सदस्य र आम कर्मचारीहरूलाई स्वच्छ, निष्पक्ष, पारदर्शी भएर जनसेवामा लाग्न सदस्यहरूलाई आग्रह,

४९. बढ्दो महंगी नियन्त्रण गर्ने, कृत्रिम अभावको अन्त्य गर्ने, कार्टेलिङ तथा सिण्डिकेटको अन्त्य गर्न,

५०. कर्मचारी समायोजन पूर्व स्थानीय र प्रदेशमा काजमा कर्मचारी खटाउँदा भएको अनियमितता र पूर्वाग्रही तत्काल सच्याउन,

५१. २०७५/०४/३० मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिव ऋशिराज आर्चाय प्रति संगठनका उपाध्यक्ष जीवन बहादुर भण्डारीले २०७५ श्रावण २७ गते गरेको अभद्र व्यवहार प्रति संगठनको गम्भिर ध्यानाकर्षण भएको र सरकारी जिम्मेवार पदाधिकारीसँग अभद्र व्यवहार गर्ने संगठनको कुनै पनि नीति नरहेको व्यहोराको प्रेस विज्ञप्ती प्रकाशन गरेका ।

५२. मिति २०७५/४/३१ मा राष्ट्रिय स्तरको ट्रेड यूनियनको सञ्जालबाट संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले लोकसेवा आयोगबाट हुन लागेको विज्ञापनलाई तत्काल रोक्ने निर्णयका विरुद्ध प्रेस विज्ञप्ती,

५३. मिति २०७५/८/४ मा नेपाल निजामती कर्मचारी संगठनको अगुवाईमा

नेपाल निजामती कर्मचारी यूनियन, राष्ट्रिय कर्मचारी संगठन निजामती, मधेशि निजामती कर्मचारी मञ्चको सहभागीतामा कर्मचारी समायोजना ऐन अध्यादेश, २०७५ को कार्यान्वयनको लागि हुनुपर्ने विषयका लागि सहमती गरी अन्तर ट्रेड यूनियन सञ्जालबाट २२ बुँदाको सहमती भई आधिकारिक ट्रेड यूनियन मार्फत नेपाल सरकारलाई मागपत्र पेश ।

५४. मिति २०७५/९/१ मा,कर्मचारी समायोजन गर्दा तीन तहमै श्रेणीगत वा तहगत प्रणाली एकरूपताबाट हुनुपर्ने, समायोजन गर्दा राजपत्र अनंकित प्रथम श्रेणीलाई मात्र सेवा प्रवेशको निमित्त आवश्यक पर्ने शैक्षिक योग्यता राखीएकोमा सो हटाउनु पर्ने सहित माग रीख प्रेस विज्ञप्ती जारी भएको,

५५. स्थानीय तहमा समायोन भएर जाने कर्मचारीहरूबाट प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिने सुनिश्चितता गरीयोस्,

५६. स्वास्थ्य सेवाका कर्मचारीलाई प्रदेश र स्थानीय तहमा समायोजन गर्दा एक तह बृद्धि गरीयोस्,

५७. श्रेणी बिहिन कर्मचारीलाई न्यूनतम शैक्षिक योग्यता तोकि राजपत्र अनंकित द्वितीय श्रेणीमा समायोजन गरीयोस्,

५८. साविकका स्थानीय तहमा नियुक्त कर्मचारीलाई पनि समायोजन गर्दा एक तह बृद्धि सहित समायोजन गरियोस्,

५९. मिति २०७५/९/१३ मा निजामती कितावखानाबाट व्यक्तिगत विवरण अद्यावधिक नगराई, ट्रेड यूनियनले माग राखेको विषयहरूलाई सम्बोधन नगरी, कर्मचारी दबन्दीको विवरण सार्वजनिक नगरी, समायोजित भएको तहमा निश्चित अवधिकार्य सम्पादन गरीसकेपछि सवै तहमा सरुवा हुन पाउने व्यवस्था नगरी, जवरजस्ती संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समायोजनको प्रक्रिया अगाडि बढाईएको प्रति र आन्दोलनको लागि छ सदस्यीय कार्यदल समेत गठन गर्दै विरोधको विज्ञप्ती,

६०. कालिकोट जिल्लाको पलाँता गाउँपालिकामा आगोलागिबाट पिडित परिवारलाई रु ५० हजार सहयोग उपलब्ध गराइएको ।

६१. मिति २०७५/०९/२९ मा २०७५ पौष २७ र २८ भरतपुर चितवनमा पाँचौं केन्द्रीय कार्यसमितिको बैठक सम्पन्न गरेको, कार्यक्रममा प्रमुख

अतिथि उपप्रधानमन्त्री तथा रक्षा मन्त्री ईश्वर पोखरेल, माननीय कृष्णभक्त पोखरेल, मा. किसान बहादुर श्रेष्ठ, माननीय पार्वती रावल, माननीय विजय सुवेदी, प्रजिअ श्री जितेन्द्र बस्नेत देखि देवी ज्ञवाली, जे.एन. थपलिया, आधिकारिक ट्रेड यूनियनका अध्यक्ष श्री पुण्य प्रसाद ढकाल, पेशागत महासंघ नेपालका महासचिव श्री विष्णु लामिछाने समेतको सहभागीता रहेको बैठकले गरेका निम्न निर्णयहरू प्रेस विज्ञप्ती मार्फत सार्वजनिक गरिएको,

- संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन, स्थानीय निजामती सेवा ऐन तत्काल जारी गर्नुपर्ने,
- समायोजनमा जाने कर्मचारीहरूलाई एक तह बढुवा गर्नुपर्ने,
- ज्येष्ठताको सूची र दरबन्दीको सूची प्रकाशन गरेर मात्र समायाजनको सूचनाको विज्ञापन हुनुपर्ने,
- श्रेणिविहीन कर्मचारीहरूलाई शैक्षिक योग्यताको आधारमा राजपत्र अनंकित द्वितीयमा बढुवा गरी समायोजन गर्नुपर्ने,
- प्रदेश र स्थानीय तहमा समायोजन भएकालाई निश्चित सेवा अवधि पश्चात अर्को तहमा सरुवा हुन पाउनुपर्ने,
- स्थानीय तहमा समायोजन भएर गएका मध्ये ज्येष्ठ कर्मचारीलाई प्रमुख प्रशासकीय को जिम्मेवारी दिनुपर्ने,
- समायोजन पश्चात पनि निजामती कर्मचारीको सेवा सर्त र सुविधा विद्यमान निजामती सेवा ऐन तथा स्वास्थ्य सेवा ऐन अनुसार हुनुपर्ने,
- तलब, भत्ता, उपदान, निवृत्तिभरण, पारिवारिक वृत्ति, उपचार खर्च लगायतका कुराहरू समायोजनबाट प्रदेश र स्थानीय तहमा समायोजन हुनेको हकमा साविकको सुविधा तथा सर्तमा कुनै कटौती हुनु नहुने,
- राजपत्र अनंकित प्रथम श्रेणीबाट प्रदेश र स्थानीयमा समायोजन हुनेको मात्र शैक्षिक योग्यता राख्न नहुने,
- राजपत्र अनंकित प्रथम श्रेणीबाट राजपत्रांकित तृतियमा आन्तरिक पतिष्पर्धा राख्नुपर्ने,
- विश्वविद्यालयबाट सर्वोकृष्ट प्रतिभाशाली (गोल्ड मेडललिस्ट) हरू विच प्रतिर्ष्धा गराई सेवा प्रवेशको व्यवस्था गर्नुपर्ने

- सेवाग्राहीलाई सेवा प्रवाहमा टोकन प्रणाली लागू गर्नुपर्ने,
- गलत नीति निर्माण गर्ने र कार्यान्वयन प्रक्रियामा हुने भ्रष्टाचारलाई कारवाहीको दायरामा ल्याई शून्य सहनसिलताको नीति अपनाउनुपर्ने,
- कार्यसम्पादनमा आधारीत प्रोत्साहन प्रणाली सबै कार्यालयमा लागू गर्नुर्ने,
- बैदेशिक तालिम, अध्ययन, अवलोकन, मनोनयन पारदर्शी, निष्पक्ष, समावेशि बनाउनुपर्ने
- सबै कार्यालयका प्रमुखहरूलाई कार्य सम्झौता गरी गराई कार्य सम्पादनको बैज्ञानिक मूल्यांकनबाट नम्बर दिई सोहि आधारमा बढुवाको व्यवस्था लागू गर्नुपर्ने,

६२. २०७५/०९/३० मा प्रदेश नं. २ का आर्थिक मामिला तथा योजना मन्त्री माननीय विजय यादवबाट उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव श्री बिद्यानाथ झामाथि २०७५ पौष २९ गते गम्भीर दुर्व्यवहार, हातपात र कुटपिट गरेको निन्दनीय कार्यको विरोध तथा कारवाहीको माग गर्दै प्रेस विज्ञप्ती जारी गरिएको ।

६३. २०७५/१०/०१ मा समायोजन भई जाने तहको सेवा सञ्चालन ऐन जारी नभई कर्मचारी समायोजन गर्ने प्रक्रिया थालनी नगरियोस, समायोजन गर्दा तीनै तहमा श्रेणीगत वा तहगत समान रूपले लागू गरियोस । स्वतन्त्र विज्ञहरूको संलग्नतामा कार्यदल बनाई संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्य गरियोस, साविक स्थानीय तह तथा स्वास्थ्य सेवा ऐन अनुसार नियूक्ती भएका कर्मचारीहरूको प्रदेश र स्थानीय तहमा समायोजन हुँदा एक तह बढुवा सहित समायोजन होस, राजपत्र अनंकित प्रथम श्रेणीबाट छैठौं तहमा समायोजन हुनेलाई मात्र शैक्षिक योग्यताको मापदण्ड राखिँदा विभेद सृजना भएको समेत भन्दै प्रेस विज्ञप्ती जारी गरिएको ।

६४. २०७५/१०/१७ मा मालपोत कार्यालय सुर्खेतका नायव सुब्बा नर बहादुर घर्तीमाथि २०७५ माघ १६ गते भएको अमानवीय घटना प्रति दुख र खेद प्रकट गर्दै अपराधिक गतिविधिमा संलग्न हुनेलाई हदै सम्मको कारवाही गर्न माग राख्दै प्रेस विज्ञप्ती जारी गरेको,

६५. २०७५/१०/२३ मा संघीय निजामती सेवा ऐन, २०७५ मा समावेश गर्नुपर्ने विषयको १८ वटा वुदाँमा नेपाल सरकारका मुख्य सचिवलाई लिखित रूपमा बुझाइ छलफल समेत गरियो ।

६६. २०७५/१२/१२ मा डोल्पाको त्रिपुरासुन्दरी नगरपालिकामा कार्यरत नायव सुब्बा हिराचन्द्र धरालालाई २०७५ चैत्र ५ गतेका दिन सवारी चालकहरूको उदण्ड समूहले गरेको कुटपिट तथा दुर्व्यहारप्रति खेद प्रकट गर्दै अपराधिलाई हदै सम्मको कानूनी कारवाही गर्न सरकारसँग माग गर्दै प्रेस विज्ञप्ती जारी गरिएको,

६७. २०७५/१२/२० मा २०७५ चैत्र १७ गते साँझमा आएको हावाहुरी र असिना पानीका कारण वारा जिल्लाका विभिन्न स्थानमा गरी २८ जनाको मृत्यु र ६७८ जना घाइते भएको हुँदा मृतकप्रति श्रद्धाञ्जली, परिवारजनमा समवेदना र घाइतेलाई सिघ्र स्वास्थ्य लाभको कामना गर्दै पिडित परिवारमा राहत उपलब्ध गराउन सरकारसँग माग गर्दै प्रेश विज्ञप्ती जारी गरिएको,

६८. २०७६/०१/१५ मा आ.व. २०७६/७७ को बजेटमा राष्ट्रसेवक कर्मचारीहरूको सरोकार बजेटमा समावेश गर्नुपर्ने विषयमा शहरी विकास विभागको सभाहलमा कार्यशाला गोष्ठि सम्पन्न गरेको ।

६९. २०७६/०२/१५ मा अर्थमन्त्री माननीय युवराज खतिवडाबाट प्रस्तुत आ.व. २०७६/०७७ को बजेटबाट राजपत्र अनंकित कर्मचारीलाई सुरु स्केलको २० प्रतिशत र अधिकृत तहको लागि १८ प्रतिशत तलव बृद्धि, कार्य सम्पादन मूल्यांकनको आधारमा कर्मचारीको सरुवा, बढुवा र सजायको व्यवस्था, राष्ट्रसेवक कर्मचारीहरूको शेयर लगानीमा जलविद्युत आयोजना निर्माण, सवै प्रदेशमा निजामती दिवा शिशु स्याहार केन्द्रको स्थापना, प्राविधिक कर्मचारीहरूको लागि इञ्जिनियरिङ स्टाफ कलेजको स्थापना, स्वास्थ्य स्वंसेविकाहरूका लागि वार्षिक तीन हजार यातायात खर्च, तीनै तहमा आर्थिक अनुशासन काम गर्न एकीकृत लेखा प्रणालीको विकास, बृद्धभत्तामा रु. १,०००।- बृद्धि लगायतको विषयको स्वागत र धन्यवाद दिंदै प्रेश विज्ञप्ती जारी गरिएको ।

७०. २०७६/०३/२६ र २७ गते अविरल वर्षाका कारण बाढि पहिरो बाट पिडित परिवारलाई सहयोग गर्न नेपाल सरकारले खोलेको बैंक खाता

"प्रधानमन्त्री दैवी प्रकोप उद्धार" कोषमा रु. २ लाख जम्मा गरेको ।

७१. नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्य समिति अर्घाखाँचीले सन्धीखर्क नगरपालिका वडा नं. ६ को नरपानीमा करिब १ करोड ५० लाखमा निर्माणाधीन सहिद मनोज, झपेन्द्र, सुरेन्द्रको नाममा स्मृती पार्क निर्माण गर्न लागेकोमा संगठन केन्द्रको तर्फबाट रु १ लाख २५ हजार सहयोग उपलब्ध गराइयो,

७२. २०७६/०३/२८ मा २०७६ असार २६ गतेदेखि मूलुकभर अविरल बर्षाको कारण घनजनको क्षति हुन पुगेको प्रति दुःख व्यक्त गर्दै पिडित परिवारलाई उचित राहत प्रदान गर्न सरकारसँग माग राख्दै संगठनका पदाधिकारी तथा सदस्यहरूले आ-आफ्नो क्षेत्रमा उद्धार तथा राहत संकलन तथा वितरण कार्यमा जुट्न आह्वान सहित प्रेस विज्ञप्ती जारी भएको ।

७३. वि.सं. २०७६ श्रावण १५ गते नेपाल निजामती कर्मचारी संगठन यो कार्यकालको सर्वोत्कृष्ट कार्यसमिति सुनसरी जिल्लालाई घोषणा गरिएको छ ।

७४. २०७६/०५/०७ मा बाढी पहिरो पिडित उद्धारका लागि नेपाल सरकारले स्थापना गरेको "प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष"मा संगठनको तर्फबाट रु. २,००,०००।- सहयोग गरेको ।

७५. २०७६/०५/०८ मा "चेतना दीप बालेर उज्यालोलाई खोजौं, विकृती सारा त्यागेर सरल सस्कृती रोजौ" भन्ने मूल नाराका साथ भूमी व्यवस्था, सहकारी तथा गरीवि निवारण मन्त्रालयका माननिय मन्त्री पद्मा कुमारी अर्यालको प्रमुख आतिथ्यतामा एक हजार भन्दा बढि महिला कर्मचारी साथीहरूको सहभीगतामा भब्य रूपमा शुभकामना आदान प्रदान, सम्मान एवं विविध सास्कृतिक कार्यक्रम सम्पन्न गरिएको ।

७६. २०७६/०६/१२ गते वडादशैं, तिहार, नेपाल संवत् ११४० (नयाँवर्ष), छठ, ईद, ल्होसार लगायत आशन्न राष्ट्रिय चाडपर्वहरूको उपलक्षमा शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न र संगठन उपहार कार्यक्रम, २०७६ को नतिजा सार्वजनिकीकरण कार्यक्रम सम्पन्न ।

७७. २०७६/०६/१६ मा असोज १३ गते मुगु जिल्ला सोरु गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री परशुराम उपाध्यायलाई कार्यस्थलतर्फ जाने क्रममा सोरु गाउँपालका वडा नं. ७ तारापानीमा अज्ञात समूहद्धारा

सांघातिक आक्रमण गरी गम्भीर घाइते बनाइएकोमा घोर निन्दा र आपती जनाउँदै अपराधिक समूहलाई हदैं सम्मको कारवाही गर्न नेपाल सरकारसँग माग राख्दै प्रेस विज्ञप्ती निकालेको ।

७८. २०७६/०६/२६ गते तीजको शुभकामना आदान-प्रदान सहित तीज विशेष कार्यक्रममा नेपाल सरकार, भूमिसुधार तथा व्यवस्थापन मन्त्री माननीय पद्मा अर्यालको प्रमुख आतिथ्यतामा १,००० भन्दा बढी महिला कर्मचारीको सहभागीतामा संगठन केन्द्रीय महिला विभागको व्यवस्थापनमा कार्की व्यांकेट बबरमहलमा सम्पन्न ।

७९. २०७६/०६/२४ मा खोलिएको संगठनको उपहार कार्यक्रममा ९७,४८०|०० प्रति बिक्रि भएको ।

८०. २०७६ साल असोज महिनामा संगठनद्वारा सञ्चालित लोकसेवा आयोगको शाखा अधिकृत तयारी कक्षामा १०७ जना र उप-सचिव तयारी कक्षामा ५५ जना प्रशिक्षार्थीहरू सहभागी रहनु भएको, उक्त तयारी कक्षा सञ्चालनमा शरण कुमार गुरुङ, नारायण बहादुर थापा, गणेश प्रसाद आचार्य र देवी कुमारी पराजुली रहनु भएको थियो ।

८१. २०७६/०९/१९ मा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६ पुस १६ गतेको सचिवस्तरको निर्णयबाट “अर्को व्यवस्था नभएसम्म राजपत्र अनंकित तथा श्रेणीविहीन पदहरूको पद रिक्त भएपनि हाललाई माग आकृती फाराम भरी लोकसेवा आयोगमा पठाउने कार्य नगर्न हुन” भनी पत्राचार भएको विरुद्ध प्रेस विज्ञप्ती निकालेको र सो निर्णय बदर गर्न दवाव सृजना गरेको,

८२. २०७६/११/०८ मा संघीय निजामती सेवा ऐन कर्मचारी पक्षीय नबनाउने गरी संसदको राज्य व्यवस्था तथा सुशासन समितिबाट पास भएपछि विरोधमा आन्दोलन गर्न संगठनको वरिष्ठ उपाध्यक्षको संयोजकत्मा सवै उपाध्यक्षहरू, महासचिव सदस्य भएको कर्मचारी आन्दोलन परिचालन कमिटी गठन गरी आन्दोलन तयारीका लागि निम्न अनुसारका भेला र ज्ञापन पत्र बुझाउने कार्य सम्पन्न गरेको,

- २०७६ फाल्गुन ०८ गते अगुवा संगठकहरूको उपत्यका स्तरीय भेला सम्पन्न,
- २०७६ फाल्गुन १७ गते सबै प्रदेशमा प्रदेश स्तरीय भेला सम्पन्न,

- उक्त अभियान विभिन्न प्रदेशमा खटिनु भएका केन्दीय प्रतिनीधिहरू

  १. **प्रदेश नं**. १ः भोलानाथ पोखरेल, जयराम श्रेष्ठ, चेतनाथ न्यौपाने, जेवी राइ र गणेश आचार्य

  २. **प्रदेश नं**. २ः केदार प्रसाद देवकोटा, भागवत यादव, युवाचन्द्र घिमिरे, वेद प्रसाद खतिवडा

  ३. **बागमती प्रदेश**ः भवानी दहाल, बैकुण्ठ गरागाई, भवानी खतिवडा र सीता गुरुङ

  ४. **गण्डकी प्रदेश**ः लेखनाथ कोइराला, गोमा घिमिरे, बखत बहादुर खड्का

  ५. **प्रदेश नम्वर ५**ः रेवन्त गौतम, राजेन्द्र श्रेष्ठ, केदार कुमार अधिकारी

  ६. **कर्णाली प्रदेश**ः पुण्य प्रसाद ढकाल, जीवन भण्डारी र प्रयागराज शर्मा

  ७. **सुदूरपश्चिम प्रदेश**ः विष्णु प्रसाद लामिछाने, जयदेव जोशी, रामचन्द्र अधिकारी

८३. २०७६/११/०८ मा संघीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय निजामती सेवा ऐन जारी गर्दा विद्यमान निजामती सेवा ऐन अनुसार पाउदैं आएको सेवा सुविधामा कटौती नहुने गरी र अन्य विषयमा नेपाल निजामती कर्मचारी संगठनले उपलब्ध गराईएको सुझाव बमोजिम समावेश गराई जारी हुनु पर्ने र संगठनको सुझाव अनुसार संघीय निजामती सेवा ऐन नआएमा देश भरिबाट आन्दोलन गर्न आन्दोलन तयारी समिति गठन गरी सकिएको हुँदा निम्नानुसारको आन्दोलन जागरण कार्यक्रम सम्पन्न गरेको ।

- २०७६ फाल्गुन ८ गते उपत्यका स्तरीय भेला सम्पन्न गरेको,
- २०७६ फाल्गुण १७ गते सबै प्रदेशका राजधानीमा प्रदेश स्तरीय भेला सम्पन्न गरेको,
- २०७६ फाल्गुन २१ गते उपत्यका विभागीय कार्यसमिति र केन्द्रबाट मुख्य सचिव मार्फत र ७७ वटै जिल्लामा प्रमुख

जिल्ला अधिकारी मार्फत जिल्ला कार्य समितिले नेपाल सरकारलाई ज्ञापन पत्र बुझाउने कार्य सम्पन्न गरेको,

८४. २०७६/११/२१ गते उपत्यकामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसंघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, र जिल्ला प्रशासन कार्यालयहरूमा देशभरका कार्यसमितिबाट ज्ञापनपत्र बुझाउने कार्य सम्मपन्न भएको ।

८५. २०७६/११/२३ मा नेपाल निजामती कर्मचारी संगठनले नयाँ निर्माण हुने संघीय निजामती सेवा ऐनमा समावेश गर्ने सुझावहरू नवनियूक्त संघीय मामिला तथा सामान्य प्रशासन मा. मन्त्री गणेश ठगुन्नालाई सुझाव पत्र सहित विषयबस्तलाई प्रष्ट पार्ने कार्य गरीयो,

८६. २०७६ को बाढि पहिरोमा नेपाल निजामती कर्मचारी संगठनको सम्बन्धित जिल्ला कार्यसमिति मार्फत निम्न सहयोग रकम उपलब्ध गराइएको,

- म्याग्दीमा रु. ४०,०००/-
- बाग्लुङमा रु. ४०,०००/-
- जाजरकोटमा रु ४०,०००/-
- बाजुरामा रु  ४०,०००/-
- कालिकोटमा रु ४०,०००/-

८७. संगठन केन्द्रीय कार्यसमितिबाट निजामती कर्मचारीहरूको आधिकारीक ट्रेड यूनियनको केन्द्रमा प्रतिनिधित्व गर्नुहुने अध्यक्षदेखि सदस्यसम्म ११ जना पदाथिकारी सदस्यलाई संगठन केन्द्रबाट संघीय निजामती सेवा ऐनमा समावेश गर्ने विषयहरू आधिकारीक ट्रेड यूनियनको बैठकमा एजेन्डा बनाउन, सम्बन्धित निकायमा पेश गर्न, वार्ता सौदावाजी गर्न र दबाव सिर्जना गर्न समेत  निर्देशनात्मक पत्राचार गरेको ।

८८. २०७७/०१/१४ मा नेपाल सरकारले कोरोना रोकथाम, नियन्त्रण र उपचारको लागि सहयोग संकलन गर्न आव्हान गरी कोरोना रोकथाम नियन्त्रण र उपचार कोष स्थापना गरेको हुँदा नेपाल निजामती कर्मचारी संगठनबाट सहयोग स्वरूप रु ५ लाख उपलब्ध गराएको ।

८९. २०७७/०३/१० मा संघीय निजामती सेवा ऐनमा राष्ट्रिय स्तरको

ट्रेड यूनियन र आधिकारिक ट्रेड यूनियनको व्यवस्था, ट्रेड यूनियनको सामूहिक सौदाबाजी र सामाजिक सम्वांद गर्न पाउने प्रावधान सहितको ट्रेड यूनियन अधिकार यथावत सहित संघ, प्रदेश र स्थानीय तहमा समेत यसै अनुसारको ट्रेड यूनियम रहने र अन्तर तह ट्रेड यूनियन वीच अन्तर सम्बन्ध हुने गरी व्यवस्था होस् भनी ट्रेड यूनियन सञ्जालबाट निम्न विषय सहितको प्रेस विज्ञप्ती जारी भएको,

- सरुवा प्रणाली स्वचालित, चक्रिया र पूर्वानुमान योग्य, प्रदेश र स्थानीय तहमा समायोजन भई कार्यरत कर्मचारीको निश्चित समयावधी पश्चात संघमा सरुवा हुने व्यवस्था हुनुपर्ने,
- निजामती कर्मचारीको परिभाषामा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई समेत समेटनु पर्ने,
- संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई संघीय निजामती सेवाको पदमा प्रतिस्पर्धा गर्दा उमेरको हद नलाग्ने व्यवस्था हुनुपर्ने ।

९०. २०७७/०३/१५ मा निजामती कर्मचारीहरूको राष्ट्रिय स्तरका ट्रेड यूनियन र आधिकारीक ट्रेड यूनियनका सम्बन्धमा अहिलेको व्यवस्थामा कुनै कटौती नहुने र अझ राम्रो व्यवस्थित हुने भनी २०७५ भाद्र २२ गते निजामती सेवा दिवस मूल समारोह कार्यक्रममा सम्मानीय प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नुभएको सम्वोधनलाई पुनः स्मरण गराउँदै संघीय निजामती सेवा ऐन निर्माणमा अन्य थप विषय बस्तुहरू समेत समावेश गर्न अनुरोध गर्दै ट्रेड यूनियनको सञ्जालबाट मिति संयूक्त प्रेस विज्ञप्ती निकालेको,

९१. २०७७/०५/१५ मा निजामती कर्मचारीको परिभाषामा संघीय कानून बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका राष्ट्रिय कितावखानाबाट संकेत नं. प्राप्त गरेका कर्मचारीलाई समेट्नु पर्ने कर्मचारी सरुवा प्रणालीलाई स्वचालित, चक्रिय र पुर्वानुमान योग्य बनाउनु पर्ने, सबै तहमा ट्रेड यूनियन अधिकार कायम हुनुपर्ने सहितको मागहरू राखी ट्रेड सञ्जालबाट प्रेश विज्ञप्ती जारी गरेको ।

९२. २०७७/०८/१२ मा २०७७ मंसिर २७ गते निर्धारण गरेको निजामती कर्मचारीहरूको अधिकारिक ट्रेड यूनियनको निर्वाचन मन्त्रिपरिषदको

मिति २०७७ मंसिर १०  गतेको निर्णयबाट स्थगित गरिएकोमा आपत्ति व्यक्त गर्दै विज्ञप्ती प्रकाशित गरिएको,

९३. २०७७/०९/१८ मा "संघीय निजामती सेवा ऐन निर्माणमा कर्मचारीका सवाल" विषयक छलफल कार्यक्रम सम्पन्न गरेको ।

९४. २०७८/०२/१९ मा नेकपा एमालेका श्रद्धेय पार्टी अध्यक्ष केपी शर्मा ओलीको सरकारले आ.व. २०७८/०७९ को बजेट मा. उपप्रधान तथा अर्थ मन्त्री विष्णु प्रसाद पौडेलबाट संसदमा पेश हुँदा सबै कर्मचारीलाई रु. २ हजार समान रूपमा तलब वृद्धि, दश दिनको थप भत्ता सुविधा सहित आन्तरिक पर्यटन काजको व्यवस्था, निजामती कर्मचारीका छोराछोरीलाई रु ५ लाख सम्मको सन्तती छात्रवृत्ति, कर्मचारीलाई रु १० लाख सम्मको सामुहिक दुर्घटना बीमा, रु १ लाख बराबरको स्वास्थ्य बीमा, राष्ट्रसेवकहरूलाई सहुलियत दरमा आवास सुविधा प्रदान गर्ने, कर्मचारी संचय कोष र नागरीक लगानी कोषबाट  सबै प्रदेशमा सामुहिक आवास निर्माण कार्यक्रम, सबै प्रदेशमा निजामती अस्पताल, निजामती कर्मचारीका लागि निजामती अस्पतालमा निश्चित शैया (बेड) को सुनिश्चिता, सबै प्रादेशिक अस्पतालमा कर्मचारीलाई स्वास्थ्य उपचारको सुविधा, कोभिड नियन्नत्रण रोकथाम र उपचारमा संलग्न चिकित्स्यक, स्वास्थ्य कर्मी, नर्स, सफाई कर्मचारी र अग्रपंतिमा खट्ने सुरक्षा कर्मीलाई ५० प्रतिशत कोभिड भत्ता, स्वास्थ्य स्वयमसेविकालाई पाउँदै आएको भत्तामा सत प्रतिशत थप गरी रु १२ हजार कायम, नेपाली सेना, जनपथ प्रहरी र शसस्त्र प्रहरीको राशन भत्तामा १५ प्रतिशत बृद्धि, निवृत्तिभरणको आयमा लाग्ने २५ प्रतिशत करमा छुट, लोकसेवा आयोगबाट एउटा पदको वर्षमा एकपटक मात्र विज्ञापन हुनेमा अब देखि दुई पटक सम्म विज्ञापन गरी पदपुर्ति गर्नुपर्ने व्यवस्था बजेटमा भएकोले नेपाल सरकारलाई धन्यवाद दिदैं प्रेस विज्ञप्ती जारी गरेको,

९५. २०७८/०५/१६ मा लोकसेवा आयोगले राजपत्रांकित तृतीय श्रेणी शाखा अधिकृत पदको लागि नेपाल सरकारको मागअनुरूप विज्ञापन प्रकाशन गरी परीक्षाको विभिन्न चरणका पूरा भई सिफारिसको नतिजा प्रकाशन गर्ने तयारी रहेको अवस्थामा, स्थानीय र प्रदेशमा समायोजन भएका कर्मचारीलाई सर्वोच्च अदालतको अन्तरीम आदेशले लोकसेवा आयोगलाई विज्ञापनको दरबन्दीको संख्या घटाई सिफारिस गर्न र

अन्तरिम आदेशले संघमा फिर्ता हुने कर्मचारीलाई सो दरबन्दीमा कायम गर्ने भन्ने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत दिएको आदेशका सम्बन्धमा कर्मचारी संगठनले निम्न धारणहरू प्रस्तुत गर्दै प्रेस विज्ञप्ती जारी गरेको र संगठनको अगुवाइमा ट्रेड यूनियन संजालबाट समेत संयूक्त प्रेस विज्ञप्ती सार्वजनिक गरेको,

- समायोजन ऐन बमोजिम संघमा समायोजन भई हाल कार्यरत सम्पूर्ण कर्मचारीहरूको वृत्ति विकासमा असर नपर्ने गरी प्रक्रिया अगाडि बढाउनु पर्ने,
- लोकसेवा आयोगले २०७६ र ७७ मा प्रकाशित गरेको विज्ञापनका सबै पदहरू कटौती नगरी अविलम्ब नतिजा प्रकाशित गर्नुपर्ने,
- सर्वोच्च अदालतको अन्तरिम आदेश अनुसार स्थानीय र प्रदेशमा समायोजन भएका कर्मचारी अन्तरिम आदेश अनुसार संघमा फिर्ता भई आउने लाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा राखी कामकाज लगाउने व्यवस्था गर्नुपर्ने ।

९६. २०७८/०६/०२ मा केन्द्रीय कार्य समितिको आठौं बैठकबाट नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको बैठकको दुई तिहाई बहुमतको निर्णय साथ संगठनबाट आधिकारिक ट्रेड यूनियनको अध्यक्ष पद १ वर्ष देखि रिक्त रहेको र उपाध्यक्ष भोलानाथ पोखरेल, कोषाध्यक्ष सिन्धु कुमारी पाण्डे, सदस्य कुमार प्रसाद तिमिल्सेना, लेखनाथ कोइराला, जीवन काफ्ले, गोविन्द अधिकारी, खेमलाल अधिकारी, सवालाल मण्डललाई फिर्ता बोलाई सोको रिक्त स्थानमा समते गरी अध्यक्षमा केदार प्रसाद देवकोटा, उपाध्यक्षमा जीवन काफ्ले, कोषाध्यक्षमा रेणुका के.सी., सदस्यहरूमा क्रमश नौतम पोखरेल, ललिक बहादुर महर्जन, कृष्ण कुमार के.सी., विवेक घिमिरे, तेज प्रसाद निउरे, नर बहादुर थापा र लक्ष्मी देवि भुषाललाई पठाइएकोमा राजनीतिक पूर्वाग्रहका कारण सफत ग्रहण हुन नसकेको ।

९७. २०७८/०६/०२ गते देशभरका जिल्ला विभागीय अध्यक्ष, राष्ट्रसेवक सहकारीका अध्यक्षहरू, आधिकारीक ट्रेड यूनियनका जिल्ला विभागीय प्रतिनिधित्व गर्ने आधिकारिक ट्रेड यूनियनका अध्यक्षहरू वा प्रतिनिधिहरू,

संगठन जिल्ला विभागियका सचिवहरू समेतको उपस्थितीमा राष्ट्रिय भेला सम्पन्न गरीया, भेलामा प्रमुख अतिथी पूर्व प्रधानमन्त्री तथा नेकपा एमालेका श्रद्धेय अध्यक्ष केपी शर्मा ओली, विशेष अतिथि पार्टीका तत्कालीन महासचिव ईश्वर पोखरेल, तत्कालीन स्थायी समिति सदस्य राम बहादुर थापा बादल, स्थायी समिति सदस्य तथा लुम्बिनी प्रदेशका पूर्व मख्यमन्त्री शंकर पोखरेल, केन्द्रीय सदस्य लालबाबु पण्डित, महेश बस्नेत सहितका नेताहरू, पेशागत महासंघका संयोजक बाबुराम थापा, सहसंयोजक दयाराम खत्री सहितका नेताहरूको उपस्थितीमा थियो। करिब ७०० जनाको उपस्थितिमा कार्की ब्यांकेट बबरमहलमा सम्पन्न उक्त कार्यक्रम नेपाल राष्ट्रिय कर्मचारी संगठन (निजामती) का केन्द्रीय कमिटीका उपाध्यक्ष अम्बिका धमला र महासचिव प्रभास प्रसाद शाहको नेतृत्वमा करिब ८० जना पदाधिकारी सदस्यहरू नेपाल निजामती कर्मचारी संगठनमा एकताको भाव सहित नेपाल निजामती कर्मचारी संगठनमा समाहित हुनु भएको थियो भने ५७ जना पदाधिकारी सदस्यहरूलाई ११ राष्ट्रिय अधिवेशन आयोजक समितिमा समावेश गरिएको छ। भेलाले ८८ बुदाको घोषणा पत्र जारी गरेको थियो।

९८. प्रत्येक श्रावण १५ गते सहिद दिवसको उपलक्ष्यमा हाजिर जवाफ प्रतियोगिता, रक्तदान तथा मूल कार्यक्रमको रूपमा अन्तक्रिया कार्यक्रम सहित सहिद दिवसको कार्यक्रम सम्पन्न गरीयो,

९९. केन्द्रीय कार्यसमितिको आठौं बैठकमा समावेश नभई केही अराजक व्यक्तिहरूले गलत मनसाय राखी केही इमान्दार व्यक्तिहरूलाई समेत भम्रमा पारी छुट्टै संगठन निर्माण गर्यौं भन्दै २०७८ असोज ४ गते संगठनको केन्द्रीय कार्यालयमा पद वहालीको नमममा केही भुन्डहरू आई संगठनको गेटमा ढुंगामुडा गरेको, गलत खालका नारा जुलुस लगाएको र परमादेशबाट गठिन ४ दलिय गठबन्धनको सरकारले शक्तिको चरम दुरूपयोग गरी हामी संगठनका अध्यक्ष सहित ६४ जना पदाधिकारी सदस्यहरूलाई पक्राउ गरी सिंहदरवार प्रहरी कार्यालयमा लाने कार्य गर्‍यो, गेट खोल्न नदिन प्रहरीहरू सुरक्षार्थ समेत खटाउने कार्य गर्‍यो। त्यस पछि हाम्रो संगठनको नियमित कार्यमा केही असहजता प्राप्त भयो। संगठनको ढोका खोल्न संगठनले पटक पटक पहल गर्‍यो, प्रहरीसँग मुठभेड

पटकपटक भयो । प्रशासनिक र राजनितीक प्रयासहरू पटकपटक गरीयो , ४ महिना १३ दिन पछाडि संगठन आफ्नै बलबुतामा प्रयासमा २०७८ माघ १७ गतेबाट कार्यालय खोली हाल नियमित कार्यालय सञ्चालन गरिएको छ,

१००. संगठनको कार्यालयमा सरकारले तालाबन्दी गरे पछि २०७८ असोज १० गते जिल्लामा प्रमुख जिल्ला अधिकारी मार्फत, मन्त्रालयमा सचिव र मुख्य सचिव मार्फत सम्माननीय प्रधानमन्त्री समक्ष ज्ञापन पत्र बुझाउने कार्य गरीयो ।

१०१. २०७८ आश्विन २५ मा म्याग्दी जिल्लाको बेनी नगरपालिका प्रमुख प्रशासकीय अधिकृत श्री छवि सुवेदी माथि गरिएको दुव्यवहारको विरोध र खेद प्रकट गर्दै अपराधी माथि हदै सम्मको कारवाहीको माग गर्दै प्रेश विज्ञप्ती जारी गरेको,

१०२. २०७८ कार्तिक ५ मा संघीय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जनकपुरका नि. सिडिई श्री रोजश कुशवाह माथि कथित जनमत पार्टीका कार्यकर्ताद्धारा गरिएको अमानविय व्यवहार प्रति खेद प्रकट गर्दै अपराधी लाई कारवाहीको माग गर्दै प्रेश विज्ञप्ती जारी गरिएको ,

१०३. २०७८ पौष १ मा शिक्षा विकास समन्वय इकाई कालिकोटका ईकाई प्रमुख श्री महेशदत्त देवकोटालाई विप्लव समूहका व्यक्तिहरू भनीने केही अपराधिक समूहले कार्यकक्षमा गई दुर्व्यवहार गरेकोमा कानून बमोजिम हदै सम्मको कारवाहीको माग गर्दै प्रेश विज्ञप्ती जारी गरेको,

१०४. २०७८ पौष १२ मा महोत्तरीको सम्सी गाउँपालिकामा कर्मचारी जफर हुसेन अन्सारी माथि नेकपा माओवादीका कार्यकर्ताले गरेको दुर्व्यवहार प्रति खेद प्रकट गर्दै त्यस्ता अपराधिकलाई हदैं सम्मको कारावाहीको माग गर्दै प्रेश विज्ञप्ती जारी गरेको,

१०५. नेपाल निजामती कर्मचारी संगठनको १० औं राष्ट्रिय अधिवेशनबाट निर्वाचित महासचिव रेवन्त गौतम सहितका साथीहरू नेकपा एमाले पार्टि फुटको पक्षमा नउभिने र संगठनको फुटको पक्षमा आफुहरू नरहने भनी २०७८ पौष २७ गते प्रेस विज्ञप्तीमा संगठनका केन्द्रीय संयोजकसँग संयूक्त हस्ताक्षर गर्दै नेपाल निजामती कर्मचारी संगठनको मूल प्रवाहमा रहि काम काज गर्ने फर्कनु भएको छ ।

१०६. २०७८/०९/१८ गते तत्कालीन पेशागत ईञ्चार्ज तथा नेकपा स्थायी कमिटी सदस्य क. पम्फा भुसालको प्रमुख आतिथ्यतामा ट्रेड यूनियन दर्ता दिवस कार्यक्रम, संगठनको सभाहलमा सम्पन्न भएको ।

१०७. नेपाल निजामती कर्मचारी संगठन अहिले श्री बाबुराम थापा अध्यक्ष रहुन भएको पेशागत महासंघसँग आवद्ध रहेको छ । प्रमेल खनाल अध्यक्ष रहेको भनिएको अवैधानीक पेशागत महासंघमा आवद्ध नभएको व्यहोरा जानकारी गराउदछौं । पेशागत महासंघको कुल सदस्य संख्या २ लाख ५३ हजार मध्ये यस संगठनमा आवद्ध ३२,४५० सदस्य रहेका छन । हाम्रो संगठनको सर्मथन अध्यक्ष बाबुराम थापा भएको पेशागत महासंघलाई रहेको हुँदा संयुक्त ट्रेड यूनियन समन्वय केन्द्र (**JTUCC**) मा प्रेमल खनालको प्रतिनिधित्व आधिकारीक नहुने र बाबुराम थापालाई प्रतिनिधित्व गराइदिन हुन भनी नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्यसमितिको मिति २०७८।१०।११ च नं ३७ बाट पत्रचार गरिएको,

१०८. नेपाल निजामती कर्मचारी संगठनले वि.सं. २०७५ श्रावण ११ र १२ मा सञ्चालन गरेको राष्ट्रव्यापी हाजिरीजवाफ प्रतियोगितामा निम्न कार्यसमितिहरू पुरस्कृत हुनुभएको छ ।

- प्रथम - श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
- द्वितीय - महालेखा परीक्षकको कार्यालय
- तृतीय - सर्लाही जिल्ला कार्यसमिति

११०. सान्त्वना - धादिङ जिल्ला कार्यसमिति नेपाल निजामती कर्मचारी संगठनले वि.सं. २०७६ श्रावण १२ र १३ मा सञ्चालन गरेको राष्ट्रव्यापी हाजिरीजवाफ प्रतियोगितामा निम्न कार्यसमितिहरू पुरस्कृत हुनुभएको छ ।

- प्रथम - कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
- द्वितीय - धादिङ जिल्ला कार्यसमिति
- तृतीय - काठमाडौं जिल्ला कार्यसमिति
- सान्त्वना - महालेखा परीक्षकको कार्यालय

१११. प्रत्येक श्रावण १५ गते सहिद मनोज जोशी, झपेन्द्र कार्की र सुरेन्द्र

विश्वकर्माको स्मृतिमा मनाइने सहिद दिवसको उपलक्ष्यमा प्रदेशगत र उपत्यका प्रदेश भित्रका उत्कृष्ट कार्यसमिति घोषणा गर्ने प्रचलन अनुसार निम्नानुसार पुरस्कृत गरिएका छन् ।

**आ.व. २०७३/७४ का उत्कृष्ट कार्यसमिति**

- प्रदेश नम्बर १ बाट सुनसरी
- प्रदेश नम्बर २ बाट पर्सा
- प्रदेश नम्बर ३ बाट चितवन
- प्रदेश नम्बर ४ बाट स्याङ्जा
- प्रदेश नम्बर ५ बाट बाँके
- प्रदेश नम्बर ६ बाट जुम्ला
- प्रदेश नम्बर ७ बाट बझाङ
- उपत्यकाबाट गृह मन्त्रालय र महान्यायाधिबक्ता

**आ.व. २०७४/७५ का उत्कृष्ट कार्यसमिति**

- प्रदेश नम्बर १ बाट इलाम
- प्रदेश नम्बर २ बाट सप्तरी
- प्रदेश नम्बर ३ बाट दोलखा
- प्रदेश नम्बर ४ बाट मनाङ
- प्रदेश नम्बर ५ बाट रूपन्देही
- प्रदेश नम्बर ६ बाट मुगु
- प्रदेश नम्बर ७ बाट डोटी
- उपत्यकाबाट पशुपन्छी मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**आ.व. २०७५/७६ का उत्कृष्ट कार्यसमिति**

- प्रदेश नम्बर १ बाट उदयपुर
- प्रदेश नम्बर २ बाट बारा
- बागमती प्रदेशबाट मकवानपुर
- गण्डकी प्रदेशबाट तनहुँ
- लुम्बिनी प्रदेशबाट दाङ
- कर्णाली प्रदेशबाट दैलेख

- सुदुरपश्चिम प्रदेशबाट बाजुरा
- उपत्यकाबाट शहरी विकास मन्त्रालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

११२. नेपाल निजामती कर्मचारी संगठनको बिगत लामो समय देखि सञ्चालन हुँदै आएको उपहार कार्यक्रम जुन प्रत्येक साल घटस्थापनाको दिन नतिजा प्रकाशन गर्ने गरी सञ्चालन गरिएको उपहार कार्यक्रम संगठनको इतिहासमा नै सर्वाधिक बढी बिक्री गरी जिल्ला, विभागीय र केन्द्रीय कार्यसमितिलाई आर्थिक व्यवस्थापन गर्न सहज भएको छ । यस अवधिमा उपहार बिक्रिको विवरण ः

| **सि.न.** | **वर्ष** | **उपहार बिक्रि संख्या** |
|---|---|---|
| १ | वि.सं. २०७४ | १,१०,५३५ |
| २ | वि.सं. २०७५ | ९७,४१९ |
| ३ | वि.सं. २०७६ | ९७,४८० |
| ४ | वि.सं. २०७७ | ८८,०५० |
| ५ | वि.सं. २०७८ | ८८,५७१ |

११३. नेपाल निजामती कर्मचारी संगठनको प्रत्येक वर्ष भित्ते पात्रो प्रकाशन गरी सबै सरकारी कार्यालयहरूमा पुऱ्याउने गरिएको छ । यसले संगठनका गतिविधिहरू र प्रचारलाई सहज ढङ्गले अगाढि बढाउदछ । यो अवधिमा निम्न अनुसारको भित्ते पात्रो छपाई गरी देशभरका सरकारी कार्यालयमा पठाइयो ।

| **सि.न.** | **वर्ष** | **छपाई तथा वितरण संख्या** |
|---|---|---|
| १ | वि.सं. २०७४ | ४५,००० |
| २ | वि.सं. २०७५ | ४०,००० |
| ३ | वि.सं. २०७६ | ४०,००० |
| ४ | वि.सं. २०७७ | ३५,००० |
| ५ | वि.सं. २०७८ | ३५,००० |

# विविध प्रस्तावहरू

**आदरणीय मित्रहरू,**

**११ औं राष्ट्रिय अधिवेशनको आगामी कार्यभारको रूपमा तपशीलको विषयहरूलाई प्रस्तुत गर्दछु :**

१. नेपाल निजामती कर्मचारी संगठनको ७५३ वटै स्थानीय तहमा तत्कालै इकाई कार्यसमिति गठन गरिनेछ।

२. नेपाल निजामती कर्मचारी संगठनको ७ वटै प्रदेशमा तीन महिनाभित्र प्रदेश अधिवेशन सम्पन्न गरी प्रदेश कार्यसमिति गठन गरिनेछ।

३. प्रदेश स्तरीय अधिवेशन सम्पन्न गर्नु अगाडि प्रदेश मन्त्रालयहरूमा प्रदेश विभागीय कार्यसमिति गठन गरिनेछ।

४. कर्मचारी तथा ट्रेड यनियन मैत्री संघीय निजामती सेवा ऐन, प्रदेश निजामती सेवा ऐन र स्थानीय निजामती सेवा ऐन जारी गराउन पहल कदमी लिइनेछ।

५. बारा, पर्सा, रौतहत, सर्लाही, महोत्तरी, डोल्पा, मुगु, पुर्वी नवलपरासी र पुर्वी रुकुम जिल्लाहरूमा राष्ट्र सेवक सहकारी संस्था १ वर्ष भित्र स्थापना गरिनेछ।

६. संघ, प्रदेश र स्थानीय तहमा एकै प्रकृतिको पदसोपान हुने गरी तहगत प्रणाली लागु गराउन पहल गरिनेछ।

७. सदस्यता वितरण तथा नवीकरणसँग "कर्मचारी कल्याण कोष"लाई अझ व्यवस्थित बनाई प्रभावकारी रूपमा सवै संगठन सदस्यहरूमा लागू गरिनेछ।

८. विद्यालय र विश्वविद्यालय तहबाट सार्वजनिक प्रशासनमा सेवा प्रवेश कार्यक्रम सञ्चालन गर्न सरकार र लोकसेवा आयोगसँग सहकार्य गरिनेछ।

९. सवै सदस्यहरूलाई "**ट्रेड यूनियन अधिकार र पेशागत व्यावसायिकता**" विषयमा प्रशीक्षण कार्यक्रम सञ्चालन गरिने छ।

१०. राष्ट्रसेवक सहकारी लि.लाई सवै जिल्लामा विस्तार गरी राष्ट्रसेवक सहकारी केन्द्रीय संघ गठन गर्न पहल गरिनेछ।

११. राष्ट्रसेवक सहकारीमार्फत सेवानिवृत्त कर्मचारीका लागि सामाजिक

सुरक्षाको प्रत्याभूति र एकीकृत लगानी मार्फत रोजगारका अवसरहरूको सिर्जना गर्नुपर्नेछ।

१२. संगठकहरूमा संगठन कार्यसंस्कृति, ट्रेड यूनियनको मूलय, मान्यता र प्रतिवद्धता स्थापित गराई लागू गर्ने र ट्रेड यूनियनकर्मीहरूको आचारसंहिता बनाउन सरकारलाई सहयोग गरी लागू गर्नुपर्नेछ।

१३. कर्मचारीको सञ्चित रकम उचित व्यवस्थापन गर्न कर्मचारी सञ्चय कोषलाई सुझाव दिँदै थप प्रभावकारी बनाउन आवश्यक देखिएको छ। सञ्चय कोषबाट सञ्चयकर्ताहरूले पाउने ब्याज रकम र ऋण लिए बापत तिर्नुपर्ने रकम बीचको फरकलाई कम गर्दै सञ्चयकोषबाट प्रदान गरीने कर्जा र अन्य सेवाहरूमा समय अनुकूल परिमार्जनका लागि पहल गर्न जरुरी छ। सञ्चय कोषबाट सञ्चयकर्ताहरूको लगानीमा निर्माण गरीने महत्वपूर्ण आयोजनाहरूमा सबै सञ्चयकर्ताहरूको स्वामित्व कायम हुने गरी नीति निर्माण गर्न सञ्चयकोषमा निरन्तर सुझाव र दबाबको आवश्यकता छ।

१४. महँगी, कृत्रिम अभाव, भ्रष्टाचार, अनियमितता, लोडसेडिङ, सिण्डीकेट कार्टेलिङ, खाद्यान्न अभाव, कृषिमल र बीउजीवनको अभाव, प्राकृतिक श्रोतसाधनको अतिदोहन, शान्ति सुरक्षाको खस्कदो स्थिति, वातावरणीय बिनास, खानेपानीको अभाव, पेट्रोलियम पदार्थको अभाव, अति महँगो शिक्षा, स्वास्थ्य, कृषिमा आधुनिकीकरण, मानव अधिकार, स्वतन्त्र न्यायालय, विधिको शासन, प्रेस स्वतन्त्रता आदि जस्ता जनसरोकारका विषय तथा स्थानीय समस्याका विषयमा जनसमुदायसँग मिलेर "राष्ट्रसेवक कर्मचारी, जनताका सहकारी" अभियान सञ्चालन गर्ने कार्यक्रमहरू अगाडि बढाइने छ।

१५. नेपाल निजामती कर्मचारी संगठन जिल्ला कार्यसमितिका भवनहरू अगामी कार्यअवधिमा कम्तिमा १० वटा जिल्लामा आफनो भवन निर्माण गरिनेछ र निर्माण गर्ने प्रत्येक जिल्ला कार्यसमितिलाई संगठन केन्द्रबाट प्रोत्साहन अनुदान स्वरूप रु.३,००,०००।- (तीन लाख)सम्म उपलब्ध गराइनेछ।

१६. संगठनको Vision, Mission, Goal स्पष्ट हुन आवश्यक छ। अल्पकालमा सम्पन्न गर्न गरिने काम र दीर्घकालमा सम्पन्न गर्न

गरीने काम पृथक गर्न आवश्यक रहेको छ। यसका लागि संगठनका अल्पकालीन र दीर्घकालीन योजना, नेगो भिजन तयार पार्न आवश्यक रहेको छ। ३ वर्षमा सम्पादन हुने काम अल्पकालीन योजनामा र सो भन्दा बढी समयमा सम्पादन हुने कामका लागि दीर्घकालीन योजना तयार पारी कार्यसम्पादन गरिनेछ। यसको लागि संगठन भित्र विज्ञ समूह निर्माण गरी कार्यको थालनी गरिनेछ।

१७. आधिकारिक ट्रेड यूनियनको मूल्य, मान्यता मर्म र भावना तथा ऐन कानूनले दिएको अधिकारको परिधिभित्र रहेर आम कर्मचारीको पक्षमा क्रियाशील रहने वातावरण निर्माणका लागि संगठनको तर्फबाट नीतिगत मार्गनिर्देशन गरीनेछ। संगठनले समय र आवश्यकता अनुसार दिने नीतिगत र कार्यक्रमिक निर्देशन अनुरूप काम गर्ने गरी आधिकारिक ट्रेड यूनियनलाई कामकाजी र क्रियाशील गराउने नीति लिइने छ।

१८. निजामती कर्मचारीहरूबाट प्रवाह गरिने नागरीक सेवालाई सरल, सहज र पहुँचयोग्य बनाउने महत्वपूर्ण माध्यम क्षतिपूर्ति सहितको नागरीक सेवा हो। यसको ग्यारेन्टी गरिनु आवश्यक छ। संगठनको दबाब र माग स्वरूप सरकारले केही निकायमा क्षतिपूर्ति सहितको नागरीक सेवा प्रवाहको थालनीको प्रयास गरेता पनि कानून निर्माण गरी लागू गर्न सकिएको छैन। सेवा प्रवाहमा अवरोध गरेबापत सम्वन्धित पक्षबाट क्षति भराउने कार्य भनेको जनताका गुनासा शुन्यमा झार्ने उपाय हो भन्ने संगठनको ठहर रहेको छ। यसको पूर्ण कार्यन्वयनको लागि सकरात्मक दबाब सिर्जना गरिनेछ।

१९. आम कर्मचारी कार्यस्थलमा सुरक्षित हुन सकिरहेका छैनन्। विभिन्न पक्षको आक्रमणबाट कर्मचारी पीडित बनिरहेका छन्। विभिन्न ऐन, नियमले कार्यस्थलमा कर्मचारीको सुरक्षा सम्बन्धी व्यवस्थाका प्रावधान राखेको भएपनि त्यो पर्याप्त छैन। कार्यस्थलमा हुने असुरक्षा हटाउन स्थानीय, प्रदेश र संघमा स्पष्ट कार्ययोजना निर्माण गरी कार्यन्वयनमा ल्याउन आवश्यक रहेको छ। उपयुक्त वातावरणमा काम गर्ने अवस्थाको सिर्जना गरी कर्मचारीको मनोबल उच्च बनाउन संगठनको तर्फबाट ठोस योजना निर्माण गरी सरकार समक्ष प्रस्तुत गरिनेछ।

२०. निजामती सेवा रोजगारीको महत्वपूर्ण क्षेत्र भएता पनि यसले आशातीत

रूपमा श्रम बजारमा रहेको मेधावी र उत्कृष्ट प्रतिभा आकर्षित गर्न सकिरहेको छैन । तीक्ष्ण क्षमता भएका र मेधावी प्रतिभा निजामती सेवामा आकर्षण हुन नसकेको आम बुझाई रहेको छ । निजामती सेवालाई थप प्रभावकारी बनाउन योग्य र तीक्ष्ण प्रतिभा निजामती सेवामा भित्र्याउन आवश्यक रहेको छ। समाजमा सम्मानजनक रूपमा जीवन जिउन पुग्ने तलब सुविधा, योग्यता क्षमता अनुरूपको जिम्मेवारी र अवसर, कर्मचारीको परिवारको सामाजिक सुरक्षा र अवकाशपछिको सामाजिक सुरक्षामा ध्यान दिन सके निजामती सेवामा केही आकर्षण थपिने कुराको अनुमान गर्न सकिन्छ। संगठनको तर्फबाट यस सम्बन्धी उपयुक्त व्यवस्था सहित नेपाल सरकार समक्ष निजामती सेवामा नव र उत्कृष्ट प्रतिभा आकर्षणको प्रस्ताव लगिने छ।

२१. वर्तमान ऐन, कानूनले कर्मचारीको आर्थिक र सामाजिक सुरक्षामा केही व्यवस्था गरेको भए तापनि यी व्यवस्था पूर्ण छैनन् । शिक्षा, स्वास्थ्य, सम्मानजनक जीवनयापन, पारिवारिक भरणपोषण, विभिन्न मौद्रिक तथा गैरमौद्रिक उत्प्रेरणा आदि कर्मचारीहरूको सामाजिक र आर्थिक पक्षहरू हुन् । निजामती अस्पतालको सेवा विस्तार, कडा रोगको परिभाषामा विस्तृतीकरण, सन्ततीहरूको छात्रवृत्तिमा वैज्ञानिकीकरण, कर्मचारीको परिवारको सामाजिक सुरक्षा, दोहोरो संचार जस्ता विषयलाई निष्कर्षमा पुऱ्याउन सकेमात्र आम कर्मचारीको सामाजिक र आर्थिक सुरक्षामा थप प्रभावकारिता ल्याउन सकिने छ । एक दिनको तलब बराबरको ग्रेड जस्ता केही विषय सम्बोधन भए तापनि बाँकी विषय निस्कर्षमा पुऱ्याउन योजनावद्ध रूपमा जोडदार पहल गरिनेछ।

२२. संगठनमा आवद्ध आम कर्मचारीको विविध पक्षको प्रतिभाको उजागर गर्न नेगो क्लबको थालनी गर्न आवश्यक रहेको छ। संगठनमा विभिन्न क्षेत्रका प्रतिभा आएको कारण सो बमोजिम विषयगत नेगो क्लब स्थापना गर्नुपर्ने देखिन्छ । यसबारेमा वार्षिक कार्ययोजना तयार पारी कार्य अगाडि बढाइने छ।

२३. अहिलेको समय नवीन प्रविधियुक्त समय हो । संगठनभित्र पनि यस्ता नवीन प्रविधि भित्र्याउन आवश्यक छ । संगठनको गतिविधी आम संगठकसम्म पुऱ्याउने महत्वपूर्ण माध्यमको रूपमा नेगो एप्स विकास गरीनेछ । नेगो एप्स तयार पारी संगठनका सूचनाहरू संगठकसम्म

पुऱ्याउन सके सूचना प्रविधिको क्षेत्रमा संगठनले फड्को मार्न सफल भएको अनुभूत हुनेछ। त्यसकारण तत्काल नेगो एप्स निर्माण गरी आम संगठकसम्म पुऱ्याउने योजनासाथ कार्य अगाडि बढाइने छ।

२४. संस्कारयुक्त कार्यले लक्ष्यमा पुग्न सहयोग पुऱ्याउँदछ । खराब कार्यसंस्कृतिले विघटनतर्फ डोहोऱ्याउदछ । संगठनमा संस्कारपरक आचरण निर्माणमा जोड दिन आवश्यक रहेको छ। हामी यथास्थितिमा रहने वा अग्रगमनमा जाने भन्ने विषय हाम्रो कार्य संस्कृतिबाट उजागार हुन्छ। संगठन कार्य संस्कृति प्रत्येक संगठकबाट थालनी गरी यसलाई संगठनको एउटा हतियारको रूपमा विकास गर्न आवश्यक छ। संगठन कार्य संस्कृति निर्माण हुन सके संगठनभित्र उत्पन्न हुनसक्ने मतभेद र विवादको समाधानमा सहजता आउँछ। यसका लागि संगठन विधि, पद्धति र संस्कृतिका बारेमा आम संगठकलाई प्रशिक्षणमूलक कार्यक्रम मार्फत प्रशिक्षित गरिनेछ।

२५. एउटा संगठकसँग सबै विषयमा ज्ञान नहुन सक्दछ। यस विषयलाई मनन् गरी विगतका योजनामा पनि विज्ञ समूह निर्माण गर्ने मूलभूत मान्यता अगाडि सारिए तापनि आशातित काम हुन सकेको छैन । पेशागत व्यावसायिकता, प्रतिस्पर्धात्मक तयारी कक्षाहरू, प्रशासनिक एवम् व्यवस्थापकीय अध्ययन अनुसन्धान, नेतृत्व विकास तथा ट्रेड यूनियन आन्दोलन जस्ता विषयमा विषयगत विज्ञ समूह निर्माण गरी कार्य गर्न आवश्यक रहेको छ। सेवा परामर्श समितिका रूपमा यस्ता समूहहरू निर्माण गर्ने योजना सहित प्रभावकारी कार्ययोजना अगाडि बढाइने छ।

२६. "नागरीकसँग नेपाल निजामती कर्मचारी संगठन" को अभियान सञ्चालन गरीने छ र योजनावद्ध रूपमा कार्यन्वयनमा ल्याउन आवश्यक छ। सेवा प्रवाहभन्दा भिन्न रूपमा पनि नागरिकसँग नजिक हुने खालका संगठनद्धारा संचालित विपद तथा राहत व्यवस्थापन, बृहत स्वास्थ्य शिविर, रक्तदान, वृद्धाश्रमहरूमा खाना तथा कपडा वितरण, वृक्षारोपण, जनताको लागि एम्बुलेन्स सेवा सञ्चालन जस्ता कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यन्वयनमा ल्याउनु आवश्यक छ।

२७. संगठन जति सहज र पहुँचयोग्य भयो त्यति नै गतिशील संगठन निर्माणमा सहयोग पुग्दछ । संगठनको नेतृत्व र आम संगठकबीचको

दोहोरो संवाद र सम्पर्कबाट संगठन आन्तरिक रूपमा बलियो बन्न सहयोग पुग्दछ । नेतृत्वसँगको सहज सम्पर्कबाट सदस्यमा मनोबल उच्च हुन्छ भने नेतृत्वले सदस्यको भावना पहिचान गर्न सहयोग पुऱ्याउँदछ। यसबाट सहज र पहुँचयोग्य संगठन निर्माण हुनेछ। यसका लागि कार्ययोजना निर्माण गरी लागू गरिनेछ।

२८. संगठनले राजनीतिक अधिकार सहितको ट्रेड यूनियन अधिकार माग गरिरहेको छ। त्यसो भएको हुँदा नेपाल निजामती कर्मचारी संगठनमा नेतृत्वदायी भूमिका निर्वाह गरेका अग्रज संगठनहरूको व्यवस्थापनमा विशेष ध्यान दिनु आवश्यक छ। नवौं राष्ट्रिय अधिवेशनले कार्यभार बनाएको यो विषयलाई अझ व्यवस्थित रूपमा अगाढि बढाउन आवश्यक छ। संगठनमा लामो समयसम्म नेतृत्व प्रदान गरेका अग्रज नेतृत्वहरूको नेतृत्व क्षमतालाई राजनीतिक र सामाजिक आन्दोलनको क्षेत्रमा स्थापित गर्न अभिप्रेरणा, सहयोग र क्षमता विकासका लागि संगठनले सहयोग पुऱ्याउने स्पष्ट नीति अगाडि सारिनेछ।

२९. भ्रष्टाचार नियन्त्रणका लागि स्थापित निकायहरूको सहकार्यमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै, निरोधात्मक र उपचारात्मक उपायहरू अवलम्बन गर्ने कार्यमा जोड दिनु आवश्यक छ। यसका लागि संगठनले सूचक Whistle Blowing को रूपमा कार्य गर्नुपर्ने हुन्छ। भ्रष्टाचारका सम्भाव्य क्षेत्रहरू Vulnerable Zones मा संगठनले सघन अनुगमन गर्ने, भ्रष्टाचार विरुद्ध Zero Tolerance Policy अवलम्वन गर्ने, नेतृत्वकारी भूमिका (Leading Role), साझेदारी भूमिका (Collaborative Role), प्रतिनिधित्वमूलक भूमिका (Representaive Role), निर्वाह गर्न जरुरी छ। साथै सेवाग्राहीका गुनासो शुन्यमा झार्ने योजना निर्माण गरी अगाढि बढाउन आवश्यक रहेको छ।

३०. छाता संगठन पेशागत महासंघ नेपालको निर्माण, विस्तार र विकासमा हाम्रो भूमिका महत्वपूर्ण रहेको छ। महासंघ जिल्ला समिति निर्माण र सहभागीता, भेला, गोष्ठी, अन्तरक्रियाहरूमा सक्रियतापूर्वक सहभागीता जनाउनु आवश्यक छ । पेशागत महासंघको निर्माण र विस्तारबाट आम पेशाकर्मीहरूको सुरक्षाको पाटो अझ मजबुत हुने हुँदा थप कार्ययोजना सहित कार्य गर्दै पेशागत महासंघ नेपालको ऐक्यवद्धता र

अन्तरसम्बन्धलाई अझ प्रगाढ र मजबुत बनाइने छ।

३१. लक्ष्य सहितको संगठन बिस्तारलाई जोड दिँदै नवप्रवेशीहरूलाई संगठनप्रति आकर्षित गराउने योजना सार्न आवश्यक छ। संगठनको प्रभाव जुन क्षेत्रमा कमजोर देखिएको छ हामीले सोही क्षेत्रमा गति प्रदान गर्नुपर्ने हुन्छ। समाबेशी क्षेत्रबाट आउनु भएका साथीहरू विशेषगरी दलित, जनजाति, मधेसी, अपाङ्ग, पिछडिएको क्षेत्र र महिलाका कामहरूलाई विशेष प्राथमिकता दिएर अगाडि बढ्नुपर्दछ। निजामती क्षेत्रमा नयाँ प्रवेश गरेका कर्मचारी केन्द्रित रचनात्मक, सिर्जनात्मक कार्यक्रममार्फत पेशागत ट्रेड यूनियनको आवश्यकता, महत्व र अपरिहार्यताको बारेमा सूसुचित गराउँदै निजामती क्षेत्रमा ट्रेड यूनियनको आवश्यकता बोध गराइने छ। निजामती क्षेत्रमा यो आन्दोलनको नेतृत्वकर्ता नेपाल निजामती कर्मचारी संगठन भएको कुरा पुष्ट्याइँ सहित नवप्रवेशीहरूलाई आकर्षित केन्द्र निर्माण कार्यक्रम सञ्चालन गरीने छ। यस बारेमा विज्ञहरूसँग परामर्श गरी ठोस कार्यक्रम अगाडि बढाइने छ।

३२. ट्रेड यूनियन प्रति लागेका आरोप र आग्रहहरूलाई न्यूनीकरण गर्नका लागि संगठन निरन्तर क्रियाशील रहेको छ। निजामती सेवाका ट्रेड यूनियनहरूको आवश्यकता र औचित्यता माथि प्रश्न उठाउँदै नियोजित रूपमा गरिएका प्रहारहरूलाई संगठनको बलमा मत्थर गर्ने काम गरिएको छ। प्रतिस्पर्धी ट्रेड यूनियनहरूको गतिविधीप्रति गम्भीर ढंगले खबरदारी र निगरानी गर्न आवश्कय छ।

३३. समाज सबै ढङ्गले प्रतिस्पर्धी बन्दै  गईरहेको छ। संगठन सञ्चालनमा समेत धेरै खाले प्रतिस्पधाहरू थपिएका छन्। नयाँ नयाँ प्रविधिसँग परिचित बन्ने, दक्षता विकास र व्यवस्थापकीय क्षमता विकास गर्ने, राष्ट्रिय/अन्तर्राष्ट्रिय ट्रेड यूनियन आन्दोलनलाई विश्लेषण गर्ने, नवीनतम् सूचना प्रविधिलाई अंगीकार गर्दै सांगठनिक कार्यमा छिटो छरितोपना भित्र्याउने, रचनात्मक तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने जस्ता क्षमता अभिवृद्धि जस्ता कार्यक्रमलाई निरन्तरता दिइएको छ।

३४. राष्ट्रको आर्थिक समृद्धिमा आम राष्ट्रसेवकहरूको भूमिका प्रभावकारी बनाउन राष्ट्रसेवक हाइड्रो निर्माण योजना महत्वपूर्ण माध्यम हुन

सक्दछ भन्ने संगठनको धारणा रहेको छ। संगठनको माग र दबाबका कारण सरकारको बजेटमा पटकपटक राष्ट्रसेवक हाइड्रोको अवधारणा आएपनि कार्यन्वयन हुन सकिरहेको छैन । कर्मचारीको सामाजिक सुरक्षाको पाटोमा सहयोग पुग्ने गरी आर्थिक पक्ष मजबुद बनाउन राष्ट्रसेवक कर्मचारीहरू मात्र सहभागी हुने राष्ट्रिय गौरवको राष्ट्रसेवक हाइड्रो निर्माण तत्काल अगाडि बढाउन सरकार समक्ष दबाब सिर्जना गर्न आवश्यक रहेको छ।

३५. विदेश सम्बन्ध विस्तारका माध्यमबाट संगठनको पहिचान अन्तर्राष्ट्रिय स्तरमा बढाउने एउटा महत्वपूर्ण माध्यम हो। हाल संगठनको WFTU, NEHAWU, TUI-PIS, AISGEF लगायत अन्तर्राष्ट्रिय संघसंगठनसँग सुमधुर सम्बन्ध कायम रहेकोमा यसको विस्तारमा अझ तिब्रता दिन आवश्यक छ। वैदेशिक सम्बन्ध विस्तारसँगै अन्तर्राष्ट्रिय ट्रेड यूनियन आन्दोलनको अनुभव र सिकाइबाट हाम्रो संगठनलाई थप समृद्ध बनाउन टेवा पुग्ने छ।

३६. संगठनद्वारा सञ्चालित राष्ट्रसेवक सहकारी संस्था लि.को करिब दुई अरव भन्दाबढी पूँजी संरक्षण र परिचालनमा स्पष्ट नीति, नियमहरूको तर्जुमा गर्नुपर्ने र कर्मचारीमैत्री सहकारी संस्थालाई सञ्चालन गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्नका लागि संयुक्त लगानीका कार्य अगाडि बढाइने छ।

३७. सञ्चार माध्यमसँगको सहकार्यबाट आम पेशाकर्मी, निजामती कर्मचारी, राजनीतिक पार्टी र नागरीकसँग संगठनको अन्तरक्रिया कार्यक्रमको थालनी गर्नुपर्नेछ।

३८. निजामती सेवामा क्रियाशील राष्ट्रियस्तरका ट्रेड यूनियनहरूसँग सहकार्य गर्दै ट्रेड यूनियन सञ्जाललाई थप क्रियाशील बनाइने छ।

३९. संगठनका आन्तरिक गतिविधिहरू कार्यालय समयलाई असर नपर्ने गरी सञ्चालन गर्ने नीति लिइने छ।

४०. Virtual, Lean and Thin organization हरू स्थापना गरी One Door Policy, One Stop Center, Flexi Time, Network Governance, Co-production/Creation (सेवाग्राहीसँगै बसेर सेवाको प्रारूप तयार गर्ने) कार्यको थालनी गरीने छ।

४१. परिवर्तन व्यवस्थापन, द्वन्द व्यवस्थापन, द्धन्द्ध व्यवस्थापन, प्रतिभा व्यवस्थापन लगायतका कर्मचारी प्रशासनका नयाँ अवधारणालाई अंगाल्न सरकारसँग सहकार्य गर्नुपर्नेछ।

## कर्मचारी पक्षीय विविध प्रस्तावहरू :-

१) निजामती कर्मचारीको परिभाषामा प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई पनि समावेश गर्नुपर्ने,

२) स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा सम्बन्धी ऐन निर्माण हुँदा स्थानीय निजामती कर्मचारी ऐनको रूपमा नामाकरण गर्नुपर्ने,

३) निजामती सेवा निमावलीमा रहेको असाध्य रोगको परिभाषामा क्यान्सर, मुटु, मृगौंला, किड्नी, हेड इन्जुरी, पार्किन्सन, स्पाइनलइन्जुरी, सिक्कलसेल एनिमिया र हेमोडायलासिस थप गर्न र यस्ता रोगको उपचारका लागि निजाती अस्पतालमा सुविधा सम्पन्न उपचार कक्षको व्यवस्था गरी सञ्चालन गर्नुपर्ने,

४) राजपत्र अनंकित द्वितीय श्रेणीको रिक्त दरबन्दीको २० प्रतिशत दरवबन्दीमा आठौं कक्षा पास गरेका श्रेणी बिहिन कर्मचारीहरूलाई ज्येष्ठताको आधारमा बढुवाको व्यवस्था गर्नुपर्ने,

५) समायोजन ऐन २०७५ अनुसार सरकारी सेवाबाट समायोजन भएका कर्मचारीहरूको समायोजन भएको तहमा ५ वर्ष सेवा अवधि पूरा गरेपछि तीनै तहमा ज्येष्ठताको आधारमा सरुवा हुन पाउनु पर्ने, साविकको स्थानीय स्वायत्त शासन ऐन अनुसार नियुक्त, विकास समिति ऐन र दुर्गम क्षेत्र विकास समिति अन्तर्गत नियुक्ति भई स्थानीय तहमा समायोजन भएका कर्मचारीहरूको अन्तर स्थानीय तह सरुवा हुन पाउने व्यवस्था हुनुपर्ने साथै संघीय लोकसेवा आयोग तथा प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई स्थानीयत तहमा नियुक्ति भएका कर्मचारीहरूको अन्तर स्थानीय तहमा सरुवा व्यवस्था तथा सवै स्थानीय र प्रदेशका कर्मचारीहरूको संघको आन्तरिक प्रतिस्पर्धा र अन्तर तह प्रतिस्पर्धामा भाग लिन पाउने व्यवस्था हुनुपर्ने,

६) संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीलाई माथिल्लो पदमा प्रतिस्पर्धा गर्दा उमेरको हद नलाग्ने व्यवस्था गर्नुपर्ने,

७)	विकास योजना/परियोजना कार्यान्वयन गर्दा विशेष तालिम प्राप्त कर्मचारी खटाई काम छिटोछरितो गर्नुपर्ने, गुणस्तरयुक्त, समयमै सम्पन्न गर्न नसक्ने कर्मचारीलाई कार्य सम्पादनमा १० प्रतिशत अंक कटौती गर्ने व्यवस्था गर्ने साथै योजना अवधिभर आयोजना प्रमुखहरूलाई सरुवा नगर्ने,

८)	प्रशासन सेवातर्फका टाइपिष्ट खरिदार र टाइपिष्ट नायव सुब्बाको पदनाम परिवर्तन गरी प्रशासन तर्फको नायव सुब्बा र खरिदार गर्नुपर्ने र कर्मचारी समायोजन ऐन, २०७५ अनुसार संघ, प्रदेश र स्थानीय तहमा ईच्छा अनुसार समायोजन/व्यवस्थापन गर्नुपर्ने,

९)	शिक्षा सेवालाई प्रशासन सेवाभित्र समूहको रूपमा राख्नुपर्ने,

१०)	विविध सेवा हटाई प्रशासन सेवा भित्रको विविध समूह कायम गर्नुपर्ने,

११)	आर्थिक योजना तथा तथ्याँक सेवालाई योजना समूह र तथ्याँक समूह छुट्टाछुट्टा बनाई प्रशासन सेवा अन्तर्गत समूहमा राख्नुपर्ने,

१२)	स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत पदमा संघबाट खटाउँदा स्थानयि तहमा समायोजन भएका कर्मचारी भन्दा ज्येष्ठ कर्मचारीलाई मात्र तोक्नुपर्ने । संघबाट नतोकिएको अवस्थामा स्थानीय तहमा रहेका मध्ये ज्येष्ठताको आधार स्वतः प्रमुख प्रशासकीय अधिकृत कायम गर्नुपर्ने,

१३)	स्थानीय तहको छैठौं, सातौ र आठौंलाई रापत्रांकित तृतीय श्रेणी सरह संघीय निजामती सेवा ऐनमा राखीनुपर्ने,

१४)	सबै कार्यालयहरूमा क्षतिपूर्ति सहितको नागरीक सेवा प्रवाह लागू गर्नुपर्नेछ ।

१५)	केन्द्र, प्रदेश र स्थानीय तहको निजामती सेवा सञ्चालन र व्यवस्थापनका लागि संघीय निजामती सेवा ऐन कर्मचारीमैत्री बनाउनु पर्नेछ ।

१६)	सरुवालाई अनुमानयोग्य बनाउन कम्तिमा शुरु पदस्थापना पछिको दुई अवधिका सरुवा तोक्ने व्यवस्था ऐनमै समावेश गर्नुपर्नेछ ।

१७)	हालको बढुवा व्यवस्थामा संशोधन गरी सबै श्रेणीको बढुवालाई अनुमानयोग्य र Batch Promotion Systemलाई कानूनमा नै प्रबन्ध गरी समान समयावधिमा बढुवा हुने व्यवस्था गर्नुपर्नेछ ।

१८) १० वर्षसेवा अवधि पूरा गरेका र सम्बन्धित विषयमा स्नातकोत्तर उर्तिर्ण गरेका जुनसुकै सेवाका राजपत्र अनंकित श्रेणीको कुनै पनि कर्मचारी राजपत्राकित प्रथम र द्वितिय श्रेणीको खुल्ला तथा अन्तरसेवा प्रतिस्पर्धामा उम्मेदवार हुन पाउने व्यवस्थाका लागि ऐनमा समावेश गर्नुपर्नेछ।

१९) आन्तरिक पर्यटनलाई प्रवर्द्धन गर्न आर्थिक सुविधा सहित कम्तीमा पन्ध्र दिने आन्तरिक पर्यटन काज सबै राष्ट्रसेवक कर्मचारीलाई उपलब्ध गराउनु पर्नेछ।

२०) १८० दिनभन्दा बढी सञ्चित हुने घरविदाको रकम प्रत्येक वैशाख महिनाभित्र भुक्तानी दिनुपर्नेछ।

२१) कर्मचारीहरूलाई आवश्यक पर्ने न्यूनतम क्यालोरी तोकी वहालवाला र सेवानिवृत्त राष्ट्रसेवक कर्मचारी परिवारका लागि "**निजामती कर्मचारी रासनकार्ड**" को व्यवस्था गर्नुपर्नेछ।

२२) औषधी उपचार खर्च सुविधामा सुधार गर्दै परिवारको परिभाषाभित्र पर्नेसम्मका सदस्यलाई उक्त सुविधा प्रदान गर्न र स्वास्थ्य तथा औषधी उपचार वीमाको समेत व्यवस्था गर्नुपर्नेछ।

२३) कर्मचारी सञ्चय कोष, नागरीक लगानी कोष र सामाजिक सुरक्षा कोषबाट उपलब्ध गराईदै आएको सापटी रकमको व्याजदरलाई न्यूनिकरण गर्नुपर्नेछ।

२४) निजामती अस्पतालबाट प्रदान हुँदै आएका सेवालाई कर्मचारीमैत्री बनाई सबै प्रदेश/जिल्लामा विस्तार गर्न र हाल प्राप्त सेवा सुविधालाई सरल सहज र कर्मचारीहरूलाई प्राथमिकताका साथ प्रदान गर्ने साथै साविकको स्थानीय निकायबाट नियूक्त भएका र विकास समिति ऐन अनुसार नियूक्त भई प्रदेश र स्थानीय तहमा समायोजन भएका तथा सरकारी कार्यालयको स्वीकृत दरबन्दीमा करारमा नियूक्त कर्मचारीलाई सेवामा रहुन्जेल निजामती अस्पतालको सम्पूर्ण सेवा सुविधा उपलब्ध हुनपर्ने र सेवानिबृत्त कर्मचारीहरूको निःशुल्क उपचार हुनुपर्ने,

२५) निजामती आवास योजना र निजामती विद्यालय बनाई सबै प्रदेश/जिल्लामा विस्तार गर्ने र तथा सेवानिबृत्त निजामती आवास योजना लागू गर्नुपर्ने।

२६) सबै कार्यालयहरूमा कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रणालीलाई लागू गर्नुपर्ने ।

२७) विषादी, ल्याव, पोखरी, पशु उपचार जस्ता जोखिमयुक्त काममा कार्यरत कर्मचारी र फिल्डमा कार्यरत रही सेवा दिने कर्मचारीलाई जोखिम तथा फिल्ड भत्ता र जीउ धनको सुरक्षाको व्यवस्था गर्नुपर्नेछ ।

२८) सेवाग्राहीबाट प्रयोग हुने फाराम, निवेदनहरू निःशुल्क रूपमा उपलब्ध गराई सेवाग्राही सहायता कक्षबाट भर्ने व्यवस्था मिलाउने र बीचौलीया मुक्त सेवा प्रवाहको सुनिश्चितता गर्नुपर्ने ।

२९) Staff Meeting, Senior Management Team, Research and Change Team, Quality Circle जस्ता संयन्त्रहरूमा आधिकारिक ट्रेड यूनियनको प्रतिनिधित्व अनिवार्य गर्नुपर्ने ।

३०) सार्वजनिक सेवा प्रवाहलाई सरल बनाउन दुर्गम एवं पिछडिएका क्षेत्रमा नियमित रूपमा एकीकृत घुम्ती सेवा सञ्चालन गर्नुपर्ने ।

३१) योग्यता पुगेका करारमा कार्यरत कर्मचारीका लागि एक पटक उमेरको हद नलाग्ने व्यवस्था गरी लोकसेवा आयोगबाट निश्चित प्रक्रिया पूरा गरी स्थायी गरीनुपर्ने ।

३२) श्रेणीविहीन कर्मचारीहरूलाई छैठौं तह सम्मको स्तरबृद्धिको व्यवस्था र छैठौं तहमा ७ (सात) ग्रेड सम्म तलब बृद्धि हुने व्यवस्था हुनुपर्ने,

३३) कर्मचारीसँग सम्बन्धित निकायहरू निजामती अस्पताल, कर्मचारी सञ्चय कोष, नागरीक लगानी कोष, सामाजिक सुरक्षा कोष जस्ता निकायहरूमा आधिकारिक ट्रेड यूनियनको प्रतिनिधित्वको सुनिश्चितता गर्नुपर्ने ।

३४) काठमाडौं उपत्यकामा एकिकृत परिवहन सेवाको संख्या र क्षेत्र विस्तार गरी सबै क्षेत्रबाट आउने कर्मचारीलाई सुविधा उपलब्ध गराउने र उपत्यका वाहिरको हकमा एकिकृत परिवहन सेवा सञ्चालन गर्न नसकिनेलाई दूरीको आधारमा यातायात खर्च उपलब्ध गर्नुपर्ने ।

३५) विभिन्न पक्षको आक्रमणबाट कर्मचारीको कार्यस्थलको सुरक्षा ग्यारेन्टी गर्नुपर्ने ।

३६) मेधावी र उत्कृष्ट प्रतिभालाई निजामती सेवामा आकर्षक गर्न सरकारको

सहयोगीको रूपमा भूमिका निर्वाह गर्ने र ब्रेनड्रेन रोक्नु पर्ने ।

३७) नेपाल निजामती कर्मचारी संगठनको संगठन संरचनालाई सवै तहमा व्यवस्थित गरी अन्तर आबद्धता स्पष्ट गर्नुपर्ने ।

३८) एक दिनको तलव वरावरको ग्रेडको व्यवस्था भएतापनि कर्मचारीहरूको शिक्षा, स्वास्थ्य, विभिन्न मौद्रिक तथा गैह्रमौद्रिक उत्प्रेरणा जस्ता आर्थिक र सामाजिक सुरक्षा प्रदान गर्नुपर्नेछ ।

३९) संगठकहरूमा संगठन कार्यसंस्कृति, ट्रेड यूनियनको मूलय, मान्यता र प्रतिवद्धता स्थापित गराई लागू गर्ने र ट्रेड यूनियनकर्मीहरूको आचारसंहिता बनाउन सरकारलाई सहयोग गरी लागू गर्नुपर्नेछ ।

४०) नागरीकसँग नेपाल निजामती कर्मचारी संगठन अभियानलाई निरन्तरता दिई सेवामूलक कार्यका साथै  सामाजिक र अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने ।

४१) भ्रष्टाचार कार्यमा शुन्य सहनशिलता स्थापित गर्न चेतनामूलक, भ्रष्टाचार विरोधी अभियान सञ्चालन गरीनुपर्ने र सेवाग्राहीका गुनासो शुन्यमा झार्ने योजना तर्जुमा गर्नुपर्ने ।

४२) सञ्चार माध्यमसँगको सहकार्यबाट आम पेशाकर्मी, निजामती कर्मचारी, राजनीतिक पार्टी र नागरीकसँग संगठनको अन्तरक्रिया कार्यक्रमको थालनी गर्नुपर्ने ।

४३) सार्वजनिक सेवा प्रवाहलाई सरल बनाउन दुर्गम तथा पिछडिएका क्षेत्रमा नियमित रूपमा एकीकृत सेवा केन्द्र सञ्चालनमा ल्याउनु पर्ने ।

४४) निजामती सेवा दिवस (भाद्र २२) को अवसरमा प्रदान गरीने निजामती सेवा पुरस्कारलाई उद्देश्यमूलक र पारदर्शी ढंगबाट विभिन्न बस्तुगत सूचकका आधारमा मूलयांकन गरी सेवा समूह अनुसार विभिन्न विधामा उपलव्ध गर्नुपर्ने ।

४५) न्यूनतम शैक्षिक योग्यता र दक्षता भएका कार्यालय सहयोगी र सवारी चालक कर्मचारीहरूको वृत्ति विकासको दायरा बढाउनु पर्ने ।

४६) श्रेणी विहीन पदमा ५ वर्ष सेवा अवधि पूरा भएकालाई खरिदार वा सो सरहमा आन्तरिक प्रतिस्पर्धामा भाग लिन हालको पन्ध्र प्रतिशतबाट बढाएर बीस प्रतिशत पुर्‍याउने र राजपत्र अनंकित द्वितीय श्रेणी खरिदार

पदको रिक्त बीस प्रतिशत दरबन्दीमा श्रेणी विहीनमा कार्यरत मध्येबाट न्यूनतम आठ कक्षा उर्तिर्ण गरेका कर्मचारीलाई ज्येष्ठताका आधारमा बढुवा गर्नुपर्ने ।

४७) कार्यालयमा महिला कर्मचारीहरूका लागि स्तनपान कक्ष, शिशु स्याहार केन्द्र, महिलामैत्री शौचालय स्थापना गर्नुपर्ने र सवै कार्यालयहरूमा अपाङमैत्री सेवा प्रवाहको वातावरण बनाउनु पर्ने ।

४८) ट्रेड यूनियन अधिकारलाई मौलिक हकको रूपमा संविधानमा नै स्पष्ट व्यवस्था गराउनु पर्ने ।

४९) उप-सचिव तहसम्मका कर्मचारीलाई ट्रेड यूनियन अधिकार प्राप्त हुनुपर्ने ।

५०) महिला, वालवालिका तथा ज्येष्ठनागरीक मन्त्रालय र अन्तर्गत अस्थायी पुरुष कार्यालय सहयोगी कर्मचारीहरूलाई लोकसेवा आयोगको परामर्शमा प्रक्रिया पुऱ्याई स्थायी गर्नुपर्ने ।

५१) न्याय सेवामा कार्यरत कर्मचारीहरूको सेवा शर्त सम्बन्धी छुट्टै कानून निर्माणको चरणमा रहेकोले सवै कर्मचारीहरूको बृत्ति विकासको सुनिश्चितता गर्नुपर्ने ।

५२) सेवानिबृत्त कर्मचारीहरूको अनुभव, योग्यता, क्षमता र रुचीका आधारमा सरकारका विभिन्न संयन्त्रहरूमा विशेषज्ञताको उपयोग गर्नुपर्ने ।

५३) राष्ट्रसेवक निजामती कर्मचारीहरूको सेवा अवधि निबृत्तिभरण सुविधामा यथोचित बृद्धि गर्नुपर्ने ।

५४) मूल्यसूचकाङ्कको आधारमा सार्क लगायत अन्य विकसित राष्ट्रका कर्मचारी सरह तलव बृद्धि गरीनु पर्ने र कर्मचारीहरूलाई दिईदै आएको पोशाक भत्तालाई समयानुकूल बृद्धि गरी दोव्वर बनाउनु पर्ने ।

५५) समावेशी नीतिलाई परिवर्तन गरी मूल्य सूचकाङ्कसँग जोडेर गरीवीको रेखा मुनी रहेकालाई मात्र आरक्षणको व्यवस्था हुनुपर्ने ।

५६) राजपत्र अनंकित प्रथम श्रेणीबाट राजपत्रांकित तृतीय श्रेणीका आन्तरिक प्रतियोगिताबाट हुने बढुवा व्यवस्थालाई नयाँ संघीय निजामती सेवा ऐनमा समावेश गर्नुपर्ने ।

५७) आधिकारिक ट्रेड यूनियन (CBA) निर्वाचनमा स्वास्थ्य, प्रदेश र

स्थानीय तहमा कार्यरत सबै प्रकृतीका सबै कर्मचारीले सहभागी हुन पाउने व्यवस्था गरीनुपर्ने,

५८) स्वास्थ्य सेवाका कर्मचारीलाई तीनै तहमा प्रभावकारी व्यवस्थापन गर्नुपर्ने र चक्रिय प्रणालीमा संघ, प्रदेश र स्थानीय तहमा सरुवा हुन पाउने व्यवस्था गर्नुपर्ने ।

५९) प्राविधिक ग्रेड सम्बन्धमा २०५७ अघिपछिको ग्रेड समान हुनुपर्ने, स्थानीय र प्रदेशमा समायोजनको प्रक्रियामा पाएको ग्रेड तथा स्तरबृद्धि अवकाश पश्चात पनि निवृत्तिभरणको सुविधामा समावेश हुनुपर्ने,

६०) वर्गीकृत क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूको सेवा अवधिको आधारमा स्तरबृद्धि प्रणाली लागू गर्नुपर्ने ।

६१) निजामती अस्पतालबाट दिईदै आएको कर्मचारी उपचार सेवालाई प्रभावकारी बनाई कर्मचारीहरूको लागि छुटै सेवा यूनिट मार्फत चौविसै घण्टा निशुल्क सेवा उपलव्ध गर्नुपर्ने ।

६२) प्रस्तावित निजामती सेवा ऐनमा भएको स्वास्थ्य तर्फको दरबन्दी संरचना/श्रेणी/स्तर निर्धारणमा भएको त्रुटी सच्याउनु पर्ने ।

६३) सरकारबाट प्रदान हुने विभिन्न पदक, विभूषण, प्रसंशा, सम्मान, पुरस्कार तथा भ्रमणमा प्रदेश र स्थानीय तहमा समायोजन भएका स्वास्थ्यकर्मी लगायत सबै कर्मचारी माथि भएको विभेदको अन्त्य गर्नुपर्ने ।

६४) स्वास्थ्य सेवा जस्तो आधारभूत सेवा प्रदान गर्ने भौतिक संरचना चुस्त, दुरुस्त र सुरक्षित नभएकोले तुरुन्त आवश्यक व्यवस्था गर्नुपर्ने ।

६५) तीनै तहका निजामती सेवा ऐनहरू यथाशिघ्र तर्जुमा गरी प्रशासनिक संघीयताको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।

६६) तीन तहका कर्मचारी वीचमा सेवा सुविधा, वृत्ति विकास र अवसरहरूमा समानता कायम गरी अन्तरतह सरुवा बढुवा मार्फत आबद्धता कायम गर्नुपर्ने ।

६७) कार्यसम्पादन मूल्यांकनलाइ वस्तुगत सूचकमा आधारित बनाई सेवा सुविधा, वृत्ति विकास र दण्ड पुरस्कारमा प्रत्यक्ष आवद्धता खोजिनु पर्ने ।

६८) कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली सवै तह र निकायमा लागू गर्नुपर्ने ।

६९) नेतृत्व विकास, नेतृत्व परीक्षण तथा उत्तराधिकारी योजना तीनै तहका कर्मचारी प्रशासनमा लागू गरी सरुवा, बढुवा तथा दण्ड पुरस्कारमा

आबद्ध गर्नुपर्ने ।

७०) प्रक्रियामूखी सेवा प्रवाहलाई परिणाममूखी बनाउन नियत प्रधान होइन, निर्णय प्रक्रियामा नीति प्रधान बनाउनु पर्ने ।

७१) तालिम नीति संघीयता अनुकूल परिमार्जन गरी सवै कर्मचारीहरूलाई मापदण्डमा आधारित नियमित तालिमको व्यवस्था गर्नुपर्ने ।

## स्वास्थ्य सेवा सुधारका लागि नेपाल निजामती कर्मचारी संगठनको प्रस्तावहरू

१. स्वास्थ्य सेवाका कर्मचारीहरूलाई आधिकारिक ट्रेड यूनियनको निर्वाचनमा मतदानको अधिकारलाई सुनिश्चित गर्ने ।

२. स्वास्थ्य सेवा एक अत्यन्तै संवेदनशील र विशिष्टिकृत सेवा भएकाले संघीय सरकारले नै सञ्चालन गरी सो स्थानमा कार्यगर्ने गरी व्यवस्था मिलाउनका लागि आवश्यक पहल कदमी गर्ने ।

३. स्वास्थ्य बीमामा संगठनसँग आवद्ध कर्मचारीहरू स्वास्थ्य बीमामा आवद्ध गराउनको लागि आवश्यक पहल गर्ने तथा नीति निर्माण तहमा सोही अनुसारको पहल गर्ने ।

४. स्वास्थ्य सेवाका कर्मचारीहरूको वृद्धि विकासलाई मध्यनजर गर्दै अध्ययन मनोनयन प्रक्रियामा तल्लो तहका स्वास्थ्य सेवाका कर्मचारीहरूलाई प्राथमिकता साथ छनौट गर्ने प्रक्रियामा आवश्यक समन्वय तथा सहजीकरण गर्ने ।

५. दीर्घरोगहरूको बढ्दो अवस्थालाई मध्यनजर गर्दे नीति निर्माण तह तथा आम कर्मचारीहरूमा रोकथामका उपायबारे जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

६. स्वास्थ्य, सेवाको दरबन्दी संरचना पुनरावलोकन गर्न आवश्यक पहल गर्ने

७. नेपालका सबै वडाहरूमा नदोहोरिने गरी सुविधा सम्पन्न आधारभूत स्वास्थ्य केन्द्रहरू स्थापना गरी दरबन्दी सिर्जन ागर्न नीति निर्माण तहमा आवश्यक पहल गर्ने ।

८. वैकल्पिक चिकित्सा पद्धतिलाई व्यवस्थित र अनुसन्धानात्मक बनाउन

नीति निर्माण तहमा आवश्यक पहल गर्ने ।

९. ज्येष्ठ नागरीक तथा वालबालिकाको स्वास्थ्यलाई मध्यनजर गर्दै आवश्यक संरचना तथा नीति बनाउन पहल गर्ने ।

१०. निदानात्मक सेवालाई सबै नेपालीको पहाँचमा पुऱ्याउन सम्पूर्ण आधार भूत स्वास्थ्य केन्द्रहरू आधारभूत ल्याब सेवाको विस्तार गर्न पहल गर्ने ।

११. बढ्दो नसर्ने रोगहरूको जोखीम न्यूनीकरण गर्न खाद्य सुरक्ष प्रवद्धन कार्यक्रम तथा स्वास्थ्य प्रवद्धनात्मक कार्यक्रम सम्बन्धी आवश्यक निर्देशिका बनाउन पहल कदमी गर्ने ।

१२. स्वास्थ्य सेवा एक अत्यन्तै संवेदनशील र विशिष्टिकृत सेवा भएकोले हाल खाइपाई आएको तलब स्केलमा वृद्धि, ओभरटाइमको सुविधा तथा रात्रीकालिन ड्युटी गरेवापत थप भत्ताको व्यवस्था गर्न आवश्यक सहकार्य गर्ने ।

१३. स्वास्थ्य जीवनका लागि स्वास्थ्य उत्पादन र स्वास्थ्य उपभोगको अवधारणालाई व्यवस्थित बनाउन आवश्यक कानूनको निर्माण गर्न पहल गर्ने ।

१४. स्वास्थ्य सेवाका सम्पूर्ण कर्मचारीहरूलार्य जोखिम भत्ताको रूपमा सूरु तलब स्केलको कम्तिमा २५ प्रतिशत थप व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

१५. निरन्तर सेवामा खटिने कर्मचारीहरूको लागि कार्यालय परिसरभित्र छाटो समयको कसरत गर्ने स्थानको व्यवस्थापन गर्न नीतिगत रूपमा पहल गर्ने ।

१६. सबै सार्वजनिक निकायमा स्तनपान कक्ष तथा शिशु स्याहारसुहार कक्षको स्थापनाको लागि आवश्यक पहल गर्ने ।

# अनुसूची-१

## नेपाल निजामती कर्मचारी संगठनको हाल सम्म गठन भएका पालिका कार्यसमितिहरूको विवरण

| सि.नं. | प्रदेश | जिल्ला | पालिका |
|---|---|---|---|
| १. | प्रदेश नं. १ | ताप्लेजुङ |  |
| २. |  | पाँचथर | हिलिहाङ, याङवरक |
| ३. |  | इलाम | देउमाई, सन्दकपुर, माई, रोङ |
| ४. |  | झापा | बाह्रदशी, भद्रपुर, दमक, बिर्तामोड, शिवसताक्षी, कमल, झापा, हल्दीबारी |
| ५. |  | मोरङ | मिक्लाजुङ, उर्लाबारी, लेटाङ, बेलबारी, रंगेली, पथरी, केराबारी |
| ६. |  | सुनसरी | धरान, इटहरी, इनरुवा |
| ७. |  | धनकुटा |  |
| ८. |  | संखुवासभा | चैनपुर, धर्मदेबी, पाँचखपन, माडी |
| ९. |  | तेह्रथुम |  |
| १०. |  | भोजपुर |  |
| ११. |  | खोटाङ | केपीलासगढी, रावाँबेसी, ऐसेलुखर्क, खोटेहाङ, जन्तेढुगां, बराहपोखरी, दिक्तेलरूपाकोट मझुवागढी |
| १२. |  | ओखलढुगां | मोलुङ, |
| १३. |  | सोलुखुम्बु |  |
| १४. |  | उदयपुर | चौदण्ढीगढी, रौतामाई, उदयपुरगढी, बेलका, कटारी |
| १५. | मधेश प्रदेश | सप्तरी |  |
| १६. |  | सिरहा |  |
| १७. |  | धनुषा |  |
| १८. |  | महोत्तरी |  |
| १९. |  | सर्लाही | हरिवन, बागमती, बरहथवा, हरिपुर, इश्वरपुर, लालबन्दी |
| २०. |  | रौतहट | गुजरा, कटरीया, यमुनामाई |
| २१. |  | बारा |  |

| सि.नं. | प्रदेश | जिल्ला | पालिका |
|---|---|---|---|
| २२. | | पर्सा | |
| २३. | बागमती प्रदेश | सिन्धुली | |
| २४. | | रामेछाप | |
| २५. | | दोलखा | |
| २६. | | सिन्धुपाल्चोक | |
| २७. | | काभ्रेपलाञ्चोक | |
| २८. | | भक्तपुर | |
| २९. | | काठमाडौं | |
| ३०. | | ललितपुर | |
| ३१. | | नुवाकोट | |
| ३२. | | रसुवा | गोसाइकुन्ड, नौकुण्ड, उत्तरगया,कालिका, आमाछोरिङ |
| ३३. | | धादिङ | |
| ३४. | | चितवन | रत्ननगर, |
| ३५. | | मकवानपुर | वडैया, मकवानपुर गढी, मनहरी |
| ३६. | गण्डकी प्रदेश | गोर्खा | |
| ३७. | | तनँहु | भानु, |
| ३८. | | स्याङ्जा | आदिखोला, पुतलीबजार, फेदीखोला |
| ३९. | | कास्की | रूपा, मादी, माछापुच्छे, अन्नपूर्ण |
| ४०. | | पर्वत | |
| ४१. | | बाग्लुङ | बाग्लुङ, जैमिनी, |
| ४२. | | मुस्ताङ | |
| ४३. | | मनाङ | |
| ४४. | | लमजुङ | |
| ४५. | | म्याग्दी | |
| ४६. | | नवलपरासी पूर्व | |

| सि.नं. | प्रदेश | जिल्ला | पालिका |
|---|---|---|---|
| ४७. | लुम्बिनी प्रदेश | नवलपरासी पश्चिम | |
| ४८. | | रूपन्देही | बुटवल, तिलोत्तमा, सिद्धार्थ, ओमसतिया, देवदह, सैनामैना, कन्चन, गैडहवा, रोहिनी, लुम्बिनी सांस्कृति, सियारी |
| ४९. | | कपिलवस्तु | बाणगंगा, शिवाराज, विजयनगर, मायादेवी |
| ५०. | | अर्घाखाची | भूमिकास्थान, सन्धीखर्च, सितगंगा, छत्रदेव, पाणीनी, मालारानी |
| ५१. | | गुल्मी | गुल्मीदरवार, छत्रकोट, |
| ५२. | | पाल्पा | निस्दी, पूर्वखोला, रम्भा, बगनासकाली, रिद्धिकोट |
| ५३. | | प्युठान | सरुमारानी, माण्डवी, स्वर्गद्धारी, मल्लारानी, नौवहीनी |
| ५४. | | रोल्पा | |
| ५५. | | रुकुम पूर्व | |
| ५६. | | सल्यान | |
| ५७. | कर्णाली प्रदेश | दाङ | |
| ५८. | | बाँके | खजुरा, नेपालगंज, कोहलपुर, वैजनाथ, जानकी, नरैनापुर |
| ५९. | | बर्दिया | ठाकुरवावा, वारवर्दिया, राजापुर, बासँगढी |
| ६०. | | सुर्खेत | विरेन्द्रनगर, भेरीगंगा, गुर्भाकोट, लेकवेसी, सिम्ता, चिङ्गाड, बराहताल, पंचपुरी, चौकुने |
| ६१. | | दैलेख | नारायण, आठबीस, चामुण्डाबिन्द्रासैनी, दुल्लु, भैरवी, गुँरास, डुङ्गेश्वर, ठाटीकाँध, महावु, भगवतीमाई, नौमूले |
| ६२. | | कालिकोट | |
| ६३. | | जुम्ला | |
| ६४. | | मुगु | मुगुकार्मारोङ, |
| ६५. | | डोल्पा | ठूलीभेरी, त्रिपूरासुन्दरी, जगदुल्ला, काइके, छार्कताङछोङ, डोल्पोबुद्ध, से-फोक्सुन्डो |

| सि.नं. | प्रदेश | जिल्ला | पालिका |
|---|---|---|---|
| ६६. | | हुम्ला | |
| ६७. | | रुकुम पश्चिम | |
| ६८. | | जाजरकोट | भेरी, नलगाड, बाह्रेकोट, कुसे, शिवालय, जुनीचादे, छेडागाड |
| ६९. | सुदूरपश्चिम प्रदेश | दार्चुला | अपीहिमाल, महाकाली, नौगाड |
| ७०. | | बैतडी | डिलाशैनी, दोगडाकेदार, दथरथचन्द, पाटन, पन्चेश्वर |
| ७१. | | डडेल्धुरा | |
| ७२. | | कंचनपुर | |
| ७३. | | कैलाली | गोदावरी, मोहन्याल, चूरे, गौरीगंगा, लम्कीचुवा, वर्दगोरीया, कैलारी |
| ७४. | | अछाम | |
| ७५. | | डोटी | |
| ७६. | | बझाङ | जयपृथ्वी, थलारा, केदारेश्वर, वित्थडचिर, खप्तडछन्ना, सैपाल, मस्टा, तलकोट, दुर्गाथली र छबीस पाथीभरा |
| ७७ | | बाजुरा | |

# नेपाल निजामती कर्मचारी संगठन

केन्द्रीय कार्य समितिको

# एघारौं राष्ट्रिय अधिवेशनबाट पारित

# आर्थिक प्रतिवेदन

**२८-२९ गते फागुण २०७८, कार्की बैंक्वेट, माईतीघर**

आदरणीय अध्यक्ष मण्डलका अध्यक्षज्यू,
अध्यक्ष मण्डलका सदस्यज्यूहरू,
यो गरिमामय अधिवेशनमा सहभागी प्रतिनिधिज्यूहरू,
एवं स्वयंसेवक मित्रहरू,
हार्दिक अभिवादन ।

नेपाल निजामती कर्मचारीहरूको गौरवमय संस्था नेपाल निजामती कर्मचारी संगठनको "एघारौं राष्ट्रिय अधिवेशन" सभ्य र भव्य रूपमा सम्पन्न गर्ने क्रममा काठमाडौं उपत्यकामा उपस्थित रहनु भएका सम्पूर्ण प्रतिनिधि, पर्यवेक्षक, स्वयंसेवक, स्वदेशी तथा विदेशी भाईचारा संस्थाहरूबाट पाल्नु भएका अतिथिज्यूहरूमा हार्दिक स्वागत र अभिवादन व्यक्त गर्दछु ।

सर्वप्रथम नेपाल निजामती कर्मचारी संगठनको गौरवमय इतिहास कोर्ने क्रममा जीवन बलिदान गर्नुहुने आदरणीय सहिद मनोज जोशी-झपेन्द्र कार्की, सुरेन्द्र वि.क. एवम् मुलुकको प्रजातान्त्रिक तथा पेशागत आन्दोलन र मानव अधिकार, शान्ति र लोकतन्त्र र सुशासनको पक्षमा आन्दोलित रहेको विभिन्न कालखण्डको क्रममा आफ्नो अमूल्य जीवन बलिदानी गर्नुहुने ज्ञात अज्ञात महान सहिदहरू प्रति श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु । साथै दशौं अधिवेशनदेखि हालसम्म विभिन्न रोग, दुर्घटना, आक्रमण तथा प्राकृतिक प्रकोपका कारण ज्यान गुमाउनु हुने केन्द्रयि सदस्य कृष्ण बहादुर भुजेल, पूर्व उपाध्यक्ष शंकर पोखरेल, पूर्व केन्द्रीय सदस्य दण्डपाणी अधिकारी लगायत पदाधिकारी, सदस्य र निजहरूका गुमेका आफन्तजनहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भनि प्रार्थना गर्दछु ।

साथै यस ५ वर्षको अबधिमा यस संगठनका पदाधिकारी/सदस्यहरू वृत्तिविकास प्राप्त गर्नुहुने सम्पूर्णमा हार्दिक बधाई दिँदै यस अवधिमा सेवा निबृत्त हुनुहुने राष्ट्रसेवकहरूलाई सेवा निबृतपछिको जीवनयापन सुखमयी बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु । साथै राजनैतिक परिर्वतन सँगै पेशागत क्षेत्रबाट राज्यका विभिन्न तहमा जिम्मेवारी पाउनु हुने सबै राष्ट्रसेवकहरूलाई हार्दिक बधाई तथा कार्यकाल सफलताको शुभकामना दिन चाहन्छु ।

निजामती कर्मचारीको राष्ट्रिय स्तरको पहिलो ट्रेड यूनियन नेपाल निजामती कर्मचारी संगठनको प्रथम राष्ट्रिय अधिवेशन (२०४७ चैत्र १३ देखि १६, काठमाडौं), दोस्रो राष्ट्रिय अधिवेशन (२०४९ चैत्र २८ देखि २९, काठमाडौं) तेस्रो राष्ट्रिय अधिवेशन (२०५१ चैत्र १६ देखि १८, काठमाडौं), चौथो राष्ट्रिय अधिवेशन (२०५३ चैत्र २३ देखि २५, कास्की), पाँचौ राष्ट्रिय अधिवेशन (२०५६ जेठ २९ देखि ३१, विराटनगर), छैठौं राष्ट्रिय अधिवेशन (२०५९ पौष २६ देखि २८, वीरगञ्ज), सातौं राष्ट्रिय अधिवेशन (२०६३ चैत्र २६ देखि २९, बाँके), आठौं राष्ट्रिय अधिवेशन (२०६६ माघ १५ देखि १८ रूपन्देही), नवौं राष्ट्रिय अधिवेशन (२०६९ चैत्र २७ देखि २९, काठमाडौं), दशौं राष्ट्रिय अधिवेशन (२०७३ मंसिर २७ देखि २९ बाँके) मा सम्पन्न भएको राष्ट्रिय अधिवेशन पश्चात ५ वर्ष ३ महिनाको अन्तरालमा पुनः यस नगरिमा सम्पन्न हुन गएको ११ औं राष्ट्रिय अधिवेशनको यस सम्मानीत हलमा ११ औं राष्ट्रिय अधिवेशन आयोजक समितिको आर्थिक व्यवस्थापन प्रमुखको हैसियतले केन्द्रीय कार्य समितिको आय-व्यय तथा नीति र कार्यक्रम सहितको आर्थिक प्रतिवेदन प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित ठानेको छु । ५ वर्ष ३ महिनाको अन्तरमा संगठनको सर्वोच्च निकाय राष्ट्रिय अधिवेशनको अवसर पारेर मुलुकभरिबाट आउनु भएका संगठक तथा पाहुनाहरूलाई स्वागत गर्न पाएकोमा हार्दिक आभार तथा खुसी व्यक्त गर्न चाहन्छु ।

यसैक्रममा दक्षिण अफ्रिकाको जोहनेसवर्गमा २०१७ जुन २६ देखि ३० तारिखसम्म भएका NAHAWU को ११औं सम्मेलनमा यस संगठनका अध्यक्ष श्री केदार प्रसाद देवकोटा र महासचिव श्री रेवन्त गौतमको नेतृत्वमा सक्रिय सहभागीताका साथ सम्पन्न भएको थियो भने भारतको गोहामा भएको TUI-PS को बैठकमा उपाध्यक्ष श्री भवानी दाहाल लगायतको सहभागीता रहेको थियो । उक्त सम्मेलनले विश्वका श्रमिकहरूको आधारभूत आवश्यकता प्राप्त गर्न र पूँजीवादी बर्बरताले सिर्जना गरेको गरिबी र युद्धका विरुद्ध संघर्ष गर्नुका

साथै अर्न्तराष्ट्रियतावाद र एकताका साथ अगाडि बढ्ने कार्यदिशा तय गरेको थियो । हाम्रो संगठन पनि विश्वका ९ करोड २० लाख श्रमिकहरू आबद्ध उक्त महासंघको सकृय सदस्य रहि आएको ब्यहोरा अनुरोध गर्दछु ।

सम्पूर्ण राष्ट्रसेवकहरूलाई कठिन समयका बावजुत पनि हामीले अपेक्षा नगरेको समयमा हाम्रो पार्टीको सरकारबाट एकमुष्ट रु २,०००।०० तलब वृद्धि, एक दिनको तलब बराबरको ग्रेड उपलब्ध गराउने तथा कालिकोटको फुकोटमा निजामती हाईड्रो निर्माण गर्ने, कर्मचारीहरूलाई सहुलियतपूर्ण ऋण कर्मचारी सञ्चयकोषबाट उपलब्ध गराउने विषयलाई सम्बोधन गर्नुहुने माननिय अर्थ मन्त्री श्री बिष्णु पौडेल प्रति हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

मुलुकमा संघीयता सहितको संविधान प्राप्त गरी कार्यान्वयनको अन्तिम चरणमा रहेसँगै मुलुक संघीयतामा गए सँगै निजामती कर्मचारीहरूको समायोजन तीन तहमा भएको छ। भने समायोजन समाप्त भएको हाल वर्षौ पुरा हुँदा पनि समायोजन संसोधन हुन छाडेको छैन । सम्मानित अदालतबाट भएको समायोजनमा हेरफेर हुँदा कतिपय राष्ट्रसेवक कर्मचारीहरू त्यसको मारमा परेका छन् भने राज्यबाट संघीय निजामती सेवा ऐन हालसम्म प्राप्त गर्न नसकिरहेको अवस्थामा हामी यस ऐतिहासिक अधिवेशनमा उपस्थित भएका छौ । यस्तो राजनैतिक तरलता र विभिन्न प्राकृतिक प्रकोपका बावजुत पनि हामी निजामती कर्मचारीहरूले देश र जनताको सेवामा अहोरात्र खटिई सेवा प्रवाह प्रदान गरिरहेको अवस्थामा सरकारबाट कर्मचारीहरूको मनोबल घटाउने तवरले हाल पाईरहेका सेवा सुविधामा कटौती गर्ने गरी राज्य व्यवस्था समितिमा बिवादीत भएको संघीय निजामती सेवा ऐन अध्यादेश मार्फत ल्याउन प्रयास गरिरहेको हुँदा षडयन्त्रकारी ढङ्गबाट आम राष्ट्रसेवक कर्मचारीको मनोवल गिराउने, ट्रेड युनियन सिद्धयाउने र विद्यमान निजामती सेवा ऐन २०४९ मा भएका सेवा सुविधा र अधिकार कटौती हुनेगरी निजामती सेवा ऐन आएमा त्यसको विरुद्धमा हामी सबै एकजुट हुनुपर्ने अवस्थामा आउन सक्दछ । त्यसैले यस सम्मानित हलबाट निजामती सेवा ऐनका विषयमा आवश्यक छलफल गरी निष्कर्षका साथ कर्मचारी मैत्री ट्रेड युनियनमैत्री ऐन जारी गराउन सरकारलाई खबरदारी गर्न जरुरी रहेको छ ।

**आदरणीय अध्यक्ष ज्यू**, अब म केही सांगठनिक गतिविधिका बारेमा प्रष्ट पार्न चाहन्छु, हामी १० औं राष्ट्रिय अधिवेशनमा नै दुईवटा गुट निर्माण गरी चुनाबी अभियानमा लागी चुनावी नतिजा अनुसार प्रतिनिधित्व हुँदा हरेक बैठकहरूमा

त्यसको प्रष्ट प्रभावलाई हामी नकार्न सक्दैनौ, त्यसको परिणाम काम गर्ने भन्दा आलोचना गर्ने, गैर सांगठनिक गतिविधिहरू सञ्चालन हुने प्रथा मौलाएको अवस्था विद्यमान नै थियो । यस्ता प्रकारका गतिविधिले ट्रेड युनियन आन्दोलन कमजोर त हुन्छ नै हामी हाम्रो लक्ष्यमा कदापि पुग्न सक्दैनौ त्यसैले यावत समस्या समाधान गर्न सांगठनिक एकजुटताबाट मात्र सम्भव हुने हुँदा सम्पूर्ण निजामती कर्मचारीहरू एकजुट भएर ट्रेड युनियन आन्दोलनका उपलब्धिहरूको रक्षार्थ नेपाल निजामती कर्मचारी संगठनमा एकजुट भई अगाडि बढ्नु पर्दछ। यस संगठनले आम निजामती कर्मचारीहरूका साझा सवालहरू कर्मचारी समायोजन, निजामती सेवा ऐन, निजामती हाईड्रो, सातै प्रदेशमा निजामती अस्पताल, सातै प्रदेशमा निजामती स्कुल, तलब वृद्धि, सेवा निबृत सुविधामा करको सिमामा वृद्धि, निजामती कर्मचारीहरूका सन्ततीको छात्रवृत्तिलाई सस्थागत गर्नुपर्ने, कर्मचारी सरल घर जग्गा सरल कर्जा जस्ता विषयहरू कार्यन्वयनका लागी मागपत्रहरू पेश गर्ने तथा समय समयमा सम्बन्धित निकायमा ध्यानार्कषण गराउने कार्य गरिरहेकै छ । सांगठनिक ऐक्यवद्धतालाई मजबुद बनाउन सदस्यता बिस्तार, विभिन्न प्रशिक्षण कार्यक्रम तथा सांगठनिक क्यालेण्डर अनुसारका गतिविधिहरू सञ्चालन भई रहेका छन ।

**आदरणीय अध्यक्ष ज्यू,**
**प्रतिनिधि तथा पर्यवेक्षकज्यूहरू**

यस अवसरमा २०७३ मंसिर २७-२९ मा सम्पन्न दशौं राष्ट्रिय अधिवेशन पश्चात २०७३ पौष १ गतेबाट सम्पन्न भएका आर्थिक गतिविधिहरूलाई सार संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नेपाल निजामती कर्मचारी संगठन आफ्नै भौतिक अवस्था र विशेषता बोकेर आफ्ना सदस्यहरूको पेशागत हकहितका साथै मुलुकका आवश्यकता अनुसार आफूहरूलाई समर्पित गर्दै अगाडि बढिरहेको एउटा जुझारु र ईमान्दार राष्ट्रिय स्तरको पहिलो ट्रेड यूनियन हो । यसले आफ्नो कार्यशैली, व्यवहार, नेतृत्व क्षमता अभिबृद्धिका साथै संगठनसँग आवद्ध परिवारजन तथा सामाजिक मर्यादा कायम गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण गर्न र दिनानुदिन संगठन सञ्चालन गर्न विभिन्न कोषहरूको विनियम अनुसार व्यवस्था गरे अनुसार विभिन्न कोषहरू सञ्चालन हुदै आउने क्रमसँगै मिति २०७८ असोज २ गतेको राष्ट्रिय भेलामा असन्तुष्ट केही पदाधिकारीहरूले बैंक खाता रोक्का र संगठन

कार्यालयमा अमर्यादित, अशोभनीय कार्य गरी तालाबन्दी भएको कारण झण्डै ५ महिना हाम्रो दैनिक कार्य सञ्चालनमा केही असहज भएको कुरा यस सम्मानित हलमा जानकारी गराउन चाहन्छु । २०७८ पौष २७ भएको सहमतिको बाबजुद पनि सरकारको आडमा केही असन्तुष्ट झुण्डले तालाबन्दी खोल्न नदिँदा पनि संगठकहरूको उच्च मनोबलका कारण मिति २०७८ माघ १७ गतेबाट कार्यालय खोली कार्यसम्पादन सुचारु भएको व्यहोरा अवगत गराउन चाहन्छु ।

यस कार्य समितिले दशौं अधिवेशनबाट निर्वाचित भएर आए पछिको आर्थिक कठिन परिस्थितिको सामना गर्दै दशौं अधिवेशन सम्पन्न गर्दाको भुक्तानी बाँकी लगायतका खर्चहरू र पहिलेको भुक्तानस गर्न बाँकी बक्यौता दायित्व समेत रु ४४,५९,६०८।०० रकम यस कार्य समितिले भुक्तानी गरेको छ । यस अबधिमा तपशिल अनुसारका मुख्य कार्यक्रम सम्पन्न गरी संगठनको आफ्नो गतिशिलता कायमै राख्न सफल भएको छ । यस अबधिमा संगठनले आफ्ना गतिविधिहरू सञ्चालनका क्रममा जिल्ला/विभाग तथा केन्द्रीय पदाधिकारी/सदस्यहरूले बक्यौता चुक्ता गरी संगठनलाई सहयोग पुरयाउनु भएकोमा हार्दिक धन्यबाद व्यक्त गर्दछु ।

**बक्यौता चुक्ता गर्ने जिल्ला /विभागहरू**

काठमाडौं जिल्ला कार्य समिति, काभ्रे जिल्ला कार्य समिति, शिक्षा, विज्ञान तथा प्रबिधि विभागीयकार्य समिति, शहरी बिकास विभागीयकार्य समिति, भौतिक विभागीयकार्य समिति, श्रम तथा रोजगार विभागीयकार्य समिति, पशुपंक्षी विभागीयकार्य समिति, संसद विभागीयकार्य समिति, महालेखा परीक्षक विभागीयकार्य समिति, उपराष्ट्रपति विभागीयकार्य समिति, नेपाल ट्रष्टको विभागीयकार्य समिति, रामेछाप जिल्ला कार्य समिति, ललितपुर जिल्ला कार्य समिति, इलाम जिल्ला कार्य समिति, जाजरकोट जिल्ला कार्यसमिति, कास्की जिल्ला कार्य समिति र बर्दिया जिल्ला कार्यसमिति रहेका छन् । यस सम्मानित हल समक्ष मैले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन उपर उपस्थित प्रतिनिधिज्यूहरूबाट प्राप्त सुझावहरू यस प्रतिवेदनमा समावेश गरी यो प्रतिवेदन तयार गरेको छु ।

**१. कार्य सञ्चालन कोष :**

संगठनको दैनिक कार्य सञ्चालन गर्न राष्ट्रिय वाणिज्य बैंक, भोटाहिटी, जमल शाखामा कार्यसञ्चालन कोषका लागि चल्ती खाता १३६०१०००००२ ९७३०१ र नेपाल बंगलादेश बैंक लिमिटेड, बिजुलीबजारमा बचत हिसाब नम्बर ००५१८५७१S खाता खोली सञ्चालनमा रहेका छन् । यस खातामा मूलतः

सदस्यता शुल्क तथा लेवी, भित्तेपात्रो प्रकाशन, उपहार कार्यक्रम सञ्चालन, विज्ञापन प्रकाशन, लोकसेवा आयोग तयारी कक्षा सञ्चालन, साँस्कृतिक कार्यक्रम सञ्चालन, संगठनका प्रकाशनहरू बिक्री, घर जग्गा भाँडा, आर्थिक सहायता तथा चन्दा पुरस्कार आदिबाट संकलन गरिने रकमहरू र सम्पूर्ण रूपमा संगठन सञ्चालन गर्दा हुने व्ययहरू समाबेस गर्ने गरिन्छ भने यस कोषबाट संगठनका मुख्य कार्यक्रमहरू सहिद सप्ताह, तीज कार्यक्रम, स्थापना दिवस, प्रकाशन सामाग्री, आर्थिक सहायता, बैठक, भेला, अधिवेशन खर्च लगायतका मुख्य खर्चहरू यस खातामा दशौं राष्ट्रिय अधिवेशनबाट जिम्मेवारी सरेको शेयर बापत ३,१२,५००।०० लगानी हिसाब रु.६२३००२।०० मा यस अवधिमा गत अबधिमा विभिन्न राष्ट्र सेवक सहकारीहरूमा लगानी भएको फिर्ता भएको छैन । राष्ट्रिय बाणिज्य बैक भोटाहिटी (चल्ती खाता नं १३६०१०००००२९७३०१ मा रु ५,७४,३०१।८६ र नेपाल बंगलादेश बैक बिजुलीबजारमा अ.ल्या सरेको रु ३०,१६१।३२ यस खाताबाट कुनैपनि कारोवार भएको छैन भने साबिक चल्ती हिसाब नं ००५१८५७१ मा रु. ३०,१६१।३२ र राष्ट्रिय बाणिज्य बैक भोटाहिटी (चल्ती खाता नं १३६०१०००००२९७३०१ मा रु ८,६९,०७६।०७ मौज्दात रहेको सहकारीहरूमा लगानी शेयर रकम ३,१२,५००।०० र लगानी हिसाब ८,४६,०१९।३५ रहेको छ । हाल राष्ट्रसेवक सहकारी संस्थाको खातामा सदस्यता लगायतको रकम संकलन गरिएको हुँदा यस अबधिसम्ममा कर्मचारी बीमा कल्याण कोषको जम्मा भएको रकम मध्ये रु ९,००,०००।०० सापटी फिर्ता गर्नुपर्ने छ भने यस कोषबाट सम्पन्न भएका महत्वपूर्ण कार्यक्रमहरूको तालिका तपशिल अनुसार उल्लेख गर्दै आय व्ययलाई अनुसूचिंमा समावेश गरेको छु ।

संगठन सञ्चालनको मुख्य कोषको रूपमा रहेको यस कोषको माथि उल्लेखित आम्दानीको स्रोतलाई व्यवस्थित गर्ने विषय जटिल बन्दै गएको र यस अवधिमा संगठनले गर्ने नियमित क्रियाकलापको दायरा वृहत तथा फराकिलो बनेको तर नयाँ आर्थिक श्रोतहरूको व्यवस्थापन आशातित रूपमा पहिचान गरी वृद्धि गर्न नसकिएकोले प्रदेश भेला, मुलुकभर जिल्ला/विभागीय परिषद् तथा प्रशिक्षण कार्यक्रमहरू, संगठनको प्रकाशनहरू यस अवधिमा कम भएता पनि आगामी दिनमा प्रभावकारी रूपमा संञ्चालन गर्न संगठन र राष्ट्रसेवक सहकारीहरूको सहकार्य हुनु पर्ने देखिन्छ । त्यस्तै दैनिक प्रशासनिक खर्च समेतले गर्दा आर्थिक रूपले बोझिलो बन्दै गएका छन् भने अधिकांश जिल्ला/विभागीय कार्य समितिहरूबाट नियमानुसार सदस्यता शुल्क तथा लेबी एवं विभिन्न

कार्यक्रमगत केन्द्रीय बक्यौता समयमा प्राप्त नहुँदा यस्तो अवस्था सिर्जना हुन गएको छ । हाल जिल्ला/विभागीयको नाममा ठूलो राशी बक्यौता रहन गएको छ । CGAS मार्फत भुक्तानी प्राप्त हुन आएका कतिपय रकमहरूको कार्यालय कोड बैंक स्टेटमेन्टमा उल्लेख नहुँदा कुन निकायबाट प्राप्त भएको हो एकिन हुन नसक्दा दायित्वमा कतिपय बक्यौता घटाउन सकिएको छैन भने रकम जम्मा गराउने सस्था/व्यक्ति/कार्य समितिहरूले समयमानै सूचना दिई बक्यौता मिलान गर्ने कार्यमा सहयोग गर्नुहुनेछ भन्ने अपेक्षा गरेको छु ।

**२. भवन निर्माण कोष/ सहिद मनोज-झपेन्द्र स्मृति केन्द्रीय भवन :**

संगठनको स्थायी कार्यालय भवन निर्माण गर्ने नीति बमोजिम नेपाल सरकारबाट सार्वजनिक जग्गा प्राप्तिको लागि संगठनको विशेष पहल कदमीको कारण मन्त्रीपरिषद्को मिति २०६८/३/१ को नीतिगत निर्णय बमोजिम काठमाडौं महानगरपालिका वाड नं. ११ बबरमहलस्थित कित्ता नं. २५०२ क्षेत्रफल ४४५.१४४ बर्गमीटर करिब १४ आना भोगाधिकार सहितको घडेरी जग्गा २०६८/९/ ११ मा उपलब्ध भए अनुसार करिब ३ करोड ३४ लाख रकम लागतमा सुविधा सम्पन्न भवन निर्माण गरि हाल कार्यालय सञ्चालनमा रहेको छ । मुलुकको पेशागत क्षेत्रमा सबैभन्दा क्रियाशील र जुझारु राष्ट्रिय स्तरको पहिलो ट्रेड युनियन नेपाल निजामती कर्मचारी संगठनको बैठकहरू समेत सोहि भवनमा सञ्चालन गर्न सक्ने सुविधा सम्पन्न हल निर्माण गर्न ड्रइङ, डिजाइन तयार हुँदा हुँदै रोकिएको अवस्थामा छ भने यस अवधिमा पनि हाम्रा केन्द्रीय पदाधिकारी तथा सदस्यहरूले आफ्नो गाँस काटी भवन निर्माणको लागि सहयोग पुऱ्याउनु भएको छ । दोश्रो केन्द्रीय कार्य समितिको बैठकको निर्णय अनुसार केन्द्रीय पदाधिकारी एवं सदस्यहरूले एक महिनाको शुरु तलव स्केल पुऱ्याउने भनेकोमा हालसम्म पनि केही पदाधिकारी एवं सदस्यहरूले आफ्नो दायित्व पुरा गरेको अवस्था छैन । दशौं अधिवेशनबाट भवन निर्माण कोषमा अ.ल्या. सरेको रु २,१९,३४३।१२ यस अवधिमा आम्दानी तथा खर्च भई हाल रा.बा. बैक सिंहदरबारमा रु.१२,०२,३५६।०२ मौज्दात रहेको छ । सो को विवरण अनुसूचिमा समावेश गरिएको छ । साथै यस अवधिमा भवन निर्माण सहयोग गर्नेको नामावली संलग्न गरेको छु ।

संगठनको नाममा रहेको काठमाडौं पेप्सीकोला प्लानिङको ८ आना जग्गा १० वर्षका लागि २०७३ साल असोज १० गतेबाट लिजमा रिकेश अटो सेन्टर प्रा.लि.ललितपुरसँग सम्झौता गरिएको छ । सो जग्गामा हाल अस्थायी संरचना

बनाई तीन तला निर्माण गरि व्यवसाय सञ्चालनमा भइरहेको छ । हामीसँग लिजमा लिनका लागि सम्झौता गरे बमोोजिमको रकम दुई आर्थिक वर्षसम्म मात्र भुक्तानी भएको छ। पटक पटक मौखिक तथा लिखित पत्राचार गर्दा समेत हालसम्म सो जग्गाको ४ वर्षको भाडा प्राप्त भएको छैन। यस संगठनबाट पटक पटक ताकेता गर्दा हाल सम्पर्क गर्न समेत नआउदा सो सम्झौता भंग गरी पुन भाडामा लगाउनु पर्ने भएको छ ।

**३. कर्मचारी कल्याण कोष :**

यो संगठन आफ्नो सदस्य मात्रको नभई आम कर्मचारी तथा परिवारजन समेतको सहयोगी र भरोसा योग्य संस्था हो । सुख दुःखमा संगठन साथमा छ भन्ने विश्वास दिलाउँदै आफ्नो छवि जनसमक्ष प्रक्षेपण गर्ने उद्देश्यका साथ यस कोषको स्थापना गरिएको हो । यस कोषमा जम्मा भएको रकमबाट सहयोग नीति अनुरूप विभिन्न संगठन, शुभेच्छुकलाई आर्थिक सहयोग उपलव्ध गराउदै आएको छ । भने दिन प्रतिदिन नयाँ रोगहरू देखिनुको साथै रोगको लक्षण पनि असोचनीय प्रकृतिको पहिचान भई उपचार पद्धति महंगो र विरामी तथा परिवारजनको आत्मियतामा पातलोपना वृद्धि हुँदै गरेको परिस्थितिमा १० औं अधिवेशनबाट रु १०,०००।०० सम्म आर्थिक सहयोग गर्न सकिने व्यवस्थालाई समयानुकूल वृद्धि गर्न त्यसै गरी कर्मचारी बिमित रकम हाल १,००,०००।०० लाई वृद्धि गरी १५००००।०० पुऱ्याई कर्मचारी कल्याण कोष जस्तो महत्वपूर्ण यस कोषमा भएको रकमलाई दिर्घकालीन श्रोतका रूपमा पूँजी व्यवस्थापन गरी सदस्यहरूको हितमा दीर्घकालीन लगानीबाट लाभान्वित गर्न लगानीको वातावरण तयार गर्नुपर्दछ। यस कोषबाट यस संगठनमा कार्यरत कर्मचारीहरूका लागि समेत विनियम तयार गरी सेवा सुविधा उपलब्ध गराउन यस कोषलाई केही परिमार्जन गर्नुपर्ने देखिन्छ ।

यस कोषमा दशौं राष्ट्रिय अधिवेशनबाट लगानी सहितको रु. ३५३५३१।८३ जिम्मेवारी प्राप्त हुन आएकोमा यस अबधिमा लगानीको ब्याज प्राप्त हुन आएको छ भने कुनै खर्च नभएको (मोरङ, कास्की, उदयपुर र दैलेख राष्ट्रसेवक सहकारी संस्थामा जम्मा लगानी रु.२३,६५,५५०/०० समेत ) जिम्मेवारी प्राप्त भएकोमा यस अवधिमा उदयपुरको शेयर रु १०,०००/०० बचत रु १,६८,७६५।०० र दैलेखको रु. ५,४३,४२५/०० कृषि विकास बैंक पुतलीसडकस्थित चल्ती खाता नं. ०२०९९००२६२०५५०१७ मा रु.८४,०७३।९४ मौज्दात रहेको अवस्था छ ।

### ४. सहिद कोष :

सहिदको सम्मान र सम्झनामा गरिने समारोह तथा दिवस खर्चहरू, सहिद परिवारको सम्मान तथा सहयोग सम्बन्धी विषयहरू सहिद परिवारलाई आर्थिक सहयोग, उपचार सहयोग, छात्रवृत्ति, पुरस्कार जस्ता खर्चहरू संयोजन गर्न सकिने गरी यो कोषको स्थापना गरिएता पनि कोष दर्बिलो भई नसकेको कारणबाट उक्त अवसरहरूमा गरिने कार्यक्रमहरू कार्य सञ्चालन कोषबाटै व्यय हुने गरी सम्पन्न गरी आएको हुँदा यस वीचमा सहिद कोषबाट कुनै पनि रकम व्यय भएको छैन। केन्द्रीय कार्य समितिमा प्राप्त हुने ले.वीको २० प्रतिशत र अन्य रकम आम्दानीको श्रोतको रूपमा नीति रहेकोमा सदस्यता ले.वि. संकलन हुने कार्य प्रभावकारी नहुँदा यो कोष मजवुत बनाउन सकिएको छैन। यस कोषबाट यस अबधिमा कुनै रकम खर्च गरिएको छैन गत नवौं राष्ट्रिय अधिवेशनबाट यस कोषमा रु.३,४६,३९८/८५ (राष्ट्र सेवक कास्कीमा रु.२,७३,८६७/०० समेत) जिम्मेवारी प्राप्त भएकोमा बैंक व्याज र बैंक कर समायोजन भै राष्ट्रसेवक, कास्कीमा रु.२,७३,८६७/०० र कृषि विकास बैंक, रत्नपार्क स्थित बचत खाता नं. ०२०९५००१५५८३२०१० मा रु.८४,०७३।९४ बचत रहेको अवस्था छ। आगामी अवधिमा कोष वृद्धिको योजना बनाई यस कोषलाई मजबुत तुल्याउनु पर्ने आवश्यकता रहेको देखिन्छ।

### (५) केन्द्रीय विपद् व्यवस्थापन राहत कोष :

दार्चुला लगायतका देशका विभिन्न स्थानहरूमा भएको बाढी पहिरो जस्ता प्राकृतिक विपद्बाट पिडित सदस्य तथा सदस्यका परिवार लगायत आम पिडित पक्षलाई राहत स्वरूप सहयोगार्थ केन्द्रीय विपद् राहत कोषको स्थापना गरी कार्यान्वयनमा ल्याइएको छ। यस कोषको लागि एभरेष्ट बैंक लिमिटेड सिंहदरवारमा बैंक खाता (चल्ती खाता नं. ००१००१०५२०१४४९) खोली व्यवस्थित गरिएको छ। यस कोषमा दशौं अधिवेशन पश्चात मौज्दात रु ४७,५७५।५० रहेकोमा यस अवधिमा विभिन्न कार्य समितिहरू तथा सहयोगबाट रकम संकलन भएकोमा सो कोषबाट यस निजामती कर्मचारी संगठनले राज्यमा भएका प्राकृतिक बिपद् जस्तै भुकम्प, बाढि पहिरो, सितलहर वा कोरोना भाईरसको संक्रमणको समयमा पनि सेवा प्रदानमा कमि हुन दिएको छैनन् भने आर्थिक रूपमा पनि २०७६ आषाढ र श्रावणमा गएको बाढि पहिरोको समयमा प्रधानमन्त्री राहत कोषमा रु २,००,०००।०० र २०७६ फागुण देखि सुरु भएको कोभिड उपचार सहयोग कोषमा रु ५,००,०००।०० राज्यलाई सहयोग पुऱ्याएको

तथा सितलहर २०७४ मा सप्तरी र रौतहटका केही बिपन्न परिवारलाई न्यानो कम्बल र अन्य सामाग्री वितरण गरिएको ब्यहोरा अनुरोध गर्न चाहन्छु । बाढी, पहिरोबाट धनजनको क्षति पुगेका जिल्लाहरूमा जिल्ला कार्य समिति मार्फत सम्वन्धित निकायमा सहयोग पुयाउन निम्नानुसारको रकम पठाइएको छ । भने यस कोषको एभरेष्ट बैंक लिमिटेड सिंहदरवारस्थित बैंक खाता (चल्ती खाता नं. ००१००१०५२०१४४९)मा रु ३,४७,९५५।५० मौज्दात रहेको छ भने आय, ब्ययलाई अनुसुचिमा राखिएको छ ।

**तपशिल**

बाढिपिडीत

जि.का.स म्याग्दी मार्फत रु ४००००।००

जि.का.स बाग्लुङ मार्फत रु ४००००।००

जि.का.स जाजरकोट मार्फत रु ४००००।००

जि.का.स बाजुरा मार्फत रु ४००००।००

**सितलहर**

बारा पर्सा र नवलपरासी रु १५००००।०० बरावरको न्यानो कपडा

**अग्नीपिडीत**

जि.का.स कालिकोट मार्फत रु ४००००।००

### (६) सदस्यता नविकरणसँग वीमा (कल्याणकोष)

यो संगठन आफ्नो सदस्य मात्रको नभई आम कर्मचारी तथा परिवारजन समेतको सहयोगी र भरोसा योग्य संस्था हो । सुख दुःखमा संगठन साथमा छ भन्ने विश्वास दिलाउँदै आफ्नो छवि जनसमक्ष प्रक्षेपण गर्ने उद्देश्यका साथ यस कोषको स्थापना गरि सदस्यहरूको बीमा गराउदै आएकोमा दुर्घटनाको क्षतिपुर्ती लिने क्रममा झन्झटिलो भएका कारण केन्द्रयि कार्य समितिको निर्णय अनुसार संगठनले आफ्नै सञ्चालन विनियम तयार गरी कोषमार्फत जम्मा भएको रकमबाट औषधी उपचार र दुर्घटना बीमा बापतको रकम सहयोग उपलब्ध गराउदै आएको छ भने दिन प्रतिदिन नयाँ रोगहरू देखिनुको साथै रोगको लक्षण पनि असोचनीय प्रकृतिको पहिचान भई उपचार पद्धति महंगो र विरामी तथा परिवारजनको आत्मियतामा पातलोपना वृद्धि हुँदै गरेको परिस्थितिमा १० औ अधिवेशनबाट रु १०,०००।०० सम्म आर्थिक सहयोग गर्न सकिने व्यवस्थालाई

समयानुकूल वृद्धि गर्न कर्मचारी कल्याण कोष जस्तो महत्वपूर्ण यस कोषमा भएको रकमलाई दीर्घकालीन श्रोतका रूपमा पूँजी व्यवस्थापन गरी सदस्यहरूको हितमा दिर्घकालिन लगानीबाट लाभान्वित गर्न लगानीको वातावरण तयार गर्नुपर्दछ भने यस कोषमा दशौं अधिवेशन पछि रु ६,५२,५७२।४८ अ.ल्या सारिएकोमा यस अबधिमा आम्दानी तथा खर्च भई हाल रा.वा.बैक मुद्दति खातामा रु १०,००,०००।०० (रु. दश लाख मात्र) र रा.वा.बैक पुतलिसडकको च.हि.नं.११३०००३९२५०१ मा १९०६९७५।९२ र कार्य सञ्चालन कोषमा सापटी ९०००००।०० लिन बाँकी रहेको छ ।

**विभिन्न आर्थिक सहायताहरू :** यस संगठनले आफना सदस्यहरूलाई विभिन्न रोगका कारण आईपर्ने समस्याहरूमा आर्थिक सहायताहरू उपलब्ध गराईएको विवरण निम्नानुसार रहेको छ ।

| | | |
|---|---|---|
| मृतक राहत सदस्य श्री श्याम न्यौपाने | बिमा रकम | रु १०००००।०० |
| मृतक राहत सदस्य श्री सन्दिप परियार | बिमा रकम | रु ५००००।०० |

**तपशिल**

| | | |
|---|---|---|
| अध्यक्ष श्री केदार प्रसाद देवकोटा | औषधि उपचार | रु ५००००।०० |
| पूर्व अध्यक्ष श्री पुण्य प्रसाद ढकाल | औषधि उपचार | रु २५०००।०० |
| पूर्व अध्यक्ष श्री मोहन बहादुर के सि | औषधि उपचार | रु २५०००।०० |
| उपाध्यक्ष श्री भवानी दाहाल | औषधि उपचार | रु २५०००।०० |
| उपाध्यक्ष श्री कृष्णराज ढकाल | औषधि उपचार | रु २५०००।०० |
| उपाध्यक्ष श्री कृष्णराज ढकाल | कल्याणकोष | रु १००००।०० |
| उपाध्यक्ष श्री ललिक मर्हजन | औषधि उपचार | रु २५०००।०० |
| उपाध्यक्ष श्री बैकुण्ठ गुरागाई | औषधि उपचार | रु २५०००।०० |
| उपाध्यक्ष श्री बैकुण्ठ गुरागाई | बाढीपिडीत सहयोग | रु २५०००।०० |
| पूर्व उपाध्यक्ष श्री शंकर पोखरेल | औषधि उपचार | रु २५०००।०० |
| उप-महासचिव श्री रेणुका के.सी | औषधि उपचार | रु २५०००।०० |
| सचिव श्री भवानी खतिवडा | औषधि उपचार | रु २५०००।०० |
| सचिवालय सदस्य श्री रामचन्द्र पण्डित | औषधि उपचार | रु २५०००।०० |
| अन्य सहयोगीहरूबाट | | रु ५०८४५।०० |
| केन्द्रीय सदस्य श्री ओम कठायत | औषधि उपचार | रु २५०००।०० |
| सदस्य श्री ध्रुवराज पौडेल (बर्दिया) | औषधि उपचार | रु १००००।०० |

सदस्य श्री छबिलाल पन्त (बर्दिया) औषधि उपचार रु १००००।००
सदस्य श्री प्रेम बहादुर महत (कृषि विभागीय) औषधि उपचार रु १००००।००
सदस्य श्री सरण रिजाल (गोश्वारा हुलाक) औषधि उपचार रु १००००।००
सदस्य श्री फुलमाया तामाङ (धनकुटा) औषधि उपचार रु १००००।००
सदस्य श्री श्यामलाल महत (जुम्ला) औषधि उपचार रु १००००।००
पूर्व के.सदस्य श्री दण्डपाणि अधिकारी (भक्तपुर)औषधि उपचार रु १००००।००
सदस्य श्री दिपक शर्मा पौडेल (कास्की) औषधि उपचार रु १००००।००
सदस्य श्री बिनोद शर्मा (भक्तपुर) औषधि उपचार रु १००००।००
सदस्य श्री दुर्गा खडका (सामान्य प्रसासन)औषधि उपचार रु १००००।००
सदस्य श्री युवराज पंज्ञानी (पुनर्निमाण प्रा) औषधि उपचार रु १००००।००
तनहु अध्यक्ष श्री राममणि ढुंगाना को (परिवार)औषधि उपचार रु २५०००।००
सल्यान के.प्र नेत्र प्रकास शर्माको छोरा रोशन दाहाल औ.उपचार रु २००००।००
गणेश शाहि स्मृति (जि.का.स ताप्लेजुङ)पार्क निर्माण सहयोग रु २५०००।००

अर्घाखाँची जिल्ला कार्य समितिलाई सहिद स्मृती पार्क निर्माण सहयोग रु १५००००।०० बक्यौतामा मिलानगर्ने गरी ।

आदरणीय अध्यक्ष ज्यू, जुनसुकै संगठनको आर्थिक अवस्था त्यस संगठनको क्रियाशीलता र गतिविधिमा निर्भर रहने गर्दछ । आर्थिक क्रियाकलापको आधारमा संगठनको गतिविधि र अवस्थाको सहज मूल्यांकन गर्न सकिन्छ । क्रियाशीलताबाटै स्रोत जुटाइन्छ भने कृयाशीलता बढाइने प्रकृयामा नै खर्च गरिन्छ । आम्दानी र खर्च आपसमा परिपूरक विषय हुंदा हुँदैपनि भविष्य र जटिल परिस्थितिका लागि केही बचत गर्नुपर्ने अवस्था पनि श्रृजना हुन्छ । संगठनको विकास क्रम संगसंगै आम्दानी खर्चका प्रकृतिहरू पनि फरक फरक हुँदै जान्छन र फरक प्रकृतिका आम्दानी खर्चहरूलाई फरक फरक कोषगत र शिर्षकहरूमा बाडफाट गरी हिसाब राख्ने व्यवस्था हाम्रो विनियमले गरेको छ । हाम्रो संगठन अरु ट्रेड युनियनहरू भन्दा पृथक तथा आफ्नै मौलिककता बोकेको पेशागत संगठन हो । यसले आफ्नो पेशासँग सम्वन्धित विषयका अतिरिक्त जनताका सरोकारका विषयहरू समेतलाई सम्वोधन गरी आफ्नो कार्य सँस्कृति, व्यवहार र कार्यशैलीलाई समयानुकूल परिमार्जन गर्दै आफ्ना सदस्य/पदाधिकारी लगायत क्षमता अभिवृद्धिका साथै संगठनको भौतिक पूर्वाधार निर्माण गर्न र सामाजिक मर्यादा कायम गर्न आवश्यक पर्ने कोषहरू स्थापना गर्दै संगठनको विनियमले व्यवस्था गरेअनुसारका कोषहरू सञ्चालनहुदै आउदा मिति

२०७८ असोज २ गतेको राष्ट्रिय भेलामा असन्तुष्ट केही पदाधिकारीहरूले बैक खाता रोक्का र संगठनमा तालाबन्दि गराउदाका असहज परिस्थिति श्रृजना हुँदा सोका बाबजुद पनि संगठनका दैनिक कार्य सञ्चालनहरू हुदै आउदा मिति २०७८।०९।२७ गते दुबै पक्षिय सहमति गरि कार्यालय खोल्दा समेत राज्य शक्तिको चरम दुरूपयोग गरी पुन बन्द गराएका कारण बैक स्टेटमेन्ट तथा कार्यालयमा भएका कागजात बन्दभई उपलब्ध नहुँदा कतिपय विवरण कतिपय अपूर्ण पेश गर्न बाध्य भएका छौ । यसबाट हामिले तिरेको रकम बक्यौतामा देखिने सम्भावना रहदा यस्तो भएमा क्षमा मार्गदछु । मैले पेश गरेको विवरणमा आ-आफना कार्य समितिको बक्यौता भिडान गरि कुनै फरक पर्न गएमा आफुसंग भएका प्रमाण पेश गरी मिलान गर्नेकार्यमा सहयोग पुरयाउनु हुनेछ भन्ने बिश्वास लिएको छु ।

**आदरणीय अध्यक्ष ज्यू, लगायत सम्पूर्ण प्रतिनिधिज्यु**
**आदरणीय सहभागी प्रतिनिधि,पर्यवेक्षक तथा सहभागी मित्रहरू,**

अव म कार्य सञ्चालन कोष भित्रका महत्वपूर्ण शिर्षकहरूसँग सम्बन्धित विषयहरू र त्यस्को श्रोत बारेमा संक्षिप्त रूपमा चर्चा गर्ने अनुमति चाहन्छु ।

**(क) सदस्य शुल्क तथा ले.वि. :** कुनै पनि संस्था शक्तिको हिसाबले कति सक्षम छ भन्ने कुरा उसका कार्यक्रमहरूले निर्धारण गर्दछ भने कार्यक्रमको प्रभावकारिता र सफलता उसका सदस्यहरूको संख्या र क्रियाशीलताले निर्धारण गर्दछ । यी महत्पूर्ण कुराहरूलाई निर्धारण गर्न आर्थिक रूपले सवल हुन जरुरी छ । संगठनको नियमित र भरपर्दो आयश्रोत भनेकै सदस्यता शुल्क र ले.वी रकम हो । ले.बि.र सदस्यता शुल्कलाई व्यवस्थित गर्ने सन्दर्भमा कुनै सम्झौता नगर्ने र असूली कार्यमा सम्बन्धित कार्य समितिलाई उत्तरदायी बनाउदै प्रत्येक असोज मसान्तभित्र ले.वि. र सदस्यता शुल्क केन्द्रमा बुझाई सक्नु पर्ने नीति रहेको छ । संगठनको आर्थिक अवस्थालाई मजबुत बनाउन संस्थाको विधान तथा विनियमावलीले गरेको व्यवस्था बमोजिम नियमित ढंगबाट सदस्यता नविकरण र ले.बि.शुल्कको मुख्य भूमिका रहन्छ भन्ने कुरामा दुईमत छैन् तथापी यस पक्षमा हुन गएको कमि कमजोरीलाई आगामी दिनहरूमा सुधार गर्ने प्रमुख दायित्व भएको स्पष्ट गराउदै सम्वन्धित जिम्मेवार पदाधिकारीहरूलाई विशेष ध्यानाकर्षण गराउन चाहन्छु । संगठनको जीवन सँस्कृतिसँग सम्बन्धित लेवी जिल्ला/विभागीय कार्य समितिबाट प्राप्त नहुँदा दायित्व किटान गरी भुक्तानी गर्न समेत समस्या रहेको छ । केन्द्रीय अधिवेशनको आर्थिक वर्षमा मात्र सदस्यता

शुल्क र ले.बि.आउने परिपार्टीको विकास ले गर्दा संगठनको सदस्यहरूको यकीन तथ्याङ. समेत प्राप्त हुन सकेको अवस्था छैन । त्यसैले सदस्यता विवरणलाई भरपर्दो बिश्वासमुखि बनाई कर्मचारी सरुवा संगै आफनो सदस्यता स्वत सार्ने सफटवयर प्रणालीको बिकास हुन पर्दछ साथै यस अवधिमा सदस्यता शुल्क र लेवि प्राप्त भएको विवरण अनुसूचीमा संलग्न छ ।

**(ख) उपहार कार्यक्रमः** संगठनको आर्थिक एवं अतिरिक्त क्रियाकलाप अन्तर्गतको उपहार कार्यक्रम प्रत्येक वर्ष  भव्यतापूर्वक सम्पन्न भएका छन् । यस प्रकारका कार्यक्रमबाट आर्थिक रूपमा सवल  त हुन्छन नै यसको अतिरिक्त संगठनको प्रचार प्रसार तथा संगठकहरू विच ताजा सम्पर्क बढाउन प्रभावकारी सिद्ध भएको छ। विगत वर्षहरूमा झै यस अवधिमा  विश्वमा महामारीका रूपमा फैलीएको कोभिड १९ ले हाम्रो कार्यक्रमलाई केही असर गरे पनि हामीले उपहार कार्यक्रमलाई निरन्तरता दिदै विगत भन्दा सु-व्यवस्थित, भरपर्दो बनाउने प्रयास स्वरूप सफ्टवेयरको निर्माण गरि ONELINE मार्फत विश्वका जुनसुकै कुनाबाट पनि हेर्न मिल्ने वनाइएको छ। यस कार्यले आम संगठकहरू को विश्वास जित्न सकिएको छ। यसलाई अझ भरपर्दो र विश्वासिलो वनाउदै आगामी  वर्षहरूमा अझ वढि रसिद छपाई गरि जिल्ला/ विभागीय कार्य समिति मार्फत आम संगठकहरू माझ पुऱ्याउने सके संगठनको कोष अझ मजवुद हुन कुरामा कुनै दुईमत छैन् । विगत ५ वर्षको उपहार विक्रीको अवस्था यस प्रकार रहेको छ ।

| वर्ष | उपहार छपाई संख्या | उपहार बिक्री संख्या | जिल्ला/ विभागीयलाई प्राप्त हुने रकम |
|---|---|---|---|
| २०७४ | १५०००० | ११०५३५ | ३० प्रतिसत |
| २०७५ | १५०००० | ९७४१९ | ३० प्रतिसत |
| २०७६ | १५०००० | ९७४८० | ३० प्रतिसत |
| २०७७ | १५०००० | ८८०५० | ३० देखि ४५ प्रतिसत |
| २०७८ | १२५००० | ६५०६७ | ३० देखि ४५ प्रतिसत |

नेपाल निजामती कर्मचारी संगठनले विगत केही वर्षदेखी यस कार्यक्रमलाई अगाडि वढाउदा केही समस्या समेत रहेका छन् केन्द्रबाट उपहार लाने तर समयमानै विक्री वितरण नहुँदा केही कार्य समितिहरू सो कार्यक्रमबाट वन्चित रहेका छन् । साथै बिक्री वितरण गर्ने कार्य समितिहरूले पनि समयमानै आफ्नो बक्यौता रकम नपठाउदा केन्द्रले पुरस्कार दिन समेत कठिन भएको कुरा

यहाँहरू समक्ष राख्न चाहन्छु । यस कार्यलाई निरुत्साहि गर्दै आगामी दिनहरूमा उपहारको रकम केन्द्रमा नपठाउने कार्यसमितीहरूको उपहार कुपन समावेश नगर्ने नीती अंगिकार गर्नु पर्ने देखिन्छ । यो कार्यक्रम हेर्दा ठुलो देखिएता पनि यसबाट जिल्ला जिल्लामा बक्यौताको मात्रा बढेको साथै पहिलेको कार्यसमितिले पछि आउने कार्यसमितिलाई बरबुझारथ नगर्ने परिपाटीले गर्दा यस कार्यक्रमलाई केही सुधार गरी सहज रूपमा सञ्चालनहुने बनाउदा उपयुक्त हुने हुँदा यस सम्मानीत हलमा घनिभुत छलफल गरी निष्कर्षमा पुग्न जरुरी छ ।

**(ग) भित्तेपात्रो प्रकाशनः "एक सदस्य एक भित्तेपात्रो"** भन्ने संगठनको नीतिलाई कार्यान्वयमा ल्याउने क्रममा यस अवधिमा प्रत्येक वर्ष भित्तेपात्रो समयमा नै छपाई मुलुकभरका संगठकहरू माझ पुऱ्याउने काम सम्मपन्न भएको छ । पहिला भन्दा यातायातको विकासक्रमले गर्दा समयमै मुलुकभर हाम्रो भित्तेपात्रो पुगी सहज रूपमा विक्री वितरण पनि भएको छ । यस्ले गर्दा हाम्रो संगठनप्रति आम कर्मचारीको आकर्षण वढेको छ भने संगठनको प्रचारप्रसारको महत्वपूर्ण सामाग्री भएको हुँदा यसलाई निरन्तर रूपमा प्रकाशन गरि सम्पूर्ण सदस्य, शुभेच्छुक र शुभचिन्तक समक्ष पुऱ्याई राख्न आवश्यक छ । संगठनको तेश्रो केन्द्रीय कार्य समितिको बैठकबाट भएको निर्णयानुसार कल्याण कोषमा आवद्धता भएबापत एक भित्तेपात्रो निशुल्क गर्ने नीति बमोजिम हाल संगठनको भित्तेपात्रोमा विभिन्न निकायबाट विज्ञापन संकलन गरि छपाई कार्यमा केही हदसम्म सहजता प्रदान भएको छ । आगामी दिनमा पनि यहि नीति बमोजिम अगाडि वढ्न आवश्यक छ । विगत ५ वर्षको भित्तेपात्रो छपाई र विक्री वितरणको अवस्था यस प्रकार रहेको छ ।

| वर्ष | भित्तेपात्रो छपाई संख्या | भित्तेपात्रो बिक्री संख्या | जिल्ला/ विभागीयको सदस्य नविकरण भएको संख्या | खुद बाँकी संख्या | जिल्ला विभागले प्राप्त गर्ने प्रति थान | केन्द्रले प्राप्त गर्ने प्रति थान |
|---|---|---|---|---|---|---|
| २०७४ | ४५००० | ४०००० | सदस्यता छुटको व्यवस्था नभएको | ४०००० | प्रति थान रु १५ | प्रति थान रु २५ |
| २०७५ | ४०००० | ३६००० | सदस्यता छुटको व्यवस्था नभएको | ३६००० | प्रति थान रु १५ | प्रति थान रु २५ |
| २०७६ | ४०००० | ३६००० | ५९५० | ३००५० | प्रति थान रु १५ | प्रति थान रु २५ |
| २०७७ | ३५००० | ३१००० | ३४७४ | २७५२६ | प्रति थान रु १५ | प्रति थान रु २५ |
| २०७८ | ३५००० | ३१००० | विवरण आउन बाँकी | ३१००० | प्रति थान रु १५ | प्रति थान रु २५ |

**(घ) लोकसेवा आयोग तयारी कक्षा:** न्युन आय भएका सदस्यहरू, सदस्यका परिवारजन तथा शुभचिन्तकहरूको सरकारी सेवा प्रवेश जस्तो महत्वपूर्ण विषयलाई सहज बनाई बढी भन्दा बढी उपलब्धी हासिल गर्न तथा मनोपोली वजार हस्तक्षेप गरी नियन्त्रण गर्ने, पेशागत हकहितका साथै संगठनको छविलाई उचो बनाउने उद्देश्यका साथ संगठनले २०५४ साल देखि निरन्तर रूपमा लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गर्दै आएको छ । लिखित परिक्षा, अर्न्तरवार्ता, परिक्षामा सफल हुने परिक्षार्थीहरूलाई स्वागत कार्यक्रमले समेत हाम्रो संगठन विस्तार अभियानलाई केही हदसम्म टेवा पुऱ्याएको छ भने उक्त कार्यक्रम मार्फत उच्च प्रशासकहरूसग संगठनको सम्बन्ध विस्तार भएको छ । यो कार्यक्रम संगठनको आर्थिक अभिबृद्धि र संगठन सदृढीकरण एवम् सम्पर्कको महत्वपूर्ण माध्यमको रूपमा स्थापित भएको छ । २०७४/०७/१२ देखि शाखा अधिकृत र मिति २०७४/०७/१९ देखि उप सचिव पदको लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको थियो भने २०७६ सालमा २०७६/०८/०६ देखि २०७६/११/२० सम्म शाखा अधिकृत र र मिति २०७६/०७/०७ देखि २०७६/०८/१४ सम्म उप सचिव पदको प्रशिक्षण सम्पन्न भएको थियो । सो कार्यक्रमको आम्दानी र खर्च निम्नानुसार रहेको छ ।

| वर्ष | समूह | प्रशिक्षार्थी संख्या | आम्दानी (रु) | खर्च (रु) | बचत रकम (रु) |
|---|---|---|---|---|---|
| २०७४ | (क) प्रशासन शा.अ.<br>(ख) उपसचिव | शा.अ.९३,<br>उपसचिव ५१ | १४,४०,०००।०० | ८,१५,०००।०० | ६,२५,०००।०० |
| २०७६ | (क) प्रशासन शा.अ.<br>(ख) उपसचिव | शा.अ.५५,<br>उपसचिव १०७ | १८,९५,०००।०० | १२,७७,५००।०० | ६,१७,५००।०० |

(ङ) **सहकारी शेयर खरिद तथा लगानी :** २०४८ सालको ५६ दिने कर्मचारी आन्दोलनबाट विस्थापित र अवकासित सदस्यहरू कार्यथलोबाट घरसम्म जान खर्च जुटाउन र कुनै व्यवसाय सञ्चालन गर्न ऋण समेत प्राप्त गर्न नसकी विचल्नी परेको अवस्थाबाट स्थापना भएका कल्याण कोषहरूलाई विधिवत रूपमा सहकारीमा रूपान्तरण गरी अभियानको रूपमा देशभरी सञ्चालन गर्ने पाँचौं राष्ट्रिय अधिवेशनबाट पारित नीति बमोजिम हालसम्म ६८ जिल्लामा राष्ट्रसेवक सहकारी संस्था स्थापना भई सञ्चालनमा रहेको जानकारी गराउदछु । सञ्चालनमा आएका सबै सहकारी संस्थाको केन्द्रीय कार्य समितिको तर्फबाट रु. १० हजार बरावरको शेयर खरिद गर्ने नीति अनुसार हालसम्म झापा, मोरङ,

इलाम, सुनसरी, उदयपुर, रूपन्देही, काठमाडौं, ललितपुर, मकवानपुर, कञ्चनपुर, सुर्खेत, कास्की, बाँके, धनकुटा, सिन्धुली, कैलाली, बझाङ, चितवन, म्याग्दी, प्यूठान, भोजपुर, बर्दिया, रसुवा, डोटी र नुवाकोटको शेयर खरीद भै सकेको २५ वटा राष्ट्रसेवक सहकारीमा लगानी गरिएको शेयर र प्राप्त मुनाफा सहितको विवरण हिसाब अनुसूचीमा संलग्न गरेको छु ।

**(च) कार्यालय व्यवस्थापन र मितव्यीता :** संगठनको केन्द्रीय कार्यालय र सचिवालयको कार्यालय तथा आर्थिक व्यवस्थापनलाई समय अनुकुल प्राविधिक रूपले सुविधा सम्पन्न, चुस्त, दुरुस्त र पारदर्शी बनाउने कार्यमा सुधार ल्याउन आवश्य रहेको छ । प्रविधिले हाल विश्वलाई एक स्थानमा ल्याइदिएको वर्तमान परिस्थितीमा हामी अझ सम्म पुरानै यथास्थितीनै छौ भन्दा अतियुक्ति नहोला त्यसैले समय सापेक्ष रूपमा संगठलाई प्रविधिमैत्री वनाउदै आम संगठकहरू विच संगठनका सूचनाहरू सहज रूपमा पुऱ्याउनु पर्दछ । संगठनको कार्यालयलाई प्रभावकारी व्यवस्थापन पक्षलाई ध्यानमा राखि केन्द्रीय विभागहरूको रेकर्ड व्यवस्थापन छुट्टा, छुट्टै रूपमा अझ चुस्त, दुरुस्त बनाउनु आजको आवश्यकता हो । उपलब्ध श्रोत साधनको अधिकतम उपयोग गर्ने नीति अंगिकार गर्दै समयको गती एवं प्रवाहसँगै परिष्कृत र परिवर्तनशील हुन आजको संगठनको आवश्यकता हो । हाल हामी आफ्नै भवनमा छौ आफ्नै भवनबाट कार्यसञ्चालन गर्दा केही सरल र सहज भएको छ । हामीले हाम्रो साधनश्रोतको अधिकतम प्रयोग गर्दै संगठनलाई व्यवस्थित रूपमा सञ्चालनमा ल्याएका छौं । सचिवालयका पदाधिकारीहरूलाई काम काज गर्न सहज होस भनेर कार्यस्थलको व्यवस्था गरिएको छ । कार्यालयमा चाहिने अत्यावश्यक प्रविधी पनि जडान गरि हाल नियमित रूपमा कार्यालय सञ्चालन भएको अवस्था रहेको छ । यस संगठनले आफनो भवनको मुनि तला मासिक ८२,०००।०० कर समेतमा भाडामा लगाई आफनो नियमित खर्च व्यवस्थापन गर्ने गरेको छ भने । असोज २ गतेको तालाबन्दि पछि केही समय देखीको भाडा लिन सकिएको छैन भने यस संगठनको पेप्सीकोला स्थित जग्गा तत्कालीन समितिले रिकेश अटो सेन्टरलाई मिति २०७३ असोज देखी १० वर्षका लागी वार्षिक रु १,९१,०००।०० मा भाडालिने गरि सम्झौता भएकोमा २०७५ असोज सम्मको २ वर्षको भाडा प्राप्त हुन आएको छ । भने सो पछि पटक पटक तागेता गर्दा समेत भाडा नबुझाउने गरेको हुँदा सो जग्गा खालि गराउने र सो भाडा नतिर्ने तथा आफै उठाउन संलग्न हुने

पदाधिकारी/सदस्यलाई कार्यवाहीका लागी थप कानुनि प्रक्रिया अगाडि बढाउनु पर्ने भएको छ ।

नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्यालयलाई व्यवस्थित रूपमा सञ्चालनमा ल्याउने प्रयत्नस्वरूप वि.स. २०५४ साल देखी कार्यरत श्री सुरेश कुमार पोखरेल रहेकोमा संगठनको हालको कार्यबोझलाई मध्यनजर गर्दै निजले कार्यालय सम्बन्धी अन्य काम गर्नु पर्ने भएको कारण साथै कार्यालयको क्षेत्रफललाई कार्यप्रकृति र नियमति कामलाई ध्यानमा राखी संगठनको सम्पूर्ण सरसफाई, कार्यालयमा आउने पाहुनाहरूलाई सेवा, सत्कार लगायतका काम गर्ने गरि कार्यालय सहयोगीको रूपमा श्री रस्मिला घिमिरेलाई मिति २०७५ साल भाद्र देखि नेपाल सरकारले तोकेको कार्यालय सहयोगीको न्युनतम पारिश्रामिक दिने गरि काममा लगाईएको व्यहोरा अनुरोध गर्दछु। लामो समय देखी संगठनमा सेवारत कर्मचारीलाई सेवा निवृत्त भएपछि केही राहत महशुस हुने गरी सेवा सुविधा प्रदान गर्न विनियम तयार गरीएको हुँदा सो विनियम अध्ययन गरी यसै अधिवेशनबाट **"कर्मचारी विनियम"** पारित गरि लागू गर्न आवश्यक रहेको छ ।

संगठनलाई मितव्ययी र चुस्त दुरुस्त बनाउने प्रयास स्वरूप ठूला छपाई सामग्री खरिदमा प्रतिष्पर्धा गराउने कोटेशन विधि तथा गुणस्तर हेर्ने समितिको राय तथा सिफारीस बमोजिम र सानातीना खरिद कार्यको लागि सचिवालयमा छलफल र अनुमोदन गराई गुणस्तरयूक्त, न्युनतम मूल्यमा, सयमभित्रै वस्तु तथा सेवा प्राप्त गर्ने गरी आएको जानकारी गराउँदछु । कार्यालयलाई थप व्यवस्थित गर्न यस अवधिमा DELL CPU ,Canon Camera थान एक खरीद गरी उपयोगमा ल्याईएको तयारी कक्षालाई मध्यनजर गर्दै हलमा अत्याधुनिक साण्उड सिस्टम एक थान जडान गरी प्रयोगमा आएका छन् । साथै केन्द्रीय पदाधिकारी र सदस्यहरूलाई संगठनका सूचनाहरू इमेल मार्फत समेत पठाउने व्यवस्था मिलाईएको छ । सिमित स्रोत र साधनको वावजुत पनि कार्यालय व्यवस्थापनलाई अझै चुष्त, दुरुस्त र व्यवस्थित ढंगले संगठनका साधारण सदस्यसम्म दोहोरो संचार हुने गरी सूचना प्रणाली विकास गर्नु आवश्यक देखिएको छ ।

**(छ) लेखापरीक्षण :** २०७३ मंसिरमा भएको दशौं राष्ट्रिय अधिवेशन पश्चात यस कार्य समितिलाई बुझाएपछि आन्तरिक लेखापरीक्षण मिति.२०७३।०८।०१ देखी.२०७७ आषाढ मसान्त सम्मको आन्तरिक लेखापरीक्षण संगठनको लेखापरीक्षण आयोगका पदाधिकारीहरूबाट सम्पन्न गरि सुझाव समेत प्राप्त भएको

छ। साथै यस संगठनको निर्णय अनुसार नियुक्त हुनुभएका रजिष्टर लेखापरिक्षक प्र.प.नं. ४९८७ श्री एस अधिकारी एण्ड एसोसियटसबाट मिति.२०७३।०८।०१ देखी.२०७८ माघ मसान्त सम्मको लेखापरीक्षण कार्य सम्पन्न भई प्रतिवेदन समेत प्राप्त भएको व्यहोरा समेत अनुरोध गर्दै अन्तिम लेखा परीक्षणको प्रतिवेदन यसै प्रतिवेदनका साथ संलग्न छ। जिल्ला/विभागीय कार्य समितिहरूको प्रत्येक आ.व.को ले.प. सम्पन्न गरी प्रतिवेदन केन्द्रमा प्राप्त हुनुपर्नेमा एक दुई कार्य समितिको मात्र ले.प. सम्पन्न गरी प्रतिवेदन केन्द्रमा मात्र प्राप्त भएका छन्। तोकिएको समय भित्रै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन केन्द्रमा पठाउनुहुन सबै जिल्ला/विभागीय कार्य समितिहरूलाई अनुरोध गर्न चाहन्छु।

**(ज) बक्यौता, पेश्की, वेरुजु, तथा मिन्हाः** पेश्की दिने तथा लिने विषयलाई निरन्तर निरुत्साही गर्नु पर्छ भन्ने मान्यता संगठनको रहेको छ। १० औं अधिवेशनबाट जिम्मेवारी सरेर आएको सम्पूर्ण रकम फछ्यौट भएका छन्। यस कार्य समितिबाट पेश्की दिने तथा लिने विषयमा अत्यन्त सतर्कता अपनाई काम गर्दै आएको व्यहोरा जानकारी गराउन चाहन्छु। केही विषयहरू जसलाई पेश्की उपलब्ध नगराई कामै नहुने अवस्था रहँदा मात्र दिने गरिएको छ। बाँकी पेश्की मध्ये विरामीलाई बाटा खर्च, छपाई गर्न कागज किन्ने रकम, ज्याकेट निर्माण गर्न कपडा खरिद, सेवा सञ्चालन, हुलाक, पानी, विजुली जस्ता काममा पेश्की दिईएको छ। विभिन्न कारणबाट जिल्लाहरूमा सामग्री नष्ट भएको, म्याद नाघी प्राप्त भएको तथ्याङ्क संकलन गरी मिन्हाको लागि सिफारिस भई सम्बन्धित कार्य समितिबाट थप विवरण सहित कागजात पठाई मिन्हा तथा लगत कट्टा गर्न सहयोग गरी दिनु हुन अनुरोध छ। संगठनको वक्यौता लगायत लामो समय देखि बाँकी रहेका रकम जिल्ला/विभागीय कार्य समितिहरूलाई ताकेता गर्दै विभिन्न मितिमा पत्राचार समेत गरिसकिएको अवस्था रहेको छ। समयमै बक्यौता, पेश्की र बेरुजु रकम फछ्यौट नगरी दिना संगठन आर्थिक रूपमा समेत कमजोर अवस्थामा रहन्छ। यस कुरालाई मनन गर्दै समयमनै आफ्नो आफ्नो तहबाट जिम्मेवारी बोधका साथ यो कार्यलाई सम्पन्न गरि दिन हुन सम्पूर्ण पदाधिकारी, सदस्यहरू लगायत जिल्ला/विभागीय कार्य समितिहरूलाई हार्दिक अनुरोध गर्दछु। कतिपय कार्यसमितिलेहरूले केन्द्रबाट पठाइएको सामाग्री प्राप्त गर्ने सो सामाग्री मेरो कार्यकालमा आएको होइन मलाई थाहा छैन् बरबुझारथ भएको छैन् जस्ता कुरा गरेर मिन्हा गरि दिन आग्रह गरिरहेको हालको अवस्था रहेको छ। यस लाई निरुत्साहित गर्न कार्य समिति परिवर्तन हुँदा बरबुझारथ गर्ने

र पद हस्तान्तरण गर्ने कार्य पद्धतीको विकास गर्न समेत आवश्यक देखिएको छ ।

**(झ) वनभोज कार्यक्रम:** अतिरिक्त क्रियाकलापको माध्यमबाट संगठन विस्तारको अभिन्न अंग बनेको वनभोज कार्यक्रमहरू केन्द्रीय कार्यसमिति तथा विभिन्न जिल्ला/विभागीय कार्य समितिहरूले सम्पन्न गरेका छन् । केन्द्रीय कार्यक्रमको रूपमा संगठन उपत्यका उपत्यका प्रदेश कार्य समितिको व्यवस्थापनमा वनभोज कार्यक्रमहरू भव्यतापूर्वक सम्पन्न भएका छन् । वनभोज कार्यक्रमहरूलाई संगठनको अतिरिक्त क्रियाकलापको रूपमा उपयुक्त समय र व्यवस्थापनमा सञ्चालन गरी संगठनप्रति आम कर्मचारी सदस्यहरूको आकर्षण बृद्धि गर्ने कार्ययोजना सबै कार्य समितिहरूले अगाडि ल्याउनु आवश्यक छ । धेरै जिल्ला/ विभागीय कार्यसमितिहरूले वनभोज कार्यक्रम सम्पन्न गरेका छन् । त्यसैगरि विगत वर्षहरूमा झै २०७३ साल चैत्र ५ गते उपत्यकामा रहेका केन्द्रीय पदाधिकारी, सदस्य, एवं जिल्ला/विभागीय कार्यसमितिहरूको सहभागीतामाा ललितपुर जिल्लाको गोदावरीमा करिब २००३ जना भन्दा बढी सहभागीतामा वनभोज सम्पन्न भएको छ भने २०७५ फागुन ११ गते ललिपुर जिल्ला स्थित पुष्पलाल पार्कमा करिब १४३२ जना भन्दा बढीको सहभागीतामा सम्पन्न भएको थियो । मिति २०७७ चैत्र ११ गते काठमाडौं जिल्ला स्थीत गोकर्ण पार्कमा १६०३ जना भन्दा बढीको सहभागीतामा उक्त कार्यक्रमहरू भव्यताका साथ उल्लेखनीय उपस्थितीमा सम्पन्न भएको थियो । उक्त कार्यक्रमको आय, व्यय र बचत निम्नानुसार प्रस्तुत गरेको छु ।

| वर्ष | प्रमुख अतिथी | बिक्रि संख्या | सहभागी संख्या | **आम्दानी (रु)** | **खर्च (रु)** | **बचत रकम (रु)** |
|---|---|---|---|---|---|---|
| २०७३ | तत्कालीन सामान्य प्रशासन मन्त्री माननीय केशव कुमार बुढाथोकी | २००३ | १३०० | १६,४६,४००/- | १०,११,५५०/- | ६,३४,८५०/- |
| २०७५ | तत्कालीन रक्षा मन्त्री माननीय इश्वर पोखरेल | १४३२ | ११०० | १४,३२,०००/- | १०,९०,२८५/- | ३,४१,७१५/- |
| २०७७ | तत्कालीन स्वास्थ्य राज्य मन्त्री नवराज रावत | १६०३ | १४६० | १६,०३,०००/- | १२,६०,६८०/- | ३,४२,३८०/- |

**(झ) तिज कार्यक्रम :** यस संगठनको महिला विभागको नेतृत्वमा प्रत्येक साल तिज कार्यक्रम सम्पन्न हुँदा ८५० जना सम्म सहभागी भई कार्यक्रम सम्पन्न भई रहँदा २०७६ र ०७७ मा कोरोना भाईरसका कारण सम्पन्न सकेन ।

**तत्कालीन कार्य योजना :**

**१) नेगो एप्स निर्माण :** वर्तमानको सूचना प्रविधिको उपयोगितालाई ध्यानमा राखि संगठनले आफ्नो सूचनाहरूलाई नेगो एप्स निर्माणगरी सो एप्सको माध्यमबाट समग्र संगठनको गतिविधि आम कर्मचारी/संगठक/कार्यसमितिहरू माझ पुऱ्याउने तथा आफू स्वयम संगठनको गतिविधिबाट सुसूचित हुने अभियानको थालनी तत्काल गर्नु पर्ने देखिन्छ। उक्त एप्सको माध्यमबाट दोहोरो संचारको पहुँच भई सम्पूर्ण साङ्गठनिक विषयवस्तुमा प्रत्येक सदस्य पहुँच योग्य सफल बनाउने रहेको छ ।

२) **सहिद मनोज झपेन्द्र केन्द्रीय भवन निर्माण सम्पन्न गर्ने अभियानलाई पूर्णता दिनु पर्ने :** संगठनको केन्द्रीय भवनको पहिलो, दोश्रो र तेश्रो तल्लालाई स्वीकृत नक्सा, डिजाईन अनुसार अबिलम्ब सम्पन्न गरि सो तल्लाहरू मध्ये पहिलो र दोश्रोमा कार्यालय सञ्चालनमा ल्याउने र Ground Floor लाई बैंक/वित्तीय संस्था खास गरि निजामती कर्मचारीहरूले सेवा पाउने किसिमको संस्थालाई भाडामा लगाउन आवश्यक देखिन्छ भने Top Floor लाई सुविधा सम्पन्न एवम् प्रविधिमैत्री कार्यक्रम हलको रूपमा तयार गरि संगठनको कार्यक्रमहरू सोही हलमा व्यवस्थापन गर्ने र सो हललाई कार्यक्रमगत भाडामा समेत दिई आर्थिक बचत र आर्जनको श्रोत बनाउने ।

३) **सदस्यता शुल्क र ले.वि**. :- आसन्न अधिवेशनलाई समेत ध्यामा राखी अभिलेख समेत दुरुस्त गर्न सदस्यता र ले.वि. व्यवस्थित गर्नु तत्कालीन कार्य योजना रहेको छ। संगठनको नियमित र भरपर्दो आयश्रोत भनेकै सदस्यता शुल्क र ले.वि. रकम हो । विधानत ले.वि. तथा सदस्यता शुल्क सम्बन्धी नीति कार्यान्वयन गर्ने पक्षमा यस अवधिमा प्रभावकारी काम हुन सकेको छैन् । यस पक्षलाई प्रभावकारी बनाउन सम्वन्धित जिल्ला/विभागीय कार्य समितिको जिम्मेवारी वहन गर्नु हुने इन्चार्जहरूलाई समेत जिम्मेवार बनाई प्रत्येक केन्द्रीय कार्य समितिको बैठकमा अनिवार्य रिपोटिङ गर्ने व्यवस्था हुन जरुरी छ ।

४) सोको अनुगमनको लागि सम्बन्धित क्षेत्रका उपाध्यक्षलाई उत्तरदायी बनाई सदस्यता यकिनका साथ **सदस्यता विस्तार, शुल्क र ले.वि.को उठती**लाई संगठन विस्तार, सुदृढीकरण र सञ्चालनको मूल आधार सहित मूल्याङ्कनसँग

आवद्ध गर्ने व्यवस्था हुन र यस पक्षलाई आगामी दिनमा समेत निरन्तरता दिन प्रत्येक जिल्ला/विभागीय मातहत निकायको स्वीकृत दरबन्दी संरचनालाई आधार बनाई लक्षित उद्देश्य हासिल गर्ने कार्यलाई मूर्त रूप दिन अझ आवश्यक देखिन्छ। सदस्यता शुल्क र ले.बि.संकलनलाई सम्वन्धित कार्य समितिको मूल्याङ्कनको आधार बनाउने नीतिलाई जोड दिने सम्बन्धित जिल्ला/विभागीय कार्य समितिले केन्द्रलाई वुझाएको सदस्यता शुल्क र ले.बि.लाई आधार मानी प्रतिनिधित्वलाई कायम गर्ने व्यवस्थालाई प्रभावकारी बनाउन आवश्यक छ।

५) **भित्ते पात्रो तथा उपहार योजना :** हाम्रो संगठनको सदस्यहरू र जनसमुदाय वीच जाने प्रमुख आधार भनेकै नियमित वार्षिक रूपमा सञ्चालनमा ल्याईएको भित्तेपात्रो र उपहार कार्यक्रम हो सो कार्यको **छपाई तथा पुरुस्कार खर्च समेतलाई समय भित्रै व्यवस्थापन गर्नु** सक्नु हाम्रो सांगठानिक जीवनको कुसल परिचालनमा निर्भर रहने र यस्तै विषयमा पनि संस्थाको साख भरपर्ने भएकोले यस कार्यक्रमलाई सबै संगठक र सबै तहका कमिटीहरूबाट समयमा नै यो कार्य सम्पन्न हुँदा बिश्वास योग्य हुने देखिन्छ।

६) **लोकसेवा आयोग केन्द्रित तयारी कक्षा** : हालको प्रचलित ऐन कानून र सरकारी नीति समेतलाई ध्यानमा राखी तयारी कक्षाबाट नियमित आय आर्जन र सांगठानिक क्रियाकलापमा पहुच कायम राख्न व्यबसायीक सीपको विकास गर्दै यस किसिमको तयारी कक्षाको क्षेत्र विस्तार गर्ने गरि संगठन मातहत एउटा स्वायत्त Coaching Institution को स्थापना गरि निजामती, बैङ्गि,संस्थान एवं सुरक्षा निकायमा हुने परिक्षालाई समेत लक्षित गरि नियमित (बाह्रै महिना) कक्षा सञ्चालन गर्ने प्रबन्ध मिलाउने साथै संभावना र आवश्यकता पहिचान गरि यस्तो संरचना जिल्ला/विभागीयस्तर सम्म स्थापना गरि संगठनको दिगो आर्थिक श्रोत जुटाउने कार्यको लागि कक्षा कोठालाई न्यूनतम सुविधा सम्पन्न फर्निसिङ तथा ईक्यूपमेण्टको व्यवस्था गर्न थप आवश्यकता रहेको छ।

७) **कार्यालय व्यवस्थापन** : नव निर्मित भवनमा कार्यालय (लोकसेवा तयारी कक्षा समेत) व्यवस्थापन सुरु गरिएको तर पदाधिकारी तथा सदस्यहरूलाई फर्निसिंङको पर्याप्त व्यवस्था हुन नसक्दा संगठनको दैनिक गतिविधिहरूमा समेत प्रत्यक्ष एवम परोक्ष प्रभाव परेको स्थिति महसुस गरिएको छ अतः यी कार्यको तत्काल व्यवस्थापन सगै सबै तल्लाहरूको कोठाहरूको पनि न्यूनतम भौतिक पूर्वाधारलाई ध्यान दिनु पर्ने तत्कालीन कार्य योजना रहेको छ।

**दीर्घकालीन कार्य योजना :**

१) **सदस्यता शुल्क र लेवी :** संगठनको नियमित र भरपर्दो आयश्रोत भनेकै सदस्यता शुल्क र ले.वी रकम हो । विधानत ले.वि. तथा सदस्यता शुल्क सम्बन्धी नीति कार्यान्वयन गर्ने पक्षमा यस अवधिमा प्रभावकारी काम हुन सकेको छैन् । यस पक्षलाई प्रभावकारी बनाउन सम्वन्धित जिल्ला/विभागीय कार्य समितिको जिम्मेवारी वहन गर्नु हुने इन्चार्जहरूलाई समेत जिम्मेवार बनाई प्रत्येक केन्द्रीय कार्य समितिको बैठकमा अनिवार्य रिपोटिङ गर्ने व्यवस्था हुन जरुरी छ । सोको अनुगमनको लागि सम्बन्धित क्षेत्रका उपाध्यक्षलाई उत्तरदायी बनाई सदस्यता एकिनका साथ सदस्यतालाई स्थाई सदस्यता नम्बर प्रदान गर्ने र जुन सदस्य जुनसुकै जिल्लामा सरुवा/बढुवा भई जादा आफनो स्वतः सदस्य रहने सदस्यतासँग बिमा कार्यक्रम एकैपल्ट नविकरण हुने व्यवस्था सहित यो कार्ययोजना लागु गर्न आवश्यक देखिन्छ । भने यसबाट मातहत कार्य समितिसम्म एउटा छुट्टै एकीकृत सफ्टवेयरको विकास गरि जिल्ला तथा विभागीयले बुझाएको रकम, सदस्यता विवरण जिल्ला तथा विभागीयले आ-आफ्नै स्थानबाट हेर्न र सूसूचित हुनेगरि व्यवस्थित र पारदर्शी बनाउने कार्यलाई कार्यान्वयनमा ल्याउन आवश्यक छ ।

२) **भित्तेपात्रो प्रकाशन : "एक संगठक, एक भित्तेपात्रो"** अनिवार्य गराउने नीति अनुसार भित्तेपात्रोलाई संगठनका सूचनामुलक बनाई अधिकतम संख्यामा छपाई गरी नाविकरण भएका सदस्यतालाई निशुल्क र अन्य लाई न्युन लागतमा वितरण गर्ने कार्ययोजना बनाउन आवश्यक छ ।

३) **"नेगो" बुलेटिन :**"नेगो"बुलेटिन प्रकाशनमा ल्याई हरेक सदस्य तथा कर्मचारीको हात सम्म पुग्ने गरी वितरण गर्ने व्यवस्था मिलाउने ।

४) **पाठ्य सामग्री तथा अन्य प्रकाशन :** समसामयीक प्रशिक्षण सामग्री/व्रुसर लगायतका परिचय पुस्तिका (Broucher) प्रकाशनमा ल्याई हरेक सदस्य तथा कर्मचारीके हात सम्म पुग्ने गरी वितरण गर्ने व्यवस्था मिलाउने ।

५) **राष्ट्रसेवक दर्पण** : शाखा अधिकृत देखि सह-सचिवसम्मको सेवालाई लोकसेवा आयोगको परिक्षा तयारी गर्न उपयुक्त हुने पुस्तक प्रकाशन गरि विक्री वितरण गरिएकोमा यस्ता सामाग्री बजारमा माग रहेकोले थप र परिमार्जित गरि प्रकाशन गर्दा प्रभावकारी हुने र बिक्रीबाट आय आर्जन हुनेछ ।

६) **उपहार कार्यक्रम** : संगठनको जीवनमा सस्था सञ्चालनको मुख्य मेरुदण्ड नै भइसकेको उपहार कार्यक्रम अधिकतम संख्यामा छपाई गरि प्रभावकारी बिक्री हुँदा आय आर्जन हुने र संगठकहरूको क्रियाशीलता समेत बढने हुन्छ । भने हामीले वितरण गर्ने पुरुस्कारमा र वितरण प्रणालीमा समेत केही परिमार्जन हनुपर्ने छ ।

७) **सहकारीमा शेयर खरिद तथा लगानी :** संगठन मातहत ६८ जिल्लामा संचालित राष्ट्रसेवक सहकारी संस्थाहरूको लगानी, सञ्चालन, व्यवस्थापनमा समसामयीक सरकारी आर्थिक नीति/सदस्यहरूको मनोविज्ञान र आवश्यकता अनुसार अध्ययन बिश्लेषण गरि सहकारी सम्बन्धी प्रभावकारी निति /योजना तर्जुमा गर्न एक कार्यदल तयार गर्नु पर्दछ ।

८) **राष्ट्रसेवक सहकारी संस्थाको बचत :** सहकारी (राष्ट्रसेवक सहकारी संस्था) मा रहेको पूंजीलाई अस्पताल, नर्सिङ होम, प्राविधिक जनशक्ति उत्पादक कलेज, बैक तथा वित्तीय संस्था, हाईड्रो पावर,पेट्रोल पम्प, बिबिध होलसेल पसल, परामर्श सेवा जस्ता ब्यवसायीक क्षेत्रम अधिक मुनाफा दिने विश्वाशीलो र भरपर्दो क्षेत्रमा लगानी बिस्तार गरी सबै कर्मचारीहरूको सहकारी प्रति आर्कषक बनाउने कार्यनिति तयार गर्ने ।

९) **दिगो अतिरिक्त श्रोतको पहिचान :** संगठन हालका वर्षहरूमा आफ्नो उद्देश्य र नीति अनुसार अधिक कार्यक्रमहरूमा केन्द्रित रहेकोले आर्थिक क्रियाकलापहरूमा पनि दवाब बढ्न गएको हुँदा दिगा श्रोतको पहिचान गरि लगानी कार्यान्वयनमा ल्याउन आवश्यक देखिएको छ ।

१०) **लोकसेवा आयोग केन्द्रित तयारी कक्षा :** हालको प्रचलित ऐन कानून र सरकारी नीति समेतलाई ध्यानमा राखी तयारी कक्षाबाट नियमित आय आर्जन र सांगठानिक क्रियाकलापमा पहुच कायम राख्न व्यबसायीक सीपको विकास गर्दै यस किसिमको तयारी कक्षाको क्षेत्र विस्तार गर्ने गरि संगठन मातहत एउटा स्वायत्त Coaching Institution को स्थापना गर्न संगठन सक्षम भई सकेको हुँदा निजामती, बैकिङ्ग, संस्थान एवं सरक्षा निकायमा हुने परिक्षालाई लक्षितगरि नियमित (बाह्रै महिना) कक्षा सञ्चालन गर्ने प्रबन्ध मिलाउने साथै संभावना र आवश्यकता पहिचान गरि यस्तो संरचना जिल्ला/विभागीयस्तर सम्म यस्ता कार्यक्रम सञ्चालनको वातावरण तयार गरी संगठनको दिगो आर्थिक श्रोत जुटाउने

कार्य गर्नु पर्दछ ।

१२) **प्रकाशन तथा प्रशारण :** राष्ट्र सेवक दर्पण जस्तै बौद्धिक खुराक दिन सक्ने पाठ्य सामग्री नियमित प्रकाशन गरि बिक्रीबाट थप श्रोत जुटाउन प्रकाशन गृह तथा Media House कै स्थापना गर्न संगठनको आधारभुत भौतिक पुर्वाधार समेत रहेको छ ।

१३) **कल्याण कोष :** संगठकहरूको सामाजिक सुरक्षामा आवद्ध गरी स्वास्थ्य र कल्याणकारी कार्यको लागी कोषमा थप र नियमित रकम पूर्ति गर्ने व्यवस्था गर्ने ।

१४) **सहिद स्मृति प्रतिष्ठान** : सहिद स्मृति प्रतिस्ठान स्थापना गरी आवश्यक कोषको व्यवस्थाका साथ कार्यान्वयनको लागी कार्यविधिहरू बनाई अगाडि बढने ।

१५) **संगठनको कार्यक्रम व्यवस्थापन :** केन्द्रीय/जिल्ला/विभागीय संगठनको कार्य सञ्चालन तथा अधिवेशन, परिषद आदी जस्ता कार्यक्रमहरू अधिक बोझिलो हुँदै गएको हालको स्थितिलाई ध्यान दिँदै अनुमानित खर्चको आधारमा प्रतिनिधिमूलक योगदान/आम्दानीको व्यवस्थापन र न्यूनतम लागतमा सफलतापूर्वक सम्पन्न गर्ने व्यवस्था मिलाउने ।

१६) **साँस्कृतिक कार्यक्रम :** अतिरिक्त क्रियाकलापको एउटा पाटो साँस्कृतिक कार्यक्रमलाई नियमित र प्रभावकारी बनाउने ।

१७) **विज्ञापन संकलन :** केन्द्र/जिल्ला/विभाग सबै कार्य समितिहरूले नियमित रूपमा स्मारिका, मुखपत्र प्रकाशन गरी विज्ञापन संकलन गरी आर्थिक उपार्जन गर्ने ।

१८) **सरकारी अनुदान :** राष्ट्रिस्तरका ट्रेड यूनियनहरू सरकारसँग बार्ता सौदाबाजी गर्ने वैधानिक निकाय भएको हुँदा सरकारी कोषबाट नै सञ्चालन खर्च व्यहोर्नु पर्छ भन्ने ढंगले पहल गरी अधिकतम नियमित अनुदान प्राप्त गर्न पहल गर्ने ।

१९) **प्रशिक्षण सामाग्री :** प्रशिक्षण सामाग्री तयार गर्दा विगतमा जस्तै कर्मचारी संचय कोष, नागरिक लगानी कोष, वीमा कोष या त्यस्तै अन्य ट्रष्टहरूको कर्मचारीसँग सम्बन्धित विषयहरूको सामाग्री समेत समावेश गरी सहयोग लिने प्रवन्ध मिलाउने ।

अव म यस संगठनले यस अबधिमा तोकिएका जिम्मेवारी मध्ये पुरा गर्न नसकेका विषयमा तपाईहरू माझ केही चर्चा गर्न चाहन्छु ।

१. निजामती सेवा ऐन ल्याउन यस संगठनको यस कार्यकालमा प्रमुख

भूमिका साथ उपस्थित हुनु पर्नेमा हाल सम्म ऐन आउन नसकेको साथै राज्यबाट समेत नालायकिपन प्रस्तत भएको ।

२. निजामती कर्मचारीहरूको समोयोजन कार्य आफनो सरकार भएकै समयमा पनि न्यायोचित र कर्मचारी मैत्री समायोजन बनाउन नसक्नु ।

३. संघियता पछि निजामती कर्मचारीहरूको समायोजन भई सकेकाले नेपाल निजामती कर्मचारी संगठनले तिनै तहमा ट्रेड युनियन सम्बन्धी प्रशिक्षण कार्यक्रमहरू सम्पन्न हुन नसक्नू ।

४. राष्ट्रसेवक सहकारीहरूको अभिभाकत्व ग्रहणगर्ने संस्थाको रूपमा रहेको नेपाल निजामती कर्मचारी संगठनले सञ्जाल गठन गरि राष्ट्रिय भेलाले राष्ट्रसेवक सहकारीहरूको व्यवस्थापनका विषयलाई समेटेर राष्ट्रिय भेला आयोजना हुन नसकेको ।

५. संगठनको तालिका अनुसारका महिला भेला, बिधान राष्ट्रिय भेला, प्रदेश भेलाहरू हुन नसक्नु ।

६. यस संगठनले नेगो बुलेटिन, तथा नेगो दर्पण जस्ता सामाग्री प्रकाशन गर्न नसक्नु ।

७. बजेट बक्तब्यमा सम्बोधन भएका निजामती हाईड्रो, कर्मचारी संचयकोषबाट लगानी हुने सहुलियतपूर्ण निजामती रिण सुविधालाई कार्यान्वयनमा ल्याउन प्रभावकारी भूमिका खेल्न नसकेको ।

८. यस संगठनको जिल्ला/विभागको नाममा रहेको बक्यौता असुलि गर्न प्रभावकारी भूमिका खेल्न नसकेको ।

९. सहिद मनोज-झपेन्द्र स्मृति केन्द्रीय भवनमा सुविधा सम्पन्न हल निर्माण गर्न नसकिएको ।

१०. आधिकारीक ट्रेड युनियनबाट अपेक्षकृत कार्य सम्पादन गराउन नसक्नु तथा आधिकारीक ट्रेड युनियनको चुनाव गराउने प्रमुख भूमिका प्रदान गर्न नसक्नु ।

११. निजामती अस्पतालको सेवा निजामती कर्मचारी मैत्री बनाई सेवा सुविधा उपलब्ध गराउने विषयमा महत्वपूर्ण भूमिका खेल्न नसकेको ।

१२. उत्कृष्ट जिल्ला/ विभागीय छनौट गरि पुरस्कृत गर्ने गरिएकोमा हाल निरन्तरता हुन नसकेको ।

अव म यस संगठनले आगामि दिनमा पुरा गर्नुपर्ने दीर्घकालीन आर्थिक उर्पाजन तथा कार्ययोजनाहरू प्रस्तुत गर्न चाहन्छु ।

**आदरणीय अध्यक्ष मण्डलका अध्यक्षज्यू,**
**११ औं राष्ट्रिय अधिवेशनमा उपस्थित हुनु भएका प्रतिनिधि एवं पर्यवेक्षक मित्रहरू ।**

अव म यस संगठनले आगामि दिनमा पुरा गर्नुपर्ने दीर्घकालीन आर्थिक उर्पाजन तथा कार्ययोजनाहरू प्रस्तुत गर्न चाहन्छु ।

निजामती क्षेत्रमा ट्रेड युनियन अधिकार व्यवस्थित र मर्यादित ढंगले सञ्चालन गर्दै गर्दा हामी अवसर र चुनौतीहरूको दोसाधमा रहेका छौ । प्राप्त अधिकारलाई स्थापित गर्नु अहिलेको चुनौती हो । हामी पद, प्रतिष्ठा र सुविधामा विभेद, मतभेद, र द्वन्द्वका रुमलिइ रहयौ भने संस्थागत लक्ष हासिल हुन सक्दैनन । त्यसैले विधि पद्धती निर्माण गर्ने त्यस्को सफल कार्यान्वयन गर्ने गराउनेमा हामी क्रियाशील रहनु पर्दछ । अव म, ११औं राष्ट्रिय अधिवेशनबाट छलफल, बहस गरि तपशिलका विषयहरूमा आवश्यकता अनुसार निर्णयगरि कार्यान्वयनका लागि बुँदागत रूपमा प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१) कर्मचारी कल्याण कोषबाट उपलब्ध गराउँदै आएको आर्थिक सहायता हाल रु १००००।०० दिने गरिएकोमा रोगको प्रकृति र दुर्घटनाको अवस्थाहेरी समितिको सिफरीसमा रु २५०००।०० सम्म र हाल उपलब्ध गराएको कल्याणकोष रकम १०००००।०० बाट १५००००।०० उपलब्ध गराउने निर्णयहुनुपर्ने ।

२) सदस्यतासँग कल्याणकोषमा रहेको मौज्दात रकम प्रतिफल सहितको लगानी गर्न एक कार्यदल बनाई लगानी गर्ने सम्बन्धमा निर्णयहुनुपर्ने

३) लेखा परीक्षण प्रतिवेदन अनुसार मिति २०७३ पौष १ देखी मिति २०७८।१०।२९ सम्मको आम्दानी खर्चलाई पारित गर्ने ।

४) कर्मचारी कल्याणकोषलाई परिमार्जन गरी संगठनमा कार्यरत कर्मचारीहरूका लागी सेवा सुविधा उपलब्ध गराउन कोषमा आवश्यक रकम व्यवस्था गरी कर्मचारी सेवा सुविधा सम्बन्धी विनियम तयार गर्न निर्णय हुनुपर्ने ।

५) यस संगठनको सदस्यता वितरण प्रणालीलाई व्यवस्थित, भरपर्दो, दीर्घकालीन बनाउन सदस्यता सफ्टवयर प्रणाली लागु गर्न आवश्यक निर्णय हुनुपर्ने ।

क) स्थाई रूपमा सदस्यता लिन चाहने संगठकलाई एकमुष्ट शुल्कको ब्यावस्था गरी स्थाई सदस्यता प्रदान गर्ने र त्यस्ता सदस्यलाई कल्याणकोषमा स्वत नविकरण हुने व्यवस्था सहितको कार्ययोजना तयार गर्ने ।

ख) अस्थाई सदस्यहरूका लागी भने हाल जस्तै गरी साल बसालि रूपमा नविकरण गर्ने ।

६) राष्ट्रसेवक सहकारी सञ्चालनका लागी सहकारी विभाग गठन गरी कार्य विवरण सहितको पूर्ण जिम्मेवारी सहितको ब्यावस्था गर्ने ।

क) बाँकी रहेका जिल्लाहरूमा राष्ट्रशेवक सहकारी दर्ता गराई सञ्चालनमा ल्याउने ।

ख) ६८ वटै सहकारीको विवरण अध्यावधिक गर्ने केन्द्रीय सफटवयर तयारी गर्ने साथै सदस्यहरूको विवरण व्यवस्थित गरी शेयर सदस्य जुनशुकै जिल्लामा सरुवा हुँदा त्यहा सदस्यता सार्ने प्रणालीको बिकास गर्ने ।

ग) सहकारीको पुँजी परिचालन निक्रिय हुन नदिन र रिण उठाउने कार्यमा सहजिकरण गर्न हरेक जिल्लासंगको समन्वय र परिचालन गर्न सहकारी अनुगमन तथा समन्वय समिति गठनहुनु पर्दछ ।

७) विभिन्न जिल्ला/विभाग र पदाधिकारी सदस्यहरूको नाममा रहेको विभिन्न अशुलहुन नसक्ने बाँकी बक्यौता यकिन गर्न एउटा समिति गठन गर्ने त्यस समितिले बक्यौता सम्बन्धी समस्याहरू टिपोट गरी प्रतिवेदन तयार गरी केन्द्रीय कार्य समितिले गरेको निर्णय अनुसार कार्यान्वयन हुनु पर्दछ ।

८) हाल सदस्यता कल्याणकोष लेबि सहित पुराना सदस्यको १३५।५० पुराना सदस्यहरूको १४६।७५ लिईदै आएकोमा आ.व. ०७९।८० देखी नवविकरण शुल्कमा वृद्धिगरी जम्मा ३० लाई प्रा.क.मा रु ५ प्रदेशमा ५ जिल्ला कार्य समितिमा १० र केन्द्र १० र वार्षिक लेबि

केन्द्रलाई ५० र कल्याणकोषमा आवद्धता बापत १०० समेत कुल १८० बनाउने ।

९) सहिद स्मृति भवनमा सुविधा सम्पन्न हल निर्माण गरि सो हलसमेत कार्यक्रमका लागी बहालमा दिन सकिने गरी तयार गर्ने ।

१०) यस संगठनमा कार्यरत कर्मचारीहरूको काम कार्यबाही सेवा सुविधा सम्बन्धमा कार्यविधि विनियम तयार गरि यसै अधिवेशनबाट कार्यान्वयनमा ल्याउने निर्णय हुनुपर्ने ।

११) अधिवेशनमुखि नवविकरण गर्ने कार्यलाई अन्त्य गर्न प्रत्येक आ.व.मा सदस्यता नवविकरण र कल्याणकोषमा आवद्धताहुने निशुल्क भित्तेपात्रो उपलब्ध गराउँदै आएकोमा अब उप्रान्त प्रत्येक जिल्ला विभागीय कार्यसमितिहरूले साल बसालि नविकरण गर्ने निर्णय हुनुपर्ने ।

१२) पेप्सीकोलाको जग्गा भाडाको सम्झौता भंग गरी पुन भाडामा लगाउने ।

१३) साल बसालिरूपमा हुने भित्तेपात्रो प्रकाशन, उपहार कार्यक्रम, विभिन्न प्रकाशन, साँस्कृतिक कार्यक्रम, लोकसेवा आयोगका तयारी कक्षाहरू, वनभोज कार्यक्रमहरू हाम्रा आर्थिक उपार्जका श्रोतका रपमा रहेका छन ।

यस संगठनको ११औं राष्ट्रिय अधिवेशनका लागि प्रसतावित आय व्यय विवरण अनुसार कतिपय तोकिएका आम्दानीहरू उठ्न सकेन भने खर्च आँकलन गरे भन्दा ज्यादा हुन गएको छ तर पनि खर्चलाई कुल प्रस्तावित खर्च भन्दा ७ प्रतिशत बढी मात्र भएको छ तर आम्दानी तर्फ, प्रस्तावित भन्दा ४५ प्रतिशत घटी उठेको छ त्यसले संगठनको आन्तरिक कोषबाट बेहोर्नु पर्दा अन्य कार्यमा समेत केही प्रभाव परेको छ ।

११औं राष्ट्रिय अधिवेशनमा उपस्थित सम्पूर्ण अतिथि गण, प्रतिनिधिज्यूहरू लगायत विभिन्न समूहमा भएका छलफलका निर्णयहरूबाट उठान भई अधिवेशन हलबाट प्राप्त हुन आएका अमूल्य सुझावहरूलाई समावेश गरी प्रतिवेदनलाई प्रष्ट र सक्षम बनाउने कार्य गरेको छु ।

अधिवेशनबाट पारित भएका निर्णयहरू कार्यान्वयनका लागि हामी सवैले अझ बढी सिद्धान्तनिष्ठ, गतिशील, प्रतिस्पर्धी र एकताबद्ध भएर अगाडि बढ्ने हौसला प्रदान गरेको छ । प्रस्तुत प्रतिवेदनलाई समृद्ध बनाउन प्रतिवेदन उपर

सुझाव प्रदान गर्नुहुन सम्पूर्ण प्रतिनिधिज्यूहरू र यस अधिवेशनबाट निर्वाचित हुनु हुने सम्पूर्ण पदाधिकारी एवं आयोगका संयोजक, सदस्यज्यू, केन्द्रीय परिषद् का सदस्यज्यूहरू, जिल्ला/विभागीय कार्य समितिहरू, आर्थिक विभाग, राष्ट्रिय अधिवेशन आयोजक समिति, राष्ट्रिय अधिवेशन आयोजक सचिवालय तथा राष्ट्रिय अधिवेशन आयोजक कार्यालय सदस्य लगायतको सम्पूर्ण सुभेच्छुक संगठन परिवार र कार्यालय सहायक शुरेस कुमार पोखरेललाई हार्दिक धन्यवाद दिँदै प्रतिवेदन यहि अन्त्य गर्न चाहन्छु । धन्यवाद !

हार्दिक अभिवादन र धन्यवाद सहित ।
जय संगठन ।
मितिः २०७८ फागुण २८-३० गते

**गणेश प्रसाद आचार्य**
आर्थिक विभाग प्रमुख

# स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन

श्री नेपाल निजामती कर्मचारी संगठन

केन्द्रि कार्य समिति, बबरमहल, काठमाडौका सदस्यहरु ।

**वित्तिय विवरण उपर प्रतिवेदन**

हामीले नेपाल निजामती कर्मचारी संगठनको वित्तिय विवरण जसले २०७४ साल आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखा नीति तथा टिप्पणी समावेश गर्दछ, सो विवरण सहितको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

**वित्तिय विवरण उपर व्यवस्थापनको उत्तरदायित्व**

प्रचलित कानुन तथा नेपाल लेखामान वमोजिम वित्तिय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु नेपाल निजामती कर्मचारी संगठन, कार्य समितिको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तर्गत वित्तिय विवरण गलत आँकडा, जालसाजी वा त्रुटिको कारण, रहित छ भनि तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्वन्धित आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन ।

**लेखापरीक्षकको उत्तरदायित्व**

वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायीत्व हो । प्रचलित ऐन तथा नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । यी लेखापरीक्षणमानहरु वमोजिम वित्तिय विवरणहरु गलत आँकडा रहित छ भनि विश्वस्त हुन लेखापरीक्षकले नैतिक मूल्य र मान्यताको पालना गर्नु पर्दछ र सो वमोजिम लेखापरीक्षण योजना तयार गरि लेखापरीक्षण गर्नु पर्दछ ।

वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको नमूना (छड्के) परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । नेपाल निजामती कर्मचारी संगठनले अवलम्वन गरेको लेखा नीति, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**राय**

हाम्रो विचारमा उल्लेखित वित्तीय विवरणहरुले नेपाल निजामती कर्मचारी संगठनको २०७४ आषाढ मसान्तको वित्तिय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको कारोवारको नतिजा र नगद प्रवाहको नेपाल लेखामान र प्रचलित ऐन वमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

S. Adhikari & Associates 4987 "B" Kathmandu Registered Auditor

.......................

**सोमनाथ अधिकारी**

**नि. एस. अधिकारी एण्ड एसोसियट्स्**

ठेगाना :- काठमाण्डौ मिति :-२०७६।०९।१३

# एस.अधिकारी एण्ड एसोसियट्स्
## S. ADHIKARI & ASSOCIATES

**Registered Auditors** **Firm No.4987**


**नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समिति, काठमाडौंको**
**आ.व. २०७३/७४को अन्तिम लेखापरिक्षणको क्रममा पेश गरीएको सुझावहरु**

१. दशौं अधिवेशनका क्रममा प्रयोग भएका नगदी रसिदको रसिद नियन्त्रण खाता तत्कालिन लेखापरीक्षण आयोगको प्रतिवेदनमा राख्न सुझाव दिएकोमा दशौं अधिवेशन पछि मात्र रसिद नियन्त्रण खाता राखेको पाईयो । समयमै नगदी रसिद प्रयोगको अभिलेख राख्नु पर्ने देखिन्छ ।

२. दशौं अधिवेशनका आम्दानी खर्चका सम्बन्धमा लेखापरिक्षण आयोगवाट औल्याइएका सुझावहरु कार्यान्वयन हुनु पर्ने देखिन्छ ।

३.. दशौं अधिवेशनमा प्रयोग भएका नगदी रसिदहरु मध्ये र.नं.४२०६, ४१५१, ४१६३, ४५०२, ४५०६, ४५१०, ४४०२ हरुमा जोड जम्मा समेत फरक पर्न गएको देखिदा अब उप्रान्त यस्ता प्रकारका त्रुटि नदोऱ्याउन सुझाव दिइएको छ ।

४. संगठनबाट विभिन्न कामका लागि पेश्की लिई लामो समय सम्म फछ्यौट नभएको देखियो, कतिपय विल भर्पाई वेगर पेश्कि फछ्यौंट भएको देखिदा यस्ता प्रकारका कार्यहरुलाई निरुत्साहित गर्नु पर्ने देखिन्छ ।

५. दशौ अधिवेशनको अवधिमा भएका कतिपय खर्चहरुका सम्बन्धमा लेखापरिक्षण आयोगले औल्याएका कैफियतहरु कार्य समितिले सुधार गर्नु हुन सुझाव दिएको छ । यस अवधिमा अघिल्लो कार्य समितिले भुक्तानी गर्न बाँकी दायित्व श्रृजना गरेको रु३१८२१२६।००को विवरण पेश भएकोमा नवौं सचिवालय वैठक सम्ममा रु.२७४२९६५।- भुक्तानी भएको बाँकी रु ९७४९०।- समेत हाल भुक्तानी भई सकेको देखिन्छ ।

६. प्रत्येक वर्षको शुरुमा संगठनको वार्षिक कार्ययोजना सँगै प्रस्तावित आय व्यय विवरण तयार गर्ने सो का आधारमा यर्थाथ आय व्यय तयार गर्दा मापदण्ड र सिमा मर्यादा कायम भई संगठन अझ व्यवस्थित हुने सुझाव दिएको छ ।

७. यस संगठनबाट आन्तरिक भ्रमण/ वैदेशिक भ्रमणमा जाने पदाधिकारी/ सदस्यहरुले फर्केपछि भ्रमण कार्य प्रतिवेदन पेश गराउने र सबै समेटेर वार्षिक प्रगती तयार गर्न सुझाव दिएको छ ।

८. कुनैपनि कार्यक्रम संचालन गर्दा लाग्ने रकमको लागत अनुमान तयार गरी पेश्की वा खर्च गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ ।

९. यस संगठनले हाल मौज्दात रुपमा रहेको स्थायी सामानहरुको अभिलेख व्यवस्थापन गर्न सुझाव दिईएको छ ।

..................
सोमनाथ अधिकारी
नि. एस. अधिकारी एण्ड एसोसियट्स्
ठेगाना :- काठमाडौं

S. Adhikari & Associates 4987 "B" Kathmandu Registered Auditors

मिति :-२०७६।०९।१३

# नेपाल निजामती कर्मचारी संगठन

## केन्द्रीय कार्य समिति

बबरमहल, काठमाडौं

### ३१ आषाढ २०७४ मितिको वासलत

| पुजि तथा दायित्व | | | | | सम्पति तथा जायदात विवरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | अनुसूची | गत अवधिसम्मको | चालु अवधिसम्मको | सि.नं. | विवरण | अनुसूची | गत अवधिसम्मको | चालु अवधिसम्मको |
| १ | कार्य संचालनकोष तथा संचालन वचत | १ | २,८८७,३७९।२४ | १,८०८,२७१।२३ | १ | नगद मौज्दात | ७ | | २३,४००।०( |
| २ | कर्मचारी कल्याणकोष | २ | ६५२,५७२।४८ | ६५३,०६४।४८ | २ | वैंक मौज्दात | ७ | १,४९०,४७३।३४ | ८८९,०२१।५ |
| ३ | जग्गा तथा भवन निर्माण कोष | ३ | २१,२६९,२२७।६० | २२,१७२,२७०।९० | ३ | जग्गा जमिन | ८ | ५७४,३५०।०० | ५७४,३५०।०( |
| ४ | शहिद कोष | ४ | ३४६,३९८।८५ | ३५४,६१२।८३ | ४ | भवन | ८ | २१,०७८,८८४।४८ | २१,७८९,१७२।७( |
| [illegible] | विपद व्यावस्थापन कोष | ५ | ६०२,७७४।५० | ४८,२७८।५० | ५ | मेशिनरी औजार | ८ | ६६९,१७९।४७ | ६६९,१७९।४ |
| ६ | वीमा कोष | ६ | ८७०,९८६।२० | ७७०,०७७।४५ | ६ | फर्निचर | ८ | ८९८,३३४।१४ | ८९८,३३४।१ |
| | | | | | ७ | अन्य सामान | ८ | २७,६१५।४४ | २७,६१५।४ |
| | | | | | ८ | पेश्कि सापटी वाकी | ९ | ९५५,०००।०० | |
| | | | | | ९ | राष्ट्रसेवक सहकारी संस्थाहरुमा शेयर | १० | ३१२,५००।०० | ३१२,५००।० |
| | | | | | १० | राष्ट्रसेवक सहकारी संस्थाहरुमा रहेको लगानी | ११ | ६२३,००२।०० | ६२३,००२।० |
| | जम्मा | | २६,६२९,३३८।८७ | २५,८०६,५७५।३९ | | जम्मा | | २६,६२९,३३८।८७ | २५,८०६,५७५।३ |

हाम्रो आजैको मितिको प्रतिवेदन अनुस

सद्. कोषाध्यक्ष / कोषाध्यक्ष
(...ो प्रसाद आचार्य वखत वहादुर खड्का)

महासचिव
(रेवन्त गौतम)

अध्यक्ष
(केदार प्रसाद देवकोटा)

लेखापरीक्षक
(सोमनाथ अधिकारी
नि. ... अधिकारी ... एसोसिएट

S. Adhikari & Associates
4987 "B"
Kathmandu
Registerd Auditor

नेपाल निजामती कर्मचारी संगठन
केन्द्रिय कार्य समिति
आ.ब. २०७३/०७४ को प्राप्ती भुक्तानी विवरण

| आयको विवरण | | | | व्ययको विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| शिर्षक | नाम | गत अवधि २०७३/०८/१५ सम्मको | २०७३/८/१६ देखि २०७४ आषाढ मसान्त सम्मको | शिर्षक | नाम | गत अवधि २०७३/०८/१५ सम्मको | २०७३/८/१६ देखि २०७४ आषाढ मसान्त सम्मको जम्मा |
| १० | नियमित आम्दानी | ४४२,६४८.२५ | २७३,६०५.०० | १०० | संचालन खर्च | ५,७३०,९४९.५९ | १,८१२,७९९.७० |
| १ | सदस्यता शुल्क | ३६७,२६५.२५ | ३२,२४२.०० | १०१ | कर्मचारी पारिश्रमिक / भत्ता | १,०४३,५९५.०० | २१७,७६२.०० |
| २ | ले.वि. | ७५,३८३.०० | २४१३६३ | १०२ | अन्य पारिश्रमिक/भत्ता | ४०,०००.०० | ४५,०००.०० |
| २० | कार्यक्रम सम्बन्धी आम्दानी | २१,७९४,२३५.३० | ११,६३१,२६४.०० | १०३ | अन्य भत्ता | २६,५६०.०० | - |
| २१ | दिवस / सभा-सम्मेलन / अधिबेशन | १,१७१,७००.०० | ५६३८३८२ | १०४ | आन्तरिक भ्रमण | ३६,२१०.०० | ३६२,४८९.०० |
| २२ | भित्तेपात्रो {क्यालेण्डर} | १,१९६,४१४.०० | २४११५० | १०५ | विदेश भ्रमण | ७५१,३३९.०० | ३३२,०००.०० |
| २३ | उपहार | १४,९२८,७००.३० | ५३९२५३२ | १०६ | पानि तथा विजुली | ३१,५७९.०० | - |
| २४ | लोकसेवा/कोचिङ्ग कक्षा संचालन | १,५६४,०००.०० | १३०००० | १०७ | संचार महशुल | ३७७,९७६.०० | ६०,५५४.०० |
| २५ | विविध सास्कृतिक कार्यक्रम | १,२१८,५००.०० | १७०००० | १०८ | छपाई | ५२९,२४५.०० | - |
| २६ | प्रकाशन विक्री | १,२२५.०० | ४०००० | १०९ | भाडा | ७२७,३५१.०० | - |
| २७ | प्रचार प्रसार तथा विज्ञापन | ५००,७८२.०० | १५००० | ११० | कार्यालय सम्बन्धी खर्च | ६२३,४०८.२५ | ३६६,८२६.०० |
| २८ | अन्य अतिरिक्त क्रियाकलाप | १५,५२५.०० | ० | १११ | मर्मत सम्भार खर्च | १०२,५१५.०० | ४,५००.०० |
| २९ | राष्ट्र सेवक दर्पण | १,१९७,३८९.०० | ४२०० | ११२ | बैक वित्तिय सस्था व्याज खर्च | १०,८९८.३६ | ३०.०० |
| ३० | सहयोग तथा अनुदान आम्दानी | ८,५१२,८५८.०० | ९०३,०४३.३० | ११३ | अन्य सञ्चालन खर्च बिविध | ६२०,७५६.०० | |
| | | | | ११४ | सदस्यता शुल्क/लेवी खर्च | | ५२,३२७.०० |
| ३१ | नेपाल सरकार | | ० | ११५ | अन्य सञ्चालन खर्च{विविध} | | ३०,०००.०० |
| ३२ | अन्य संस्था / निकाय | | ० | ११६ | निजामति सेवा दिवश | ८०६,१२६.९८ | - |
| ३३ | कर्मचारी कल्याण कोष | | ० | ११७ | बिमा कोष खर्च | ३,३९०.०० | ३४१,३११.७० |
| ३५ | भवन निर्माण कोष | ५,०१८,५५२.०० | ९०३०४३.३ | २०० | कार्यक्रम खर्च | २२,३६१,६१५.०६ | ११,४९१,१९६.०० |
| ३६ | बिपत ब्यावस्थापन र आर्थिक सहयोग | २३४,१०१.०० | ० | २०१ | आन्दोलन | ३,७८२.८१ | - |
| ३७ | टि यु आइ कग्रेश | २,३९२,०००.०० | ० | २०२ | बैठक खर्च | २,३०१,२४४.५० | २८५,७००.०० |
| ३८ | निजामति सेवा दिवस | ५५०,०००.०० | ० | २०३ | भित्तेपात्रो {क्यालेण्डर} | १,७२२,८३४.०० | २४०,०००.०० |
| | सि.बि.ए निर्वाचन | ३१८,२०५.०० | ० | २०४ | उपहार | ३,०६५,५७६.७५ | १,६९९,८११.०० |
| | सापटी प्राप्त | | ० | २०५ | लोकसेवा/कोचिङ्ग कक्षा | ८९०,९८१.०० | १९२,८४०.०० |
| | | | | २०६ | दिवस / समारोह | २,२५०,४५१.०० | ६१,०९०.०० |
| ४० | विविध आम्दानी | ५,८५३,६०६.९८ | २६४,८०९.०५ | २०७ | प्रशिक्षण/गोष्ठी/अन्तरकृया | ३२२,१००.०० | - |
| ४१ | शेयर लाभांश | | ० | २०८ | सभा-सम्मेलन / अधिबेशन | ३,११९,०२७.०० | ८,१९६,५२५.०० |
| ४२ | ऋणको व्याज | ३०,९६५.०० | ० | २०९ | प्रचार प्रसार तथा विज्ञापन | ३,०१७,२५३.०० | ३७२,३८२.०० |
| ४३ | लगानीको फिर्ता | २,५५४,२३८.६७ | ५६०.१ | २१० | अन्य अतिरिक्त क्रियाकलाप | ३४३,५४८.०० | ३८,६१६.०० |
| ४४ | लगानीको व्याज | १९,७९२.१५ | १७८४ | २११ | आर्थिक सहयोग/अनुदान | ४९६,४७७.०० | ४५,०००.०० |
| ४५ | श्रोत नखुलेको बैक स्टेटमेन्ट अनुसार | २,७८०,८६२.६४ | १५३४८२.४७ | २१२ | अन्य कार्यक्रम खर्च | ३,६७६,५१४.०० | - |
| ४६ | अन्य आम्दानी | ४६२,५८३.५२ | -४६२५८३.५२ | २१३ | बिविध सास्कृतिक कार्यक्रम | २६७,०७८.०० | - |
| ४७ | बिमाकोष आम्दानि | ५,१६५.०० | ५७१५६६ | २१४ | सि.बि.ए निर्वाचन | ८८४,७४८.०० | ३५९,२३२.०० |
| ५० | गत वर्षको | ३८६,७७१.९८ | १,५५१,७०४.३७ | ३०० | पूँजीगत खर्च | ८,३२३,२५४.०० | ४९९,७७०.०० |
| ५१ | रा.वा.बैंक भोटाहिटी | ३८४,९५७.९८ | ५७४,३०१.८६ | ३०१ | जग्गा तथा भवन | ७,८८८,०१०.०० | २००,०००.०० |
| ५२ | एभरेष्ट बैक लि -विपत | | ४७५७५.५ | ३०२ | फर्निचर | २८६,५२१.०० | २९९,७७०.०० |
| ५३ | रा.वा.बैंक पुतलिसडक -विमाकोष | | ७०९५६०.०५ | ३०३ | मेशिनरी औजार | १४८,७२३.०० | |
| ५४ | रा.वा.बैंक भोटाहिटी -भवन निर्माण | | १४०१८६.९१ | ३०४ | शेयर लगानी | | - |
| ५५ | शहिदकोष खाता | | ८००८०.०५ | ३०५ | ऋण लगानी | | - |
| ५६ | नगद | १,८१४.०० | ० | ३०६ | कोष लगानी | | - |
| | | | ० | ३०७ | अन्य पूजीगत खर्च | | - |
| | | | | | बैक | ५७४,३०१.८६ | ८२०,६६०.०२ |
| | | | | | रा.वा.बैक भोटाहीटी | ५७४,३०१.८६ | ६०,२१८.९० |
| | | | | | बिपत एभरेष्ट बैक लि | | ४८,२७८.५० |
| | | | | | रा.वा.बैंक पुतलिसडक - | | ५७०,०७७.४५ |
| | | | | | रा.वा.बैंक भोटाहिटी - | | ३७,५२४.१२ |
| | | | | | शहिदकोष खाता | | ८१,१६१.०५ |
| | | | | | नगद | | २३,४००.०० |
| | जम्मा | ३६,९९०,१२०.५१ | १४,६२४,४२५.७२ | | जम्मा | ३६,९९०,१२०.५१ | १४,६२४,४२५.७२ |

S. Adhikari & Associates 4987 "B" Kathmandu Registerd Auditor

नेपाल निजामती कर्मचारी सगठन
केन्द्रिय कार्य समिति
कोष हिसाव विवरण आ.व.२०७३/७४

| कोष | | | | | मौज्दात | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | अनुसूची | गत अवधिसम्मको | चालु अवधिसम्मको | सि.नं. | विवरण | अनुसूची | गत अवधिसम्मको | चालु अवधिसम्मको |
| १ | कार्य संचालनकोष तथा संचालन वचत | | | | १ | कार्य संचालनकोष तथा संचालन वचत | | | |
| | यस अवधिसम्म वचत | | ५७४,३०१।८६ | १,८०८,२७१।२३ | | रा.वा.वैंक भोटाहिटी (वचत) | | १७२,०५५।२० | ( |
| | सापटी प्राप्त | | | | | नेपाल वैंगलादेश वैंक | | २६,७६४।०६ | २६,७६४।०६ |
| | | | | | | रा.वा.वैंक भोटाहिटी (चल्ती) | | ६३९,६६०।६० | ६०,२९८।९० |
| २ | कर्मचारी कल्याणकोष | | ६५२,५७२।४८ | ६५३,०६४।४८ | २ | कर्मचारी कल्याणकोष | | | |
| | | | | | | कृषि विकास वैंक पुतलीसडक | | ६४,९९७।४८ | ६४,९९७।४८ |
| | | | | | | राष्ट्रसेवक, उदयपुर | | ४४,१५०।०० | ४४,१५०।०० |
| | | | | | | राष्ट्रसेवक, दैलेख | | ५४३,४२५।०० | ५४३,४२५।०० |
| ३ | जग्गा तथा भवन निर्माण कोष | | २१,२६९,२२७।६० | २२,१७२,२७०।९० | ३ | जग्गा तथा भवन निर्माण कोष | | | |
| | यस अवधिसम्म खर्च | | ढ२१,०४९,८८४।४८ण | ढ२१,७६०,१७२।७८ण | | रा.वा.वैंक सिंहदरवार | | १६८,१६९।१२ | ३७,५२४।१२ |
| | कार्य संचालन कोष सापटी | | | | | राष्ट्रसेवक, ललितपुर | | ५१,१७४।०० | ५१,१७४।०० |
| | | | | | | कार्यसंचालन कोष सापटी | | | ३००,०००।०० |
| | | | | | | नगद मौज्दात | | | २३,४००।०० |
| ४ | शहिद कोष | | ३५३,५३१।८३ | ३५४,६१२।८३ | ४ | शहिद कोष | | | |
| | | | | | | कृषि विकास वैंक रत्नपार्क | | ७९,६६४।८३ | ८१,१६१।०५ |
| | | | | | | कार्यसंचालन कोष सापटी | | २७३,८६७।०० | २७३,८६७।०० |
| | | | | | | | | | |
| ५ | विपद व्यावस्थापन कोष | | ४७,५७५।५० | ४८,२७८।५० | ५ | विपद व्यावस्थापन कोष | | | |
| | | | | | | एभरेष्ट वैंक सिंहदरवार | | ४७,५७५।५० | ४८,२७८।५० |
| | | | | | | | | | |
| ६ | वीमा कोष | | ८७०,९८६।२० | ७७०,०७७।४५ | ६ | वीमा कोष | | | |
| | | | | | | रा.वा.वैंक सिंहदरवार | | ८७०,९८६।२० | ५७०,०७७।४५ |
| | | | | | | कार्यसंचालन कोष सापटी | | | २००,०००।०० |
| | | | | | | | | | |
| ७ | शेयर हिसाव | | ३१२,५००।०० | ३१२,५००।०० | ७ | शेयर हिसाव | | | ( |
| | | | | | | विभिन्न २९ वटा राष्ट्रसेवक सहकारी संस्थाहरुमा | | ३१२,५००।०० | ३१२,५००।०० |
| | | | | | | | | | |
| २ | | | ३,०३०,८१०।९९ | ४,३५८,९०२।६१ | | | | ३,२९४,९८८।९९ | [illegible]३७।५६ |

S. Adhikari & Associates 4987 "B" Kathmandu Registerd Auditor

# एस.अधिकारी एण्ड एसोसियट्स्

# S. ADHIKARI & ASSOCIATES

**Registered Auditors** **Firm No.4987**

## स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन

श्री नेपाल निजामती कर्मचारी संगठन

केन्द्रि कार्य समिति, बबरमहल, काठमाडौका सदस्यहरु ।

**वित्तिय विवरण उपर प्रतिवेदन**

हामीले नेपाल निजामती कर्मचारी संगठनको वित्तिय विवरण जसले २०७५ साल आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र प्रमुख लेखा नीति तथा टिप्पणी समावेश गर्दछ, सो विवरण सहितको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

**वित्तिय विवरण उपर व्यवस्थापनको उत्तरदायित्व**

प्रचलित कानुन तथा नेपाल लेखामान वमोजिम वित्तिय विवरणको तयारी र यथार्थ प्रस्तुतिकरण गर्नु नेपाल निजामती कर्मचारी संगठन, कार्य समितिको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तर्गत वित्तिय विवरण गलत आँकडा, जालसाजी वा त्रुटिको कारण, रहित छ भनि तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्वन्धित आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागु गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन ।

**लेखापरीक्षकको उत्तरदायित्व**

वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायीत्व हो । प्रचलित ऐन तथा नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । यी लेखापरीक्षणमानहरु वमोजिम वित्तिय विवरणहरु गलत आँकडा रहित छ भनि विश्वस्त हुन लेखापरीक्षकले नैतिक मूल्य र मान्यताको पालना गर्नु पर्दछ र सो वमोजिम लेखापरीक्षण योजना तयार गरि लेखापरीक्षण गर्नु पर्दछ ।

वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको नमूना (छड्के) परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । नेपाल निजामती कर्मचारी संगठनले अवलम्वन गरेको लेखा नीति, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तिय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**राय**

हाम्रो विचारमा उल्लेखित वित्तीय विवरणहरुले नेपाल निजामती कर्मचारी संगठनको २०७५ आषाढ मसान्तको वित्तिय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको कारोवारको नतिजा र नगद प्रवाहको नेपाल लेखामान र प्रचलित ऐन वमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

S. Adhikari & Associates ★ 4987 "B" Kathmandu ★ Registered Auditor

.....................

**सोमनाथ अधिकारी**

**नि. एस. अधिकारी एण्ड एसोसियट्स्**

ठेगाना :- काठमाण्डौ

मिति :-२०७६।०९।१४

PAN no.300994452

# एस.अधिकारी एण्ड एसोसियटस्

# S. ADHIKARI & ASSOCIATES

**Registered Auditors** **Firm No.4987**


**नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समिति, काठमाडौंको**
**आ.व. २०७४/७५को अन्तिम लेखापरिक्षणको क्रममा पेश गरीएको सुझावहरु**

